www.webnepal.com/mulyankan

# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ८०



# विश्व क्रान्तिका महान नेता माओ

▶माओको उदाहरणीय क्रान्तिकारी जीवन ▶आलोचनात्मक विवेकयुक्त विद्रोह ▶मानवीय सिर्जनशीलता र रचनात्मक प्रगति ▶सोभियत संघको अन्धनक्कल गर्न खोज्दा ▶वर्ग विश्लेषण र नयाँ जनवादी क्रान्ति ▶लाल आधारकेन्द्र कसरी टिक्छ ? ▶शिक्षा संवन्धमा माओका मौलिक विचारहरु ▶पूँजीवादका अनुयायीहरुसंग माओको संघर्ष ▶उग्र वामपन्थीहरुसंग माओको संघर्ष ▶सांस्कृतिक क्रान्ति किन ?▶ माओ र हिंसाको साइनो

मूल्य रु. २०/-, भारतमा भा.रु. १५/-



# विजयादशमी
# तथा
# शुभ दीपावलीको




# हार्दिक मंगलमय शुभकामना

## नेपाल आयल निगम लिमिटेड

परिवार

# DUCKHAMS




अन्तरराष्ट्रिय
**ISO-9002** को
उच्च गुणस्तरको
लुब्रिकेटिङ्ग आयल






**PRODUCTS OF ALEXANDER DUCKHAMS & CO. ENGLAND**

◀ यसभित्र


# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १८, पूर्णाङ्क ८०
असोज,२०५७


## विश्व क्रान्तिका महान नेता
# माओ त्से तुङ



**पूँजीवादको पुनर्स्थापनाप्रति सचेत र सतर्क होऔं ।**

◆ *पूँजीवादका अनुयायीहरूसँग संघर्ष ◉ सांस्कृतिक क्रान्ति किन ? ◉ उदाहरणीय क्रान्तिकारी जीवन*
◆ *उग्रवामपन्थीहरूसंगको संघर्ष*

**विशेष लेख :**
नेपालका नौ वाम पार्टीहरू मिलेर चारवटा बन्नुपर्दछ
*- आनन्ददेव भट्ट*

प्रस्तावित वैदेशिक सहयोग नीतिमाथि
**अर्थविद्हरू**
डा. देवेन्द्रराज पाण्डे र प्रा. गुणनिधि शर्माका बिचार

**सरकार-माओवादी वार्ता**
**वार्ता नै गर्नु थिएन भने वार्ताको आस्वान गरियो किन ?**

❑

*माओवादीबारे नेकपा एमालेले अध्ययन कार्यदल किन गठन गऱ्यो ?*

*दशैं-तिहारको शुभकामना र 'कम्युनिष्ट भौतिकवाद'को बीच साइनो के ?*


**संपादकीय :**
सरकार-माओवादी वार्ता : वार्ता नै गर्नु थिएन भने वार्ताको आह्वान गरियो किन ?
-राजेन्द्र महर्जन ४

**आवरण कथा :**
विश्व क्रान्तिका महान नेता : माओ त्से तुङ १८

**संक्षेप :**
माओवादीबारे नेकपा (एमाले)ले अध्ययन कार्यदल किन गठन गऱ्यो ?
*- झलनाथ खनाल* ५

**अर्थतन्त्र :**
प्रस्तावित वैदेशिक सहयोग नीति र अर्थविद्हरू
*– गोविन्द वर्तमान* १०

**आँखीझ्याल :**
बिकसित पूँजीवादी मुलुकमा कृषिमा अनुदान ९
*- दीपक बैध*
मुद्राकोषविरूद्ध मजदूरहरूको आमहड्ताल ११

**विशेष लेख :**
नेपालका नौ वाम पार्टीहरू मिलेर चारवटा बन्नुपर्दछ
*- आनन्ददेव भट्ट* १४

**घटना र प्रवृत्ति :**
'नेपाल बन्द'को सफलताप्रति के फेरि पनि सरकार गम्भीर नबन्ने ?
प्रेस नियन्त्रित मशाल जुलुस प्रतिबन्धित
*- समीर थापा* ७
असोज ७ गते लक्ष्मणपुर बाँधतर्फ मार्च गर्दैछौं
*- रबिन्द्र अधिकारी* ८
अखिलको पन्ध्रौं राष्ट्रिय सम्मेलन सम्पन्न ८
भारत : एकीकृत संघर्षका लागि वाम सम्मेलन ९
अखिल छैठौं पनि सम्मेलनको तयारीमा ९
सुधारवादी महाकवि सिद्धिदास महाजु ३६
स्व. मोहन खड्काको स्मृतिमा ३६

**चिन्तन**
नाशवान पूंजीवादको विशिष्टता- २
*– डा. चैतन्य मिश्र* १२

**आत्मकथा :**
एकपटक मलाई सि. आई. डि.को आरोप लाग्यो
*- निर्मल लामा* ३२

**साहित्य / कविता**
कमैया दुःखीरामलाई प्रश्न
*- इच्छुक* ३४

**दर्शन :**
के विज्ञानको पछिल्ला आविष्कारहरूले द्वन्दवादका नियमहरूलाई बेठीक ठहऱ्याएका छन् ?
*- प्रज्ञानरत्न* ३५

**व्यंग्य**
एउटा सानो घर होस्, एउटा दुहुनो गाई - बीपी
*- बिमल निभा* ३७

**किताब :**
विकासको कुन नमूना ?
*- हरि रोका* ३८

**नीति / संस्कृति :**
दशैं-तिहारको शुभकामना र 'कम्युनिष्ट भौतिकवाद'को बीच साइनो के ?
*– चन्द्रदेव नेपाली* ३९

**पर्दा / रंगमंच :**
जन सांस्कृतिक मंचले पस्केको 'स्वस्थ मनोरंजन' कस्तो रह्यो ?
*– हरिगोविन्द लुईटेल* ४०

**अन्तर्क्रिया :**
निर्मल लामा जे हो, त्यही रूपमा प्रस्तुत हुनुपर्छ
*- पियुष* ४२

**पाठकको कुरो** ४२



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईं टेल
**सह-सम्पादक**
राजेन्द्र महर्जन
**सहायक-सम्पादक**
तुल्सीदास महर्जन
विष्णुदेवी श्रेष्ठ
**सम्पादन सहयोगी**
चन्द्र खाकी

**प्रमुख व्यवस्थापक**
श्याम खड्का
**लेखा व्यवस्थापक**
वीरप्रसाद भंसारी
**बजार व्यवस्थापक**
दुर्गा खड्का

अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक, काठमाडौं-३२
फोन: ४२२७६९, फ्याक्स: ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं
*इमेल :*
yuwa@ntc.net.np
*वेभसाइट:*
www.mulyankan.itgo.com

आवरणमा : विश्व क्रान्तिका महान नेता क. माओ त्से तुङ्ग । सज्जा : टाइम्स क्रिएशन, बागबजार, फोन : २५२६४५ । कलर सेपरेशन: पोलिइमेज, प्रदर्शनी मार्ग, फोन : २५२५७२
कलाकारहरू: लक्ष्मण भूजेल, जि.डि. सारू, *यति ग्राफिक्स, डिल्लीबजार फोन : ४३०७५२* । मुद्रण : इन्द्रेणी अफसेट प्रेस, बागबजार

## सरकार-माओवादी वार्ता

# वार्ता नै गर्नु थिएन भने वार्ताको आह्वान गरियो किन ?






२०५२ साल फागुन १ गते यता जतिखेर माओवादीहरू देशका विभिन्न भागमा हिंसात्मक कार्वाही गर्दै थिए, कांग्रेस सरकार माओवादीलाई वार्ताको टेबुलमा आउन बारम्बार सार्वजनिक अपील गर्दै थियो । तर जब माओवादीहरूचाहिं साँच्चै नै वार्तामा आउन सहमत भए, आह्वानकर्ता सरकारचाहिँ वार्ताको लागि आलटाल गर्दै माओवादीहरूमाथि भीषण दमनको तैयारीमा जुटेको छ ।

वार्ताको मखमली पर्दाभित्र कांग्रेस सरकारले प्रहरी र सैनिकको बजेट भसक्कै बढाएको छ । छिटोभन्दा छिटो अत्याधुनिक हात हतियारसहित १५ हजार जवानको हिंसक अर्द्धसैन्यबल गृह मंत्रालय मातहत रहने गरी तैयार गर्न लागेको छ; माओवादीका किल्लामा सुधारको प्याकेज लान लागेको छ । यस्तो प्रतीत भएको छ - कांग्रेस सरकारको वार्ताको अपीलमा कुनै इमान थिएन, कूटनैतिक षड्यन्त्रमात्र थियो ।

अन्यथा, गत चार वर्षयता पहिलोपटक माओवादीहरू वार्ताको लागि सबैभन्दा लालायित र लचिलो देखापरेका थिए । उनीहरूका वार्ताका शर्तहरू अत्यन्त सरल थिए । यस्ता थिए उनीहरूका शर्तहरू : राज्य आतंक बन्द गर्नुपर्ने, थुनिएका माओवादी राजबन्दीहरू रिहा गर्नुपर्ने, बेपत्ता पारिएकाहरूको स्थिति सार्वजनिक गर्नुपर्ने, झूठा मुद्दा खारेज गर्नुपर्ने । कुन ठूलो शर्त माओवादीले वार्ताको लागि राखेका थिए, जसलाई पूरा गर्न संभव थिएन ? यतिसम्म कि, माओवादी नेतृत्वले वार्ताको लागि टोलीसमेत खटाइसकेको थियो र तिनीहरूको नामसमेत सार्वजनिक गरिसकेको थियो । अब वार्ताको बल पूरै कांग्रेस सरकारको कोर्टमा थियो ।

तर गिरिजा सरकारले यस्तो वार्ताको लागि सबैभन्दा अनुकूल परिस्थितिमा समेत माओवादी नेतृत्वलाई सुरक्षाको ग्यारेण्टी दिएर वार्ताको निम्ति निम्त्याएन । थोरै राजबन्दी छोड्नुबाहेक उसले माओवादीका त्यति सरल लचिला शर्तहरूसमेत पूरा गरेन । यसको ठीक उल्टो, जतिबेला माओवादी नेतृत्व वार्ताको निम्ति सबैभन्दा लचिलो भएर पेश हुँदै थियो ऊचाहिं संसदमा प्रहरीको बजेट ह्वात्तै बढाएर ६ अरब पुऱ्याउने प्रस्ताव गर्दै थियो । माओवादीमाथि भीषण दमनका लागि गुरू योजना तैयार गर्ने दौडमा ऊ अति क्रियाशील भएर लागेको थियो । नयाँ रूपमा आतंककारी विधेयक ल्याउने र प्रेसमाथि सेन्सरशीप लगाउने खालको कानून बनाउने ध्याउन्नामा कांग्रेस सरकार ज्यूज्यानले लागेको थियो । एकातिर 'साइलेण्ट किलो शेरा टु' शुरू गर्ने, अर्कोतिर माओवादीका आधार इलाकामा 'राहतको प्याकेज' लैजान सरकार उद्यत थियो ।

कांग्रेस सरकारको असली मनसाय थाहा पाएपछि माओवादी नेतृत्वले वार्ताबाट पिठ्यूँ फर्काउने निधो गरेको छ । अनुकूल वातावरण बनेमा वार्ताको संभावनाको ढोका खुला राख्दै गत भाद्र ४ गते माओवादी नेतृत्वले देशव्यापी प्रतिरोध संघर्ष गर्ने घोषणा गरेको थियो । त्यस्तो संघर्ष उसले थालिसकेको पनि छ । उसले एकातिर अहिले जन-मिलिशियाको लागि खुलेआम रूपमा भर्ती खुला गरेको छ, अर्कोतिर स्थायी जनसेनाको कंपनी निर्माणतर्फ उन्मुख भएको छ । पश्चिमका रणनैतिक महत्वका आधारइलाका थाम्न माओवादी नेतृत्व अहिले मध्य र पूर्व क्षेत्रमा गतिविधि र प्रचार दुवै तीव्र पार्ने कार्यनीति अपनाउँदैछ ।

यसको निचोड के हो भने, वार्ताको कूटनीतिमा वार्ता प्रस्ताव गर्ने कांग्रेस सरकार आफैं नराम्ररी परास्त भएको छ, र सबैको नजरमा अहिले वास्तवमा वार्ता नचाहने पक्ष कांग्रेस सरकार ठहरिएको छ । यसबाट माओवादीलाई नोक्सानी भएको छैन, फाइदा नै फाइदा भएको छ । तर देशचाहिं निकट भविष्यमै गृहयुद्धतर्फ लम्कँदैछ, असीमित हिंसातर्फ उन्मुख हुँदैछ । त्यो दिशातिरको फराकिलो राजमार्ग सरकार स्वयम् तैयार पार्दैछ ।

कांग्रेस आफैं सशस्त्र संघर्ष चलाइसकेको पार्टी हो । तर आश्चर्य के देखिन्छ भने कांग्रेसले आफ्नो इतिहास र सशस्त्र संघर्षको प्रत्यक्ष अनुभवबाट ठ्याप्पै केही पनि सिकेन । नत्र दमनद्वारा माओवादी सिद्धिन्छ भन्ने धारणा उसले कसरी बनायो ? के पंचायती सशस्त्र दमनले कांग्रेस पार्टी कहिल्यै सिद्धिन संभव भएको थियो ? फेरि कांग्रेसले क्रान्तिको लक्ष्य राखेर हतियार समाउँदाचाहिं ऊ क्रान्तिकारी हुने, माओवादीले त्यही उद्देश्यले त्यही हतियार समाउँदाचाहिं ऊ आतंककारी हुन्छ भन्ने विचार कांग्रेसी नेतृत्वमा कसरी आयो ? कांग्रेसको नेतृत्वमा थोरै पनि बुद्धि छ भने के उसले घोत्लिएर भन्न सक्छ- विश्वमा कतै पनि राज्यको दमनद्वारा क्रान्तिकारीहरू सिद्धिएको कुनै इतिहास छ ?

माओवादी समस्या वास्तवमै समाधान गर्ने हो भने कांग्रेसको ध्यान हतियार र दमनमा होइन, के कारणले २०५२ सालमा पुग्दा माओवादी 'जनयुद्ध' पैदाभयो भन्ने सवालमा जानु जरूरी छ । बहुदलीय संसदीय व्यवस्था गत दश वर्षमा देश र जनताको कुनै आधारभूत समस्या हल गर्न समर्थ भएन । व्यवस्था परिवर्तन भए पनि बहुसंख्यक जनताले आफ्नो जीवनस्थितिमा कुनै प्रगति र परिवर्तन भएको अनुभूति नै गर्न सकेनन् । बहुदलीय नेतृत्व पनि त्यतिकै भ्रष्ट, स्वार्थकेन्द्रित र निरंकुश देखिए, जति पंचायती शासकहरू थिए । यसबाट पैदाभएको चरम निराशा, अधैर्यता र आक्रोशको धरातलबाट वर्तमान माओवादी राजनीति जन्मेको हो । माओवादी समस्या हल गर्ने हो भने, सरकारले त्यो कारण र धरातल अन्त्य गर्न सक्नुपर्छ जसबाट यो अंकुरित भएको छ । त्यो कारण र धरातल ज्यूँ का त्यूँ रहेसम्म दमनले एकजना माओवादी खत्तम पारियो भने पनि सयजना माओवादी उसको रगतबाट रक्तबीज भएर निक्लने अवश्यंभावी छ ।

त्यसैले सरकारले दमनको बाटो परित्याग गर्नुमा उसको बुद्धिमानी र भलाई छ । माओवादी समस्या जरैदेखि समाधान गर्ने हो भने उसले एकातिर काम र व्यवहारबाटै बहुदलीय व्यवस्थाले पनि देश र जनताको जीवनमा आमूल परिवर्तन ल्याउन संभव छ भनेर सावित गर्न सक्नुपर्छ । अर्कोतिर उसले माओवादीमाथि दमन गर्ने होइन, ऊसित संवाद कायम गर्नुपर्छ र वार्ता र संवादबाट हिंसा र तनावलाई यथासंभव कम पार्न प्रयत्न गर्नुपर्छ । यथार्थमा माओवादीका मागहरू नाजायज पनि छैनन्, ती वार्ताद्वारा पूरा हुने खालका पनि छैनन् । त्यसैले केवल वार्ताद्वारा माओवादी समस्या हल हुन्छ भन्ठान्नु पनि अर्को भ्रममात्रै हो । वार्ताको ध्येय- हिंसा र तनाव काम गर्ने हुनुपर्छ । समस्या समाधान गर्न त समस्याको जरामै जानु अनिवार्य हुन्छ । होइन, कांग्रेस सरकार जरा ज्यूँ का त्यूँ बाँकी राखेर हिंसाका भरमा रूख फाँड्न मात्र खोज्छ भने प्रतिहिंसा र क्रान्ति अपरिहार्य हुनेछ । ❑

# माओवादीबारे नेकपा एमालेले अध्ययन कार्यदल किन गठन गऱ्यो ?

◆ झलनाथ खनाल ◆

*नेकपा (एमाले) स्थायी समितिका सदस्य क. झलनाथ खनाल यतिबेला पार्टीले गठन गरेको नेकपा (माओवादी)का बारेमा अध्ययन गर्ने कार्यदलको संयोजक पनि हुनुहुन्छ । तसर्थ 'संक्षेप' अन्तरगत यसपटक हामीले माओवादीकै विषयमा केन्द्रित रहेर क. झलनाथ खनालसंग कुराकानी गऱ्यौं । - मूल्यांकन*



***● नेकपा माओवादीबारे अध्ययन गर्न एमालेले गठन गरेको कार्यदलको औचित्य कसरी पुष्टि गर्नुहुन्छ ?***

- आज नेपालका धेरै ग्रामीण जीवनमा एकातिर जंगलबाट सिर्जित माओवादी आतंक र अर्कातिर राज्यबाट सिर्जित आतंकले पीडाहरू महसूस भइरहेको अवस्था छ । यो दोहोरो आतंक यथार्थमा मुलुकमा के कारणले सिर्जना भइरहेको छ भन्ने कुरा राम्ररी बुझ्नु जरूरी छ । यसका विभिन्न कारणहरू हुन सक्दछन् । ती कारणहरूको अध्ययन गर्नका निम्ति र यस्तो खालको समस्याले यो राष्ट्रमा भोलि गएर के परिणाम ल्याउन सक्दछ र यो समस्याको समाधान कसरी गर्नु उपयुक्त हुन्छ भन्ने कुराहरूलाई सटीक ढंगले पहिचान गर्नका निम्ति हाम्रो पार्टीले यो अध्ययन कार्यदल गठन गरेको हो ।

***● नेकपा (एमाले) ले माओवादी पार्टीलाई कहिले आतंकवादी समूह, कहिले उग्रवामपन्थी भडकाउ भएको राजनीतिक पार्टी र कहिले मित्र शक्ति समेत भनेको पाइयो । माओवादी पार्टीलाई लिएर एमालेको दृष्टिकोण यस्तो अस्थिर किन भएको हो ?***

- हाम्रो पार्टीका नेता, कार्यकर्ताहरूले तपाईले भन्नुभएजस्तो अस्थिर विचार प्रकट गर्नुभएको कुरा मलाई जानकारी छैन । यो देशमा नेपाली कांग्रेसको एउटा यस्तो किसिमको प्रतिगामी र निर्लज्ज शासन ब्यबस्था अहिले मुलुकमा हावी छ, जसले हाम्रो पार्टीकै नेता वा कार्यकर्ताहरूले बोलेका कुराहरूलाई अठार ठाउँमा बंग्याउने र सार्वजनिक संचार माध्यमबाट सूचना प्रवाह गर्ने काम गरिरहेको छ ।

***● एमालेका महासचिव क. माधवकुमार नेपालले सुदूरपश्चिमको एउटा कार्यक्रममा बोल्दै नेकपा माओवादीले एमालेलाई मित्रशक्तिको रूपमा ब्यबहार गर्नुपर्ने कुरा बताउनु भएको होइन र ?***

- नेकपा माओवादीलाई कुनै पनि बेलामा मित्रशक्तिको रूपमा वा शत्रुशक्तिको रूपमा किटानसाथ हामीले भनेका छैनौं ।

नेकपा (माओवादी) नेपालको कम्युनिष्ट आन्दोलनमा जन्मिएको उग्रवामपन्थी भडकाउको उपज हो । त्यो दुस्साहसवादको बाटो हुँदै कैयौं अर्थमा आतंकवादी क्रियाकलाप समेत गरिरहेको छ । हामीले माओवादी पार्टीलाई यस रूपमा व्याख्या गरेका छौं र यो व्याख्या अहिलेसम्म परिवर्तन भएको छैन । हामीले छैठौं राष्ट्रिय महाधिवेशनमा धेरै राजनीतिक पार्टीहरूका बारेमा विश्लेषण गरेका छौं र कुनै राजनीतिक पार्टीको बारेमा विश्लेषण बदल्नु पऱ्यो भने सातौं महाधिवेशनले मात्र बदल्न सक्छ ।

***● तपाईंको विचारमा नेकपा (माओवादी) उग्रवामपन्थी भड्काउसहितको 'कम्युनिष्ट शक्ति' नै हो कि होइन त ?***

- नेकपा (माओवादी)को भड्काउहरूको मात्रा अझै बढ्दै जाने हो, दुस्साहसिकता पनि बढ्दै जाने हो र आतंककारी क्रियाकलापहरू पनि बढ्दै जाने हो भने जन्मँदा कम्युनिष्ट समूहकै रूपमा जन्मिएको भए पनि त्यसले अर्को स्वरूप ग्रहण गर्न सक्छ । अरू पार्टीहरूका कार्यकर्ताहरूको कुरा त छँदैछ, हाम्रो पार्टीका समेत कैयौं कार्यकर्ताहरू, समर्थकहरू, शुभेच्छुकहरूमाथि निराधार आरोपका साथमा अहिले जसरी त्यस समूहले हत्या गर्ने काम जारी राखेको छ, त्यसलाई हेर्दा हाम्रो पार्टीसँग त्यसले शत्रुतापूर्ण अन्तरविरोधलाई निरन्तर चर्काउँदै गएको देखिन्छ । यो शत्रुतापूर्ण अन्तरविरोध, त्यो पनि अन्य कम्युनिष्ट समूहहरूसँग चर्काउँदै जाने शक्ति कसरी कम्युनिष्ट बनिरहन्छ होला ? कसरी सामान्य क्रान्तिकारी जनवादी मात्र पनि बनिरहन्छ होला ? - यो गम्भीर प्रश्न उनीहरूकै क्रियाकलापले उठाइरहेको छ ।

***● नेकपा (माओवादी) र सरकारले गरेको ज्यादती एउटै स्तरको हो र ?***

- निश्चय पनि राज्य सत्ताले दमनको नाउँमा सिर्जना गर्ने आतंकको आफ्नै परिधि छ र त्यसको गुरूत्व पनि बेग्लै छ । त्यसको प्रभाव पनि बेग्लै हुने कुरा भयो । अर्कोतर्फबाट जनयुद्धका नाउँमा संचालन गरिएको गतिविधिको परिधि र यसको प्रभाव पनि भिन्नै छ । यी कुराहरू नितान्त एउटै होइनन् ।

> *क. माधवकुमार नेपालले सुदूरपश्चिमको एउटा कार्यक्रममा बोल्दै नेकपा माओवादीले एमालेलाई मित्रशक्तिको रूपमा ब्यबहार गर्नुपर्ने कुरा बताउनु भएको होइन र ?*

तर पनि मानिसहरूमा आतंक सिर्जना गर्ने काम दुइटै शक्तिहरूबाट भइरहेको छ ।

***● मतभेद हुने बित्तिकै माओवादीहरूले हत्या गरिहालेका घटनाहरूको उदाहरण के के हुन् ?***

त्यस्ता अनेकौं उदाहरण छन् : उनीहरूले हाम्रै पार्टीसँग सम्बद्ध दर्जनौं कार्यकर्ताहरूको हत्या गरिसकेका छन् । नामै लिनुपर्दा हाम्रै उम्मेदवार यदु गौतमकै नाम लिन सकिन्छ । उहाँलाई पनि यो यो कारणले त्यो गलत तत्व हो भनेर नेकपा (माओवादी)ले प्रमाणित गर्न सक्दैन ।

***● यदु गौतमले माओवादीहरू-विरूद्ध जासुसी गरेको भनिन्छ नि ?***

- आरोप लगाइदिने बित्तिकै कुनै मान्छे सिआइडी हुन्छ ? त्यसरी आरोपै लगाइदिने हो भने त हामी 'प्रचण्ड नै सिआइडी हो' भन्न सक्छौं । हामीले प्रचण्डलाई सिआइडी हो भन्ने बित्तिकै हाम्रो आरोप पुष्टि हुन्छ र ? त्यसकारण तथ्ययुक्त ढंगले यथार्थमा आएर कसैले आरोप लगाउँछ भने यस्ता आरोपहरूबारे हामी पनि विश्लेषण गर्न सक्छौं ।

***● तपाईंहरूका कार्यकर्ताले माओवादीविरूद्ध सुराकीको काम गरेका छैनन् त ?***

- हामी अरू कुनै पनि पार्टीको सुराकी हुँदैनौं । आम रूपमा हाम्रो यो मान्यता रहेको छ ।

***● केही समय अगाडि मात्रै 'आलोक प्रवृत्ति' भनेर उनीहरूले आफूभित्रको खराब प्रवृत्तिलाई नामाकरण गरे । त्यस प्रवृत्तिविरूद्ध संघर्ष गर्ने घोषणा गरेर नेकपा (माओवादी) आन्तरिक शुद्धिकरणतिर अग्रसर भएजस्तो तपाईंलाई लाग्दैन ?***

- पाँच वर्षकै समग्र घटनाक्रमहरू र उनीहरूका चिन्तन, विचारहरू जुन विभिन्न रूपमा अभिव्यक्त छन्, ती कुराहरूको समग्रतालाई अध्ययन गर्दा उनीहरूभित्र पनि दुईटा पक्षलाई देख्न सकिन्छ । शुरू शुरूमा माओवादीहरूमा अझै बढ्ता मात्रामा साँघुरोपन, साँघुरो दृष्टिकोण, अरू विचारहरूप्रति बढ्ता असहिष्णुता रहेका थिए । ती चीजहरूमा क्रमशः केही परिवर्तनहरू हुँदै आएको पाइन्छ । उनीहरूले संयुक्त मोर्चाका कुराहरू पनि अगाडि सार्न थालेको, यदाकदा लेखहरूमा 'मुख्य शत्रुमाथि प्रहार केन्द्रित गर्नुपर्छ' भन्दै पनि आएको देखिन्छ । तर लेखहरूमा त्यस्तो भए पनि ब्यबहारमा छारष्टे शैलीमा परिवर्तन भएको हामीले पाएका छैनौं । तैपनि 'आलोक प्रवृत्ति' भनेर उनीहरूले आफ्ना कमजोरीहरूको जसरी आफैंले खण्डन गरे, त्यति हदसम्म त्यो सकारात्मक प्रवृत्ति हो ।

***● के पनि भनिन्छ भने, देशको वामपन्थी खेमाको ठूलो जमातलाई बरालेर एमालेले दक्षिणपन्थी धापमा हुलिदिएकोले त्यसको प्रतिक्रियास्वरूप माओवादी जनयुद्ध शुरू भएको हो । तपाईं के भन्नुहुन्छ ?***


- यो चिन्तन पनि निम्न पूंजीवादी अधैर्यताले सिर्जना गरेको चिन्तनकै परिणति हो । अहिलेसम्मका समग्र अनुभवहरूमाथि आधारित भएर हाम्रो पार्टीले नेपाली क्रान्तिको सिद्धान्त, बाटो, कार्यनीति र नीतिहरूको श्रृंखलालाई विकसित गरेको छ । त्यसो गर्दा हामीले उग्रवामपन्थी चिन्तन र दक्षिणपन्थी चिन्तनका विरूद्ध लगातार वैचारिक संघर्ष गर्दै आउनुपरेको छ । अहिले नेपालको कम्युनिष्ट आन्दोलनले उग्रवामपन्थी छोरबाट आएको निकै ठूलो अवसरवाद र निकै ठूलो भड्काउका विरूद्ध जुध्नु पर्दैछ ।

यो जुध्नुपर्ने आवश्यता र परिवेशको हामीले बडो गहिरो ढंगले अध्ययन र विश्लेषण गर्नु जरूरी छ । त्यसो हुन सक्यो भने मात्रै नेपालको कम्युनिष्ट आन्दोलन र नेपाली क्रान्तिले हिंड्नुपर्ने बाटोबारे स्पष्ट भइन्छ । ❑

## ◀ घटना र प्रवृत्ति

यही असोज ५ गते नौ वटा वामपन्थी संगठनहरूले आयोजना गरेको 'नेपाल बन्द' व्यापक सरकारी दमनका बावजूद सफल भएको छ । सरकारले 'बन्द'को अघिल्लो दिन साँझ हुने गरेका मशाल जुलूसहरूलाई हुन नदिन भर्खरै जारी गरेको निषेध आदेशलाई नौवाम समूहहरूका नेता-कार्यकर्ताहरूले खुला अवज्ञा गरे । उनीहरूले जन-अधिकारको पक्षमा र सरकारको गैरप्रजातान्त्रिक रबैयाको विरूद्धमा यसरी खडा भएर जुन साहस प्रदर्शन गरे, त्यो प्रशंसनीय रहेको छ । सरकारले सो क्रममा क. वामदेव गौतम, क. अमिक शेरचन, क. दिलबहादुर श्रेष्ठ, क. सिद्धिलाल सिंह, क. लोकनारायण सुवेदी, क. हेमन्त वि.सी., क. सीताराम तामाङ, क. कृष्ण खड्का, क. कमल कोइराला लगायत सयौं जनालाई गिरफ्तार गरेर, लाठी चार्ज गरेर र बन्दकै दिन पनि सयौं जनालाई गिरफ्तार गरेर आफ्नो फासिष्ट स्वभाव प्रदर्शन गरेको छ ।

असोज ५ को बन्द का दिन राजधानी लगायत देशका प्रायः सबै ठाउँहरूमा यातायात साधनहरू र शिक्षण संस्थाहरू बन्द रहे । कारखाना र उद्योग व्यवसायमा पनि यसको उल्लेख्य असर रह्यो ।



*क. वामदेव गौतम लागायतका वामनेताहरूको गिरफ्तारीको दृष्य*

# 'नेपाल बन्द' को सफलताप्रति के फेरि पनि सरकार गम्भीर नबन्ने ?

*जनतामा थप निराशा वा उग्र चिन्तनहरू पैदा हुने ठूलो स्रोत भनेको सरकारको यस्तो रबैया नै त होइन ?*

यदि सरकार साँच्चै प्रजातान्त्रिक हुँदो हो त बन्दको यो सफलतालाई हेरेर, यसबाट जनताको मत के रहेछ भन्ने महसूस गरेर बन्द आह्वानकर्ताहरूको मागलाई तत्कालै गम्भीरतापूर्वक लिन्थ्यो । र, बन्दलाई जनताले व्यापक साथ दिनुलाई 'डरको र आतंकको कारण' भनेर गैर-जिम्मेवार विश्लेषण कदापि गर्दैनथ्यो । कारण, नौ वामले माग गरेको महंगी घटाऊ, भ्रष्टाचार र कालो बजारी नियन्त्रण गर र राज्य आतंक बन्द गर, यस्तै, लक्ष्मणपुर बाँध भत्काऊ, राष्ट्रविरोधी नागरिक विधेयक खारेज गर, कमैयाहरूको जीविकाको बन्दोवस्त गर जस्ता मागहरूमा जनताको व्यापक समर्थन नहुने प्रश्नै उठ्दैन ।

अझ यो बन्दको क्रममा एउटा कुरा झन् प्रष्टै देखियो, त्यो हो सरकार संरक्षित व्यवसायिक संघ वा व्यक्तिहरूबाहेक कांग्रेस समर्थक व्यक्तिहरूले समेत पहिले पहिले बन्दका विरूद्ध गर्ने गरेका 'प्रतिरोधहरू' यसपटक निकै कम मात्र गरे । राजनीतिमा कांग्रेस समर्थक जनताले पनि आन्दोलनकारीहरूका मागहरूप्रति ऐक्यबद्धता जनाएकाले नै यस्तो भएको हो ।

आन्दोलनकारीका मागप्रति व्यापक जनसमर्थनको यो परिदृश्यबाट सरकारले पाठ सिक्दैन र आन्दोलनका मागहरू पूरा गर्न ठोस पहल गर्दैन भने त्यसले जनतामा थप आक्रोश र निराशा मात्र थप्ने छ । जनतामा उग्र चिन्तनहरू पैदा हुने ठूलो स्रोत भनेको सरकारको यस्तो रबैया नै हो ।

त्यसैले, सरकारसित अलिकति पनि प्रजातान्त्रिक संस्कृति छ भने 'नेपाल बन्द'को व्यापक सफलताले जाहेर गरेको स्पष्ट जनमतलाई सरकारले गम्भीतापूर्वक लिनैपर्छ । आन्दोलनकारीका जायज मागहरू सरकारले तुरून्तै पूरा गर्नुपर्छ । यस निम्ति वार्ताको पहल अब सरकारले गर्नुपर्छ ।

आन्दोलनकारी नौ वामले पनि के कुरामा अविलम्ब ध्यान दिनु जरूरी छ भने नेपाल बन्द त भव्य रूपमा सफल भयो, त्यसपछि के त ? माग पूरा गराउन सशक्त दवाव दिने योभन्दा उन्नत, सृजनात्मक र प्रभावकारी कार्यक्रम अर्को के ? अक्सरतया नेपाल बन्द चाहिं भव्य रूपमा सफल हुने, नेपाल बन्दले तेर्स्याएका मागहरू चाहिं सधैंजसो विफल हुने गरिरहेछन् । यस्तो अब आइन्दा हुन नदिन गर्ने के ? यी सवालमा नौ वामको ध्यान जानु नितान्त आवश्यक छ । नत्र, संघर्षबाट जनताको माग पूरा हुनसक्छ भन्ने आत्मविश्वास र भरोसा जनतामा कदापि पैदा हुँदैन । फलस्वरूप जनतामा संघर्षप्रति नै नैराश्य भाव आउन वा अतिवादी सोचाइ हुर्कन सक्छ । ❑


"स्वाबलम्बी बनौं ! विकास निर्माणमा जनसहभागिता जुटाऔं !!"

बडा दशैं तथा शुभ दिपावलीको मंगलमय हार्दिक

शुभकामना

व्यक्त गर्दछौं ।

नगरप्रमुख

खेमराज पाण्डे

तथा

धनगढी नगरपालिका

(कैलाली) परिवार

बडा दशैं तथा शुभ दिपावलीको सुखद् उपलक्ष्यमा सम्पूर्ण यात्रु वर्ग तथा जिल्लावासीहरूमा हार्दिक मंगलमय

शुभकामना

व्यक्त गर्दछौं ।

कैलाली टेम्पो तथा ट्याक्सी व्यवसायी समिति (परिवार)

धनगढी, कैलाली

# प्रेस नियन्त्रित मशाल जुलुस प्रतिबन्धित

- समीर थापा -

नेपाली कांग्रेसले आफूलाई प्रजातन्त्रको पर्याय ठान्ने गरेको छ, तर उसका व्यवहारहरू अक्सर प्रजातन्त्रको विपक्षमा देखिने गरेका छन् । त्यसैगरी, नेपाली कांग्रेसले आफूलाई प्रजातान्त्रिक समाजवादको अनुयायी बताउने गरेको छ ; तर उसका व्यबहारहरू अन्तरराष्ट्रिय मुद्राकोष र विश्व बैंकले निर्देशित गरेको निजीकरण र उदारवादको समाजवादविरोधी आर्थिक संरचनाद्वारा संचालित छन् । औपचारिक रूपमा नेपाली कांग्रेसले प्रजातान्त्रिक समाजवादको सिद्धान्तलाई तिलान्जली दिएको घोषणा गरेको छैन । तर उसको कार्यशैली समाजवादी शैलीको उग्र विरोधमा देखिन्छ । आफूलाई प्रजातन्त्रको पर्याय ठान्ने नेपाली कांग्रेसको प्रजातन्त्रविरोधी आचरण अहिले हाम्रो सरकारको बिषय हो ।

यही असोज १ गते नेपाली कांग्रेसको सरकारले शान्तिपूर्ण विरोध प्रदर्शनको एउटा रूप मशाल जुलुस प्रदर्शनमा प्रतिबन्ध लगाएको घोषणा गरेको छ भने त्यसको दुई दिनअघि यही सरकारको संचारमन्त्री र गृहमन्त्रीको साझा पहलमा प्रेस जगतमाथि शेन्सर गर्ने आशयको विचार सार्वजनिक गरेको थियो ।

नेकपा माओवादीले ०५२ फागुनदेखि शुरू गरेको जनयुद्ध र त्यसबाट मुलुकमा उत्पन्न स्थितिमाथि प्रेस जगतले गरेको सूचना प्रवाहलाई लिएर सरकारले प्रेसमाथि नियन्त्रण गर्ने सोच बनाएको हो । माओवादी जनयुद्धलाई समयमै ठीक ढंगले डिल नगर्नुको परिणाम आज त्यो विकराल समस्याको रूपमा उपस्थित छ । त्यस समस्यालाई समाधानतिर लैजान, माओवादीहरूले समेत रूचि देखाएको वार्ताको प्रयासलाई सरकार आफैंले विथोलेर झन् अनिश्चित भविष्यलाई आमन्त्रण गरेको छ । यसकारण पनि माओवादी 'जनयुद्ध' हिंसात्मक क्रियाकलापहरूसहित चर्कंदैछ । हुँदैछ । यही वस्तुस्थितिलाई विश्लेषण गर्ने वा यसबारे सूचना प्रवाह गर्ने काम स्वतन्त्र प्रेस जगतले गरेको हो । यसै क्रममा प्रेसले सरकारद्वारा यतिञ्जेल माओवादी जनयुद्ध दमनका नाउँमा निर्दोष नागरिकहरूको हत्या गरेको तथ्यलाई पनि सार्वजनिक गरेको छ । त्यस्तै, माओवादी जनयुद्ध यस रूपमा देखापर्नुको पछाडि सरकारको जनताप्रति गैरजिम्मेवारपूर्ण शाषन-व्यवहार र आलोचकहरूप्रति दमनकारी भूमिकालाई पनि प्रेस जगतले दोषी ठहऱ्याउँदै आएको छ । सरकारको ईच्छा विपरीत प्रेसले खेलेको निष्पक्ष भूमिकाबाट त्रसित भएर प्रेस जगतलाई गैरप्रजातान्त्रिक ढंगले आफ्नो अधीनमा राख्न सरकारले माओवादीहरूको विषयमा छापिने सामाग्रीहरूको आधारमा पत्रिकाहरूलाई प्रतिवन्धित गर्ने वा सेन्सर गर्ने मनसाय देखाएको छ । यो मनसाय स्वयं गैरप्रजातान्त्रिक प्रवृत्तिको द्योतक हो, तसर्थ यो निन्दनीय छ ।

प्रेसमाथि प्रतिबन्ध लगाउने आशयको विचार संचारमन्त्री जयप्रकाश गुप्ताले गृहमन्त्री गोविन्दराज जोशीको सहमति लिएर ०५७ भाद्र ३० गते व्यक्त गर्नुभएको थियो । गृहमन्त्री र संचारमन्त्रीको संयुक्त रूचिमा त्यस दिन संचारमन्त्रालयमै आयोजित 'सरकार, राजनीतिक दलका प्रतिनिधिहरू र पत्रकार' बीचको एक छलफल कार्यक्रममा उक्त कुरा व्यक्त भएको थियो । सरकारी पक्ष र पत्रकार तथा राजनीतिकर्मी समेतको उपस्थितिमा व्यक्त भएको अभिव्यक्ति स्वतन्त्रताविरोधी विचारमाथि वरिष्ठ पत्रकारहरू तथा सांसदहरूले समेत कडा शब्दमा आलोचना गरेका थिए ।

बस्तुतः सरकारको प्रेसविरोधी यो प्रयत्नलाई लोकेन्द्रबहादुर चन्द, सूर्यबहादुर थापा, कृष्णप्रसाद भट्टराई आदि प्रजातन्त्रोत्तरकालका प्रधानमन्त्रीहरूको पालादेखि नै आउन लागेको कुख्यात कालो कानून गिरिजा सरकारको पालामा नयाँ शैलीमा पुनरागमन हुन लागेको भन्ने अर्थमा सचेत नागरिक समुदायले लिएको छ ।



त्यसैगरी, नौवाम समूहको आह्वानमा हुन लागेको नेपाल बन्दको पूर्वसन्ध्यामा सरकारले मशाल जुलुसमाथि लगाएको प्रतिबन्धलाई पनि नेपाली कांग्रेसको प्रतिगमनकारी निरंकुश कार्यशैलीको रूपमा हेरिएको छ । गृह मन्त्रालयले सबै स्थानीय प्रशासन कार्यालयहरूलाई मशाल जुलुस निषेध गर्न निर्देशन दिइसकेको कुरा प्रकाशमा आएको छ । गृहमन्त्रालयका प्रवक्ता गोपेन्द्र बहादुर पाण्डेका अनुसार - "सुरक्षाका लागि मशाल जुलुस प्रदर्शन गर्न दिन उचित नभएको हुँदा यसलाई निषेध गर्न स्थानीय निकायलाई निर्देशन दिइएको हो ।" प्रेसमाथि प्रतिबन्ध लगाउने संकेत दिएको लगत्तै मशाल जुलुसमाथि लगाइएको प्रतिबन्ध अर्थपूर्ण देखिन्छ । यसले सरकारले समातेको प्रतिगमनकारी निरंकुश कार्यदिशाको पनि परिचय दिएको छ ।

सरकारले मशाल जुलुसमाथि प्रतिबन्ध लगाएको घोषणा गर्ने बित्तिकै सबै प्रतिपक्षी राजनीतिक दलहरूले यसलाई संविधानविरोधी कार्य भन्दै कडा शब्दमा विरोध गरेका छन् । प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले सरकारको यस निर्णयको कडा विरोध गरेको छ । एमालेले भनेको छ : "यस कदमले नेपाल अधिराज्यको संविधान २०४७ ले प्रत्यायोजित गरेको जनताको नैसर्गिक र मौलिक अधिकारको ठाडो उल्लंघन गरेको छ । यो प्रतिगामी कदम सरकारले फिर्ता नलिएमा त्यसबाट उत्पन्न हुने परिस्थितिको जिम्मेवार सरकार स्वयं हुनेछ ।"

असोज १ गते नै बसेको नौ वाम समूहको आकस्मिक बैठकले मशाल जुलुसमाथि प्रतिबन्ध लगाउने सरकारको यो कदमलाई संविधानविरोधी कदम भन्ने घोषणा गरेको थियो । सरकारले त्यसरी प्रतिबन्धको घोषणा गरे पनि नौ वाम समूहले मशाल जुलुस प्रदर्शन गरिछाड्ने प्रतिबद्धता गरेअनुरूप असोज ४ गते विभिन्न स्थानमा मशाल जुलुस प्रदर्शन गरेका छन् । त्यस क्रममा दर्जनौं प्रदर्शनकारीहरूलाई गिरफ्तार गरिएको थियो ।

प्रेसमाथि प्रतिबन्ध लगाउने मनशाय र मशाल जुलुसमाथि लगाइएको प्रतिबन्धले आफूलाई प्रजातन्त्रको पर्याय ठान्ने नेपाली कांग्रेस प्रतिगामीहरूको स्वार्थसँग एकाकार भएको देखिएको छ । ❑

**के यी कार्यहरूले सरकारले समातेको प्रतिगमनकारी निरंकुश कार्यदिशाको पनि परिचय दिइरहेका छैनन् ?**

# असोज ७ गते लक्ष्मणपुर बाँधतर्फ मार्च गर्दैछौं

## ने.क.पा. (माले) निकट अनेरास्ववियूका अध्यक्ष, रविन्द्र अधिकारीसँग कुराकानी



*विगतमा अनेरास्ववियूले सीमा अतिक्रमणविरूद्ध कालापानी मार्च गर्‍यो । त्यस्तै पारस शाहद्वारा भएको प्रवीण गुरूङ्गको हत्याको विरूद्ध पनि यसले सशक्त आन्दोलन गर्‍यो । तर यसले शैक्षिक क्षेत्रका समस्याहरूको सवाललाई चाहिँ किन उठाउने गरेन ?*

- कतिपय मानिसहरूले हामी शैक्षिक आन्दोलनमा क्रियाशील भएनौं भन्ने भनाइहरू राखेका छन् । तर यो पछिल्लो अवधिमा राष्ट्र र जनताको आगाडि उपस्थित राष्ट्रियताको सवाल अति गम्भीर भएर आयो । र, जनताको अधिकारसम्बन्धी कतिपय मुद्दाहरू पनि गम्भीर भएर आए । त्यस्तै, पारस शाहद्वारा भएको प्रवीण गुरूङ्ग लगायतका निर्दोष नागरिकहरूको हत्याको सवाल पनि गम्भीर भएर आयो । त्यसैले, हामी मूकदर्शक भएर बस्ने स्थिति नै थिएन । यही कारणले गर्दा हामी आन्दोलनमा उत्रयौं र हामीले ठीक नै गर्‍यौं भन्ने हामीलाई लाग्दछ ।

शिक्षामा भएको असमानता, व्यापारीकरण र विसंगतिका विरूद्ध पनि हामी अहिले आन्दोलित भइरहेका छौं । तर संचार माध्यमले हामीले शैक्षिक समस्यालाई लिएर गरेका विभिन्न क्रियाकलापहरूलाई कम चर्चामा ल्याउने गरिरहेछ । यसले गर्दा हामीले शैक्षिक समस्यालाई कम महत्व त दिएका छैनौं भन्ने भ्रम बाहिर आम मानिसहरूमा परिरहेछ । तर वास्तविकता त्यो होइन ।

● *अहिले शैक्षिक मुद्दाहरूलाई लिएर आन्दोलनको कुनै कार्यक्रम तय भएको छ ?*

**पारस साहलाई कार्वाही भएन भने फेरि सडक आन्दोलनको तयारी गर्नुपर्ने हुन्छ ।**

- अहिले तत्कालका निम्ति तीनवटा मुद्दाहरू अगाडि सारेर आन्दोलन गर्ने प्रस्ताव हाम्रो राष्ट्रिय परिषद्को बैठकले पारित गरेको छ । यसका लागि हामीले तीनवटा मागहरू अगाडि सारेका छौं । पहिलो माग हो- शैक्षिक संस्थाहरूलाई हेर्ने संवैधानिक अङ्गको रूपमा रहने गरी एउटा स्वायत्त निकाय गठन गरिनुपर्छ, जसमा राजनैतिक हस्तक्षेपको गुन्जायस हुँदैन । दोस्रो कुरो, सरकारले शिक्षामा यथोचित लगानी गर्नुपर्छ । तेस्रो कुरो, सार्वजनिक शिक्षण संस्थाहरूलाई प्रतिस्पर्धात्मक बनाइनु पर्छ र निजी शैक्षिक संस्थाहरूलाई मनपरीढंगले सञ्चालन गर्न नदिई नियन्त्रण गरिनुपर्छ । र, नाफा आर्जन गर्ने गरी कुनै पनि शिक्षण संस्था खोल्न नपाइने गरिनुपर्छ ।

अहिले तत्कालको निम्ति यी तीनवटा विषयहरूलाई लिएर नै हामी आन्दोलनमा उत्रने तयारीमा छौं ।

● *प्रवीण गुरूङ्गको हत्याको विरूद्ध, सीमा अतिक्रमणको विरूद्ध आदि सवालमा तपाईंहरूले हिजो गर्नुभएका आन्दोलनहरूको निरन्तरतामा आगामी समयका लागि के कस्ता कार्यक्रमहरू तय भएका छन् ?*

- पारस शाहद्वारा प्रवीण गुरूङ्गको हत्याको विरूद्ध हामीले जुन आन्दोलन गर्‍यौं, त्यसले दरवारलाई ठूलो दवाव पर्‍यो र दरवारले सरकारलाई आवश्यक छानविन गरी त्यस हत्याकाण्डको रिपोर्ट दरबारमा पेश गर्न अह्रायो । अहिले सरकारले दरवारमा रिपोर्ट पेश गरिसकेको छ । आम जनतालाई पारस शाह दोषी हो भन्ने कुरा थाहा भइसकेको छ । त्यसैले उसलाई कार्वाही हुनैपर्छ । भएन भने फेरि सडक आन्दोलनको तयारी गर्नुपर्ने हुन्छ ।

अहिले लक्ष्मणपुरमा भारतले अन्तर्राष्ट्रिय कानून विपरित बाँध हालेर सीमाना नजीकका नेपाली भूभागहरू बाढीमा डुवाउने काम गरेको छ । त्यसको बिरोधमा अनेरास्ववियूले यही असोज ७ गते काठमाण्डौबाट लक्ष्मणपुर बाँधतर्फ मार्च गर्दैछ ।

सयौं विद्यार्थी साथीहरूले भाग लिने त्यस मार्च असोज ८ गते नेपालगंजमा पुगी त्यहाँ अन्यत्रबाट पनि आएका विद्यार्थी साथीहरूसँग मिलेर लक्ष्मणपुर बाँधतर्फ जाने कार्यक्रम छ । र, असोज ९ गते काठमाण्डौ फर्कने र १० गते काठमाण्डौमा पत्रकार सम्मेलन गर्ने कार्यक्रम छ । ❑

# अखिलको पन्ध्रौं राष्ट्रिय सम्मेलन सम्पन्न



नव निर्वाचित अध्यक्ष राई

नेकपा -एमाले निकट अनेरास्ववियूको पन्ध्रौं राष्ट्रिय सम्मेलन गत असोज २ गतेबाट शुरू भई असोज ७ गते सम्पन्न भएको छ । उक्त सम्मेलनको उद्घाटन समारोह बुटवलमा भएको थियो भने बन्द सत्र भैरहवामा भएको थियो ।

'सामाजिक विकृति र विसंगतिका विरूद्ध हाम्रो अभियान, सर्वसुलभ र गुणस्तरीय शिक्षाका लागि हाम्रो आन्दोलन' भन्ने नाराका साथ सम्पन्न भएको उक्त सम्मेलनको उद्घाटनमा एमालेका कार्यबाहक महासचिव क. भरत मोहन अधिकारीले गर्नुभएको थियो । यसअघि उक्त सम्मेलनको उद्घाटन महासचिव क. माधवकुमार नेपालले गर्नु हुने भनी प्रचारित गरिएको थियो । तर उहाँ हाल फिलिपिन्सको भ्रमणमा रहनुभएकाले उद्घाटन कार्य क. भरतमोहनले गर्नुभएको थियो ।

असोज ३ गतेदेखि ६ गतेसम्म सभागृहमा सम्पन्न बन्द सत्रले अनेरास्ववियुका निवर्तमान अध्यक्ष हिक्मत कार्कीद्वारा प्रस्तुत राजनैतिक तथा सांगठनिक प्रतिवेदन र निवर्तमान महासचिव राजेन्द्र राईद्वारा प्रस्तुत विधान मस्यौदा पारित गर्‍यो । सम्मेलनमा, बाहिर राजनीतिक बजारमा खड्ग ओली पक्षको भनी प्रचारित भएका पूर्व केन्द्रिय उपाध्यक्ष विनोद ढकालले माधव नेपाल पक्षका भनी प्रचारित तथा अहिले एमाले नेतृत्वले नयाँ अध्यक्षको रूपमा चयन गरेका निवर्तमान महासचिव राजेन्द्र राईका विरूद्ध उम्मेदवारी दिएका थिए । तर ठूलो बादविवाद र छलफलपछि उक्त सम्मेलनले एमाले पार्टीले चयन गरेका राजेन्द्र राई कै नेतृत्वमा ४५ सदस्यीय केन्द्रीय कमिटी गठन गर्‍यो । उपाध्यक्षमा भक्त गुरूङ्ग महासचिवमा खिमलाल भट्टराई, सचिवमा लक्ष्मण आचार्य र कोषाध्यक्षमा रामकुमार बस्नेत चयन भएका छन् ।

**संयुक्त आन्दोलन-हरूबाट एमाले निकट अखिल किन पृथक रहेको देखिन्छ ?**

एउटा महत्वपूर्ण कुरा के छ भने, विगतका केही वर्षयतादेखि आम जनसमुदायले जनताको न्यायोचित आन्दोलनको सवालमा एमालेनिकट अखिलको भूमिका बारे प्रश्न चिन्ह उठाइरहेको घडीमा सम्पन्न उक्त सम्मेलनका सहभागी कतिपय विद्यार्थी प्रतिनिधिहरूले पनि उही प्रश्न गम्भीरताकासाथ उठाएका छन् ।

विगत केही बर्षयतादेखि देशको राष्ट्रियता, प्रजातन्त्रको रक्षा तथा जल्दाबल्दा समस्याहरूलाई लिएर माले निकटको अखिल तथा अन्य वाम विद्यार्थी संगठनहरूले संयुक्त रूपमा आन्दोलन गरिरहेका छन् । तर ती आन्दोलनहरूबाट एमाले निकट अखिल भने पृथक रहेको देखिन्छ ।

अबको त्यस अखिलको नयाँ नेतृत्वले यस सवाललाई गम्भीरताका साथ आत्मसात गरी शैक्षिक सवालहरू लगायत जनपक्षीय र राष्ट्रिय सवालहरूमा आन्दोलनमा उत्रनु जरूरी भएको कुरा आमरूपले महसूस गरिएको छ । नव गठित नेतृत्व समूहले यस पक्षमा कतिको जोड देला, त्यो हेर्न बाँकी नै छ । ❑

बिकसित पूँजीवादी मुलुकमा कृषिमा अनुदान

# उनीहरू हामीलाई अनुदान बन्द गर्न भन्छन् तर आफूचाहिं यसरी दिन्छन्

विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्राकोष तेस्रो विश्वका सारा देशहरूलाई भन्छन् : कृषि क्षेत्रमा राज्यले अनुदान दिन बन्द गर । उनीहरू तेश्रो विश्वका मुलुकहरूलाई जब ऋण दिन्छन्, ऋणको शर्तमध्ये एउटा मुख्य शर्त हुनेगर्छ - राज्यले दिईआएको अनुदान बन्द गर ।

स्मरणीय छ, उनीहरूका तिनै शर्तको फेरोमा परेर नेपालको राज्यले कृषि क्षेत्रमा दिईआएको अनुदान बेपत्तै घटाउने कार्य गरेको छ । यही कारणले किसानहरूले प्रयोग गर्ने रासायनिक मलको मूल्य गत दश वर्षमा ३०० प्रतिशतभन्दा पनि ज्यादा हुनपुगेको छ । यो कदमले नेपालका किसानहरूको ढाड ठनक्कै भाँचेको छ ।

विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषका सबभन्दा ठूला शेयर होल्डरहरू भनेका अमेरिका, यूरोपेली संघ र जापान हुन् । उनीहरू आफूचाहिं कृषिमा राज्यले अनुदान दिन बन्द गर्ने कुरामा कत्तिको प्रतिबद्ध र इमान्दार छन् त ? के उनीहरू यो नीतिलाई आफूले चाहिं पालना गरिरहेछन् ?

मूल्यांकनले त्यस्ता प्रमाणहरू भेट्टाएको छ, जसले छर्लङ्ग देखाउँछ कि अमेरिका, यूरोपेली संघ र जापानका राज्यहरू आफूचाहिं भारी मात्रामा कृषि क्षेत्रमा अनुदान दिने गर्छन् । उनीहरूको कृषि क्षेत्रमा दिइने अनुदानको राशि बढ्दो छ । परन्तु तेश्रो विश्वलाई मात्र उनीहरू अनुदान बन्द गर्न दबाब दिन्छन् । यसको तात्पर्य के हो भने उनीहरूको दोहोरो व्यवहार छ । र, उनीहरूको कृषिमा अनुदान बन्द गर्ने शर्त र दबाबमा कुनै इमान्दारिता छैन ।

कृषिमा राज्यको अनुदान बन्द गरेर तेस्रो विश्वको आत्मनिर्भर कृषि तथा अनाज व्यवस्थालाई चौपट पार्ने, अनि आफ्नो उपज नाफादायक मोलमा त्यहाँ बेच्ने महा-योजना अन्तर्गत कृषिमा अनुदान बन्द गर्ने शर्त हामीमाथि जवर्जस्ती लादिँदैछ । परन्तु उनीहरू आफूचाहिं राज्यको तर्फबाट कृषि क्षेत्रलाई दिइने गरेको अनुदान बन्द गर्ने त कुरै टाढा रह्यो, त्यसलाई बृद्धि पो गर्दैछन् । उनीहरू आफूचाहिं खाद्यान्नमा आत्मनिर्भर बन्ने बाटो पक्रदैछन् । अमेरिका र यूरोप त आत्मनिर्भर बन्ने मात्र होइन, खाद्यान्नको निर्यातकर्ता नै बन्ने बाटो पक्रदैछन् ।

मूल्यांकनले के तथ्याङ्क फेला पारेको छ भने गत वर्ष, अर्थात् सन् १९९९ मा सारा 'दाता राष्ट्र' भनिने विकसित पूँजीवादी मुलुकका सरकारहरूले कृषि क्षेत्रमा दिई आएको अनुदानमा सरदर ३ प्रतिशतले बृद्धि गरे । "आर्थिक सहयोग र विकास संगठन (OECD) मातहतका सारा पूँजीवादी राज्यहरूले पोहोर कृषि क्षेत्रलाई दिएको अनुदानको थैली एकै ठाउँमा जोड्ने हो भने त्यो ३६१ अरब अमेरिकी डलर हुन्छ (अर्थात् २५३ खरब नेपाली रूपैयाँ) । यो उनीहरूको कुल गार्हस्थ्य उत्पादनको करीब १.४ प्रतिशत हो ।

राज्यले सबैभन्दा धेरै कृषि क्षेत्रमा अनुदान दिने सिंगो राष्ट्र अमेरिका देखापरेको छ । उसले गत वर्ष ९६.५ अरब डलर कृषि क्षेत्रलाई अनुदान दियो । अर्थात् कुल गार्हस्थ्य उत्पादनको करीब १ प्रतिशत । अर्को राष्ट्र जापान देखा परेको छ, जसले राज्यको तर्फबाट पोहोरको साल ७१.४ अरब अमेरिकी डलर रकम कृषिमा अनुदान दियो । यूरोपेली संघका संपूर्ण राष्ट्रहरू एकै ठाउँमा मिलाउँदा सबैभन्दा धेरै कृषिमा राज्यको अनुदान दिने यूरोपेली संघ देखिन्छ । किनभने

**विकसित पूँजीवादी मुलुकमा कृषिमा राज्यको अनुदान**

| देश | अनुदान रकम (अरब, अमेरिकी डलरमा) |
|---|---|
| यूरोपेली संघ | १२५.९ |
| अमेरिका | ९६.५ |
| जापान | ७१.४ |
| क्यानाडा | ५.० |
| मेक्सिको | ६.७ |
| अष्ट्रेलिया | १.७ |
| स्विट्जरलैण्ड | ६.२ |
| दक्षिण कोरिया | २२.३ |
| टर्की | १६.१ |
| कुल OECD मुलुकहरू | ३६१.० |

स्रोत: OECD

कृषि क्षेत्रमा यूरोपेली संघको कुल अनुदान राशि गत वर्ष १२५.९ अरब अमेरिकी डलर थियो । अर्थात् कुल गार्हस्थ्य उत्पादनको झण्डै डेढ प्रतिशत ।

गएको तीन वर्षको आँकडा हेर्ने हो भने - यी विकसित पूँजीवादी मुलुकमा अनुदानमा किसानहरूको निर्भरता गत तीन वर्षमा झन् झन् बढ्दैछ । पोहोर १९९९ मा त्यहाँका किसानहरूले -अन्तर्राष्ट्रिय बजारमा उनीहरूले आफ्नो उपज बेचेभन्दा दुईतिहाई ज्यादा आय आर्जन गरे र यो आय अनुदानका कारणले नै संभव भएको थियो ।

अमेरिका र यूरोपेली संघबीचको व्यापार युद्धको मुख्य कारण नै कृषिमा यूरोपेली संघले अमेरिकालाई समेत उछिनेर दिने गरेको अनुदान थियो ।

यसरी यी तथाकथित 'दाता' राष्ट्रहरू आफूचाहिं कृषि क्षेत्रमा भारी मात्रामा अनुदान दिन्छन् भने हामीलाई मात्र अनुदान रोक्न किन शर्त थोपर्छन् ? र, हामीले उनीहरू आफैले पालना नगरेको शर्त किन चूपचाप स्वीकार्ने ? व्यापक किसानहरूको हितको निम्ति हामी पनि तिमीहरूले गरे जस्तै गर्छौं किन नभन्ने ?


❑ दीपक बैद्य

*भारत*

# एकीकृत संघर्षका लागि वाम सम्मेलन

*गत भाद्र १६ गते भारतका १० वटा वामपन्थी पार्टी र संगठनहरूले एकीकृत आन्दोलनका लागि कलकत्तामा सम्मेलन गरेका छन् । सम्मेलनमा सीपीआई (एम.एल) लिबरेशन समूह, न्यू डेमोक्रेसी समूह, पीसीसी समूह, जनशक्ति समूह, यूनिटी इनिसियटिभ समूह, कम्युनिष्ट रिभोल्यूशनरी सेन्टर समूह, सीओआई (एमएल) श्रमिक संग्राम कमिटी, मार्क्सिष्ट फोरम र संग्रामी गण मंचको सहभागिता थियो ।*

*ती वामपन्थी समूहहरूले मूलरूपमा साम्राज्यवादी आक्रमण र हस्तक्षेपका विरूद्ध, सरकारको नयाँ आर्थिक नीतिका विरूद्ध, हिन्दूवादी आक्रमणका विरूद्ध संघर्ष गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । तिनीहरूले केन्द्रीय सरकार र पश्चिम बंगाल सरकारका जनविरोधी नीतिको विरोधमा पनि संघर्ष अगाडि बढाउने*



लिबरेशनका महासचिव दीपंकर भट्टाचार्य

*दृढता व्यक्त गरेका थिए । यी सवालहरूमा न्यूनतम समझदारी कायम गरी ती समूहहरूले छिट्टै नै संघर्ष थाल्ने कार्यक्रम बनाएका छन् ।*

*देशभरि शुरूभएको हत्या र आतंकविरूद्ध वर्गसंघर्ष चर्काउने उद्घोषका साथ सम्पन्न भएको सो वामपन्थी सम्मेलनपछि ती वामपन्थीहरूले कति प्रभावशाली संघर्षको संचालन गर्ने हुन्, प्रतीक्षाको विषय भइरहेको छ ।* ❑

# अखिल छैठौं पनि सम्मेलनको तयारीमा

नेकपा (मसाल) निकट अनेरास्ववियू (छैठौं) को १५ औं राष्ट्रिय सम्मेलन आगामी मंसिरमा सुदुर पश्चिमाञ्चलको धनगढीमा सम्पन्न हुने भएको छ । "शैक्षिक निजीकरण र राष्ट्रघातविरूद्ध हाम्रो आन्दोलन, सर्वसुलभ र जनवादी शिक्षाका लागि आमूल परिवर्तन" भन्ने नारा उक्त सम्मेलनको लागि मूल नाराको रूपमा छानिएको छ ।

उक्त सम्मेलनको तयारीको लागि अखिल (छैठौं) ले हाल देशव्यापी रूपमा संगठनात्मक गतिविधिहरू बढाएको छ । विभिन्न जिल्ला सम्मेलन वा जिल्ला भेलाहरू सम्पन्न गर्नु साथै कतिपय स्थानहरूमा प्रशिक्षण शिविर सम्पन्न गरी राष्ट्रिय सम्मेलनको प्रचार अभियानलाई तीव्र पार्ने काम यसले थालेको छ । ❑

# प्रस्तावित वैदेशिक सहयोग नीति र अर्थविद्हरू

– गोविन्द वर्तमान –

श्री ५ को सरकारले ०५७ असार ३० गते बैदेशिक सहायता नीतिको प्रारम्भिक मस्यौदा संसदसमक्ष प्रस्तुत गरेपछि अर्थविद्हरूले धमाधम यसमाथि आफ्ना टिप्पणीहरू सार्वजनिक गरेका छन् । अर्थविद् मात्र होइन विभिन्न पेशामा संलग्न वौद्धिक समुदायले यस विषयमाथि सरोकार राखेर कलम चलाएका छन् । त्यस्तै, प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) ले त पत्रकार सम्मेलनको आयोजना समेत गरेर प्रस्तावित वैदेशिक सहायता नीतिमाथि टिप्पणी गर्नुका साथै त्यसमा परिष्कारको लागि सुझावहरूसमेत दिएको थियो । तर एमालेबाहेक अन्य राजनीतिक पार्टीहरूले चाहिं नेपाली कांग्रेसको सरकारले प्रस्तावित गरेको यो नीतिमाथि पार्टीगत रूपमा प्रतिक्रिया सार्वजनिक गरेको देखिएन । सरकारले प्रस्ताव गरेको यो वैदेशिक सहायता नीति यस प्रकारको पहिलो नीतिगत दस्तावेज हो भन्ने कुरामा धेरैको सहमति देखिन्छ । यसअघि सरकारको बार्षिक बजेटको केही अनुच्छेदहरूमा यसबारेमा उल्लेख गर्ने गरिन्थ्यो ।

०८ सालदेखि नेपालले निरन्तर वैदेशिक सहायता प्राप्त गर्न थालेको हो । विगत ४९ वर्षमा नेपालले ४ अरब ६९ करोड ३० लाख अमेरिकी डलर बराबरको बैदेशिक सहायता प्राप्त गरिसकेको छ । तर त्यो सहायताको पूर्ण सदुपयोग हुन नसक्दा नेपालको आधारभूत आर्थिक विकासमा त्यसको लाभदायी परिणाम देखापर्न सकेको छैन । वैदेशिक सहायताले गर्दा हामी परनिर्भर हुँदैगएका छौं भने विदेशी दातृसंस्था र राष्ट्रहरूले आफ्ना शर्तहरू थोपरेर हामी र हाम्रो विकास प्रक्रियालाई कज्याउने काम गरिरहेका छन् । यस्तो अवस्थामा वैदेशिक सहायतामाथि नियन्त्रण तथा प्राप्त सहायताहरू हाम्रो प्राथमिकताअनुसार स्वतन्त्र उपयोग गर्ने समस्या एउटा चुनौतीको रूपमा हाम्रोसामु प्रस्तुत भइरहेको छ । यही चुनौतीलाई सामना गर्ने एउटा प्रयासको रूपमा सरकारले वैदेशिक सहायता नीति प्रस्ताव गरेको देखिन्छ । यो प्रस्ताव आफैंमा एउटा स्वागतयोग्य कदम हो ।

यहाँनेर अर्को विचारणीय कुरा के छ भने ०८ सालदेखि भित्रिन थालेको वैदेशिक सहायतामा त्यसको १० वर्ष पछिमात्र ऋणको अंश मिसिन थाल्यो । त्यसपछि वैदेशिक सहायतामा लगातार अनुदान होइन ऋणको मात्रा बढिरहेको छ । तैपनि आर्थिक वर्ष ०३९/४० सम्म नेपालले प्राप्त गरेको वैदेशिक सहायतामा ऋणको अंश अनुदानको भन्दा कम नै थियो । तर त्यसपछि अनुदानको अंशलाई ऋणले उछिनिरहेको छ । प्रतिवर्ष यसरी बढिरहेको बैदेशिक ऋणको भारलाई घटाउँदै जानुपर्ने बाध्यताले गर्दा प्रतिवर्ष राष्ट्रको विकास बजेटमा कटौती गर्दै जानुपर्ने बाध्यता पनि हामीले व्यहोरिरहेका छौं । त्यसैले पनि एउटा ठोस वैदेशिक सहयोग नीति हाम्रो निम्ति अपरिहार्य छ । यस्तो स्थितिमा सरकारले प्रस्ताव गरेको वैदेशिक सहयोग नीति देशको आर्थिक विकासमा प्रभाव पार्ने एउटा महत्वपूर्ण दस्तावेज हो भन्ने देखिन्छ । त्यस दस्तावेजमाथिका दुई महत्वपूर्ण प्रतिक्रियाहरू यहाँ प्रस्तुत छ ।

बैदेशिक सहयोग नीतिको त्यही महत्वपूर्ण दस्तावेजमाथि संक्षिप्त प्रतिक्रिया गर्न यस लेखकले पूर्व अर्थमन्त्री तथा बैदेशिक सहयोगसम्बन्धी सूक्ष्म अध्येता *डा. देवेन्द्रराज पाण्डे*सँग अनुरोध गऱ्यो । उहाँले यसबारे निकै संक्षिप्तमा यतिमात्र भन्नुभयो :

"श्री ५ को सरकारले ल्याएको वैदेशिक सहायता नीतिको मस्यौदामा अझै परिमार्जन गर्नुपर्ने कुरा निकै छन् । त्यसको संरचना पनि मिलेको छैन । यति हुँदाहुँदै पनि मैले त्यसमा केही सकारात्मक कुरा देखेको छु ।"

"मेरो विचारमा प्रस्तावित बैदेशिक सहायता नीतिमा विदेशी सहायताको व्यवस्थापनबारे राम्रो कुरा ल्याइएको छ । त्यसमा बैदेशिक सहायता लगानीका लागि तोकिएका प्राथमिकताका क्षेत्रहरू पनि मलाई चित्त बुझेको छ । त्यसमा विदेशी दाताले नीति निर्माणमा हस्तक्षेप गर्ने कुरालाई संबोधन गरिएको छ । यो पनि राम्रो कुरा हो । तर अझै यो विषय त्यहाँ अपूर्ण नै छ । अहिलेका अर्थमन्त्रीलाई आफूले गरेको जे कुरालाई पनि पहिलो भन्ने बानी परेजस्तो छ । प्रस्तावित बैदेशिक सहायता नीति बैदेशिक सहायतासम्बन्धी पहिलो नीतिगत दस्तावेजचाहिँ होइन ।"


अर्का चर्चित अर्थविद् *गुणनिधि शर्मा*ले पनि यस विषयमा मूल्यांकनलाई महत्वपूर्ण प्रतिक्रिया दिनुभएको छ । उहाँको विस्तृत प्रतिक्रिया निम्नअनुसार छ :

"पहिलो कुरा, हामीकहाँ कागजी घोडाहरू दौडाउने प्रयासहरू धेरै भएका छन् । यो वैदेशिक सहायता नीति पनि कागजी घोडा होइन भन्न सकिने आधार छैन । दोस्रो कुरा, व्यवहारमा यो नीति असरदार हुने कुरामा त्यसै पनि शंका छ । अहिले बैदेशिक सहयोग नीति भनेर अलग्गै मस्यौदा ल्याइएको भएता पनि यो कुनै नयाँ कुरा होइन, पञ्चवर्षीय योजनाको दस्तावेजमा पहिला पहिला पनि परिरहेकै कुराहरू हुन् ।"

"तेस्रो कुरा, अहिलेको यो वैदेशिक सहायता नीतिको मस्यौदामा समस्यामा केन्द्रित भएर विचार गरिएको छैन । यो एकदमै generalised 5 specific छैन । चौथो कुरा, बुद्धिजीवी, अर्थविद् तथा कतिपय अवस्थामा राजनीतिज्ञहरू समेतले भन्दै आएको कुरा हो – नेपालमा भ्रष्टाचारका स्रोतहरू दुईटा छन् । एउटा विदेशी सहायताबाट र अर्को बजेटबाट यहाँ भ्रष्टाचार हुने गरेको छ । किनभने विदेशी सहायतासँग कमिशन, विदेश भ्रमण गाँसिएको छ । परामर्श सेवा (consultancy) बाट हुने फाइदा पनि गाँसिएकोले आफू र आफन्तलाई फाइदा पुग्ने कुरा गाँसिएको छ । यसरी प्रष्टसँग यहाँ भ्रष्टाचारको निम्ति पर्याप्त जमीन देखिन्छ ।"

"अब बजेटको कुरा गरौं । बजेटलाई प्राविधिक तथा आर्थिक रूपमा हेरिनु पर्नेमा यहाँ त बजेटमै राजनीतिक पूर्वाग्रह धेरै देखियो । अन्यथा सांसदहरूको खल्तीमा दश दश लाख हाल्ने काम हुँदैनथ्यो । पहिला आयोजना स्वीकृत गरेपछि मात्र रकम स्वीकृत गर्नुपर्नेमा पहिला रकम स्वीकृत गर्ने अनि त्यसलाई जायज तुल्याउन योजना बनाउने र योजना स्वीकृत गर्ने उल्टो काम हुँदै आएको छ । महाकाली सन्धि गर्दा ठ्याक्कै त्यस्तै भएको थियो । पहिला सन्धि गर्ने निर्णय गर्ने अनि त्यसलाई जायज साबित गर्न जे जे गर्न सकिन्छ सबैथोक गर्ने काम भएको

> एमालेबाहेक अन्य राजनीतिक पार्टीहरूले चाहिँ यो नीतिमाथि पार्टीगत रूपमा प्रतिक्रिया सार्वजनिक गरेको देखिएन



डा. गुणनिधि शर्मा



डा. देवेन्द्रराज पाण्डे

थियो । यस्तो प्रवृत्तिले पारेको नकारात्मक असर आम नेपालीले भोग्नुपर्‍यो । तर सत्ताका आसेपासेहरूलाई भने त्यसबाट फाइदा पुग्यो । आफूले तिरेको पैसाको दुरूपयोग भएकोले जनताचाहिं निराश भयो । त्यसपछि आर्थिक क्रियाकलापमा जनताको सहभागिता कम भयो । अनि आर्थिक बृद्धि पनि कम भयो । यसरी सारा अर्थतन्त्र ह्रासोन्मुख भयो । यस्तो आर्थिक परिप्रेक्ष्यमा प्रस्तावित वैदेशिक सहायता नीति एकदम सामान्यीकृत generalised छ, तसर्थ तमाम विकृति र विसंगतिलाई सच्याउने खालको देखिदैन । अर्कोतिर, प्रशासनयन्त्रको मानसिकता यथावत् राखेर, पार्टी कार्यकर्ताको 'आशा'लाई यथावत् राखेर, राजनीतिक व्यक्तित्वहरूको चरित्रलाई यथावत् राखेर (आफू सत्तामा जाने वित्तिकै सांसद-भत्ता, मन्त्रीपरिषदका सदस्यहरूको तलब र सुविधाहरूजस्ता आफ्नै सुविधाहरू बढाउने) विदेशी सहयोग नीति घोषणा गर्दैमा देशभित्रका बेरोजगारी, गरीवी, व्यापारघाटा, भ्रष्टाचार, ढिलासुस्ती, कामचोर प्रवृत्तिजस्ता जल्दाबल्दा समस्याहरू समाधान गर्नमा प्रस्तावित वैदेशिक सहयोग नीति सक्षम होला जस्तो लाग्दैन ।"

"हुन त यो नीतिले तोकेका कतिपय प्राथमिकताका क्षेत्रहरूचाहिं राम्रै देखिन्छ । तर त्यसअनुसार काम होला भन्नेमा शंका लाग्छ । किनभने नेपालको हरेक योजनाले कृषिमा प्राथमिकता दिने भनेको छ ; तर कृषिक्षेत्रको लागि भएको विनियोजन घट्दो छ । लगानी पनि घट्दो छ र गत ४० वर्षसम्म यस क्षेत्रको उत्पादकत्व स्थिर छ । कृषि क्षेत्रमा आश्रित जनसंख्या ८१ प्रतिशत नै छ ; तर कूल गार्हस्थ उत्पादन (GDP) मा कृषि क्षेत्रको योगदान घट्दो छ । यसैबाट उत्पादकत्व घटेको थाहा हुन्छ । यसो भएपछि प्रस्तावित विदेशी सहायता नीतिले तोकेका प्राथमिकताहरू बजेटमा पनि देखापर्लान् भन्ने कसरी विशवास गर्नु ?"

"अर्को कुरा, पंचवर्षीय योजना बनिसकेको छ । त्यसले आफ्नो प्राथमिकता पनि तोकिसकेको छ, विनियोजन हुने रकम पनि तोकिसकेको छ भने योजनाअनुसार काम हुने हो कि विदेशी सहयोग नीतिअनुसार हुने हो भन्ने प्रश्न जीवन्त बनेको छ । यस्तो अवस्थामा विदेशी सहयोग नीतिको सफल कार्यन्वयन हुन्छ भन्ने कुरामै शंका गर्ने ठाउँ रह्यो । त्यस्तै, दातृसंस्थाहरूको मूड बदलिएमा बैदेशिक सहयोग नीतिको हैसियत नै के हुने हो भन्ने ठूलो प्रश्न छ । किनभने विदेशी दातृराष्ट्रहरूले हरेक २/४ बर्षमा आफ्नो मुड परिवर्तन गरेर नयाँ नयाँ शर्तहरू ल्याउने गरेका छन् । पछि पनि यसमा गुणात्मक हेरफेर हुने संभावना देखिंदैन । फेरि अर्को कुरा, हामीले जस्तोसुकै नीति बनाए पनि हालको अनियन्त्रित सीमाप्रणालीबाट नेपालभित्र परिरहेको भारतीय प्रत्यक्ष प्रभावलाई हामी कसरी रोक्न सक्छौं ? हाम्रो निम्ति यो प्रश्न पनि अत्यन्त महत्वपूर्ण प्रश्न हो । भारतीय बजेट र अर्थतन्त्रले नेपालको अर्थतन्त्र, बजेट र नीति तथा कार्यक्रम सबैलाई बिचलित पारिदिन्छ । यस्तो अनियन्त्रित सीमा परिपाटीले हाम्रो यो वैदेशिक सहायता नीतिको हैसियतलाई कस्तो रूपमा रहन देला ?"

डा. देवेन्द्रराज पाण्डे र गुणनिधि शर्माबाहेक अन्य अर्थविद्हरूले पनि यस विषयमा आफ्ना विचारहरू लेखहरूमार्फत् सार्वजनिक गर्नुभएको छ ; तर अर्थविद् वा वैदेशिक सहयोगविद्हरू बीच विचार मन्थनको प्रक्रिया भने अपेक्षित रूपमा सार्वजनिक भएको छैन । दीपेन्द्रपुरूष ढकाल, डा. विश्वम्भर प्याकुरेल, मधुकर शमशेर जबरा आदिले केही विचार प्रस्तुत गर्नभए पनि यस विषयमा अझ थुप्रै विचारमन्थन हुनुपर्ने महसुस गरिदैछ ।

एमालेबाहेक अन्य राजनीतिक पार्टीहरूले पनि नेपाली अर्थतन्त्रलाई अत्यधिक प्रभाव पारिरहेको बैदेशिक सहयोगको नियन्त्रण र व्यवस्थापनजस्तो महत्वपूर्ण विषयमा आफ्नो विचार नेपाली जनतासमक्ष सार्वजनिक नगर्नुलाई पनि त्यति सहज मानिएको छैन । यसबाट राष्ट्र संचालन गर्न तम्सिने राजनेता वा राजनीतिक पार्टीहरूमा नै यस विषयमा एक प्रकारको अन्यौल र अस्पष्टता रहेको महसूस भएको छ । ❑

# मुद्राकोषविरुद्ध मजदूरहरूको आमहड्ताल

## अर्जेन्टिनाका हजारौं हजार मजदूरहरूले देश ठप्प पारे

मुद्राकोषको नीति-निर्देशनमा राष्ट्रपति फर्नाण्डो दे ला रूवाले केही समयअगाडि एकातिर करको मात्रा र दायरा बढाउने अनि अर्कोतिर सार्वजनिक क्षेत्रका मजदूरहरूको तलबमा १५ प्रतिशत घटाउनेजस्ता जनविरोधी नीतिहरूले भरिएको आर्थिक नीति प्रस्तुत गरेका थिए । राष्ट्रपतिको पदभार ग्रहण गरेको ६ महिना ननाघ्दै सार्वजनिक क्षेत्रमा हुँदै आएको राज्यको लगानीलाई स्वाट्टै घटाउने र मजदूरहरूको सुरक्षा, सुविधा र अधिकारलाई रद्दीको टोकरीमा फ्याँक्ने काम गरेर राष्ट्रपति गरेको छ । अर्जेन्टिनामा यसवर्ष भएका आमहडतालहरूमा यो दोस्रो ठूलो हडताल हो । यसभन्दा एक महिना अगाडिमात्रै भएको आमहडतालमा पनि हजारौं-हजार मजदूरहरूले राष्ट्रपति फर्नाण्डोको मजदूरविरोधी नीति र कार्यक्रम विरूद्ध सडक तताएका थिए ।

मजदूरहरूका सडक संघर्षकै परिणामस्वरूप अर्जेन्टिनामा पनि सशक्त रूपमा प्रतिपक्षीय स्वर गुञ्जिन थालेको छ र विभिन्न संगठनमा विभाजित मजदूरहरू एउटै मुद्दामा एकीकृत संघर्ष गर्न सफल हुन थालेका छन् ।

फर्नाण्डोले मुद्राकोषलाई खुशी तुल्याउन थालेका थिए । मुद्राकोषले अर्जेन्टिनालाई ७.२ अरब डलर रकम आपतकालीन ऋण दिनका लागि अत्यन्त जनविरोधी नीति र कार्यक्रम लागू गर्न सरकारलाई दबाब दिएको थियो । त्यही दवावको फलस्वरूप सरकारले एकपछि अर्को जनविरोधी कदम उठाउने क्रममा पछिल्लो कामको रूपमा कर बढाउने र तलब घटाउने- जस्तो जनमारा नीति अख्तियार गरेपछि मजदूर र सामान्य जनतामा असन्तोष र आक्रोशको ज्वार उठेको हो ।

आमहडतालको सिलसिलामा देशका विभिन्न शहरहरूमा प्रहरी र मजदूरहरूबीच सडक-संघर्ष भएको खवर छ । सडक-संघर्षको क्रममा ५३ जना हडतालकारीहरूलाई प्रहरीले गिरफ्तार मजदूरहरूको एकीकृत प्रतिपक्षीय स्वर मूलतः अन्तर्राष्ट्रिय मुद्राकोष नामक नव-सूदखोरको नीति-निर्देशनमा चल्ने सरकारविरूद्ध केन्द्रित छ ।

स्मरणीय छ, जेठ २७ गतेको आमहडताल लडाकू मजदूर संगठन जनरल कन्फिडरेशन अफ लेबोर (CGT), सुधारवादी शक्तिहरूको अर्को संगठन- CGT र अर्जेन्टाइन वर्कर्स कन्फिडरेशनको आह्वानमा सम्पन्न भएको हो । आमहडतालको सफलतापछि लडाकू मजदूर संगठन CGT का नेता ह्यूगो मोन्तोयाले घोषणा गरेका छन्- 'हामीहरू हाम्रा दिदी-बहिनी र दाजु-भाइहरूलाई भोकभोकै मार्ने खालको आर्थिक मोडेललाई जरैदेखि फेर्नका लागि संघर्षरत छौं र यो संघर्षमा हामी विजयी भई छाड्नेछौं ।' ❑

# मुद्राकोषको निर्मम शोषण !

*अन्तर्राष्ट्रिय मुद्रा कोषले प्राकृतिक स्रोत, साधनले धनी राष्ट्रहरूलाई पनि कसरी कंगाल बनाउँछ भन्ने कुराको ठोस उदाहरण हो - अर्जेन्टिना !*

*बीसौं शताब्दीको शुरूमा विश्वका १० वटा धनी राष्ट्रहरूमध्ये एउटा देश थियो - अर्जेन्टिना । तर त्यही धनी राष्ट्र आज कम विकसित राष्ट्रमा परिणत भइसकेको छ र त्यसका जनतामध्ये एक करोडभन्दा बेसी जनता कंगाल छन् । अर्जेन्टिनाको राजधानी ब्यूनस आयर्स कुनै जमानामा सुन्दर महानगर थियो, तर आज त्यो शहर कुरूप हुनथालेको छ । यस्तो किन र कसरी भयो त ?*

*यसका पछाडि छन् - अन्तर्राष्ट्रिय मुद्राकोष र त्यसको पछि पछि लाग्ने अर्जेन्टिनाका शासकहरू ! मुद्राकोषले सन् १९७६ मा सैनिक बिद्रोहमार्फत् सत्तासीन भएका आफ्ना चेलाहरूलाई २६० करोड डलर ऋण दिएको थियो, तर अलिकति शर्तको पाशो हालेर मात्रै ! तिनै शर्तहरू अनुसार अर्जेन्टिनाका शासकहरूले सरकारी उद्योग, संस्थान र कार्यालयबाट जागिरेहरूलाई छँटनी गर्ने क्रममा एकै वर्षमा १.५ लाखलाई बर्खास्त गरे । उनीहरूले सरकारी उद्योग र संस्थानहरू पूँजीपतिहरूलाई, त्यसमा पनि विशेषगरी विदेशी पूँजीपतिहरूलाई बेचे । यसरी मुद्राकोष र विदेशी पूँजीपतिहरू तथा स्वदेशी शासकहरूमार्फत् पसेको साम्राज्यवादले त्यहाँ निर्लज्ज शोषण र क्रूर शासन चलायो ।*

*यसबाट बामपन्थीदेखि घोर दक्षिणपन्थीहरू समेत आक्रोशित भए, गाउँगाउँ र शहर बजारबाट प्रतिरोध आन्दोलनहरू हुँदा संघर्षकारीहरूलाई जेल, नेल, यातना र फासीवादी दमन गरियो । तापनि प्रतिरोध आन्दोलन नरोकिएपछि सैनिक शासकहरू गद्दी छाड्न विवश भए । सन् १९८३ मा सत्तासीन भएका राउल अल्फोन्सिनले देशमा बढ्दो बेरोजगारी र दरिद्रताको भयानक विस्फोटलाई रोक्न मुद्रा कोषको ऋण नतिर्ने घोषणा गरे । तर विश्व बैंक र मुद्रा कोषको जवाफी कारवाहीबाट त्रसित भएर उनले ५४ सय करोड डलर तिरे, तर आफ्नै जनताको रगत-पसिना निचोरेर, उनीहरूको जीवन र रोजीरोटीलाई बलि दिएर !*

*यसरी ऋणको पाशो हालेर सबै देशका जनताको एकएक थोपा रगत-पसिना चुस्ने मुद्राकोष र विश्वबैंकविरूद्ध जनआन्दोलन शुरू हुनु निकै स्वागतयोग्य र उत्साहप्रद पक्ष हो ।*

❑ राम नेपाली



**चिन्तन**

— डा. चैतन्य मिश्र —

# २ नाशवान पूँजीवादको विशिष्टता

*मूल्यांकनको ७९ औं अंकमा पूँजीवादी आर्थिक– राजनैतिक व्यवस्था कसरी प्राकृतिक, दैवी वा स्वयम्भू व्यवस्था नभएर विशिष्ट इतिहासजन्य सामाजिक व्यवस्था हो भन्नेबारे चर्चा गरियो । विशिष्ट इतिहासजन्य भएको कारणले नै गर्दा पनि यो व्यवस्था अजर अमर छैन, नाशवान छ भन्ने निचोड त्यहाँ राखियो । साथै, पूँजीवादी प्रणालीका विशिष्टताहरूको चर्चा गर्ने क्रम थाल्दा यी विशेषताहरूलाई दुई भागमा बाँडेर हेर्नु बढी उपयुक्त र बोधगम्य हुन्छ भन्नेबारे संक्षिप्त चर्चा गरियो ।*

*यसै क्रममा यस अंकमा पूँजीवादी प्रणालीका मूलभूत वा अन्तरंग विशेषताहरूको बारेमा चर्चा गरिनेछ । आगामी अंकमा पूँजीवादी प्रणालीका त्यस्ता विशेषताहरूको बारेमा चर्चा गरिने छ, जुन पूँजीवादी प्रणालीको विकासको क्रमभित्र नै जन्मँदै, फेरिँदै, नाशिँदै र पुनर्उत्पादन हुँदै जाने गरेका छन् । - लेखक*

> **निजी स्वामित्वको जरो खोज्न पूँजीवादभन्दा धेरैअधिको अवधिमा गहीरोमा खोतल्नुपर्छ**

## पूँजीवादी प्रणाली : मूलभूत विशेषताहरू

कुनै पनि प्रणालीले केही मूलभूत वा अन्तरंग विशेषताहरू बोकेर आएका हुन्छन् । यिनै विशेषताहरूका आधारमा कुनै पनि प्रणालीलाई ठम्याउन र चिन्न सकिन्छ । यिनै विशेषताहरूले गर्दा प्रणाली-विशेषलाई अन्य समकक्षी प्रणालीहरूबाट छुट्याउन सकिन्छ । र, यिनै विशेषताहरूको आधारमा प्रणाली-विशेषको आन्तरिक प्रकृति र प्रवृत्तिको बारे आँकलन गर्न सकिन्छ ।

निजी स्वामित्व, पूँजीको सृष्टि, क्रय-विक्रय र मुनाफा, उत्पादनशील श्रोत-सम्पदाको निजी स्वामित्वको सृष्टि पूँजीवादी व्यवस्थाको उपज होइन । यस्तो परिपाटी 'स्वनिर्भर गुजारा अर्थतन्त्र' र सामन्ती प्रणाली अन्तर्गतका वस्तुपालन युगदेखि नै शुरू भएको र कृषि युगमा पुगेर झाँगिएको हो । तसर्थ, निजी स्वामित्वको जरो खोज्न पूँजीवादभन्दा धेरैअधिको अवधिमा गहीरोमा खोतल्नुपर्छ, यद्यपि निजी स्वामित्वको परिपाटी पनि विशिष्ट ऐतिहासिक परिस्थिति र प्रक्रियाकै उपज हो ।

तर निजी स्वामित्वलाई पूँजीवादी व्यवस्थाले आफ्नो आधारशिलाको रूपमा स्थापित गऱ्यो । यसो गरेबाट यस व्यवस्थाअन्तर्गत सामूहिक, सार्वजनिक र सरकारी स्वामित्वको दायरा क्रमशः खुम्चिने र निजी र पारिवारिक दायरा फराकिलो भएर जाने प्रकृयाको अवलम्बन गरियो । यसले गर्दा सार्वजनिक हित तपसीलको विषय बन्यो, निजी हितको अगाडि सार्वजनिक हित नतमस्तक बन्यो । सार्वजनिक हितको नोक्सानीमा निजी हितको महल खडा गरिने परिपाटी बन्यो । कालान्तरमा निजी हितको राजमार्ग भएर मात्रै सार्वजनिक हित हासिल गर्न सकिन्छ भन्ने सिद्धान्त र व्यवहारको प्रचुर विस्तार हुनथाल्यो । लामो कालदेखि नेपालमा चलेको जंगल फँडानी र सार्वजनिक जग्गामाथि भएको ब्यापक अतिक्रमण लगायत हालको निजीकरणको नीतिको साथै वामपन्थी र समाजवादी राजनैतिक दलमा छाएको महल, पैसा, पजेरो र सांसदको निवृत्तिभरणप्रतिको अपार आस्थालाई यसै सन्दर्भमा हेरिनु पर्ने हुन्छ ।

> **वामपन्थी र समाजवादी दलमा छाएको महल, पैसा, र पजेरो सांसदप्रतिको अपार आस्थालाई यसै सन्दर्भमा हेरिनु पर्ने हुन्छ ।**

निजी स्वामित्वको पहिले नै स्थापित जगमाथि पूँजीवादी प्रणालीले एउटा अभूतपूर्व र विशाल सम्भावना बोकेको नयाँ परिपाटी र प्रक्रियाको सृष्टि गऱ्यो- पूँजीको निर्माण, लगानी र मुनाफाको । माथि भनिए भैं निजी स्वामित्व पूर्व पूँजीवादी युगमा नै स्थापित भइसकेको थियो । पूर्व पूँजीवादी युगको निजी सम्पत्ति मूलतः कृषि भूमि, गाईबस्तु र केही हदसम्म दास अर्धदास र यिनको श्रममाथि केन्द्रित थियो । त्यतिखेरै निजी स्वामित्व स्थापित थियो- 'गुजारामुखी किसान' देखि रैथाने बासिन्दा खास जाति वा कुलका सदस्य, मठ-मन्दिर र सामन्तहरूको । केही कुल घराना, मठ-मन्दिर र सामन्तको अत्यन्त फैलिएको कृषि भूमि, जंगल, धेरै गाईबस्तुहरू र दास-अर्धदासहरू हुने गर्थ्यो । तर पूर्व-पूँजीवादी युगमा निजी स्वामित्वअन्तर्गतका यी जमीन, बस्तु वा दास-अर्धदास सीमित हुन्थे । श्रोत, सम्पदा र श्रम असीमित हुन सक्ने संभावना सामन्ती व्यवस्थाअन्तर्गत खुलेको थिएन । सामन्ती व्यवस्थामा श्रोत, सम्पदा र श्रम शक्तिको प्रयोग ऐश आराम, ठाँटबाँट, धाक-रवाफ र इज्जतको लागि गरिन्थ्यो । श्रोत, सम्पदा र श्रमशक्तिको 'आर्जन' मूलतः पुर्ख्यौली सम्पत्तिको बाटोबाट गरिन्थ्यो । उपभोग नै यस्तो श्रोत, सम्पदा र श्रमशक्तिको उद्देश्य बन्थ्यो ।

यस्तो पुर्ख्यौली सम्पत्ति र 'पूँजी' - जुन पूँजीवादको पारिभाषिक आधार हो, छुट्टाछुट्टै, भिन्दै र अन्तरविरोधी सामाजिक परिपाटी हुन् । यी दुवै निजी स्वामित्वअन्तर्गतकै परिपाटी भए पनि यी दुईबीच आकाश जमीनको दूरी छ । सामन्तवादअन्तर्गतको सम्पत्ति उपभोग, इज्जतको र धाक रवाफको लागि प्रयोग हुन्छ भने पूँजीवादअन्तर्गतको पूँजीको उद्देश्यचाहिँ लगानी, मुनाफा आर्जन र पुनर्लगानी हुन्छ । सामन्तवादी प्रणालीभित्र मुनाफा आर्जन गर्ने परिपाटी बनेकै हुँदैन । मुनाफा आर्जन गर्ने, लगानी गर्ने, पूँजीको निर्माण गर्ने र सामन्ती सम्पत्तिलाई पूँजीकृत गर्ने संरचनागत सम्भावना र मनोवैज्ञानिक ईच्छा पछिल्ला, अर्थात् पूँजीवादमा संक्रमण गर्दै गरेका सामन्तहरूलाई मात्र पैदा भयो । यसै संक्रमणअन्तर्गत सामन्तवाद अन्त्य हुने अवस्थामा पनि पुग्यो ।

पूँजीको निर्माण, लगानी, मुनाफाआर्जन पूँजीको बृद्धि र पुनर्लगानीको श्रृंखला अर्को नयाँ परिपाटीको उदयद्वारा संभव बन्यो । त्यो हो- मालको किन-बेच र व्यापारको परिपाटी । पूँजीवादी प्रणालीको सृष्टिपूर्व अत्यन्त लामो कालसम्म उत्पादनको दायरा मूलतः उपभोगको दायराले निश्चित गर्थ्यो । अर्थात्, उत्पादनको बस्तु वा सेवाको किसिम र मात्राको उपरी हद मूलतः त्यति मात्र हुन्थ्यो, जुन आफैंले, आफ्नो परिवारले, इष्टमित्रले निश्चित समयावधिभित्र उपभोग गर्न सक्छन् । यसबाहेक सरकारलाई राजश्व कर तिर्न र अन्य सामाजिक प्रयोजनका लागि पनि उत्पादन गरिन्थ्यो । यसैगरी, केही मात्रामा अत्यन्त सीमित उत्पादन बस्तु-विनिमयका लागि लक्षित हुन्थ्यो । ब्यापार र खासगरी पूँजी निर्माणकै लागि उत्पादन गर्ने परिपाटीको श्रृजना पूँजीवादपूर्व भएको थिएन ।

पूँजीवादी प्रणालीले मात्र ब्यापार र ब्यापारद्वारा गरिने पूँजी निर्माणलाई अर्को प्रमुख आधारशीला बनायो । पूँजीवादमै आएर क्रमशः उत्पादन उपभोगमुखी नभएर विनिमयमुखी बन्यो । मुनाफाको मूल केन्द्र बन्यो- ब्यापार । उत्पादन व्यवस्था मूलतः उपभोगमुखी नभएर ब्यापारमुखी भएपछि पूँजीवादी व्यवस्था फस्टाउने भण्डै असीमित संभावनाहरू खुले । उपभोग-नियन्त्रित पूर्व-पूँजीवादी उत्पादन स्वाभाविक रूपमा सीमित

किसिम र मात्राको हुन्थ्यो भने ब्यापारमा आधारित पूँजीवादी उत्पादनको सीमा बजारले मात्र तोक्ने भयो । आफ्नो परिवार, इष्टमित्र, आफ्ना मालिक, नोकर, दास-अर्धदासको 'खाने मुख' जति गरे पनि सीमित नै हुन्छ । तर गाउँ-शहरभरिका, मुलुकभरिका र विश्वभरिका 'खानेमुख'को लागि गरिने उत्पादन वास्तवमा असीमित हुन्छ । त्यसैले ब्यापार र बजारमा आधारित पूँजीवादी उत्पादन असीमित बन्यो ।

खुला बजारको वकालत वास्तवमा बजार र ब्यापारलाई असीमित बनाउने उद्देश्यको लागि नै गरिएको हो । यस हिसाबले पूँजीवादअन्तर्गतको असीमित बजारको परिपाटी नै 'विकसित' देशहरू, 'बहुराष्ट्रिय' ब्यापारिक संस्थाहरू र ठूला र साना पूँजीपतिहरूको जननी हो । द्रुतगतिले बढ्दै गरेको पूँजीको एकत्रीकरण र हाल ऐतिहासिक तबरले विश्वतहदेखि स्थानीयतहसम्म चुलिएको आर्थिक, राजनैतिक र सांस्कृतिक असमानताको मूल आधारसमेत यही खुलाबजार व्यवस्था हो । विश्व अर्थतन्त्रको निर्माण र यसको अभूतपूर्व केन्द्रीकरण, पूँजीवाद र खुलाबजारकै देन हो । जस अन्तर्गत औंलामा सहजै गन्न सकिने ठूला पूँजीपतिहरूको वार्षिक आय गरीब मुलुकका अरबौं जनताको भन्दा धेरै छ, गएको ५० वर्षभित्र भएको प्रकृतिको विनास, जुन त्यसभन्दा अघिको १०,००० वर्षभरिको भन्दा विकराल रह्यो, को वास्तविकता पनि खुला बजारसँगै जोडिएको छ । पूँजीको एकत्रीकरण, यसअन्तर्गत संचालित उत्पादन शक्तिको केन्द्रीकरण र एकाधिकारी आर्थिक, राजनैतिक, सैनिक र सांस्कृतिक परिपाटी वर्तमान साम्राज्यवादी व्यवस्थाका मूलतत्व हुन् ।

## श्रमिक, अतिरिक्त मूल्य, शोषण र वर्ग

पूँजीवादी प्रणालीको अर्को विशेषता हो, श्रमिकको सृष्टि । पक्कै पनि, र माथि भनिए झैं, निजी स्वामित्वको परिपाटी स्थापित भएपछि समाज आर्थिक राजनैतिक र सांस्कृतिक रूपले र उत्पादनशील सम्पत्तिमाथिको निजी स्वामित्वको आधारमा सामन्त, गुजारामुखी किसान, नोकर, अर्धदास, दास आदि वर्गमा विभाजित भयो । यिनै विभाजनलाई वैद्यता र स्थायित्व दिन खास किसिमका धर्म, ज्ञान, नीति, व्यवहार आदिको श्रृजना पनि गरियो । पूँजीवादको प्रारम्भअघिका यी सबै श्रमिकहरू सामन्तमाथि आश्रित र बँधुवा श्रमिकहरू थिए ।

तर पूँजीवादी प्रणाली फस्टाउनको लागि यस्तो 'आश्रित श्रम' क्रमशः उपयुक्त ठहरिएन । सामन्तसँग पुस्तैनी वा जीवनभर वा लामो कालसम्म टाँसिएको वा आश्रित भएको कामदारको वा आफ्नो छुट्टै निजी 'गुजारा खेती' पनि गर्ने अस्वतन्त्र कामदारको बलमा निरन्तर र दिगो रूपले पूँजीवादी उत्पादन प्रक्रिया संचालन हुन सक्ने भएन । यसको लागि सामन्तमाथि आश्रित नभएको निजी उत्पादनको हिसाबले साधनविहीन र पारिवारिक सम्बन्धमा समेत कम जेलिएका स्वतन्त्र श्रमिक-व्यक्ति निर्माण गर्नु अनिवार्य भयो । यस्तै, स्वतन्त्र श्रमिक-व्यक्तिमार्फत् मात्र 'अनुशासित, लगनशील' श्रमको अपेक्षा गर्न सकिने ठहर भयो । पहिले आश्रित स्थितिमा परेर अत्यन्त दुःख पाएका, निजी उत्पादनशील श्रोत गुमाएका र पारिवारिक आर्थिक स्थिति अत्यन्त न्यून रहेका, आफ्नो श्रमशक्ति बेच्न तैयार व्यक्तिहरूलाई मूलतः साना शहर-बजारमा केन्द्रित पूँजीवादी उत्पादनको थलोहरूमा कारखानाको श्रमिकमा परिणत गरियो । यिनैलाई 'स्वतन्त्र' श्रमिक पनि भनियो । यी सामन्त, मालिक र निकै हदसम्म आफ्नै परिवारबाट पनि 'स्वतन्त्र' थिए भने कार्ल मार्क्सले चित्रण गरेजस्तै यी अर्को किसिमले पनि 'स्वतन्त्र' थिए । यी उत्पादनका साधनको स्वामित्वविहीन थिए । यही कारणले यिनीहरू कुनै कुरासित बाँधिएका थिएनन् । श्रमशक्ति बेच्नु सिवाय उनीहरूको जीविकाको कुनै उपाय पनि थिएन ।

उत्पादनको हिसाबले साधनविहीन र कुल, परिवार, छिमेक, नातागोता आदि सामाजिक सम्बन्ध न्यून भएका यिनै श्रमिकको सृष्टि नै आधुनिक व्यक्ति र 'व्यक्तिवाद' को सृष्टिको जरो हो ।

यी 'स्वतन्त्र' कामदारको पूँजीपतिसँगको सम्बन्ध श्रमशक्ति बिक्रीको मात्र रह्यो । दास र सामन्तवादी व्यवस्थामा जस्तो श्रमिक र श्रमिकको परिवारको न्यूनतम जीवन निर्वाहको कुनै पनि हदको जिम्मेवारी पूँजीपतिले लिनु परेन । काम गरेमा काम गरेको घण्टाको, दिनको र यीमध्ये केहीको अलि दिगो समयावधिको ज्याला पूँजीपतिले दिने भयो । यो ज्यालाको श्रोत श्रमिकको श्रमबाहेक अरू भएन । पूँजीपतिले लगानी गरेको भनिएको निजी पूँजीको श्रोत पनि हालभन्दा पहिले काममा लगाइएका श्रमिकको ज्याला चुक्ता गर्न जरूरी श्रमशक्तिबाहेक अतिरिक्त श्रमशक्ति बेचेर कमाइएको अतिरिक्त मूल्य नै रह्यो । अर्थात्, पूँजीपतिको पूँजी आफैं श्रमिकको श्रमशक्तिको नाफामा रूपान्तरण बाहेक अरू केही हुन सक्ने कुरै भएन ।

अर्को किसिमबाट भन्ने हो भने, श्रमिकको शोषणको जरो अरू केही नभएर श्रमिकले पाएको ज्याला बरोबरको मूल्य पैदा गरेपछि पनि उसले गर्ने अतिरिक्त श्रम र श्रमको समय नै हो- जसले पूँजीपतिको लागि अतिरिक्त मूल्य वा मुनाफा वा पूँजीको निर्माण गरिदिन्छ । यही पूँजीरूपी संचित अतिरिक्त श्रमले अरू भावी श्रमिकको अझ ब्यापक र गहिरो शोषण गर्ने आधार प्रदान गर्छ ।

यही अतिरिक्त मूल्य वा मुनाफा वा पूँजी वर्गको सृष्टि र वर्गीय सामाजिक व्यवस्थाको पनि आधार हो । पूँजीवादी प्रणालीमा वर्गको सृष्टि हुन्छ, यसै कारणले कि, त्यहाँ अतिरिक्त मूल्य वा मुनाफा वा पूँजीको र यसको आधारमा विकसित गरिने उत्पादनको साधनमाथिको निजी स्वामित्व पूँजीपतिको हातमा हुन्छ । उत्पादनको हिसाबले साधनविहीन, आफूले आफ्नै श्रमशक्तिको विक्री गर्न पाउने वा नपाउने निश्चित नभएको तर बाँच्नका लागि श्रमशक्ति बेच्न बाध्य भएका श्रमिकको हातमा चाहिँ उत्पादित बस्तु, सेवा वा सूचना/ज्ञानको उपयुक्त मूल्यको सट्टा ज्यादै न्यून ज्याला मात्र हात पर्छ । निजी स्वामित्वको परिपाटी स्थापित भएपछि राजनैतिक, आर्थिक र सांस्कृतिक असमानताको सिर्जना त भयो नै । तर यस्तो असमानताको श्रोत सामन्ती प्रणालीभित्र धर्म, परंपरा, दैवी शक्ति, कानून आदिमा आधारित हुन्थ्यो । र जातजाति, कुल घराना, वर्ण, स्वामी-दासको सम्बन्धमार्फत् प्रकट हुन्थ्यो भने, पूँजीवादी प्रणालीमा यस्तो असमानता माथि भनिएको जस्तो उत्पादनका साधनको मालिक र साधनविहीनको तथा श्रमशक्ति क्रेता-विक्रेताको संबन्धमार्फत् वर्गीय रूपमा प्रकट हुन्छ ।

**खुला बजारको वकालत वास्तवमा बजार र ब्यापारलाई असीमित बनाउने उद्देश्यको लागि नै गरिएको हो ।** ❑



## केन्द्रीकरण र साम्राज्यवाद

अतिरिक्त श्रम समयको श्रमिकको श्रमको आधारमा संचित हुने अतिरिक्त मूल्य र यसबाट पूँजीको केन्द्रीकरणको विस्तार हुनु र गहिरिनु पूँजीवादी प्रणालीको प्राण हो । पूँजीको क्रमशः केन्द्रीकरण र बजारको विस्तारबिना पूँजीवाद निष्प्राण हुन्छ र ढल्छ । यसै 'प्रणालीगत तर्क' बमोजिम पूँजीवाद ४०० वर्षयता विश्वको कुना-काप्चामा समेत विस्तार भैरहेको छ । साथै यो गहिरिँदै पनि छ- यस अर्थमा जीवनका विविध पाटाहरू क्रमशः बजार व्यवस्थाका अधीन हुँदै जाँदैछन् । यसरी, एकातिर पूँजीवादी प्रणाली विस्तार हुँदै र गहिरिँदै जाँदैछ भने माथि भनिएझैं यो विस्तार र गहिराइ थोरै मुलुकका क्रमशः थोरै संस्था र व्यक्तिहरूको नियन्त्रणमा जाँदै गरेको छ । साम्राज्यवाद र यसको बढ्दो साखको रहस्य यही हो । ❑

**● पूँजीको क्रमशः केन्द्रीकरण र बजारको विस्तारबिना पूँजीवाद निष्प्राण हुन्छ र ढल्छ**

◀ विशेष लेख

# नेपालका नौ वाम पार्टीहरू मिलेर चारवटा बन्नु पर्दछ

● आनन्ददेव भट्ट


## वर्तमान नेपाली वामपन्थी आन्दोलन : एक संक्षिप्त चर्चा

### *आजका वाम पार्टीहरू*

आज नेपालमा जे जति वामपन्थी पार्टीहरू छन्, तिनलाई जसले जतिसुकै कम वा धेरै संख्यामा बाँडी देखाए तापनि एउटा सामान्य यथार्थ के हो भने, यो नेपाली वामपन्थी आन्दोलन एक धारमा अग्रसर नभएर अनेक धारमा अघि बढ्दैछ । यो यस आन्दोलनको अनेकता वा विविधता हो तर यसको मूल श्रोत चाहिँ एउटै छ : २००६ सालमा जन्मेको नेपाल कम्युनिष्ट पार्टी, जसको संस्थापक महामन्त्री हुनुहुन्थ्यो- क. पुष्पलाल श्रेष्ठ ।

त्यसपछि त्यस पार्टीले २०१९ सालसम्म गएर क्रमशः क. मनमोहन अधिकारी, डा. केशरजंग रायमाझी र क. तुलसीलाल अमात्यलाई आफ्नो महासचिव चुन्यो तर डा. रायमाझीले पार्टीलाई राजदरवारमा भेटी चढाउने सचेत तयारी गरेकाले तेस्रो महाधिवेशनले उनलाई पार्टीबाट निष्कासित गरिदियो । त्यतिबेला कैयन पार्टी नेताहरूलाई सो कुरा गलत लागेकाले उहाँहरू रायमाझीसँगै जानुभएको थियो तर कालान्तरमा तेस्रो महाधिवेशनको निर्णय शत प्रतिशत सही अनुभव गरेर उहाँहरू रायमाझीलाई माकुराको जालोलाई झैं कुचो लगाएर नेपाली कम्युनिष्ट आन्दोलनमा ३० को दशकभित्र पुनः प्रवेश गर्नुभयो ।

२०१९ साल पुस १ गतेको राजा महेन्द्रको तत्कालीन संसदीय प्रजातन्त्रमाथिको प्रहार र निर्दलीय पञ्चायतशाहीको स्थापनाले २०४६ साल चैत्र २६ गतेसम्म देशको वामपन्थी आन्दोलनलाई पनि एकताबाट अनेकता वा विविधतातर्फ अग्रसर हुन अत्यन्त मलिलो भावभूमि खडा गऱ्यो ।



त्यसैले गर्दा २०१७ देखि २०३६ सम्म उक्त पञ्चायती व्यवस्था जनतालाई अनेक प्रकारले विभाजित गर्न समर्थ भयो । तर २०३६ बाट २०४६ सालसम्म पुग्दा चाहिँ त्यो वामशक्ति अनेक विविधताकै बीचमा पनि दुई बेग्लाबेग्लै ध्रुवमा यसरी संगठित र सुसंयोजित भयो, जसको परिणामस्वरूप २०४६ को देशव्यापी पञ्चायतविरोधी जन-आन्दोलनमा नेपाली कांग्रेसलाई पनि यसले जनतासँगै हिंड्न राजी गरायो र चैत्र २६ गते, २०४६ को रात वर्तमान बहुदलीय प्रजातन्त्रको सूत्रपात भयो ।

अवश्य हो, त्यसबेलाका वामपन्थीहरूको एक ध्रुवलाई यस प्रजातन्त्रको आगमनले प्रसन्नता र सन्तोष दियो, तापनि अर्को ध्रुवले तात्कालीन राजतन्त्रसित गरिएको त्री-पक्षीय संझौतालाई धोकाको रूपमा घोषित गऱ्यो ।

नेपाली कांग्रेस वाम ध्रुवबीचको यस मतभिन्नतामा मनमनै मुस्कुराईरह्यो ।

२०१९ को तेश्रो महाधिवेशनले स्थापित गरेको नेतृत्व २०२५ सम्म पुग्दा आपसमा बिग्रहको ढोकामा उभियो । त्यसपछि एकातिर क. पुष्पलाल श्रेष्ठले २०३५ सालसम्म एउटा नेपाली कम्युनिष्ट धारलाई नेतृत्व गर्नुभयो भने २०२५ देखि २०३९ सम्म त्यस धारलाई क. सहाना प्रधानले नेतृत्व प्रदान गर्नु भयो । त्यस्तै, २०३१ देखि क. मोहनविक्रम सिंहले अर्को धारलाई नेतृत्व गर्नुभयो भने त्यसलाई कुनै समयावधिमा क. निर्मल लामाले नेतृत्व दिनुभयो र कुनै बेला क. भक्तबहादुर श्रेष्ठले । अनि कुनै समय ती नेतृत्वहरूले छुट्टाछुट्टै धार खडा गरी नेतृत्व प्रदान गर्नुभयो ।

त्यस्तै, २०३६ देखि क. मनमोहन अधिकारीले अर्को एक धारको नेतृत्व गर्नु भयो भने २०३९ पछि क. अधिकारी र क. साहना प्रधानको दुई धारले एउटै धार बनी अग्रसर हुने मौका पनि पायो । अनि २०३५ सालमा एउटा अर्कै नयाँ धारको निर्माण गरेर क. सी.पी. मैनालीले नेतृत्व गर्नु भयो भने त्यसपछि २०४६ सालसम्म आउँदा त्यस धारलाई क. झलनाथ खनाल र क. मदन भण्डारीले नेतृत्व गर्नुभयो । त्यस्तै, एउटा धारलाई क. विष्णुबहादुर मानन्धरले नेतृत्व गर्नुभयो भने अर्को धारलाई क. नारायणमान बिजुक्छे (रोहित)ले नेतृत्व गर्नुभयो । यिनै सब कम्युनिष्ट धारहरू २०४६ मा 'संयुक्त मोर्चा' र 'संयुक्त राष्ट्रिय जन-आन्दोलन'का नामले दुई ध्रुवमा उभिनपुगे र पंञ्चायती निरंकुशतालाई ढाल्न सफल पनि भए ।

आज देशमा देखापरेका जे जति वाम पार्टीहरू छन्, तिनको एक प्रकारले २०४७ सालदेखि थेरथोर पुनर्संयोजन हुँदैआएको इतिहास छ । सोअनुसार भन्ने हो भने आज सर्वसाधारणका बीचमा नाम चलेका वाम पार्टीहरू निम्न प्रकार छन् ।

*(१) नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी) :*

यो पार्टी क. मनमोहन अधिकारीको नेतृत्वमा नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) सित संयुक्त भई नेकपा (एकीकृत मार्क्सवादी-लेनिनवादी) बनेपछि त्यस पार्टीसित छुट्टिएका पूर्व मार्क्सवादी पार्टीको नेतृत्वले पुनर्गठित गरेको पार्टी हो ।

*(२) नेकपा (संयुक्त) :*

यो पार्टी क. विष्णुबहादुर मानन्धरले नेतृत्व गर्दै आउनुभएको पार्टीको सबभन्दा पछिल्लो नाम हो ।

*(३) नेपाल मजदूर किसान पार्टी :*

यो पार्टी क. रोहितले झण्डै २०२५ देखि नेतृत्व गर्दै आउनुभएको पार्टी हो ।

*(४) नेकपा (मार्क्सवादी-लेनिनवादी-माओविचारधारा) :*

यो पार्टी नेकपा (मालेमा)को

**नेपाली वामपन्थी आन्दोलनको मूल श्रोत चाहिँ एउटै छ : २००६ सालमा जन्मेको नेपाल कम्युनिष्ट पार्टी, जसको संस्थापक महामन्त्री हुनुहुन्थ्यो- क. पुष्पलाल श्रेष्ठ ।**



नेकपाका संस्थापक नेताहरू






*नेपाल कम्युनिष्ट पार्टी विभाजित नहुँदाका महामन्त्रीहरू (बायाँबाट क्रमश) : क. पुष्पलाल श्रेष्ठ (संस्थापक महासचिव), क. मनमोहन अधिकारी, क. तुल्सीलाल अमात्य र डा. केशरजंग रायमाझी*

नामले क. कृष्णदास श्रेष्ठले नेतृत्व गर्दै आउनु भएको पार्टी हो । यसको इतिहास पनि कम्तिमा २ दशकभन्दा लामो छ ।

*(५) नेकपा (माले) :*

यो पार्टी गतः २०५४ फागुन २१ गते उप्रान्त नेकपा (एमाले)बाट अलग भई बनेको पार्टी हो । यसका अध्यक्ष क. साहना प्रधान हुनुहुन्छ । र, महासचिव क. वामदेव गौतम ।

*(६) नेकपा (मसाल) :*

यो पार्टी क. मोहनविक्रम सिंहले नेतृत्व गर्नुभएको पार्टीको नाम हो ।

*(७) नेकपा (एकताकेन्द्र) :*

यो पार्टी हाल क. प्रकाशद्वारा नेतृत्व गरिएको पार्टी हो ।

*(८) नेकपा (माओवादी) :*

यो पार्टी हाल क. प्रचण्डद्वारा नेतृत्व गरिएको २०५२ फागुन १ गतेदेखि जनयुद्धमा संलग्न पार्टी हो ।

*(९) नेकपा (एमाले) :*

यो पार्टी तत्कालीन नेकपा (माले) र नेकपा (मार्क्सवादी) मिली बनेको नयाँ पार्टी हो । यसलाई २०४७ पुसदेखि २०५६ वैशाख १३ गतेसम्म क. मनमोहन अधिकारीले अध्यक्षता गर्नुभयो र क. मदन भण्डारीले २०४७ देखि २०५० जेठ ३ गतेसम्म महासचिवको जिम्मेवारी बहन गर्नुभयो । त्यस उप्रान्तदेखि क. माधवकुमार नेपालले महासचिवको नेतृत्व सम्हालिरहनुभएको छ ।

वामपन्थीहरूकै बीचमा *१) संयुक्त जनमोर्चा २) राष्ट्रिय जनमोर्चा ३) राष्ट्रिय जन-आन्दोलन संयोजन समिति*का नामले ती पार्टीजस्तै संगठनहरू पनि अस्तित्वमा रहेका छन् । 'संजमो' नेकपा (एकता केन्द्र)सित, 'राजमो' नेकपा (मसाल)सित संबन्धित छन् र 'राजआसंस' चाहिं नेकपा (माओवादी) समेतको समर्थन प्राप्त बाहिरी राजनैतिक संगठन देखिन्छ । त्यसैले हाम्रो यस लेखको चर्चा गर्दा यी तीन संगठनहरूको अलग्गै चर्चा गर्नुपर्ने आवश्यकता देखिन्न ।

## *विचार र कार्यको आधारमा वाम पार्टीहरूको समूहकरण :*

### नेकपा (माओवादी) :

नेकपा (माओवादी) को शीर्षस्थ नेतृत्वमा बस्नुहुने नेताहरू जतिसुकै लामो नेपाली कम्युनिष्ट आन्दोलनको इतिहाससित सम्बद्ध हुनुभएपनि उहाँहरूले लिनुभएको जनयुद्धको नीति चाहिँ भर्खर ५ वर्षको भएकोले यस नीति र त्यसअनुरूपको व्यवहारमा उहाँहरूको अनुभव भर्खर शिशु अवस्था पार गर्ने क्रममा छ भन्नुपर्छ । उहाँहरूको यस जनयुद्धको नीतिसित नेपालका कुनै पनि अन्य आठ वाम घटकहरूको बिचार पटक्कै नमिल्ने हुनाले यस माओवादी पार्टीको समर्थन गरेपनि, विरोध गरे पनि यो नीति सर्वथा फरक देखिनु स्वभाविकै छ ।

**नेपालका कुनै पनि अन्य आठ वाम घटकहरुको बिचार पटक्कै नमिल्ने हुनाले माओवादी पार्टीको समर्थन गरेपनि, विरोध गरे पनि यो नीति सर्वथा फरक देखिनु स्वभाविकै छ**

अर्को कुरा, नीति सही, गलत जे भएपनि, यसमा हात हाल्नासाथ ज्यानको समेत बाजी लगाउनुपर्छ भन्ने कुरा पनि प्रष्ट छ । प्राणी मात्रको सबभन्दा जरो कुरो आफ्नो ज्यान भएकाले यस नीतिसित, यस पार्टीसित, यसका कुनै पनि साना ठूला कार्यसित कुनै पनि नेपाली नागरिकको विशिष्ट सरोकार हुन्छ भन्ने कुरा पनि उत्तिकै साँचो छ ।

त्यसैले यति छोटो समयमा यस पार्टीको यति धेरै प्रचार-प्रसार भएको छ र सोही अनुपातमा यसप्रतिको आकर्षण र विकर्षणमा ठूलो महत्व अनुभव हुन्छ । यसरी जनुयुद्ध गर्ने पार्टी नेपालमा छ, अस्तित्वमा छ, र त्यसले आफ्ना सानाठूला जेजस्ता गतिविधि चलाए पनि त्यसको सकारात्मक वा नकारात्मक प्रतिक्रिया पर्छ र पर्दैनहेछ भन्ने कुरामा पनि दुईमत हुनसक्दैन ।

त्यसैले कम्युनिष्ट आन्दोलनको यो एकदम बेग्लो गतिविधि हो र यसले जबसम्म आफ्नो जनयुद्धसित सम्बन्धित मूल नीति र गतिविधिलाई त्याग्दैन वा बदल्दैन वा पुनर्विचार गर्दैन वा यसलाई थोरैभन्दा थोरै समयका निम्ति स्थगित गर्दैन, तबसम्म यस पार्टी र त्यसका नाममा हुने कुनै पनि सानाठूला कार्यको अल्पकालीन एवं दीर्घकालीन प्रभाव नपरी छोड्दैन ।

### नेकपा (एमाले) :

नेकपा (एमाले)को जनताको बहुदलीय जनवादको कार्यक्रममा आधारित भएर संपूर्ण वाम राजनीति संचालन गर्ने जुन रणनीति-कार्यनीति र कार्यशैली छ, त्यसले एमालेलाई नेकपा (माओवादी)भन्दा ठ्याक्कै उल्टो बाटोमा उभ्याउँछ । त्यसैले ऊ माओवादी जनयुद्धलाई अत्यन्त अव्यवहारिक चन्चलता ठान्दछ र त्यसको शिरदेखि पाइतालासम्म विरोध गर्दछ ।

अर्को रमाइलो कुरा के भने, यही नीतिले गर्दा माओवादीदेखि नेकपा (मार्क्सवादी) सम्मका जम्मै आठ घटकहरू एमालेको नीतिलाई मानौं, नेपाली कांग्रेसको भन्दा पनि गए-बितेको नीति र कार्यक्रम भन्दछन् र पाइतालासम्म उछित्तो गर्छन् । यो अत्यन्त स्वाभाविक कुरा हो । यसमा चित्त दुखाउने त छोडौं, गुनासो मात्र गर्ने पनि छोडौं, अलिकति पनि ती आठ घटकको आलोचनालाई अनौठो ठान्नु आफ्नै अज्ञान ठहर्छ ।

राजनीति मूलतः सत्ताको खेल र सत्ता-सीपको व्यवहारसमेत भएकाले त्यस अन्तरगत आउने सम्पूर्ण आलोचनादेखि भर्त्सनासम्मलाई अत्यन्त सहज रूपमा लिनुपर्छ र तिनको समुचित, सर्वसंमत, वस्तुवादी तथा यथार्थ खण्डन गर्न सक्नुपर्छ । अरू अनेक कारणबाहेक नेकपा (एमाले)को दृष्टिकोण र कार्यको यस स्थितिले गर्दा पनि एमालेको माओवादी पार्टीको भन्दा कम प्रचार र प्रसार छैन ।

एमालेको यही नीतिले गर्दा यसले २०४८ र २०५६ मा प्रमुख प्रतिपक्षको स्थान पाएको छ । संसदमा र अझ, २०५१ को मध्यावधि चुनावपछि त ९ महिनाको निम्ति मात्रै भए पनि यसले अल्पमतको एकमना सरकारै चलाएर देखाइदियो । कत्ति नढाँटी भन्ने हो भने, एमालेको सरकारलाई मध्यावधि निर्वाचनमा जान दिएको भए आज देशले जुन गोता खाँदैछ, त्यसको सट्टा एउटा साँचो राष्ट्रिय तथा जनमुखी प्रशासन र विकास निर्माणको स्थिति बनिसक्ने थियो । यही होला र हाम्रा दिन सँधैका निमित्त जालान् भनेर देशका र विदेशका प्रतिक्रियावादी शक्ति मिलेर एमालेको सरकारलाई गिराएर छाडे ।

### 'एमाले' र 'माओवादी'बीचका मध्यमार्गी पार्टीहरू :

सबैलाई प्रष्ट भएको कुरा हो कि माथि उल्लेख गरिएका अन्य सातवटा पार्टीहरू 'एमाले' र 'माओवादी' पार्टी नीतिका बीचमा झुलीरहेछन् ।

यस कुरालाई दुई किसिमले व्याख्या गर्न सकिन्छ : (१) क्रान्तिउन्मुख मध्यमार्गी र (२) आमूल सुधारउन्मुख मध्यमार्गी पार्टीहरू ।

पहिलो थरिमा नेकपा (मसाल), नेकपा (एकताकेन्द्र) र नेकपा (मालेमा) आउँछन् र दोश्रो थरिमा नेकपा (संयुक्त) र नेकपा (मार्क्सवादी) पर्दछन्

अनि नेकपा (माले) र



*बहुदलीय जनवादको नीति अंगालेर नेकपा एमालेलाई हाक्नुहुने क. मदन भण्डारी*

# ◀ विशेष लेख

नेमकिपाको स्थिति दुई कोणबाट प्रष्ट पार्न सकिन्छ । ती पार्टीहरू आफूलाई संसदमा भण्डाफोरवादी भन्छन् भने उनीहरू पहिलो समूहको सहयोगी बन्दछन् । होइन भने उनीहरू दोश्रो समूहमा पर्न आउँछन् ।

यसरी दुई फ्याक पार्नुपर्नाको मूल कारण के भने, कहिले उनीहरूले भण्डाफोरवादीको जस्तो अन्य कसैसित संलग्न नहुने नीति पनि लिएको पाइन्छ भने कहिले चाहिँ त्यसो नगरी सबैसित सँगसँगै हिडेको पनि पाइन्छ ।

अब हामी थोरै विस्तारपूर्वक ती दुवैथरी मध्यमार्गी पार्टीहरूको सांगठनिक कार्य र त्यसले अपेक्षा गर्ने प्रभावबारे चर्चा गरौं । किनभने नेपालको वामपन्थी आन्दोलनमा एकातिर माओवादीहरू लम्किरहेछन् र अर्कोतिर एमालेहरू लम्किरहेछन् ।

यो कसैलाई सर्काउने हिसाबले भनिएको कुरा होइन । एउटा वस्तुगत कुरा हो, आजको यथार्थ हो र उनीहरूले एक्लो शक्ति-संबन्धबाट आर्जन गरेको लोकप्रियताको परिणाम हो ।

तर म ठान्छु : नेपालमा माओवादी एक्लैले लडाइँ फत्ते गर्नसक्ने छैनन्, न आफ्नो सम्पूर्ण राजनीतिमा एमालेले बाँकी वामशक्ति र तिनका थोरथोर जे-जस्तो प्रभाव भए पनि तिनलाई पटक्कै बेवास्ता गरेर आफ्नो जबजको लक्षतिर उन्मुख हुनसक्ने छ ।

संसारमा कसैले पनि कसैलाई सँधै खुवाउन्न तर बेलाबेलामा यस्तो स्थिति पनि नआइछाड्दैन, जब अर्काको सहयोग पनि नलिई हुँदैन । त्यसैले उपर्युक्त ९ पार्टीहरूमा खालि 'माओवादी' र 'एमाले'को मात्रै स्थान छैन । आ-आफ्ना किसिमले बाँकी सातै वाम घटकहरूको पनि आ-आफ्नै किसिमको अस्तित्व छ, महत्व छ, उपयोगिता छ, र जतिसुकै न्यून भए पनि शक्ति पनि छ ।

तसर्थ हामीले 'सिंह' र 'मुसा'को



*नेपालका कम्युनिष्ट पार्टीहरूमा सर्वोच्च पदमा रहेकी एक मात्र नेतृ नेकपा मालेका अध्यक्ष क. साहना प्रधान*

## हाम्रो वर्तमान नेपाल र सम्पूर्ण आमूल परिवर्तनकामी नेपाली जनतालाई चाहिएको मूल कुरा नै एकता हो, संयोजन हो

कथनलाई एकपल पनि बिर्सनु हुँदैन । खालि अर्को सत्य के हो भने, 'मुसा'ले आफूलाई 'सिंह' भैसकें भन्ने कल्पना गर्नुहुँदैन । र, सिंहले पनि मेरा विरोधीले मलाई जालमा पार्न सक्छन् कुनै पनि बेला भन्ने हेक्का राखिछोड्नुपर्छ । यस उपमालाई ठूलो, सानोको अर्थमा होइन, आ-आफ्नो अस्तित्व र महत्वको स्वीकृतिको रूपमा लिइदिनु हुन म विनम्र अनुरोध गर्दछु ।

### क्रान्तिउन्मुख मध्यमार्गी पार्टीहरू :

मेरो अति प्रारम्भिक तथा हुनसम्म कमलो विचारमा नेकपा (मसाल), नेकपा (एकताकेन्द्र) र नेकपा



*नेकपा माओवादीका महामन्त्री क. प्रचण्ड*



*नेकपा एमालेका महासचिव क. माधवकुमार नेपाल*



*नेकपा मालेका महासचिव क. वामदेव गौतम*



*नेकपा मसालका नेता क. चित्रबहादुर के.सी.*

(मालेमा)मा आधारभूत रूपमा कुनै भिन्नता छैन ।

अझ व्यापक रूपमा भन्ने हो भने उनीहरू आजका 'माओवादी' पार्टीजस्तै हुन् । खालि 'जनयुद्ध'को घोषणा गर्न बाँकी राखेका ।

अनि नेमकिपा र नेकपा (माले) पनि अत्यन्त उमङ्ित भएको बेला यही क्रान्तिउन्मुख मध्यमार्गको नदीमा हेलिन अत्यन्त सहजै आनन्द मान्नसक्छन् । हैन, यसमा हाम नफाल्ने हो भने 'आमूल सुधार उन्मुख मध्यमार्ग' छँदैछ ।

त्यसैले यी मध्यमार्गी पार्टीहरूले उही भण्डाफोरको नीति अन्तरगत २०४८ सालमा संसदमा नौ सिट ल्याई त्यहाँ तेस्रो ठूलो पार्टी वा शक्ति बनेका हुन् तर त्यै नीति अन्तरगत २०५१ मा चुनाव लड्दा किन शून्य सीट हात पर्नुपर्‍यो र फेरि अहिले २०५६ मा यसरी फेरि १ सीटमा आइपुग्यो ?

म ठान्छु, त्यस्तै नेकपा (मसाल)ले २०४८ मा संसदीय चुनावमा भाग नलिंदा पार्टीकार्य जनतामा कति बढ्यो ?, पछि २०५१ मा २ सीट ल्याउँदा कति वृद्धि भयो ? र अहिले २०५६ मा ५ सीट पुर्‍याउँदा पार्टीको इज्जत मात्र होइन, जनतामाझ जानसक्ने शक्ति कति वृद्धि भएको छ ?

यी प्रश्नहरूको मात्रै अत्यन्त वस्तुगत र पूर्वमतिरहित अनुभव बटुल्न सक्यो भने यी पार्टीहरूलाई तुरुन्तै एकीकरणको मञ्चमा आइपुग्न टाइम लागे पनि, एक अर्काप्रति सहानुभूति, आत्मीयता, सद्भावना र सहयोग बाँड्न धेरैधेरै सजिलो पर्नेछ ।

अर्कोतिर हेर्नुपर्ने कुरो यो पनि हो : पार्टी नेतादेखि कार्यकर्तासम्म मरीमेटेर काम र संगठन गर्दा पनि जनता किन बढी बढी सन्तुष्ट हुँदै मार्क्सवादमा दीक्षित हुँदै गैरहेका छैनन् ?

यसै सन्दर्भमा अहिले २०५७/१/२८ मा *हाँक* साप्ताहिकमा क. मोहनविक्रम सिंहको जुन लेख निस्केको छ, "लाल सलाम ! क. निर्मल लामा" भन्ने, सो लेख र स्वयं क. निर्मल लामाले आफू क्यान्सरको विरामी भएयता जेजस्ता मन्तब्य र अन्तरवार्ताहरू दिनुभएको छ, तिनका सारबाट विगतमा नेकपा (मसाल) र नेकपा (एकताकेन्द्र)का महत्वपूर्ण नेताहरूका तर्फबाट जे जस्ता व्यक्तिगतदेखि केही नीतिगत त्रुटी हुनगए, तिनलाई सच्याउन अग्रसर भएमा के यो क्रान्तिउन्मुख मध्यमार्गले एउटा लौह-शक्तिको नयाँ स्वरूप नलेला भन्न सकिन्छ र ?

हाम्रो वर्तमान नेपाल र सम्पूर्ण आमूल परिवर्तनकामी नेपाली जनतालाई चाहिएको मूल कुरा नै एकता हो, संयोजन हो, एक अर्कालाई दिने सहयोग हो न कि झिनामसिना कुरालाई लिएर विरोध र असहमतिको कंक्रीटको पर्खाल उभ्याउने ।

यसमा उस्तै आस्था र श्रद्धापूर्वक सहभागिता देखाउन मन छ भने नेमकिपा र नेकपा (माले)का नेताहरूले आफ्ना दरिला पाइला बढाउन सक्नुहुन्छ ।

तर, सत्य तीतो पनि हुनसक्छ, त्यसैले ननिको मान्नु ठूलो भूल हुनेछ, 'माच्छा देख्यो दुलो हात, सर्प देख्यो पाखा हात' गर्ने हो भने किन चाहियो क्रान्तिउन्मुख मध्यमार्ग ? त्यसैले 'जनताको बहुदलीय जनवाद' कि नयाँ जनवाद भनेर झुल्ने होइन, जेसुकै भनेपनि वा मानेपनि क्रान्तिउन्मुख मध्यमार्ग चाहिने कि नचाहिने ? - निर्णय गर्नुपर्ने कुरा त यही नै होला ।

अनि यी तीन वा पाँच पार्टी मिलेर एउटा सशक्त नयाँ कम्युनिष्ट पार्टी बन्छ भने, मेरो सरल अनुमानमा, नेकपा (माओवादी) भित्रका र नेकपा (एमाले) भित्रका जति पनि साँच्चै आमूल परिवर्तनका पक्षपाती छन्, ती हर्षले विभोर हुनेछन् । कारण, त्यो नयाँ शक्ति जुभ्ने 'माओवादी' र 'एमाले'सित होइन, देशदेखि विदेशसम्ममा जनताका बैरीसित जुभ्ने हो । त्यो शक्ति त सम्पूर्ण क्रान्तिकारी विचार राख्ने मार्क्सवादीलाई चाहिएकै छ ।

### आमूल सुधारउन्मुख मध्यमार्गी पार्टीहरू :

जसरी 'मसाल', 'एकताकेन्द्र' र 'मालेमा'मा मौलिक भेद छैन, त्यस्तै नेकपा 'संयुक्त' र नेकपा 'मार्क्सवादी'मा कुनै मौलिक भेद छैन ।

यहाँ पनि नेकपा (मसाल) र नेकपा (एकताकेन्द्र)को जस्तो अनुभव नेकपा (संयुक्त) सित छ । २०४८ को चुनावमा 'संयुक्त'ले संसदमा २ सीट जितेको थियो तर तिनमध्ये एक पछि ने.का.मा गए र अर्काले अर्कोबाजी जित्न सकेनन् । यसरी



नेमकिपाका अध्यक्ष
क. रोहित



नेकपा मार्क्सवादीका महासचिव
क. विष्णु ब. मानन्धर




राजआसंसका नेता
क. भक्तबहादुर श्रेष्ठ



संयुक्त जनमोर्चाका नेता
क. लीलामणि पोखरेल

२०५१ देखि नेकपा (संयुक्त)ले संसदबाहिरै बस्नुपरेको छ । उहाँहरूको स्थानीय निकायमा कति विस्तृत स्थान छ, सोबारे म राम्ररी विज्ञ हुन नपाए पनि एउटा सत्य सामान्य छ : पार्टीको महत्व केवल चुनिएका नेताहरूले मात्र राखिदिने होइन, स्वयं पुराना कार्यकर्ता र नयाँ नयाँ भर्ति हुने कार्यकर्ताहरूको जोश र जाँगरले बढाउने हो । त्यस हिसाबले भन्दा हामीले मान्नैपर्छ : 'संयुक्त' पार्टीले गुणात्मकता मात्र स्खलित गरेको होइन, संख्यात्मकता समेत गुमाउँदै गएको हो ।

तसर्थ नेकपा (संयुक्त)ले जस्तै (मार्क्सवादी)ले पनि कम्युनिष्ट शैलीबाट बढाइने श्रम र अध्यवसायलाई बढाउनु अत्यावश्यक छ । यदि आवश्यक पर्छ भने अन्य सम चिन्तनका पार्टी र नेताहरूसित यस्ता प्रभावहरूको क्षतिपूर्ति गर्न अग्रसर हुनैपर्छ । जसरी प्रत्येक नागरिकले कमसेकम आफ्नो स्वास्थ्य कायम राख्न सक्नैपर्छ, त्यस्तै प्रत्येक पार्टीले पार्टीको न्यूनतम स्वास्थ्य गिर्न नदिनु उसको प्रथम कर्तव्य नै हुन्छ । क. विष्णुबहादुर मानन्धर जति सुन्दर विगतको नेता हुनुहुन्छ, उहाँले मौलिक ढंगले एउटा क्रान्तिकारी निर्णय लिनु भएको खण्डमा उहाँ वरिपरि गोलबन्द हुने सहयोगी वर्गबाट अवश्य पनि वर्तमानको जडतालाई भङ्ग गरी अघि बढ्ने काम हुनेछ । यस मध्यमार्गका सहयात्रीहरूले पनि आपसमा पार्टी समीकरणका निम्ति सहृदयी एवं सघन प्रयत्न गर्नैपर्छ ।



नेकपा माओवादीका प्रभावशाली
नेता डा. बाबुराम भट्टराई

यसरी नेकपा (माओवादी) र नेकपा (एमाले) बाहेक अन्य ७ पार्टीहरूले आफूलाई अन्य दुई ध्रुवमा एकाताबद्ध पारे भने यसको प्राथमिक परिणाम के हुन्छ ?

पहिलो परिणाम त यही हुन्छ कि ९ को सट्टा ४ वटा मात्र वाम पार्टीहरू अस्तित्वमा रहन्छन् र तिनले ९ वटामा विभाजित हुँदाभन्दा जनताका नजरमा धेरै माथिल्लो आसन प्राप्त गर्दछन् ।

दोश्रो परिणाम, के हुन्छ भने, ती चार पार्टीहरू वा ध्रुवहरूले बेग्लाबेग्लै उभिनाको वास्तविक अर्थ जनतालाई बुझ्न पनि सजिलो हुन्छ र बुझाउन पनि सजिलो हुन्छ ।

**९ समूहमा भन्दा त्यतिबेलाका चार समूहमा राजनैतिक नेतृत्वको प्रतिस्पर्धा अहिलेभन्दा धेरै उच्च कोटीको हुन्छ**

तेश्रो परिणाम के हुनसक्छ भने, अहिलेका ९ समूहमा भन्दा त्यतिबेलाका चार समूहमा राजनैतिक नेतृत्वको प्रतिस्पर्धा अहिलेभन्दा धेरै उच्च कोटीको हुन्छ । त्यसले गर्दा प्रत्येक पार्टी बढी अनुशासित, बढी राष्ट्र र जनमुखी, बढी परिश्रमी, बढी त्याग, तपस्या, बलिदानले खारिएको र टलक्क टल्कने हुनेछ अनि तिनका नेतामा बढी ओज, प्रतिभा, आधिकारिकता, अर्को नेताप्रति उस्तै समतापूर्ण सम्मानभाव देखापर्नेछ । अनि जब तिनीहरूले आ-आफ्ना ध्रुवबाट वर्गसंघर्ष शुरू गर्नेछन्, त्यसको जनतामा बढी प्रभाव पर्नेछ र जब जब उनीहरूका जन आकांक्षापोषित मागहरूले प्रत्यक्ष वा परोक्ष, औपचारिक वा अनौपचारिक रूपले सरकारसमक्ष प्रस्तुत हुने मौका पर्नेछ, तब सरकारले कानमा तेल हालेर बसेर सुख पाउने छैन । यसले सरकार हल्लने छ र उसको मति सप्रन बाध्य नभई छोड्नेछैन ।

हाम्रो सम्बिधानले नेपाली जनतालाई सर्वभौम बनाइसकेको छ र जब जनता सरकारलाई 'यसो गर, त्यसो चाहिं नगर्' भनी आदेश दिनेछन्, त्यसको उलंघन गर्ने हिम्मत कसको हुनेछ ? राजदरबारका हुकुमप्रेमी सनातनी परंपरावादी शक्तिले सरकारलाई धाप दिई अन्यथा गर्न-गराउन खोजेपनि जनताको सार्वभौम सत्ताको अगाडि राजमुकुटले समेत सहमति दिनेछैन ।

त्यसबेला सर्वसत्तावादी कांग्रेस र त्यसैलाई पछाडिबाट आड दिई बलियो हुन पाइन्छ कि भनी मौकावादी कूटनीति खेल्ने 'राप्रपा' र 'नेसपा'का पञ्चायकालेदेखि अहिलेसम्मका कठोर राजनैतिक घाम-पानी खाएर अग्राख पल्टेका औंलामा गन्न पुग्ने शीर्षस्थ खप्पीस नेताहरू कहाँ पुग्लान् ? के उनीहरूले उही सर्वसाधारण जनताकै घरदैलोमा आउन कर नलाग्ला ? हिजोका 'चिली' र 'हिन्देशिया'का माहीर अधिनायकहरू आज के जनताको नजरबाट भाग्न सकेका छन् ? नेपाली कम्युनिष्ट आन्दोलनमा स्वस्थ रूपले, मूल्य र मान्यताका आधारमा ध्रुव-ध्रुवगत एकता मात्र भैदियो भने त्यसले जनताको हृदयमा, दिल र दिमागमा महासंघीय शक्तिको पारमाणविक राजनैतिक विस्फोट गरिदिनसक्छ ।

### नेपालका अन्य विरोधी शक्तिहरू :

तर यसको अर्थ यो कदापि होइन कि नेपालमा केवल कम्युनिष्ट मात्र छन् । यहाँ कांग्रेसहरू पनि झण्डैझण्डै उत्तिकै ठूलो, तर कम्युनिष्ट शक्तिभन्दा कम खँदिलो अवस्थामा छन् । उनीहरू आकास-पातालको राजनीति गरिहेछन् । यहाँ दरबारप्रेमी परंपरावादी शक्ति पनि छ, जसले कहिले कांग्रेसलाई त कहिले कम्युनिष्टलाई ढाल बनाई आफ्नो शक्ति सञ्चय गर्दै लगेको छ । अनि यहाँ नेपाल बाहिरका ती हैकमवादी र एकाधिकारवादी शक्तिहरू पनि छन्, जसले यो त्रि-शक्ति संघर्षको खेलमा अत्यन्त सावधानीपूर्वक तथा त्यत्तिकै दूरगामी योजनाका साथ आफ्ना गोटीहरू चाल्दै लगेका छन् । उनीहरूको यो बृहद योजना/ग्रायाण्ड डिजाइनभन्दा बाहिर हामी जानै सक्दैनौं । तर युद्ध यहाँ खुल्मखुल्ला रूपमा देखापरेको छ । यो बृहद् योजनाअन्तरगत सबभन्दा पहिले कम्युनिष्ट शक्तिमाथि प्रहार हुँदैआएको छ, अहिले पनि भैरहेछ र भोलिका दिनमा पनि हुने पक्का छ ।

यस बेला हामीले तिनका दुरासयहरूलाई टाढैबाट चिनेर तिनका विरूद्ध आफ्ना पनि त्यस्तै बृहद् योजना बनाउन सक्यौं र देशभित्रका कांग्रेस, राप्रपा र नेसपाका योजनाका मर्मस्थलहरूलाई पहिचान गर्न सक्यौं भने संभवतः विदेशीहरूका योजनालाई हामी शुरूदेखि नै ठूलो संकटबाट गुज्रन बाध्य पार्न सक्छौं । मूल कुरा के छ भने, कांग्रेस, राप्रपा र नेसपा भित्रको समग्र शक्तिमध्ये हामीले राष्ट्रमुखी, प्रजातन्त्रमुखी र जनमुखी शक्ति र तिनैका विरूद्ध पाराङमुखी बनी विदेशी शक्तिसित हातेमालो गर्ने शक्तिलाई चिन्न मात्र पनि सक्यौं भने हामीले शुरूमै खेलको ५० प्रतिशत बाजी जितिसकेका हुनेछौं अनि बाँकी ५० प्रतिशत जित्न हामीले त्यसै मार्गमा थप अनुसन्धान गर्नुपर्ने हुन्छ ।

हामी यस मूल रणनीतिमा लाटा-ग्वाङग्रा बन्यौं वा दुस्साहसी बन्यौं वा बाजिदली शाहजस्तो ऐयासी बन्यौं भने हाम्रो सुनीकटको सम्भावित विजय सुदूरको कठोरतम हारमा परिणत हुन बेर लाग्नेछैन ।

अन्त्यमा, म यस सानो लेखमा के मात्रै बिनम्र निवेदन गर्न चाहन्छु भने, हामी कुनै पनि आकृति र रगतको वामपन्थीले विचारका विविधता वा अनेकतामा पटक्कै चिन्ता नगरौं । बरू यसलाई हामी प्रत्येकको एउटा सशक्त परोक्ष शक्तिको रूपमा लिने गरौं । अनि हामी मूल्य र मान्यताको आधारमा निष्ठा र श्रेष्ठ अनुशासनको राजनीति गरौं । र, प्रत्येकले आफ्नो संगठनको बेजोडको शक्ति संचय गरौं, हामी छिट्टै हाम्रा शत्रुवर्गलाई हराईछाड्ने छौं । ❑



# विश्व क्रान्तिका महान नेता

# माओ त्से तुङ

– राजेन्द्र महर्जन –

### *पूँजीवादको विश्व विजय र माओको महत्ता*

एक्काइसौं शताब्दीको संघारमा टेकेर चारैतिर हेर्दा स्पष्ट देखिन्छ - आज विश्वव्यापी रूपमा मानवता र बर्बरताबीच संघर्ष चर्किरहेको छ । मानवताका पक्षधर समाजवादीहरू केही समयका लागि पराजित भएका छन् भने बर्बरताका अनुयायी पूँजीवादी र साम्राज्यवादीहरू उन्मत्त भई विजयोल्लास मनाइरहेका छन् ।

इतिहासको पाना पल्टाएर हेर्दा छर्लङ्ग देखिन्छ - उत्पीडित र उत्पीडक वर्गको संघर्षको अटुट सिलसिलाको रूपमा रहेको मानवताको विकास यात्रामा कहिले उत्पीडक वर्गको जीत भएको छ भने कहिले उत्पीडित वर्गको । हार र जीतको यही श्रृंखलामा बीसौं शताब्दीमा उत्पीडितहरूको दुईवटा ऐतिहासिक र महानतम् क्रान्तिहरूले मानवताको नौलो स्वरूप र भविष्य कुँद्ने काममा निर्णायक भूमिका खेलेका थिए । ती हुन् - सन् १९१७ को सोभियत समाजवादी क्रान्ति र सन् १९४९ को चिनियाँ नयाँ जनवादी क्रान्ति ।

समाजवादीहरूको नेतृत्वमा सन् १९१७ देखि १९७६ सम्म चलेको उत्पीडितहरूको यी क्रान्तिहरू बीसौं शताब्दीको उत्तरार्द्ध पुग्दा-नपुग्दै पुनः पराजित भए ; उन्नाइसौं शताब्दीको पेरिस कम्यूनजस्तै । यसपटक उत्पीडितहरूको मुक्तिका लागि लड्नेको हार पूँजीवादी साम्राज्यवादीहरूको प्रत्यक्ष सैनिक आक्रमणका कारणले भयो । यसपटक सोभियत र चिनियाँ कम्युनिष्ट पार्टी तथा त्यसका सरकारमा रहेका संशोधनवादीहरूको धूर्ततापूर्ण विश्वासघातका कारणले हार भयो र विना रक्तपात नै अन्ततः पूँजीवादको पुनर्स्थापना भयो । 'समाजवादी मुकुण्डो' लगाएका संशोधनवादीहरूले पूँजीवादी-साम्राज्यवादी शक्तिहरूसँग साँठगाँठ गरेर रूस, पूर्वी यूरोपेली राष्ट्रहरू र चीनमा नांगो रूपमा विस्तारै पूँजीवादको पुनर्स्थापना गरेको हुनाले विश्व कम्युनिष्ट आन्दोलनले सबैभन्दा कठोर धक्का खानुपरेको छ । त्यसैले एक्काइसौं शताब्दीको संघारमा उभिएको यो कालखण्ड भनेको विश्वभरिका धेरै मात्रामा समाजवादी उत्पीडितहरूको क्रान्तिले पराजयको सामना गर्नुपरेको कारणले उत्पीडित वर्गमा चारैतिर हताशा, निराशा र भ्रम छाएको बेला हो भने उत्पीडकवर्गका पूँजीवादी - साम्राज्यवादीहरूमा हर्षोल्लास छाएको समय हो ।

उत्पीडित वर्गका लागि पराजय, विपत्ति र प्रतिकूलताको यो समयमा धेरैजसो उत्पीडितहरूको मनमा एउटा ठूलो सवाल उठ्न सक्छ । त्यो सवाल हो - चिनियाँ क्रान्तिका शिल्पी, विश्वका उत्पीडित जनहरूका महानतम् नेता तथा शिक्षक एवं मार्क्स, एङ्गेल्स, लेनिन, स्तालिनपछिका प्राधिकारका रूपमा स्थापित क. माओ त्से तुङ यस्तो विपत्तिको समयमा के भन्नुहुन्थ्यो होला ?

सोभियत क्रान्तिको विफलता र आफ्नै कम्युनिष्ट पार्टीका शीर्षस्थ नेताहरूसमेत पूँजीवादी पथमा हिंड्न थालेको देख्नुभएको क. माओ यस्तो सन्दर्भमा बारम्बार भन्नहुन्थ्यो - "सामन्तवादमाथि करीब करीब सम्पूर्ण विजय हासिल गर्नका लागि

> ***पूँजीवादले विश्वमा बर्बरताको झण्डा गाडिसकेको यो स्थितिमा विश्वभरिका उत्पीडितहरूको ध्यान माओका क्रान्तिकारी चिन्तन, कर्म र आचरणमाथि केन्द्रित हुनथालेको छ । किन ?***

**सन्दर्भ : २४ औं माओ स्मृति दिवस**

वर्ग विश्लेषण र नयाँ जनवादी क्रान्ति

उग्रवामपन्थीहरूसंगको संघर्ष

सोभियत संघको अन्ध नक्कल गर्न खोज्दा...

माओ र हिंसाको साइनो

'व्यक्ति होइन, वर्गलाई खत्तम गर !'

पूँजीवादका अनुयायीहरूसँग संघर्ष

सांस्कृतिक क्रान्ति किन ?

पूँजीवादको पुनर्स्थापनाप्रति सचेत र सतर्क होऔं

शिक्षासम्बन्धी माओका मौलिक विचारहरू

पूँजीवादलाई सयौं वर्षको समय लागेको थियो र त्यसबीच उसले कैयौंपटक पराजय र विपत्तिको सामना गर्नुपरेको थियो । इतिहास यस्तो छ भने, सर्वहारा क्रान्तिले लगातार विजय हासिल गरिरहनुको सट्टा विभिन्न आरोह-अवरोहहरू, पराजय र विपत्तिहरू तथा पूँजीवाद पुनर्स्थापनाको कालखण्डबाट गुज्रनुपर्‍यो भनेर हताश, निराश र दिग्भ्रमित हुने कुरै कहाँबाट आउँछ त ?"

यहाँ सगर्व उल्लेख गर्नुपर्ने पक्ष के हो भने, पूँजीवादले आफ्नो विश्व विजयको क्रममा पुराना समाजवादी राष्ट्रहरूमा समेत आफ्नो बर्बरताको झण्डा गाडिसकेको यो स्थितिमा विश्वभरिका उत्पीडितहरूको ध्यान माओका क्रान्तिकारी चिन्तन, कर्म र आचरणमाथि केन्द्रित हुनथालेको छ । पूँजीवादका कमजोर क्षेत्रहरूमा अंकुरित भइरहेका क्रान्तिहरूको निम्ति आशाको किरण हुनुभएका माओले आफ्नो चिन्तन, कर्म र आचरणबाट विश्वका उत्पीडितहरूको जीवन र चिन्तनमाथि जुन अमिट प्रभाव पार्नुभएको छ, त्यसलाई पूँजीवादी प्रतिक्रान्ति र आक्रमणहरूले अहिलेसम्म पनि धूलोमा मिलाउन सकिरहेका छैनन् ।

त्यसमाथि समाजवादी क्रान्तिको पराजयको खतरा र पूँजीवादी पुनर्स्थापनाको संभावनाबारे माओले गर्नुभएको सटिक भविष्यवाणी अहिले आएर सही सावित भएको सन्दर्भले माओको चिन्तन, प्रक्रियाप्रति क्रान्तिकारीहरूको ध्यानाकर्षण गरिरहेको छ । पूँजीवादको पुनर्स्थापनाको टड्कारो संभावनाका विरूद्ध माओले अगाडि बढाउनुभएको महान सर्वहारावादी सांस्कृतिक क्रान्तिबारे अहिले फेरि एकपटक क्रान्तिकारीहरूले गहिरिएर चिन्तन-मनन गर्न थालेका छन् ।

यस हिसाबले एक्काइसौं शताब्दीको संघारमा चलिरहेको विश्वव्यापी वर्गसंघर्ष र क्रान्तिहरूका लागि माओ झन् बेसी सान्दर्भिक र महत्वपूर्ण हुनुभएको छ । यस अर्थमा उहाँजस्तो अन्तर्राष्ट्रिय स्तरको महान कम्युनिष्ट, महान क्रान्तिकारी, महान चिन्तक र अद्वितीय शिक्षकको जीवनसंघर्षको इतिहास विश्वका सबै उत्पीडितहरू र क्रान्तिकारीहरूका लागि उत्प्रेरक जीवन्त ग्रन्थ हुनथालेको छ ।

## *उदाहरणीय क्रान्तिकारी जीवन*

मानवताका पक्षधर उत्पीडितहरूको क्रान्तिका निम्ति लागिरहेकाहरूका लागि कमरेड माओको जीवनसंघर्षको इतिहास साँच्चै नै प्रेरणादायी छ, किनभने उहाँले उदाहरणीय क्रान्तिकारी जीवन बाँच्नुभएको थियो । मृत्युलाई चुनौती दिने हिम्मत र तेजस्विताद्वारा उहाँले चीनको र सिंगो विश्वकै इतिहासलाई नयाँ मोड दिने खालको नयाँ इतिहासको निर्माण गर्ने कार्यको नेतृत्व गर्नुभएको थियो ।

विख्यात पत्रकार एड्गर स्नोका अनुसार चीनको तीनहजार वर्षको लिखित इतिहासमा माओका योगदानहरू अद्वितीय र अतुलनीय छन् । दुर्गम गाउँको किसान परिवारमा जन्मिनुभएका माओले किसानहरूको बलमा क्रान्तिलाई सफलतापूर्वक अगाडि बढाउनुभयो । तर सत्ता प्राप्तिका लागि किसानहरूको टाउकोमा टेक्ने परम्परागत कामचाहिं उहाँले कहिले पनि गर्नुभएन । उहाँले नयाँ जनवादी क्रान्ति, समाजवादी रूपान्तरण र सांस्कृतिक क्रान्तिको नेतृत्व गरेर इतिहास रचना गर्नुभयो र विश्वका एक चौथाई मानवताको मुक्तिको आन्दोलनलाई नयाँ दिशा एवं नयाँ उचाइ प्रदान गर्नु भयो ।

माओ र चीनको कम्युनिष्ट पार्टी, माओ र चीनको क्रान्ति, माओ र चीन तथा विश्वको इतिहासलाई अलग्याएर हेर्न सक्ने स्थिति नै छैन । त्यसैले चीनको इतिहास लेख्ने कतिपय इतिहासकारहरू आफैंलाई प्रश्न गर्छन् - माओविनाको चिनियाँ क्रान्ति र चिनियाँ क्रान्तिविनाको माओको जीवन संभव हुन्थ्यो होला त ?

वास्तविकता के हो भने चिनियाँ क्रान्तिले आफ्नो अग्रिम पंक्तिका नेताको रूपमा माओलाई अगाडि ल्याएको थियो र माओले चिनियाँ समाजमा विद्यमान अन्तरविरोधले जन्माएको चिनियाँ क्रान्तिलाई हुर्काउने, शिक्षित-दीक्षित गर्ने र नयाँ रूपाकृति दिने काम गर्नुभएको थियो । जेहोस्, चिनियाँ क्रान्तिलाई नयाँ आकृतिमा ढाल्ने माओको चिन्तन र कुशल शिल्पलाई रेखांकित गर्दै अगाडि बढ्ने हो भने विश्वका क्रान्तिकारीहरूले धेरै नै ठोस शिक्षा प्राप्त गर्ने संभावना प्रबल छ ।'

## *आलोचनात्मक विवेकयुक्त विद्रोह*

माओको जन्म २६ डिसेम्बर १८९३ मा हुनान प्रान्तको शाओशान चुङ गाउँमा भएको थियो । गरीब किसानका छोराको रूपमा जन्मिनुभएका माओको बल्यकाल गरीवी, भोकमरी र किसान विद्रोहको वातावरणमा बितेको थियो । ताइपिङ विद्रोह र डा. सन् यातसेनको क्रान्तिको बीचको अवधिमा हुर्कनुभएका माओ सानैदेखि न्यायप्रेमी र विद्रोही स्वभावका हुनुहुन्थ्यो ।

कन्फ्यूशियसको धार्मिक संस्कारले


*क्रान्तिकारी अपेराका कलाकारहरूसँग भेटघाट गर्दै माओ त्से तुङ*



ग्रस्त चिनियाँ समाजमा नयाँ मूल्य-मान्यताका लागि लागीपर्ने जो सुकैले पनि पारिवारिक विद्रोह गर्नु भनेको पहिलो र अनिवार्य पाइला थियो । उहाँले पनि शुरूमा आफ्नी आमाप्रतिको बाबुको हेपाहा व्यवहार, आफूप्रतिको निरंकुश तौरतरिकाविरूद्ध विद्रोह गर्नुभएको थियो । आफ्ना पिताविरूद्ध शुरू भएको विद्रोह भ्याँगिदै जाने क्रममा उहाँले हरेक खालका अन्याय, उत्पीडन र शोषणविरूद्ध विद्रोह गर्नुभयो । कहिले एक्लै त कहिले सामूहिक रूपमा ।

शुरूमा सामन्त, पूँजीपति र साम्राज्यवादीहरूविरूद्ध विद्रोह गर्नुभएका माओले पछि गएर कोमिन्टर्न र सोभियत संघर्षको हस्तक्षेप र दबाबविरूद्ध, सोभियत संघका नेताहरूको संशोयधनवादविरूद्ध र अन्ततः आफ्नै पार्टीका दक्षिणपन्थी, उग्र वामपन्थी र पूँजीवादी बाटोमा हिंड्ने उच्चस्तरका संशोधनवादी नेताहरूविरूद्ध समेत विद्रोहको झण्डा उचाल्नुभयो ।

आफूभित्र हुर्केको आलोचनात्मक विवेकयुक्त विद्रोहलाई उहाँले युवावस्थादेखि नै जन-जनको मन-मस्तिष्कमा विस्तार गर्नुभयो, जुन पछि गएर क्रान्तिको रूपमा प्रज्वलित भयो । सत्य प्राप्तिका लागि एक्लै वा सामूहिक रूपमा विद्रोह गर्ने आँट र साहस नभैकन कोही पनि क्रान्तिकारी हुनसक्दैन भन्ने कुरा माओको क्रान्तिकारी जीवनमा छर्लङ्ग देख्न सकिन्छ ।



*शिक्षामा क्रान्ति गर्नुभएका माओका साथ शिक्षक र विद्यार्थीहरू*

**जनतालाई गुरु थापी उनीहरुका संघर्षबाट सिक्न रुचाउनु हुने माओले जनताबाट सिक्ने र जनतालाई सिकाउने प्रक्रियालाई जीवनभर जारी राख्नुभयो ।**

## *जीवन र जगतको गहन अध्ययन*

माओको विद्रोही स्वभावसँग अध्ययनप्रतिको उहाँको तीव्र आकांक्षाको नजिकको साइनो छ । उहाँ सानैदेखि नै अध्ययन गर्न अति नै रूचाउनु हुन्थ्यो । रोमान्स, साहसिक यात्रा र विद्रोहसँग सम्बन्धित किताब भयो भने उहाँ किताब छाड्दै छाड्नुहुन्नथ्यो ।

स्कूलमा पाठ्य पुस्तकभित्र लुकाएर पढ्ने, घरमा कम्बलभित्र लुकाएर पढ्ने र खेतबारीमा काम सकिएपछि रूखमुनी छहारीमा बसेर पढ्ने बानी उहाँमा थियो । निरंकुश सामन्त र तानाशाह राजाहरूविरूद्ध भएका साहसिक विद्रोहका कथाहरू पढ्दै हुर्कनुभएका माओमा अस्सीवर्ष नाघीसक्दा पनि पढाइप्रतिको लालसा पटक्कै घटेको थिएन ।

**आफूभित्र हुर्केको आलोचनात्मक विवेकयुक्त विद्रोहलाई उहाँले युवावस्थादेखि नै जन-जनको मन-मस्तिष्कमा विस्तार गर्नुभयो**



*विद्रोही स्वभावका माओ आफ्नो युवावस्थामा*

स्कूल र कलेजको औपचारिक अध्ययनको क्रममा उहाँले देशभित्र र बाहिरका पुराना र नयाँ साहित्य, दर्शन, भूगोल र राजनीतिको राम्रो अध्ययन गर्नुभएको थियो । ६-६ महिनासम्म हुनान प्रोभिन्सियल पुस्तकालयमा विहानदेखि बेलुका अबेरसम्म धाउने माओले औपचारिक शिक्षा र किताबी अध्ययनलाई मात्रै कहिले पनि महत्व दिनुभएन ।

च्याङ्शा नर्मल कलेजमा ५ वर्षको औपचारिक अध्ययनपछि शिक्षामा स्नातक हुनुभएका माओले आफ्नो अज्ञानता र आफ्नो गहन अध्ययनको कमीलाई मध्यनजर गरी स्वअध्ययन र जीवन-जगतको अनुसन्धानलाई तेज पार्नुभएको थियो । जनतालाई गुरू थापी उनीहरूका संघर्षबाट सिक्न रूचाउनु हुने माओले जनताबाट सिक्ने र जनतालाई सिकाउने प्रक्रियालाई जीवनभर जारी राख्नुभयो । जीवन र जगतको प्रत्यक्ष अध्ययन-अनुसन्धानलाई प्राथमिकता दिनुहुने माओले गाउँ गाउँ डुलेर, किसानहरूसँग संवाद गरेर आफ्नो समग्र अध्ययन र ज्ञानको भण्डारलाई समृद्ध बनाउनुभएको थियो ।

साँच्चै भन्ने हो भने माओ चिनियाँ क्रान्तिको कुशल शिल्पी बन्न सक्नुको रहस्यको पछाडि केवल उहाँको प्रतिभाशाली राजनैतिक कुशाग्रता, सुझबुझ र नेतृत्वकारी गुणमात्रै लुकिरहेको देखिँदैन । यस रहस्यको पछाडि चीनको बारेमा, त्यहाँको इतिहास, भूगोल र समाजको बारेमा, जनताको बारेमा, उनीहरूको मानिसक गठनको बारेमा उहाँले प्राप्त गर्नुभएको गहिरो अर्न्तदृष्टिले सर्वाधिक भूमिका खेलेको देखिन्छ । यसको लागि उहाँले बर्षौं बर्षको जीवनसंघर्ष र चिन्तनको क्रममा मार्क्सवादी-लेनिनवादी दर्शन, दृष्टिकोण र आम सत्यहरूमाथि विस्तृत र गहन पकड हासिल गर्नुभएको थियो ।

## *द्वन्दात्मक भौतिकवादी दृष्टिकोण किन ?*

चिनियाँ कम्युनिष्ट आन्दोलनलाई केस्रा केस्रा केलाएर हेर्दा स्पष्ट देखिन्छ - चिनियाँ कम्युनिष्ट पार्टी (चिकपा)का संस्थापक नेताहरूले कम्युनिष्ट पार्टी स्थापना गर्नेजस्तो उच्चस्तरको ऐतिहासिक कार्य गर्ने क्रममा अति आवश्यक न्यूनतम गृहकार्य भने गरेका थिएनन् । उनीहरूले चिकपाको स्थापनापछिको धेरै अवधिसम्म पनि चीनको ठोस स्थितिको ठोस विश्लेषण गर्ने, त्यहाँको वस्तुगत स्थितिभित्र चलिरहेको क्रान्तिको प्रक्रियालाई सही ढंगले ठम्याउने, क्रान्तिका शत्रु र मित्र छुट्याउने काम गरिसकेका थिएनन्*।

चिनियाँ कम्युनिष्ट आन्दोलनको इतिहास पल्टाउँदा स्पष्ट देखिन्छ - धेरैजसो निम्न पूँजीपति वर्गबाट आएका संस्थापक नेताहरूले द्वन्दात्मक भौतिकवादमाथि बलियो पकड जमाएर दृष्टिकोणको समस्या हल गर्ने तथा निम्न पूँजीपति वर्गीय संस्कृतिलाई छाडेर सर्वहारावर्गीय संस्कृति अँगाल्ने काम न्यूनतम रूपमा पनि गरिसकेका थिएनन् ।

यस हिसावले चीनको वर्ग विश्लेषण गर्ने, मार्क्सवादी-लेनिनवादी दृष्टिकोणले सुसज्जित हुने र सर्वहारावर्गीय संस्कृतिमा आफूलाई ढाल्ने प्रक्रियामा त्यहाँ निकै ठूलो समस्या देखापरेको थियो, जुन समस्या अहिलेसम्म पनि हल नभएको कारणले पूँजीवादी पुनर्स्थापना संभव हुँदै गएको हो ।

यही वैचारिक सांस्कृतिक समस्या देखेर चिकपाका एक संस्थापक नेता माओले सन् १९२१ देखि मृत्यु पर्यन्त

चिकपाका नेता, कार्यकर्तादेखि लिएर जनताबीच नराम्ररी फैलिएको विचार अस्पष्टता, दृष्टिकोण र सस्कृतिको समस्यासँग जुध्नुभयो । उहाँले जीवनसंघर्षकै क्रममा मार्क्सवाद-लेनिनवादको सारतत्वमाथि बलियो पकड जमाउन द्वन्दात्मक भौतिकवादी दृष्टिकोणको गहिरो अध्ययन गर्न थाल्नुभयो र त्यसमाथिको चिन्तन एवं कर्म पनि एकैसाथ गर्न थाल्नुभयो । उहाँले वास्तविक जीवन संघर्षमा चिन्तनलाई कर्मसँग र कर्मलाई चिन्तनसँग कहिले पनि अलग्याउने काम गर्नुभएन ।

वैचारिक-सांस्कृतिक समस्याहरूसँग जुध्ने र गहन अध्ययन गर्ने क्रममा उहाँले थाहा पाउनुभयो - मार्क्सवादी-लेनिनवादी चिन्तन र दृष्टिकोणबाट देश विशेषको ठोस परिस्थितिको ठोस विश्लेषण गर्नु हरेक देशको क्रान्तिकारी आन्दोलनको सुनिश्चित विजयको लागि सर्वोच्च महत्वको कार्य हो । यही कारणले लेनिनले 'मार्क्सवादको प्राण भनेकै ठोस परिस्थितिको ठोस विश्लेषण हो' भन्नुभएको हो ।

## *ठोस परिस्थितिको ठोस विश्लेषण गर्दा*

'विना अध्ययन-अनुसन्धान कसैलाई पनि बोल्ने अधिकार छैन' भन्नुहुने माओले चिकपाका संस्थापक महासचिव तथा मार्क्सवादका विद्वान मानिने छन् तु-श्यूको दक्षिणपन्थी अवसरवादविरूद्ध संघर्ष गर्ने क्रममा चीनको बस्तुस्थितिको गहन अध्ययन-अनुसन्धानको क्रम थाल्नुभयो । द्वन्द्वात्मक भौतिकवादजस्तो सर्वांगीण विज्ञानको सहयोग लिई गाउँ, शहर घुमी, स्थानीय जनतासँग घुलमिल भई, उनीहरूका सुख-दुखका बारेमा आत्मीय संवाद र संघर्ष गरी, त्यसबाट आएका अनुभव र सूचनाहरूलाई मन्थन गरी उहाँले चीनको वर्ग विशलेषण गर्न थाल्नुभयो ।

सामाजिक अध्ययन अनुसन्धान गर्ने वैज्ञानिक र बस्तुवादी तरिकालाई उहाँले चीनको इतिहास र वर्तमानलाई किताबी अध्ययन र प्रत्यक्ष अनुभवमार्फत् समृद्ध पार्ने क्रममा अन्ततः चीनको ठोस परिस्थितिको ठोस विश्लेषण प्रस्तुत गर्नुभयो । सन् १९२६ मा माओले तयार गर्नुभएको 'चिनियाँ समाजमा वर्गहरूको विश्लेषण' नामक कृतिमा उहाँले चिनियाँ समाजमा विद्यमान अनेक वर्गहरूको स्थिति, उनीहरूको भूमिकामाथि वैज्ञानिक ढंगले विश्लेषण गर्नुभयो ।

## *वर्ग विश्लेषण र नयाँ जनवादी क्रान्ति*

चिनियाँ समाजको वर्ग विश्लेषणलाई सन् १९३९ सम्म प्रनि समृद्ध पार्ने क्रममा उहाँले चीन अर्धसामन्ती र अर्धऔपनिवेशिक देशको रूपमा रहेको, त्यहाँका अल्पसंख्यक सर्वहारा वर्गको नेतृत्वमा बहुसंख्यक किसानशक्तिसँग संश्रयको आधारमा 'कृषि क्रान्ति' गर्नुपर्ने प्रस्थापना प्रस्तुत गर्नुभयो ।

*समस्याहरूसँग जुध्ने र गहन अध्ययन गर्ने क्रममा उहाँले थाहा पाउनुभयो - मार्क्सवादी-लेनिनवादी चिन्तन र दृष्टिकोणबाट देश विशेषको ठोस परिस्थितिको ठोस विश्लेषण गर्नु हरेक देशको क्रान्तिकारी आन्दोलनको सुनिश्चित विजयको लागि सर्वोच्च महत्वको कार्य हो ।*

उहाँले वर्ग विश्लेषण गर्दै प्रष्ट देखाउनुभयो - "युद्ध सरदारहरू, नोकरशाहहरू, विदेशी मालका कमिशन एजेन्टहरू, ठूला जमिन्दारहरू र उनीहरूमाथि आश्रित बुद्धिजीवी समुदायको एउटा हिस्सा-साम्राज्यवादसँग साँठगाँठ गर्ने यी सबै वर्गहरू नै हाम्रा शत्रु हुन् । हाम्रो क्रान्तिको अग्रणी शक्ति हो - औद्योगिक सर्वहारा । अर्धसर्वहारा र निम्नपूँजीपतिवर्गका सबै हिस्सा हाम्रा घनिष्ट मित्र हुन् । र जहाँसम्म ढुलमुले मध्यम बुर्जुआ (राष्ट्रिय पूँजीपति वर्ग-सं.) को सवाल छ, त्यसको दक्षिण हिस्सा हाम्रो दुश्मन र वाम हिस्सा हाम्रो मित्र हुनसक्छ, तर वाम हिस्सामाथि निरन्तर सतर्कतापूर्वक निगरानी राखी छाड्नुपर्दछ र उनीहरूलाई मोर्चामा कुनै गडबडी र भ्रम पैदागर्न दिनुहुँदैन ।"

माओले वर्गविश्लेषणको क्रममा लेनिन र स्तालिनको मतअनुसार 'कृषि क्रान्ति'को प्रस्थापना मात्रै प्रस्तुत गर्नुभएको होइन, उहाँले कृषि क्रान्तिमार्फत् सर्वहारा वर्गको नेतृत्वमा जनवादी क्रान्तिको लक्ष्य हासिल गर्दै समाजवादी रूपान्तरणको बाटोसमेत तयार गर्नुभयो - यस अर्थमा यो नयाँ जनवादी क्रान्ति विश्व कम्युनिष्ट आन्दोलनमा नवीन र अभूतपूर्व सावित भयो । वास्तवमा नयाँ जनवादी क्रान्तिको प्रस्थापना र सफल क्रियान्वयन माओले मार्क्सवाद लेनिनवादको भण्डारमा गर्नुभएको अद्वितीय र विख्यात योगदान हो ।

### दक्षिणपन्थी अवसरवादको विरोधमा संघर्ष

चीनको ठोस स्थितिको ठोस विश्लेषणको रूपमा माओद्वारा प्रस्तुत 'चिनियाँ समाजमा वर्गहरूको विश्लेषण' नामक कृतिलाई महासचिव छन् तु-श्यूको दक्षिणपन्थी अवसरवादी नेतृत्वले चिकपाको अखवार र पत्रिकामा छाप्न अस्वीकार गरेको थियो । त्यस कृतिलाई कार्यकर्ताहरूबीच बहस-पैरवीका लागि लानुको सट्टा पार्टी-नेतृत्वले त्यसका प्रस्थापनाहरू पार्टीको आधिकारिक कार्यदिशा विपरीत भएको ठहर गऱ्यो ।

त्यसपछि त्यसले माओलाई 'किसान मानसिकता' भएको आरोप लगाउने र नेतृत्वबाट झार्ने काम गऱ्यो । छन् तु-श्यूको प्रभुत्वमा चलेको पार्टीको पाँचौं महाधिवेशनमा क्रान्तिमा किसानहरूको लडाकू भूमिका र क्रान्तिकारी भूमिनीतिसम्बन्धी माओका विचारहरूलाई छलफलसमेत गर्न दिइएन ।

प्रथम महासचिव छन् तु-श्यू न आफू नै वर्गविश्लेषण चाहन्थे न अरूले अनुसन्धान गरेको स्वीकार्ने पक्षमा थिए । 'वर्तमान क्रान्ति पूँजीवादी-जनवादी प्रकृतिको भएकोले यसको नेतृत्व गर्ने काम पूँजीपतिवर्गको प्रतिनिधि कोमिन्ताङ पार्टीलाई सुम्पेर सर्वहारावर्गले त्यसलाई नै सहयोग गर्नुपर्छ र सर्वहारावर्गले सहयोगीको भूमिकामात्र खेल्दै जनवादी क्रान्तिपछि त्यसलाई उखेलेर फ्याँक्न क्रियाशील हुनुपर्ने' दक्षिणपन्थी विचार उनको थियो । त्यसविचारमा उनले बहुसंख्यक किसानहरूको क्रान्तिकारी भूमिकाबारे छुनुसमेत जरूरी ठान्नेनन् । लेनिनवादी प्रस्थापनाअनुसार बदलिँदो ऐतिहासिक परिस्थितिमा सर्वहारावर्गलाई पूँजीवादी जनवादी क्रान्तिको नेतृत्व गर्न दिनुको सट्टा दक्षिणपन्थी अवसरवादी प्रवृत्तिका प्रतिपादक छन् तु श्यूले सर्वहारावर्गलाई पतनशील पूँजीपतिवर्गको सहायक शक्ति,



*किसानहरूसँग सम्वाद गर्दै माओ*

आरक्षित शक्तिको भूमिका दिने तथा सर्वहारावर्गको पार्टी - कम्युनिष्ट पार्टीलाई कोमिन्ताङ पार्टी र सरकारको पुच्छरमात्र बनाउने क्रान्तिघाती नीति र व्यवहार लिइरहे । महासचिव छन् तु श्यूले ठूला जमिन्दारहरूको स्वार्थ रक्षाका लागि किसान संघर्षलाई तुहाउने र संयुक्त मोर्चाको नाममा कोमिन्ताङ सरकारसँग आत्मसमर्पण गर्ने नीति लिइरहे । उनको यस्तो दक्षिणपन्थी अवसरवादी रूझानकै कारणले पूँजीपतिवर्गको पार्टी कोमिन्ताङको दक्षिणपन्थी हिस्साको नेतृत्व गरिरहेका च्याङ काई शेकले मजदूर, किसान र कम्युनिष्टहरूको आमहत्या गर्ने हौसला पाए भने लडाकू र सशस्त्र किसान संगठन र संघर्षको विस्तारमा ठूलो बाधा पुग्नगयो ।

तानाशाहको रूपमा प्रकट भएका छन् तु श्यूको नेतृत्वको दक्षिणपन्थी अवसरवादी नीतिविरूद्ध माओले अविराम वैचारिक संघर्ष चलाउँदै चिकपालाई चीनको क्रान्तिको

धरातलमा टेकाउने अनेकौं प्रयास गर्नुभयो । किसानहरूको लडाकू संगठन र क्रान्तिकारी संघर्षको उभारको प्रत्येक प्रयासलाई कुल्चने काममा छन् तु श्यूका साथै सोभियत संघको कम्युनिष्ट पार्टी र कोमिन्टर्नका प्रतिनिधिहरू मिखाइल बोरोदिन र एम.एन. रायदेखि उग्रवामपन्थी कट्टरतावादीहरूको पनि ठूलो योगदान रह्यो ।

### *उग्रवामपन्थीहरूसंगको संघर्ष*

चाङ को थाओजस्ता केन्द्रीय नेताको वरिपरि रहेका उग्रवामपन्थी कट्टरतावादीहरूले पूँजीपतिवर्गको कोमिन्ताङ पार्टीसँग कुनै पनि हालतमा संयुक्त मोर्चा नबनाउने, बहुसंख्यक शोषित किसानहरूसँग संश्रय गर्न नहुने विचार प्रस्तुत गरे । राष्ट्रिय पूँजीपतिवर्ग र किसानवर्गसँग कुनै पनि हालतमा संश्रय नगर्ने संकीर्णतावादी सोचसँग पनि त्यसैबेला माओले पार्टीभित्र वैचारिक संघर्ष चलाउनुभयो । उहाँले आफ्नो पार्टीको स्वाधीनता र स्वतन्त्रतालाई बचाईराख्दै देशको मुख्य शत्रुसँग अन्तरविरोध राख्ने शक्तिहरूसँग एकता - संघर्ष र एकताको सूत्रको आधारमा जतिसुकै अस्थायी र अविश्वसनीय संश्रय वा मोर्चाबन्दी पनि गर्नुपर्ने संयुक्त मोर्चासम्बन्धी क्रान्तिकारी नीति प्रस्तुत गर्नुभयो ।

**उग्र वाम र दक्षिणपन्थी नेतृत्वसँग संघर्षको क्रममा माओले ठोस स्थितिको ठोस विश्लेषण नगरीकनै क्रान्ति गर्न हिंडेका नेताहरू देखेर माओले आफैंलाई पटक पटक सोध्नुभयो - 'शत्रु को हो, मित्र को हो भन्ने थाहा नपाएका नेताहरू क्रान्तिकारी कम्युनिष्ट हुनसक्छन् र ?'**

उग्र वाम र दक्षिणपन्थी नेतृत्वसँग संघर्षको क्रममा माओले ठोस स्थितिको ठोस विश्लेषण नगरीकनै क्रान्ति गर्न हिंडेका चिकपाका त्यसबेलाका अधिकांश नेताहरूले 'शत्रु को हो, मित्र को हो' भन्ने पनि थाहा नपाएको महसूस गर्नुभयो । यस्तो स्थितिमा माओले आफैंलाई पटक पटक सोध्नुभयो - 'शत्रु को हो, मित्र को हो भन्ने थाहा नपाएका नेताहरू क्रान्तिकारी कम्युनिष्ट हुनसक्छन् र ?'

देशका संपूर्ण जनसंख्याको ८५ प्रतिशत गरीब किसानहरूको लडाकु संगठन, उनीहरूको क्रान्तिकारी संघर्ष र सक्रिय सहभागिताविना सर्वहारावर्गको नेतृत्वमा क्रान्तिकारी विचार र तथ्यलाई सर्वत्र फैलाउने क्रममा उहाँले सर्वहारा र किसानवर्गको संश्रयका लागि जोड्दार आवाज उठाउनुभयो । सन् १९२७ मा कोमिन्ताङ सरकार र युद्ध सरदारहरूले किसान, मजदूर र कम्युनिष्टहरूको संहार गरिरहेको बेला १ करोड किसानहरूको सशस्त्र र लडाकू संघर्षमार्फत् सशक्त प्रतिरोध गर्ने, सोभियतहरू खडा गर्दै जमिन्दारहरूको जग्गा कब्जा गर्ने तथा किसान-मजदूरको लालसेना तयार गर्ने अभियानसँगै उहाँले किसान-मजदूर संश्रयसम्बन्धी आवाजलाई चारैतिर गुञ्जाउनु भयो ।

### *किसानविना क्रान्ति होला र ?*

हुनान किसान आन्दोलन र हिउँदे बाली काट्ने अभियानको सफल नेतृत्व गरिसक्नुभएका माओले प्रत्यक्ष संघर्षको अनुभव, अनुसन्धानात्मक लेखको प्रकाशन तथा पार्टीको अन्तरद्वन्दमा फरक मतको प्रस्तुतिद्वारा छर्लङ्ग देखाउनुभयो - 'गरीब किसानहरूको संगठन र संघर्षविना क्रान्ति हुनैसक्दैन ।'

त्यसैले ठोस अध्ययन र किसान संघर्षको अनुभवबाट प्राप्त ज्ञानको आधारमा माओले चिनियाँ कृषि क्रान्तिको खाका प्रस्तुत गर्नुभयो । उहाँको खाकाअनुसार ग्रामीण क्षेत्रमा कृषिगत समस्याको सही समाधानको उद्देश्यले वर्ग-संघर्षलाई जोड्दार रूपले चलाउनुपर्दछ, तब मात्र विशाल किसान समुदायलाई क्रान्तिकारी संघर्षमा सक्रिय सहभागी गराउन जागृत गर्न सकिन्छ ।

*दक्षिणपन्थी र उग्रवामपन्थी भड्कावका कारणले लाखौं कम्युनिष्टहरूको संहार भयो: कोमिन्ताङ सैनिकहरूद्वारा १९२७ मा गरिएको नरसंहारको एक विभत्स दृश्य*



उहाँले भन्नुभयो : "कृषि क्रान्तिको मध्यमवर्गीय खाकामा किसानहरूलाई एकजूट पारेर, धनी किसानहरूलाई नियमले बाँधेर, जमिन्दार वर्गलाई वर्गीय रूपमा सखाप पारेर, व्यापारीहरूसहित मध्यम र साना उद्योगपतिहरूलाई सुरक्षा प्रदान गरेर कृषि क्रान्ति अगाडि बढाउनु जरूरी छ । यसको मेरूदण्ड किसान र खेतीहर मजदूर हुनेछन् भने मस्तिष्क हुनेछ - सर्वहारावर्ग ! ..... महान किसान समुदाय आफ्नो ऐतिहासिक मिशन पूरा गर्न उठिसकेका छन् ..... उनीहरूको जागरण, क्रियाशीलता र संघर्षशीलता उत्कृष्ट छ, भव्य छ ।"

उहाँले दक्षिणपन्थी र उग्रवापन्थी नेतृत्वलाई चेतावनी दिँदै लेख्नुभयो - "किसान आन्दोलनविरूद्ध निर्देशित सबै कुरा, त्यससम्बन्धी सबै गलत कदमहरूलाई छिटोभन्दा छिटो फेर्नु जरूरी छ, केवल यसरी र यही बाटोबाट मात्रै क्रान्तिको भविष्यलाई लाभान्वित पार्न सकिन्छ ।"

### *सोभियत संघको अन्ध नक्कल गर्न खोज्दा...*

छु- छ्यू पाई, चाङ को थाओ, ली-ली सान र वाङ मिङको उग्रवामपन्थी डफ्फाले छन् तु श्यूलाई दक्षिणपन्थी अवसरवादीको आरोपमा महासचिव र पोलिट्ब्युरो सदस्यबाट निकाला गरेपछि किसान संघर्षको मामिलाका साथै अन्य यान्त्रिक र उग्र सोचाइको सवालमा उनीहरूका नेतृत्वविरूद्ध पनि माओले वैचारिक संघर्ष जारी राख्नुभयो । उनीहरू कोमिन्ताङसँग कुनै प्रकारको गठजोड वा संयुक्त मोर्चाको विरोध गर्दै पूँजीपतिवर्गविरूद्ध तत्काल 'समाजवादी क्रान्ति' गर्न चाहन्थे । यसका लागि क्रान्तिको झण्डा फहराउन एकमात्र सर्वहारा वर्ग समक्ष छ भन्ने राय राख्दै माओद्वारा बुलन्द पारिएको ग्रामीण किसान समस्या र कृषि क्रान्तिको कार्यक्रमलाई नराम्ररी लत्याउँदै शहरीया क्षेत्रहरू कब्जा गर्ने र मजदूर वर्गको सशस्त्र विद्रोह गर्ने पक्षमाथि विशेष जोड दिन्थे । सोभियत संघमा मार्क्सवाद पढेर आएका '२८ बोल्शेभिकहरू'का रूपमा चर्चित ती उग्रवामपन्थीहरूले वास्तवमा चीनको विशिष्ट परिस्थितिको कुनै ठोस अध्ययन, अनुसन्धान र विश्लेषण नै नगरीकन सोभियत संघकै समाजवादी क्रान्तिको 'फोटोकपी क्रान्ति' गर्ने



*जापानी साम्राज्यवादको आक्रमणको विरोधमा युद्धरत चिनियाँ कम्युनिष्ट छापामारहरू*

***उग्रवामपन्थीहरूले वास्तवमा चीनको विशिष्ट परिस्थितिको ठोस अध्ययन, अनुसन्धान र विश्लेषण नै नगरीकन सोभियत संघकै समाजवादी क्रान्तिको 'फोटोकपी क्रान्ति' गर्ने प्रयत्न गरेका थिए ।***

प्रयत्न गरेका थिए ।

अध्ययन र अनुभवबाट माओलाई राम्ररी थाहा भइरहेको थियो- मार्क्सवाद त विज्ञान हो, सबै विज्ञानहरूको पनि विज्ञान हो अर्थात् सर्वाधिक सर्वाङ्गीण विज्ञान । यो कुनै जडसूत्र होइन । त्यसैले अरू कुनै देशको क्रान्तिकारी आन्दोलनलाई आँखा चिम्लेर यान्त्रिक ढंगले नक्कल गर्ने र मार्क्सवादलाई जडसूत्रको रूपमा लागू गर्न खोज्नेहरू अवश्य पनि नराम्ररी असफल हुनेछन् ।

'२८ बोल्शेभिकहरू' को यान्त्रिकतावादी र जडसूत्रवादी चिन्तनको विश्लेषण गर्दै माओले चुनौती दिनुभयो - "थोत्रा नारा र सूत्रहरू सुगाले जस्तै कण्ठस्थ पार्नेहरूले क्रान्ति गरी खाँदैनन् । वास्तवमा उनीहरू भनेका आफ्नो मन-मस्तिष्कले काम नगर्ने, घमण्डी, सुस्त र कामै नलाग्ने मानिसहरू हुन् । मार्क्स, एंगेल्स, लेनिन र स्तालिनका विचारहरू रट्नु, त्यसलाई नक्कल गर्दै लागू गर्नु क्रान्ति होइन । क्रान्ति भनेको मार्क्सवाद-लेनिनवादको सारतत्वलाई देश-विशेषको ठोस परिस्थितिमा लागू गर्न सिक्ने कला हो । यसका लागि जरूरी छ - देश विशेषको विरासत र परम्परालाई याद गर्नु, त्यहाँको ठोस परिस्थितिको ठोस अध्ययन, अनुसन्धान र विश्लेषण गरी वैचारिक राजनैतिक संग्राम चलाउनु ।"

मार्क्सवादलाई राम्ररी नपचाएका २८ बोल्शेभिकहरूले सोभियत संघको अन्ध नक्कल गरी छिटो भन्दा छिटो समाजवादी क्रान्ति गर्न क्यान्टन, शाङ्घाईदेखि नानछाङसम्ममा शहरकब्जा गर्ने उद्देश्यले मजदूरहरूको सशस्त्र विद्रोहको आगो सल्काए । छन् तु-श्यूको दक्षिणपन्थी अवसरवादको विरोधमा विस्फोट भएको यो उग्रवामपन्थी विद्रोहले फेरि एकपटक कम्युनिष्टहरूको नरसंहारलाई सजिलै निम्त्यायो । 'चिनियाँ क्रान्ति जनउभारमा आइ रहेको' मनोगतवादी व्याख्यासहित लाखौं मजदूरहरू र कम्युनिष्टहरूलाई विद्रोहको आगोमा झोस्ने ती उग्रवामपन्थीहरूको बालरोगले गर्दा चिनियाँ क्रान्तिले ठूलो क्षति व्यहोर्नु पर्‍यो ।

उग्रवामपन्थी र दक्षिणपन्थी अवसरवादी रोगहरूले गर्दा कम्युनिष्टहरूको संहार भएको र चिनियाँ क्रान्तिले नराम्रो क्षति व्यहोर्नुपरेको स्थितिमा पनि दशौं वर्षसम्म यस्ता उग्रवामपन्थी क्रियाकलापहरूलाई जारी राखे, माओको कडा विरोधका बाबजूद ।

## जहिले पनि जोसँग पनि संघर्ष गर्ने बाल रोगीहरू

चिनियाँ कम्युनिष्ट पार्टीको सत्तामा रहेका ती उग्रवामपन्थीहरूले जापानी सैन्यवादीहरूद्वारा चीनमाथि आक्रमण हुँदा समेत संयुक्त मोर्चा वा कार्यगत एकताको विरोध गरे, किसानहरूको लडाकू संगठन र दिगो संघर्षको अपमान गरे, अनि भर्खरै विकसित भइरहेका पूँजीपति वर्गविरूद्ध सशस्त्र मजदूर विद्रोह उचाल्ने काम जारी राखे । माओले राखेको जापानविरोधी संयुक्त मोर्चाको प्रस्तावलाई पटक पटक रद्दीको टोकरीमा फ्याँके ।

उनीहरूले अर्ध-सामन्ती र अर्ध-औपनिवेशिक देशमाथि साम्राज्यवादी जापानको आक्रमणको ठोस रूपमा विश्लेषण गर्नु जरूरी नै ठानेनन् । त्यसैले उनीहरूले मुख्य शत्रुको विरूद्ध लड्न मित्र शक्ति, ढुलमुले पंक्ति र शत्रुका शत्रुहरूसँग अस्थायी प्रकृतिका, न्यूनतम् शर्तमा पनि कार्यगत एकता वा संयुक्त मोर्चा कायम गर्नु भनेको श्रमजीवी जनतामा सर्वहारा नेतृत्वको स्थापना गर्नु हो भन्ने लेनिनवादी पथप्रदर्शनलाई याद गर्नु पनि आवश्यक संझेनन् ।

तर यसको ठीक उल्टो, उनीहरूको उग्रवामपन्थी बालरोगको विरोधमा आफ्नो सशक्त विचार र सफल व्यवहारबाट तलतल भुइँतहदेखि केन्द्रसम्ममा आवाज उठाउने माओलाई भने उनीहरूले तीन तीन पटकसम्म कडा निन्दा गरे, तीन-तीन पटकसम्म कारवाही गरी निकाला गरे, केन्द्रीय समिति सदस्यताबाट पटक पटक खोसुवा गरे !

जब जापानी साम्राज्यवादीहरू, च्याङ काई-शेकको कोमिन्ताङ सरकार र युद्ध सरदारहरूको पटक पटकको आक्रमण र नरसंहारपछि शहर कब्जा गर्ने मजदूर विद्रोहहरू गर्ने प्रयासले पराजयको मुख देख्नुपर्‍यो र सिंगो नेतृत्व माओ र चु-तेहको नेतृत्वमा संचालित किसान मजदूरहरूको लाल सेनासँगै 'लङ मार्च'मा पछि हट्दै हट्दै बढ्नु पर्‍यो, तब मात्रै चुन्यी सम्मेलनमार्फत् उग्रवामपन्थी कार्यदिशालाई परित्याग गर्ने, माओको सही कार्यदिशालाई मान्यता दिई उहाँलाई सिंगो पार्टीका नेताको रूपमा स्थापित गरिएको थियो ।

माओको सही कार्यदिशाको विजय

माओले थाल्नुभएको उग्रवामपन्थी र दक्षिणपन्थी अवसरवादी प्रवृत्तिहरूको विरूद्ध लामो समयसम्मको वैचारिक संघर्ष र भुइँतहको व्यापक अनुभवपछि अन्ततः पार्टीभित्र उहाँको सही कार्यदिशा विजयी भयो । वास्तवमा उहाँको कार्यदिशा भनेको नयाँ जनवादी क्रान्तिमा सर्वहारावर्गको नेतृत्व, कम्युनिष्ट पार्टीको स्वाधीनता र पहकदमीसहितको संयुक्तमोर्चा तथा कृषि क्रान्तिको माध्यमबाट किसान-

## अन्ध नक्कल गर्नेहरूलाई माओको सल्लाह

चीनको क्रान्ति अभूतपूर्व सफलता देखेर आफ्नो देश, काल, परिस्थितिको बेवास्ता गर्दै, अरू देशको विशिष्ट परिस्थितिजन्य रणनीति र रणकौशलहरू आँखा चिम्लेर नक्कल गर्ने विदेशीहरूलाई चेतावनी दिँदै माओले भन्नुभएको कुरो यहाँ उल्लेखनीय छ । उहाँले पटक पटक भन्नुभएको थियो - "अन्य देशका साथीहरूले चिनियाँ विचार स्वीकार्नु जरूरी छैन, न त चीनका रणनीति र रणकौशलहरू नै अरू देशमा आँखा चिम्लेर लागू गर्नु हुन्छ । हामी के अनुरोध गर्छौं भने तपाईहरूले मार्क्सवादी-लेनिनवादी सिद्धान्तलाई आफ्नो देशको ठोस परिस्थितिमा सिर्जनात्मक ढंगले लागू गर्नुहोस् !"

सन् १९५६ मा ल्याटिन अमेरिकी कम्युनिष्ट पार्टीका प्रतिनिधिहरूसँग कुरा गर्दै उहाँले भन्नुभएको थियो - ग्रामीण आधार क्षेत्र निर्माण गर्ने, गाउँले शहरलाई घेर्ने र अन्ततः शहरहरू कब्जा गर्ने जस्ता चिनियाँ क्रान्तिका अनुभवहरू तपाईहरूमध्ये धेरैको देशमा संभवतः सम्पूर्ण रूपमा लागू गर्न सकिँदैन, त्यसैले ती अनुभवहरू तपाईंहरूको लागि सन्दर्भ स्रोत हुनसक्छन् । म विनम्रतापूर्वक सल्लाह दिन चाहन्छु - यी चिनियाँ अनुभवहरू आँखा चिम्लेर यान्त्रिक रूपमा लागू नगर्नु होला । अरू कुनै पनि देशका अनुभवहरू केवल सन्दर्भ स्रोत मात्रै हुन सक्छन् र तिनलाई जडसूत्रको रूपमा लिनु हुँदैन । तपाईंहरूले मार्क्सवाद-लेनिनवादको सार्वभौम सत्य र तपाईहरूको आफ्नो देशको ठोस स्थिति दुवैलाई सम्मिलन गराउनु पर्दछ ।

*(माओ : सेलेक्टेड वर्क्स-V)*

रूसी वा चिनियाँ क्रान्तिको मोडलहरूको अन्धनक्कल गर्नुभन्दा अगाडि माओका यी विचारहरू अध्ययन र मनन गर्नु जरूरी छ, अन्यथा जहाँ कहीं पनि ली-ली सान, र वाङ मिङजस्ता जडसूत्रवादी, यान्त्रिक चिन्तनशैली भएका कम्युनिष्ट नेताहरूको उदय हुनसक्छ !

-रा.म.

मजदूरहरूको जनसत्ता हो । यी तीनवटा महत्वपूर्ण कार्यदिशाहरूले पार्टीभित्र विजय हासिल नगरेको भए चिनियाँ क्रान्तिको सुनिश्चित सफलता संभव नै थिएन । जापानी साम्राज्यवादीहरूको भीषण आक्रमणको बेलामा, कम्युनिष्टहरूको रगतले हात लतपतभएका तानाशाह च्याङ काई-शेकको पार्टी-कोमिन्ताङसँगसमेत संयुक्त मोर्चा निर्माण गर्ने हदसम्म साहस र कौशल प्रदर्शन गरेर माओले संघर्षको क्रममा कोमिन्ताङलाई अलगथलग पार्ने जुन रणनीति अख्तियार गर्नु भयो, अनि कम्युनिष्ट पार्टीको नेतृत्वमा क्रान्तिलाई सफलताको शिखरमा पुऱ्याउनु भयो, त्यो वास्तवमा लेनिनवादी सिद्धान्तको सही प्रयोग थियो । त्यही रणनीति र कौशल माओको राजनैतिक सांगठनिक योगदानको रूपमा लिइन्छ ।

माओले जोड दिएर भन्नुभएको छ - "संयुक्त मोर्चाको रणनीति र रणकौशलको वास्तविक उद्देश्य दुईवटा शक्तिको मोर्चाबन्दी मात्र होइन, जनसाधारणको अरू हिस्सा, विशेष गरी मध्यम किसानहरू, निम्न पूंजीपतिवर्ग, साना र मझौला उद्योगपतिहरू र पूंजीपतिवर्गकै वाम हिस्सासहित किसान समुदायसँग घनिष्टता स्थापित गर्नु र जनसत्ता निर्माण गरी उनीहरूलाई सम्पूर्ण कृषि क्रान्तिको पक्षमा तान्नु तथा अन्ततः राष्ट्रिय क्रान्तिमाथि सर्वहारा नेतृत्व स्थापित गर्नु नै हो ।"

संयुक्त मोर्चा निर्माण गर्दा कहिले पनि, कुनै पनि खालको संघर्ष होइन, सम्पूर्णरूपमा एकता मात्रै हुनुपर्छ भन्ने दक्षिणपन्थी अवसरवादीहरू र पटक्कै एकता हुनु हुँदैन, केवल संघर्ष, अविराम, संझौताहीन संघर्ष हुनुपर्दछ भन्ने वामसंकीर्णतावादीहरूको प्रवृत्तिविरूद्ध माओको वैचारिक-सांस्कृतिक संघर्ष सफलनभएको भए प्रतिक्रियावादी च्याङ काई-शेकका सैनिकहरू, जापानी साम्राज्यवादीका सैनिकहरू र अमेरिकी सैनिकहरूको पराजयको संभावना निकै टाढाको कुरा हुने थियो ।

## *लाल आधार केन्द्र : अद्वितीय विशिष्टता*

आफ्नै पार्टीभित्र र बाहिरका प्रतिकूलताहरूसँग जुध्दै माओले किसान संघर्षलाई उच्चस्तरमा उठाउने क्रममा जुन लाल सेना र लाल आधार इलाका बनाउनु भयो, त्यो चिनियाँ क्रान्तिको अद्वितीय विशिष्टता थियो र क्रान्तिको सफलताको एउटा प्रमुख कुँजी थियो ।

**जुन लाल सेना र लाल आधार इलाका बनाउनु भयो, त्यो चिनियाँ क्रान्तिको अद्वितीय विशिष्टता थियो र क्रान्तिको सफलताको एउटा प्रमुख कुँजी थियो ।**



*कोमिन्ताङ, जापान र अमेरिकी सैनिकहरूले पनि परास्त गर्न सकेनन्, चिनियाँ लाल सैनिकहरूलाई । (माथि)*

*मूल शत्रुविरूद्ध संयुक्त मोर्चा गर्न लाखौं कम्युनिष्टहरूको संहार गर्ने च्याङ काई सेकसँग चुङकिङमा वार्ताको क्रममा टोस्ट प्रस्ताव राख्दै माओ (तल)*

सन् १९२७ मा पार्टी केन्द्रको निर्णयअनुसार शहर शहरमा जन-विद्रोह उठाउने नीति अनुरूप चाओ एन लाई र चु तेहको नेतृत्वमा भएको नानछाङ शहरको विद्रोहलाई गाउँले किसानहरूको संघर्षसम्म विस्तार गर्ने उद्देश्यले माओले हुनानमा शरदेबाली विद्रोह शुरू गर्नुभयो ।

यी दुवै विद्रोहहरू असफल भए तापनि पराजित किसान मजदूरहरूलाई युद्ध सरदार सामन्तहरूका निजी सैनिकहरू र कोमिन्ताङका सैनिकहरूको श्वेत आतंकबाट बचाउने क्रममा उहाँले किसान मजदूरहरूको लालसेना गठन गर्नुभयो । त्यसलाई हुनान-च्याङशी सीमास्थित चिङकाङ पहाडहरूमा सुरक्षित रूपमा लगेर प्रथम लाल आधार क्षेत्र स्थापना गर्ने कार्य गर्नुभयो त्यहाँ किसान, मजदुर र सैनिकहरूको जन प्रतिनिधि सभा (सोभियत) हरू गठन गर्ने र आफ्नै नयाँ झण्डा फहराउने काम गर्नुभयो । केन्द्रीय समितिको अनुमति वेगर गरिएका यी कामहरू 'अनियमित' भएको ठहर गर्दै पार्टी केन्द्रले उहाँलाई निन्दा गर्ने, पोलिट्ब्यूरोबाट निकाला गर्ने काम गर्दा पनि उहाँले यि कार्यलाई जारी राख्नुभयो । र, चु तेहका पराजित सेना र शहरिया मजदूर विद्रोहीहरू पनि सुरक्षित स्थान खोज्ने क्रममा त्यहाँ आएपछि लाल सेना तथा लाल आधार क्षेत्र निकै विस्तार भयो ।

चिङकाङशानदेखि जुइछिन र येनान लगायतका लाल आधार क्षेत्रको निर्माण र लाल सेनाको सशस्त्र संघर्षबिना चीनको विशिष्ट परिस्थितिमा चिकपाको राजनैतिक, सामाजिक र सांस्कृतिक आन्दोलनको संरक्षण र सम्वर्द्धन तथा विस्तारको संभावना नै थिएन- समग्र अध्ययन अनुसन्धानलाई अनुभवसँग जोडेर हेर्दा माओ यस्तो निष्कर्षमा पुग्नुभयो ।

## *दीर्घकालीन सशस्त्र युद्ध किन ?*

माओले चिनियाँ क्रान्तिको प्रमुख रूप सशस्त्र संघर्ष हुने यथार्थसम्मत निष्कर्ष निकाल्नुभन्दा अगाडि आफ्नो देशको विशिष्ट स्थितिको पटक पटक मूल्यांकन गर्नुभएको थियो, द्वन्दात्मक र ऐतिहासिक भौतिकवादी विश्वदृष्टिकोणको आधारमा ! उहाँले बस्तुगत परिस्थितिको ऐनामा देख्नुभयो- चिनियाँ क्रान्तिका शत्रुहरूका रूपमा रहेका शक्तिशाली सामन्ती शक्तिहरू, बलवान साम्राज्यवादी केन्द्रहरू र ती दुवैसँग साँठगाँठ गर्ने पूँजीपति वर्गका प्रतिक्रियावादी शक्तिहरू निकै धेरै शक्तिशाली छन्, उनीहरू सशस्त्र र निरंकुश छन् । उनीहरूको शक्ति क्रान्तिकारी जनताको तुलनामा अत्यन्त धेरै भएकाले चिनियाँ क्रान्ति अरू देशको तुलनामा अत्यन्त दीर्घकालीन र निर्मम हुनेछ । चीनमा क्रान्तिकारी शक्तिले विशाल शत्रुसित लड्दै चलखेल गर्नका लागि विशाल भूमि छ, त्यकारण पनि चीनमा दीर्घकालीन युद्ध हुन संभव छ । सानो मुलुकमा त्यस्तो अनुकूलता हुँदैन । चिनियाँ क्रान्तिका शत्रुहरूले राजनैतिक स्वतन्त्रता र प्रजातान्त्रिक अधिकारहरू जम्मै खोसिसकेको र शान्तिपूर्ण आन्दोलनको ढोका बन्द गरिसकेकोले र चीनमा पूँजीवादी संसद पनि नभएकाले शान्तिपूर्ण संघर्ष होइन, सशस्त्र संघर्ष हुनुपर्दछ ।



चीन र अरू देशको परिस्थितिको तुलना गर्दै माओले लेख्नुभएको थियो - अरू देशमा प्रत्येक पूँजीवादी पार्टीको प्रत्यक्ष



*येनानमा १९३७ ताका आफ्ना अभिन्न सहकर्मी चु तेह (दायाँ) का साथ माओ*

**माओले चीनको विशिष्ट सन्दर्भमा घोषणा गर्नुभयो - "राजनैतिक सत्ता बन्दूकको नालबाट निस्कन्छ !"**

कमाण्डमा सैन्य शक्ति हुँदैन, तर बाहिरको तुलनामा चीनको परिस्थिति भिन्नै छ । किनकि, युद्ध सरकार र स्थानीय सत्ताहरूमा सामन्ती शक्तिहरूको विभाजित यस मुलुकमा जमीन्दार, सामन्त र पूँजीपतिहरूको समूह र पार्टीसँग बन्दूक छ, सैन्य शक्ति छ र जोसँग सैनिक र बन्दूक छ, उनीहरूसँग सत्ता-शक्ति छ । अझ कतिसम्म भने- जतिबेसी बन्दूक भयो, त्यतिबेसी सत्ता-शक्ति हुने ! यस्तो वातावरणमा सर्वहाराको पार्टीले समस्याको चुरो नै समात्नु पर्दछ ।

यही स्थितिबोधका साथ उहाँले चीनको विशिष्ट सन्दर्भमा घोषणा गर्नुभयो - "राजनैतिक सत्ता बन्दूकको नालबाट निस्कन्छ !" (हेनुहोस् माओः Selected works, II)

## *लाल आधार इलाका कसरी टिक्छ ?*

यही निष्कर्षका साथ अगाडि बढ्नु भएका माओले ग्रामीण क्षेत्रका पहाडहरूमा राजनैतिक-सैनिक लाल आधार क्षेत्र बनाउने, युद्ध सरदारहरूको निजी सेनाका साथै कोमिन्ताङको सेनाको समानान्तर रूपमा लाल सेना निर्माण र विस्तार गर्ने काममा सफलता हासिल गर्न सक्नुमा उहाँले गर्नु भएको चीनको विशिष्ट स्थितिको ठोस विश्लेषणले ठूलो भूमिका खेलेको कुरालाई कहिले पनि बिर्सन सकिँदैन । विश्लेषणको क्रममा उहाँले देख्नुभयो- विशाल चीनका ग्रामीण क्षेत्रमा स्वाधीन, स्वावलम्बी र आत्मनिर्भर स्थानीय अर्थव्यवस्था छ । त्यहाँ कोमिन्ताङ र साम्राज्यवादी शक्तिको सैनिक प्रभाव कम छ र युद्ध सरदारहरू आपसमा र केन्द्रीय सत्तासँग पनि युद्धरत छन् र लामो छापामार युद्धका लागि अनुकूल भूबनौट र नियमित सेना टिक्ने सैनिक, राजनैतिक, आर्थिक र सांस्कृतिक आधार विद्यमान भएकाले चिङ काङ शान, जुइछिन र येनानले क्रान्तिलाई लामो समयसम्म सुरक्षा दिन सक्छन् ।

यस्तो विशेषखालको राजनैतिक आर्थिक सामरिक कारणहरूको ठोस विश्लेषणपछि उहाँले लाल सेनालाई पार्टी संगठनहरूको जग हाल्ने, स्थानीय क्रान्तिकारी सरकार गठन गर्ने, किसान-मजदूरहरूलाई भर्ती गर्ने र सशस्त्र पार्ने, भूमिसुधारलाई प्रोत्साहित गरेर जनसाधारणलाई सक्रिय पार्ने र शोषकहरूलाई अलग थलग पार्ने काममा ऐतिहासिक भूमिका खेल्न लगाउनु भयो ।

माओले क्रान्तिकारी आधार क्षेत्र र लाल सेनाको निर्माणको क्रममा विश्वमै अद्वितीय काम गर्नुभएको थियो । किसान र मजदूरहरूको लाल सेनाको गठन गर्नु र त्यसलाई केन्द्रीकृत रूप दिएर ग्रामीण लाल आधार क्षेत्रको स्थापना गर्नु, त्यसलाई क्रान्तिकारी जनसत्ताको रूप दिनु, कृषि-क्रान्तिको माध्यमबाट किसानहरूलाई लाल आधार क्षेत्रमा गोलबन्द र क्रियाशील बनाउनु, शत्रु सेनाविरूद्ध छापामार युद्धमार्फत् क्रान्तिकारी शक्तिलाई चट्टानभैं सुदृढ र सुरक्षित बनाइराख्नु र अन्ततः क्रान्तिकारी शक्तिको सफलतासम्म नेतृत्व गर्नु- यी माओका अद्वितीय कामहरू थिए । यो चीनको ठोस र विशेष परिस्थितिमा राजनैतिक, आर्थिक र सामरिक क्षेत्रमा मार्क्सवाद-लेनिनवादको सारतत्वको माओले गर्नुभएको सिर्जनात्मक विकास र क्रियान्वयनको उल्लेखनीय उदाहरण हो ।

युद्ध सरदार, कोमिन्ताङ, जापानी र अमेरिकी सैनिकहरूको लाखौं लाखको संख्याले पनि चिनियाँ लाल सैनिकहरूलाई बीसौं वर्ष लामो युद्धमा पनि पराजित गर्न नसक्नुको पछाडि यही सिर्जनात्मक क्रियान्वयनको सबैभन्दा भूमिका रहेको थियो ।

सन् १९३४ मा कोमिन्ताङ सरकारका लाखौं सैनिकहरू र सयौं बमवर्षक प्लेनहरूको आक्रमणको कारणले आफ्नो लाल आधार क्षेत्रबाट पछाडि हट्नु पर्दा समेत माओले बुद्धिमतापूर्ण रणकौशल प्रदर्शन गर्नुभयो । त्यो कौशल पनि मार्क्सवाद-लेनिनवादको सारतत्वको सिर्जनात्मक क्रियान्वयनद्वारा ठूलो शत्रुको प्रबल आक्रमणको सामना गर्न नसक्दा आफ्नो शक्ति जोगाउन पछाडि हट्ने युद्धको इतिहासमा बेजोडको गौर रणकौशल थियो ।

उहाँले लङ मार्चमा पछाडि हट्ने क्रममा यो बेजोडको रणकौशल प्रयोगमार्फत् विशाल चीनभरि क्रान्तिकारी वातावरण र नयाँ उभार पैदा गर्नुभएको थियो । चीनलाई वारपार गर्ने ७५०० माइल लामो बाटो, १८ वटा विशाल पहाडी श्रृंखलाहरू, २४ वटा नदीहरू पार गर्दै पछाडि हट्दासमेत उहाँले पाइला पाइलामा मृत्युको सामना गर्दै हिंडेका लाल सैनिकहरूलाई क्रान्तिको सन्देश फैलाउने, जनतालाई जागृत र संघर्षशील बनाउने, दर्जनौं दर्जन गाउँ, शहर प्रान्तहरू कब्जा गर्दै चीनलाई बैचारिक र सांस्कृतिक रूपमा एकीकरण गर्ने अभियानलाई सफलतापूर्वक नेतृत्व गर्न सक्नु भनेको उहाँको विशिष्ट खुबी नै मान्नुपर्दछ । लाल आधार क्षेत्र र लङ मार्चको क्रममा उहाँले गर्नु भएको कामहरूमध्ये सबैभन्दा महत्वपूर्ण काम हो - शासकहरू र भाग्यको अगाडि आत्मसमर्पण गर्ने चिनियाँ जनतालाई आफ्नो भाग्यको निर्माता आफैं बनाउने सोचले दीक्षित पार्नु अर्थात् जनताको आफ्नो राजनैतिक सत्ता-निर्माण आफ्नै पहलमा गर्न सघाउनु !

## *गाउँले शहरलाई र शहरले गाउँलाई घेर्ने कार्यनीति*

माओले चिनियाँ सशस्त्र क्रान्तिको सिलसिलामा जापानी आक्रमणताका कोमिन्ताङजस्तो प्रतिक्रियावादी शक्तिसँग पनि संयुक्त मोर्चा गर्ने सही कार्यनीतिका साथै जापानी सैनिकहरू पराजित भएर भागेपछि कोमिन्ताङसँग लड्नका लागि गाउँबाट शहरलाई घेर्ने विशिष्ट र विख्यात रणकौशल पनि अपनाउनु भएको थियो । शत्रुको शक्ति गाउँको तुलनामा शहरमा बलियो भएको सन्दर्भमा प्रयोग गरिएको 'गाउँले शहरलाई घेर्ने' रणकौशललाई देशको स्थिति फेरिएपछि माओले सन् १९४९ को पहिलो आधाआधीसम्ममा पूरै उल्टाउनु भएको थियो - अर्थात् पहिले शहर कब्जा गर्ने, अनि मात्रै गाउँ ! शहरहरूमा कोमिन्ताङको फौज कमजोर हुनथालेपछि उहाँले पार्टीको नेतृत्वकारी केन्द्रलाई गाउँबाट शहरमा सार्ने र शहरहरू कब्जा गर्दै गाउँतिर केन्द्रित भएका शत्रु सैनिकहरूलाई सखाप पार्ने लचिलो रणकौशल अपनाएर विजय हासिल गर्नुभएको थियो ।

लालसेनालाई उत्पादनमूलक काममा लगाई जनतालाई आर्थिक भार नपार्ने, प्रत्येक सैनिक टोलीमा पार्टी कमिटी बनाउने, राजनैतिक कमीसारमार्फत् राजनैतिक प्रशिक्षण दिलाई बन्दूकलाई राजनीति र विचारको कमाण्डमा राख्ने, उनीहरूलाई बैचारिक, राजनैतिक र सांस्कृतिक प्रशिक्षण दिएर अनुशासित र विवेकवान बनाउने काममा माओले असल शिक्षकको भूमिका खेल्नुभएको थियो ।

एग्नेस स्मेड्लीका अनुसार- लेख्ने पढ्ने तरिका सिक्ने-सिकाउने काममा अतिरिक्त बहस, संवाद र अन्तर्क्रियाहरूजस्ता सबैभन्दा जीवन्त र शक्तिशाली शैक्षिक विधिद्वारा लालसैनिकहरूको चेतनास्तर उठाउने प्रयत्न गरिएको थियो । बहस छलफलको क्रममा सबै लालसैनिकहरूलाई मनको कुरा स्वतन्त्र रूपले पोख्ने अधिकार थियो ।

**माओले क्रान्तिकारी आधार क्षेत्र र लाल सेनाको निर्माणको क्रममा विश्वमै अद्वितीय काम गर्नुभएको थियो ।**

त्यतिखेर युद्ध र संघर्षमा भएका राम्रा नराम्रा कार्य र प्रवृत्तिहरूको मात्रै होइन, कमाण्डर र लडाकूहरूका व्यक्तिगत कमी-कमजोरीहरूको बारेमा पनि खुलेआम बोल्ने स्वतन्त्रताको व्यवस्था गरिएको थियो ।

## *आलोचनात्मक विवेकको जागरण*

लालसैनिकहरूमा उँचनीचको व्यवस्था हटाउन श्रेणी, तलब, खाना र लुगामा फरक नपार्ने व्यवस्था गरेर माओले लालसेनाबाटै समतामूलक व्यवहारको शुरुवात गर्नुभएको थियो । यसैलाई अझ सुदृढ पार्न उहाँले पार्टी कार्यकर्ता र लाल सैनिकहरूमा आलोचनात्मक विवेक जगाउने प्रयास पनि गर्नुभयो । विशेष गरी अन्धता, कट्टरता, संकीर्णतामाथि प्रहार गर्दै उहाँले माथिका आदेश र नीति-निर्देशनहरू बिना सोचविचार सतही ढंगले लागू गर्ने, सिर्जनात्मकताको नाममा सारतत्व नै बिर्सने जस्ता प्रवृत्तिहरू विरूद्ध जुध्नलाई शिक्षित-दीक्षित गर्ने अभियान नै चलाउनु भयो । यसलाई उहाँले महान सर्वहारा सांस्कृतिक क्रान्तिको बेला करोडौं जनताको मन-मस्तिष्कसम्म विस्तार गर्ने र गहिराइ प्राप्त गर्ने अभियानमा फेरि एकपटक जोड्नु भएको थियो । उहाँ बारम्बार भन्नुहुन्थ्यो - "कम्युनिष्ट-हरूको कर्तव्य भनेको आँखा चिम्लेर माथिका नीति-निर्देशनहरू र आदेशहरू लागू गर्नु होइन, ती नीति-निर्देशन र आदेशहरू गलत भएको थाहा भयो भने आफ्नो मन-मस्तिष्कको प्रयोग गर्नु पर्दछ । कम्युनिष्टहरूले सधैं सधैं आफ्नो दिमागलाई प्रयोग गर्नुपर्दछ । .... हरदम सोच्नु विचार गर्नुपर्दछ ।" - हेनुहोस् The morning deluge/Han Suyin)



*राष्ट्रिय मुक्तियुद्धको क्रममा लालसेनाको नेतृत्व गर्दै माओ आफ्नी पत्नी चियाङ चिङ (पछाडि) का साथ*

**"कम्युनिष्ट-हरूको कर्तव्य भनेको आँखा चिम्लेर माथिका नीति-निर्देशनहरू र आदेशहरू लागू गर्नु होइन, ती नीति-निर्देशन र आदेशहरू गलत भएको थाहा भयो भने आफ्नो मन-मस्तिष्कको प्रयोग गर्नु पर्दछ । कम्युनिष्टहरूले सधैं सधैं आफ्नो दिमागलाई प्रयोग गर्नुपर्दछ । .... हरदम सोच्नु विचार गर्नुपर्दछ ।"**

## *माओ र हिंसाको साइनो*

'क्रान्ति कुनै डिनर पार्टी होइन,..... यो सुकोमल, शिष्ट, शालीन र मनोहर हुन सक्दैन । .... क्रान्ति एउटा विद्रोह हो, एउटा हिंसात्मक कार्य हो, जसद्वारा एक वर्गले फ्याँक्छ अर्को वर्गलाई उखेलेर फ्याँकिन्छ ।' - माओ ।

चिनियाँ दक्षिणपन्थी अवसरवादीहरूले शान्ति-सुलहपूर्ण, केवल कानूनी संघर्षलाई मात्रै जोड दिइरहेको बेला चेतावनी दिँदै माओले क्रान्तिको प्रवृतिबारे उनीहरूलाई याद दिलाउन यो प्रहार गर्नुभएको थियो । माओलाई यही सन्दर्भमा हिंसाको प्रतीक संझनेहरूले चिनियाँ सशस्त्र क्रान्तिको इतिहास पल्टाएर हेरेमा प्रष्ट देख्नेछन् - माओ हिंसाका पूजारी हुनुहुन्नथ्यो ।

विना भेदभाव मार्ने र यातना दिने प्रथालाई सर्वथा घृणा गर्नु हुने माओले क्रान्तिकालमा जहिले पनि 'जति कम हत्या भयो, - त्यति राम्रो !' भन्नु हुन्थ्यो ।

माओ भन्नुहुन्थ्यो - "सर्वश्रेष्ठ सेनापति उही हो, जसले न्यूनतम् रक्तपातद्वारा नै सर्वाधिक नतीजा हासिल गर्नसक्छ ।"

लाल सेनामा उहाँले हिंसा र व्यक्ति हत्यासम्बन्धी नियम नै बनाएर युद्ध बन्दीहरू र शत्रुको हत्याबारे आचारसंहिता तयार गर्नुभएको थियो । युद्ध-बन्दीहरूलाई औषधि उपचारसहित स-सम्मान गर्नुपर्ने, युद्धमा शत्रुका सैनिक र तल्लो तहका सैनिक अधिकारीहरूको सकेसम्म हत्या गर्नु नहुने र उनीहरूलाई आफ्नो विचार र व्यवहारले दीक्षित पार्नुपर्ने कुरामा उहाँ सधैं जोड दिनु हुन्थ्यो ।

सुन्दा पत्याउनै गाह्रो हुन्छ, कोमिन्ताङकै देशभक्त विद्रोहीहरूले एकपटक आफ्ना खुँखार नेता तथा सैनिक कमाण्डर च्याङ काई शेकलाई गिरफ्तार गरी हत्या गर्न खोज्दा माओ र चाओ एन लाईले उनको स-सम्मान रिहाइको व्यवस्था गर्नुभएको थियो । युद्ध बन्दी हो भने च्याङ काई शेकलाई समेत मार्नु हुँदैन भनेर क्रियाशील हुनुहुने माओले युद्धबन्दी बनाइएका कोमिन्ताङका लाखौं लाख सैनिकहरूको ज्यान बचाउनुभएको उदाहरण यहाँ उल्लेखनीय छ ।

नयाँ जनवादी क्रान्तिको सफलतापछि पार्टीको केन्द्रीय समिति तथा माओद्वारा निर्धारित नीति र व्यवहार पनि मानवीय खालको थियो । त्यसमा भनिएको थियो - प्रतिक्रान्तिकारी समूहका नाइकेहरूलाई सजायँ अनि उनीहरूद्वारा बाध्यतामा पारेर सह-अपराधी बनाइएकाहरूलाई माफी, जसले स्पष्ट रूपमा गल्ती स्वीकार्छ, उनीहरूलाई नरम व्यवहार, त्यस्तो गर्न इन्कार गर्नेहरूलाई कडा व्यवहार, क्रान्तिको सेवा गर्न चाहनेहरूको अपराधलाई प्रायश्चित मानियोस् र खासरूपमा विशिष्ट सेवा गर्नेलाई पुरस्कार दिइयोस् ।'

## *'व्यक्ति होइन, वर्गलाई खत्तम गर !'*

वर्ग शत्रुका रूपमा रहेका जमीन्दार, सामन्त र युद्ध सरदारहरूप्रति पनि माओले कहिले द्वेष र प्रतिशोधको भावनाले निर्देशित भएर हिंस्रक व्यवहार गर्नुभएन, न त अरूलाई नै त्यसो गर्न दिनुभयो । चिकपाका केन्द्रीय नेताहरूदेखि लाल सैनिकहरू र किसानहरू शोषक, उत्पीडक ठूला जमिन्दारहरूको धन-सम्पत्ति, जग्गा जमीन लुट्नुपर्ने र उनीहरूलाई शारीरिक रूपमा समेत सखाप पार्नुपर्ने विचार राख्थे । तर माओले लामो वैचारिक-सांस्कृतिक संघर्षपछि लाल-सैनिक किसानहरूबीच एउटा मानवीय खालको आचारसंहितामा समान धारणा बनाउनुभयो, त्यो धारणा हो धेरै मानिसको हत्या गरेका शोषकहरूलाई जनसमुदाय स्वयम्ले मार्न खोज्छन् भने मार्न दिने, अन्यथा खुँखार शोषकका रूपमा रहेकालाई ठूला, जमीन्दारहरूलाई पनि शारीरिक रूपमा सखाप पार्नु हुँदैन । हामीले जमीन्दार वर्गलाई राजनैतिक र आर्थिक रूपमा सखाप पार्नु पर्दछ, त्यस वर्गका सदस्यहरूको रूपमा रहेका शोषक जमीन्दारहरूलाई पनि बाँच्ने अधिकार दिनुपर्छ, उनीहरूको धन-सम्पत्ति र जग्गा जमीन खोसेर लिँदा पनि अरू मानिसहरू सरह, मानवोचित जीवन यापन गर्न पुग्ने सम्पत्ति छोड्नु पर्दछ । (हेनुहोस् : The History of Modern Chinese Revolution)

माओले लाल सेना छाडेर घर फर्कन चाहने आफ्ना सैनिकहरूलाई जान दिने, अझ घरसम्म जानका लागि चाहिने खर्चसमेत दिएर पठाउने विचार र व्यवहार प्रदर्शन गरेर सबैलाई आश्चर्यचकित पार्नुभएका तथ्यहरू पनि थुप्रै छन् । माओका विरूद्ध विद्रोह गर्ने र उहाँलाई हत्या गर्न खोज्नेहरूलाई समेत मार्न लगाउने काम नगरिकन उहाँले शान्तिपूर्वक लालसेना छाडेर जान दिएको प्रसंगले माओको व्यक्तित्वको नयाँ मानवीय पाटो उजागर भएको थियो ।

लाल सेना छोडेर जाने, विद्रोह गर्ने या नेताहरूलाई मार्न खोज्ने व्यक्तिहरूलाई क्रान्तिकारी आन्दोलनमा अहिलेसम्म गद्दारी गरेको आरोपमा मृत्युदण्ड दिने गरिँदै आइरहेको स्थितिमा माओका यस्ता मानवीय आचरणहरूले नयाँ नीति-नैतिकताको प्रतिमान थप्ने कार्य गरेका छन् ।

त्यसमाथि शोषण र उत्पीडन



*अब चिनियाँ जनता जागिसके ! - चीनको जनवादी क्रान्तिको सफलतापछि १ अक्टोबर, १९४९ मा चिनियाँ जनतालाई संबोधन गर्दै अध्यक्ष माओ*

गरिरहेका उत्पीडक वर्गका मानिसहरूलाई समेत मानवोचित जीवनयापन गर्न दिने र ठूलो जमीन्दार वर्गलाई आर्थिक-राजनैतिक रूपमा सखाप पार्ने तर जमीन्दारहरूलाई शारीरिक रूपमा अन्त्य नगर्ने नीति अख्तियार गरी उहाँले विश्वकै सशस्त्र क्रान्तिको हिंसात्मक इतिहासमा नयाँ मानवीय आयाम थप्ने कार्य गर्नुभएको छ । (हेर्नुहोस् : The Morning Deluge/Han Suyin)

वास्तवमा माओ उत्पीडित जनसमुदायको मात्र होइन, उत्पीडकहरूलाई समेत मुक्त गर्न चाहनुहुन्थ्यो । यस अर्थमा सिंगो मानव समाजको मुक्ति नै उहाँको सिंगो क्रान्तिको लक्ष्य थियो भन्दा अतिशयोक्ति नहोला ।

उहाँ सबै खाले प्रतिक्रियावादी विचारहरू, भावधाराहरू र उत्पीडक वर्गहरूका विरूद्ध उनीहरूको आर्थिक-राजनैतिक र सांस्कृतिक अन्त्यका लागि जति हदसम्म संझौताहीन संघर्ष गर्ने कट्टर योद्धा हुनुहुन्थ्यो त्यति नै मात्रामा कट्टरविरोधी हुनुहुन्थ्यो - क्रान्तिको विजयका लागि गरिने व्यक्तिहत्या, शारीरिक यातना र अंगभंगको अमानवीय कर्मको । अत्याचार, प्रतिशोध र व्यक्तिगत विद्वेषप्रति अत्यन्त घृणा गर्नुहुने माओले पटक पटक संझाउनुभएको थियो - 'व्यक्तिको होइन, वर्गको विध्वंश गर ! रोगीलाई होइन, रोगलाई खत्तम पार !'

## *माओको बेजोड क्रान्ति ? नयाँ जनवादी क्रान्ति*

सन् १९२१ मा स्थापित चिकपाले माओको नेतृत्वमा सशस्त्र क्रान्ति अगाडि बढाउने क्रममा चार चार वटा क्रान्तिकारी युद्धहरूपछि अन्तमा १९४९ मा नयाँ जनवादी क्रान्ति सफल पारी छाड्यो । डा. सन यात सेनको नेतृत्वमा सम्पन्न सन् १९११ को अपूरो पूँजीवादी क्रान्तिलाई पूरा गर्ने उद्घोषका साथ सफल भएको नयाँ जनवादी क्रान्ति वास्तवमा सोभियत संघको अक्टोबर समाजवादी क्रान्तिको भन्दा नौलो ढंगको क्रान्तिको रूपमा देखापर्‍यो ।

सर्वहाराको नेतृत्वमा, विशाल गरीब र मध्यम किसानको तागतको आधारमा, सबैजसो प्रजातान्त्रिक र देशभक्त शक्तिहरूको मोर्चाद्वारा सम्पन्न गरिएको नयाँ जनवादी क्रान्ति वास्तवमा 'माओको क्रान्ति' थियो । माओले नै चिनियाँ समाजका वर्गीय अन्तरविरोधहरूलाई नयाँ जनवादी क्रान्तितिर मोड्ने, त्यसको सही रणनीति, कार्यनीति र रणकौशल प्रदान गर्ने कार्य गर्नुभएको कुरामा कुनै दुईमत छैन । माओले आफ्नो कुशलताद्वारा नयाँ जनवादी क्रान्तिको सफल क्रियान्वयनको क्रममा विश्व कम्युनिष्ट आन्दोलनको इतिहासमा पहिलोपटक बेजोडको नयाँ सोच प्रस्तुत गर्नु भयो - हेपिएका लाखौं लाख किसानहरूले पनि ऐतिहासिक रूपमा क्रान्तिकारी भूमिका खेल्न सक्छन् !


मार्क्सवादले औद्योगिक सर्वहाराहरूको मुक्तिको बाटो मात्र देखाउन सक्छ भन्ने तथाकथित मार्क्सवादीहरूको जडसूत्रलाई नकार्दै उहाँले - मार्क्सवादजस्तो सर्वाधिक सर्वांगीण विज्ञानको सारतत्वलाई आफ्नो देशको विशिष्ट परिस्थितिमा सिर्जनात्मक ढंगले लागू गर्ने हो भने सबै शोषित पीडित वर्ग, समुदाय, जात, जाति, भाषा-भाषी र लिङ्गको मुक्तिका लागि क्रान्ति सफल पार्न सकिन्छ भन्ने देखाउनुभयो ।

नयाँ जनवादी क्रान्तिका महानायक माओको क्रान्तिसम्बन्धी सोच र व्यवहारले खुलेआम घोषणा गर्‍यो - क्रान्तिको वास्तविक अर्थ हो - सामाजिक प्रगति र मुक्तिको लागि जनआन्दोलन ! यही लक्ष्य प्राप्तिको एउटा बाटो हो - सशस्त्र संघर्ष ! सशस्त्र संघर्ष आफैं क्रान्ति र आन्दोलनको लक्ष्य होइन, हुन पनि सक्दैन । वाध्यात्मक परिस्थितिमा अवलम्बन गरिएको सशस्त्र संघर्षसँगसँगै माओले जनजीविका, प्रजातन्त्र र राष्ट्रियताको सवालमा गाउँ र शहरमा सबै तप्काका जनताको संघर्ष संचालनद्वारा नयाँ जनवादी क्रान्तिलाई सफलीभूत पारेर संघर्षमा सबै उपायहरूको अवलम्बनका लागि विश्वका क्रान्तिकारीहरूलाई सचेत तुल्याउनु भयो ।

## *मानवीय सिर्जनशीलता र चमत्कारिक प्रगति*

नयाँ जनवादी क्रान्तिको सफलतापछि थाहा भयो - अब बन्दूकको नालको राजनैतिक सत्ताको उदय त भयो, क्रान्ति त भयो, अब यसलाई कसरी टिकाउने, विस्तृत र गहन कसरी पार्ने ?

क्रान्ति गर्नुभन्दा यसलाई टिकाउन गाह्रो भएको महसूस गर्दै क्रान्तिकारीहरूका महान नेता माओले



***माओले इतिहासमा पहिलोपटक बेजोडको नयाँ सोच प्रस्तुत गर्नु भयो - हेपिएका लाखौं लाख किसानहरूले पनि ऐतिहासिक रूपमा क्रान्तिकारी भूमिका खेल्न सक्छन् !***

घोषणा गर्नुभयो – क्रान्तिले देशव्यापी विजय प्राप्त गर्नु भनेको हजारौं हजारवटा लङ्ग मार्चहरूको पहिलो पाइला मात्रै हो, अगाडिको समाजवादी बाटो त झन् लामो, कठिन छ, समाजवादी रूपान्तरणको काम त झन् विशाल र भयावह खालको छ ।

चिनियाँ क्रान्तिकारीहरूका अगुवा, मार्ग निर्देशक तथा शिक्षक माओले नयाँ जनवादबाट समाजवादको कठिन बाटोमा अगाडि बढ्नका लागि आह्वान गर्दै चिनियाँ जनतासामु सिर्जनात्मकता र क्रियाशीलताका साथ अगाडि बढेपछि विकास र निर्माणले फड्को मार्न थाल्यो ।

सन् १९५६ बाट आत्मनिर्भर समाजवादी अर्थव्यवस्था निर्माणका लागि करोडौं चिनियाँ जनता जुट्न थालेपछि चमत्कारिक ढंगले प्रकृतिलाई नियन्त्रित गर्ने, बेरोजगारी, भोकमरी र अशिक्षा निर्मूल पार्ने र राजनीतिमाथि जनहस्तक्षेपको आँधी आउन थाल्यो । सन् १९५८ को 'महान अग्रवर्ती छलांग' पछि कृषिको सामूहिकीकरण र कम्यूनको निर्माणले समाजवादको निर्माणलाई नयाँ प्रकाश दिए ।

यस्ता चमत्कारिक कामहरूको महत्व आफ्नो ठाउँमा त छँदैछ, तर माओको नेतृत्वमा चिनियाँ क्रान्तिले लिएको बाटो, समातेको प्रक्रिया र पक्रेको दृष्टिकोण र संस्कृति त्योभन्दा निकै महत्वपूर्ण देखिन्छ । ग्रामीण कृषिको विकासलाई औद्योगिक विकासको आधार बनाउने नौलो विकासे मोडल, जनताको श्रमशक्ति र सिर्जनशीलताको बलमा मेशिनीकरण र प्रविधिको विकास गर्ने सोचाइ र व्यवहार, कम्युनलाई उत्पादन, शिक्षा र स्वास्थ्य, सरकारको पाठशाला र प्रयोगशाला बनाउने प्रक्रिया, उद्योग विशेषज्ञ वा नोकरशाहको नेतृत्वमा हुने व्यवस्थापनको सट्टा मजदूरहरूको क्रान्तिकारी कमिटीले संचालन गर्ने शैलीले अभूतपूर्व परिणाम निकाल्न थाल्यो ।

**ल्यूशाओ चि र तेङ सियाओ पिङ आदिले समाजवादी रूपान्तरणको प्रक्रियालाई रोकेर हरतरहले विकासक्रमलाई पूँजीवादी दिशातिर मोड्न खोजे । त्यो कसरी सम्भव भयो होला ?**



*पूँजीवादी बाटोमा हिँडेका चिनियाँ कम्युनिष्ट नेता तथा भूतपूर्व राष्ट्रपति ल्यू शाओ चि (दायाँ) का पछि पछि लाग्दै गरेका देङ सियाओ पेङ (बायाँ)*

उभिएका विभिन्न अन्तरविरोधका अजंगका पहाडहरूबारे सतर्क र सचेत पार्नुभयो । उहाँले क्रान्तिपछि देखापरेका नयाँ अन्तरविरोधहरू देखाउनुभयो ।

अन्तर्राष्ट्रिय स्तरमा चिनियाँ जनता र साम्राज्यवादीहरूबीचको अन्तरविरोध, राष्ट्रिय रूपमा सर्वहारा र पूँजीपति वर्ग बीचको अन्तरविरोध, कम्युनिष्ट पार्टीभित्रै प्रकट भइरहेको पूँजीवादी र समाजवादीरूझान राख्नेहरूबीचको अन्तरविरोध ।

नयाँ जनवादबाट समाजवादको मार्गमा अगाडि बढ्ने सिलसिलामा चिनियाँ क्रान्तिले माओको नीति निर्देशनमा विश्वको मानव इतिहासमा सबैभन्दा विशाल मात्रामा भूमिको पुनर्वितरण, विदेशी तथा दलाल पूँजीपतिहरूका कारखानाहरू र पूँजीको राष्ट्रियकरण, नारीलाई मुक्तिका साथै सामाजिक जीवनमा क्रान्तिकारी परिवर्तन ल्यायो । सुतिरहेका करोडौं करोड मानिसहरू उत्पीडनबाट मुक्त भई आफ्नो असीम

## पूँजीवादको पुनर्स्थापनाप्रति सचेत र सतर्क होऔं ।

*समाजवादी समाजको धेरै लामो ऐतिहासिक अवधि हुन्छ । समाजवादको यसपूरै अवधिमा, वर्ग, वर्ग-अन्तरविरोध र वर्ग-संघर्ष विद्यमान रहन्छ, समाजवादी मार्ग र पूँजीवादी मार्गका बीच संघर्ष जारी रहन्छ, अनि पूँजीवादी पुनर्स्थापनाको खतरा रहिरहन्छ । हामीले यस संघर्षको दीर्घकालीक र जटिल प्रकृतिलाई अवश्य पनि चिन्नुपर्दछ । हामीले आफ्नो सतर्कतालाई उन्नत गर्नुपर्दछ । हामीले समाजवादी शिक्षा संचालन गर्नुपर्दछ । हामीले वर्ग-अन्तरविरोधहरू र वर्ग-संघर्षलाई सही ढंगले बुझ्नु र संचालन गर्नु पर्दछ, हामीले आफ्ना मित्र र शत्रु बीचका अन्तरविरोधहरू तथा जनताका आपसी अन्तरविरोधहरूबीच फरक छुट्याउनु पर्दछ, अनि ती अन्तरविरोधहरूलाई सही तरिकाले हल गर्नुपर्दछ । अन्यथा, हाम्रो जस्तो समाजवादी देश आफ्नो विपरीत दिशामा फेरिने छ, अनि पतित हुन पुग्नेछ, तथा पूँजीवादको पुनर्स्थापना हुन पुग्नेछ । अहिलेदेखि हामीले हरेक वर्ष, हरेक महिना र हरेक दिन यो कुरालाई याद राख्नु पर्दछ, ताकि हामीले समस्याको बारेमा अपेक्षतया गम्भीर बुझाइ कायम राख्न सकियोस् र एक मार्क्सवादी-लेनिनवादी कार्यदिशा अपनाउन सकियोस् ।*

***माओ त्से तुङ, १९६२***

*वर्तमान महान सांस्कृतिक क्रान्ति केवल पहिलो हो, भविष्यमा अपरिहार्य रूपमा यस्ता कैयौं क्रान्तिहरू हुनेछन् । क्रान्तिमा को विजयी हुनेछ, यो मामिला एउटा लामो ऐतिहासिक अवधिपछि मात्रै फैसला हुनेछ । चिजहरूलाई सही ढंगले चलाइएन भने कुनै पनि बेला पूँजीवादको पूनर्स्थापना हुनसक्छ ।*

***माओ त्से तुङ, १९६७***

### *पूँजीवादका अनुयायीहरूसँग संघर्ष*

तर कस्तो विडम्बना भने, क्रान्तिको सफलतापछिको कामकारवाही, कार्यशैली र कार्य पद्धतिको बारेमा विचार अस्पष्टता र पूँजीवादी सोच र व्यवहारको प्रभावले गर्दा चीनमा माओ र ल्यू शाओ चिका फरक फरक अवधारणा, कार्य पद्धति र कार्यशैलीबीच अन्तरविरोध निकै चर्किदै गयो । क्रान्तिपछि समाजवादलाई लागू गर्नुको सट्टा नयाँ जनवादलाई नै सुदृढ बनाई राख्न खोज्ने ल्यूशाओ चि र तेङ सियाओ पिङ आदिले समाजवादी रूपान्तरणको प्रक्रियालाई रोकेर हरतरहले विकासक्रमलाई पूँजीवादी दिशातिर मोड्न खोजे । पार्टी र सरकारमा प्रभुत्व जमाएर बसेका ती पूँजीवादी बाटो हिँड्नेहरूका विरूद्ध माओले सन् १९४९ देखि नै पार्टीभित्र लामो समय संघर्ष गर्नुभयो ।

अन्तर पार्टी संघर्षको सिलसिलामा माओले नयाँ जनवादी चरणदेखि समाजवादी कालसम्म पनि पूँजीपति वर्गसँग सर्वहारा वर्गको वर्ग-संघर्ष चलिरहने वास्तविकतालाई स्वीकारेर चौतर्फी वर्ग-संघर्ष नचलाइकन केवल प्रविधि, विकास, भौतिक उन्नति, उत्पादन बृद्धि र अर्थतन्त्रमाथि मात्र जोड दिँदा पूँजीपति वर्ग मजबूत हुने, निश्चिन्त हुने र समाजवादी विकास बिस्तारै पूँजीवादी विकासमा फेरिने विचार प्रस्तुत गर्नुभयो ।

मानिसमाथि, उनीहरूको सिर्जनात्मकता र क्रियाशीलतामाथि अथाह र असीम आस्था राख्नुहुने माओले समाजको विकासमा, समाजवादी व्यवस्थाको निर्माणमा र मानवताको नियति बदल्ने अभियानमा मानव मानवीय कारकतत्वको पक्षमाथि सर्वाधिक बल दिनुभयो । तर ल्यू शाओ चि र तेङ सियाओ पिङहरूले सिर्जनशील मानवमाथि भन्दा पनि अर्थतन्त्रमाथि, प्राविधिक ज्ञान र अत्याधुनिक मेशिनमाथि, नोकरशाही व्यवस्थापनमाथि, सोभियत सहायतामाथि, सहकारितालाई भन्दा व्यक्तिगत क्रियाशीलतामाथि अत्यधिक जोड दिए ।

पार्टी र सरकारमाथि पकड जमाइरहेका ती पूँजीवादी अनुयायीहरूविरूद्ध माओले अल्पमतमा रहँदा रहँदै पनि अन्तरपार्टी संघर्ष गरिरहनुभयो । उनीहरू कम्युनको निर्माणलगायत सामाजिक शिक्षा अभियानलाई ध्वस्त पार्ने, लालसैनिकहरू र कलकारखानाहरूमा पद, तलब र श्रेणी विभाजन गर्न

थाल्ने काममा अग्रसर हुनथालेपछि माओले नयाँ क्रान्तिको आवश्यकता महसूस गर्न थाल्नुभयो ।

माओले अन्तर पार्टी संघर्ष चलाउँदै अगाडि बढ्दा आफ्ना छिमेकी सहयोगी राष्ट्र सोभियत संघमा समाजवादलाई ध्वस्त पार्दै पूँजीवादको पुनर्स्थापना गर्ने खुश्चेभको संशोधनवादी डफ्फाविरूद्ध 'महान बहस' चलाउनु भयो । सोभियत संघको कम्युनिष्ट पार्टीका संशोधनवादी नेताहरूबाट अत्यन्त प्रभावित चिनियाँ नेताहरू ल्यू शाओ चि र तेङ सियाओ पिङको चुरीफुरी निकै बढ्न थालेपछि उहाँले आफ्नो देशमा पनि समाजवाद नष्ट हुने र पूँजीवादको पुनर्स्थापना हुने संभावनाविरूद्ध डटेर मुकाबिला गर्ने प्रण गर्नुभयो ।

## *सांस्कृतिक क्रान्ति किन ?*

चीनमा सामन्तवाद र साम्राज्यवादविरोधी नयाँ जनवादी क्रान्ति सफल भइसकेपछि जनमानसलाई समाजवादी संस्कृतितर्फ डोऱ्याउन र सामन्ती एवं पूँजीवादी संस्कृतिका दूषित प्रभावहरूबाट बैचारिक-सांस्कृतिक रूपले मुक्त गर्न क्रान्तिले बैचारिक, राजनैतिक र सांस्कृतिक क्षेत्रका कामहरू पूरा गर्न बाँकी नै थियो । त्यस्तै, सत्ताच्यूत भएको वर्ग सम्पूर्ण शक्तिका साथ प्रतिरोधमा उत्रिरहेको र उनीहरूको अवशेषलाई सामाजिक सांस्कृतिक जीवनबाट विस्थापित गर्न त बाँकी नै रहेको थियो । त्यसमाथि ३-४ दशक लामो कम्युनिष्ट आन्दोलनको क्रममा पार्टी सदस्यलाई न त पूँजीवादी संस्कृति, आनीबानी, कुलतहरूबाट मुक्त गर्न सकिएको थियो, न त पुरानो सामन्ती समाजका अवशेषको रूपमा उनीहरूमा सधैं आएका मानसिकता, नीति-संस्कृति र खराब आचरणहरूलाई सखाप पार्न सकिएको थियो ।

चिकपा सत्तासीन भएपछि वैचारिक, सांस्कृतिक र राजनैतिकस्तर निम्न भएका पार्टी सदस्यदेखि केन्द्रीय स्तरका नेताहरूमा समेत पुराना सामन्ती र पूँजीवादी संस्कृतिका साथै थप नयाँ व्यक्तिवादी र अवसरवादी प्रवृत्तिहरू भ्याँगिन थाले । सशस्त्र संघर्ष गर्दैमा, क्रान्ति सफल पार्दैमा, सत्ता कब्जा गर्दैमा यस्ता वैचारिक सांस्कृतिक विकृतिबाट त्यतिकै मुक्त होइने रहेनछ भन्ने कुरा लेनिन, स्तालिन र माओको समाजवादको



*महान सर्वहारा सांस्कृतिक क्रान्तिको घोषणा गर्दै काङ सेङ, चियाङ चिङ, चाओ एन लाई र लिन प्याओ*

**जनतालाई सर्वाधिक क्रियाशील, सचेत, संगठित, आलोचनात्मक, शक्तिशाली सत्तासंचालकको रूपमा विकसित गर्न सर्वहारा जनवादको अभूतपूर्व प्रयोग गरियो ।**

अभ्यासको अनुभवबाट देखापरिसकेको थियो । यसको लागि द्वन्दात्मक भौतिकवादी दृष्टिकोण, सर्वहारा विचार, राजनीति र संस्कृतिको मानदण्डलाई लगातार माथि उठाउँदै लैजाने दृढ संकल्पका साथ संघर्ष जारी राख्नु अनिवार्य रहेछ भन्ने कुरा स्पष्ट देखियो ।

अतः माओको चिन्तन, प्रेरणा र प्रत्यक्ष नीति निर्देशनमा सन् १९६६ मा महान सर्वहारा सांस्कृतिक क्रान्तिको थालनी गरियो, जुन विश्वको कम्युनिष्ट आन्दोलन र सिंगो क्रान्तिको इतिहासको अद्वितीय र महत्वपूर्ण क्रान्ति सावित भयो । सन् १९१९ मे ४ को सांस्कृतिक आन्दोलन मै नेतृत्वस्तरमा क्रियाशील हुनुभएका माओका लागि लाल सेनाको गठन, लालआधार क्षेत्रको निर्माण, संयुक्त मोर्चाको गठन, कोमिन्ताङ सैनिक, जापानी र अमेरिकी हस्तक्षेपविरोधी युद्ध, नयाँ जनवादी क्रान्ति आदि सबै नै सांस्कृतिक चिन्तन र कर्महरू हुन् । त्यसै अवधिमा देशभरि नयाँ जनसांस्कृतिक अभियान चलाइरहनुभएका माओले कला, साहित्यसम्बन्धी येनानको छलफलदेखि 'नयाँ जनवादबारे' सोभियत नेताहरूको संशोधनवादविरूद्ध छेडिएको 'महान बहस' आदिमा नयाँ सांस्कृतिक आन्दोलनलाई नै अभिव्यक्त गर्नुभएको थियो ।

यसैको निरन्तरतामा सर्वहारा वर्गको नेतृत्वमा सतत क्रान्तिको अवधारणासहित माओले सन् १९६४ मा सर्वहारा सांस्कृतिक क्रान्तिको भूमिकाको रूपमा 'समाजवादी शिक्षा अभियान' थाल्दै भन्नुभयो - "वर्तमान आन्दोलनमा प्रहारको मुख्य लक्ष्य पार्टीका ती सत्ताधारी मानिसहरू हुन्, जो पूँजीवादी बाटो अपनाइरहेका छन् ।" शिक्षा सँगसँगै सिंगो कला, साहित्य, संस्कृतिको क्षेत्रमा पूँजीवादी प्रवृत्ति र रूझानहरूको प्रभुत्व रहेको स्थितिमा उहाँले सर्वहारा सांस्कृतिक क्रान्तिका रूपमा एउटा सर्वतोमुखी क्रान्तिको नेतृत्व गर्नुभयो ।

सांस्कृतिक क्रान्तिको क्रममा उहाँले एकातिर खुश्चेभले जस्तै पूँजीवादी बाटो अपनाउने ल्यू शाओ चि र तेङ सियाओ पिङजस्ता नेता र शासकहरूलाई सत्ताच्यूत पार्ने जनअभियान चलाउनुभयो । अर्कोतिर संशोधनवाद हुर्कने वातावरण नै ध्वस्त पार्न जनव्यापी वैचारिक-सांस्कृतिक अभियान चलाउनुभयो । त्यस क्रममा पूँजीपतिहरूका कुप्रभावहरूदेखि लिएर सामन्ती विचार, अवधारणा र संस्कृतिविरूद्ध संघर्ष चलाइयो । सामाजवादी समाजमा विद्यमान रहने जटिल र विकट रूपको वर्ग संघर्षको क्रममा पूँजीवादी शक्तिले पुनः सत्ता खोस्न सक्ने संभावनाहरूलाई मध्यनजरमा राखी सर्वतोमुखी अधिनायकत्व लागू गर्ने प्रयास गरियो ।

## *कोही पनि आलोचना-भन्दा पर छैनन्*

जनतालाई सर्वाधिक क्रियाशील, सचेत, संगठित, आलोचनात्मक, शक्तिशाली सत्तासंचालकको रूपमा विकसित गर्न सर्वहारा जनवादको अभूतपूर्व प्रयोग गरियो । सचेत रूपमा, पार्टी र सरकारका सर्वोच्च नेताहरूदेखि सामान्य सदस्यहरूलाई समेत पार्टी कार्यकर्ता, युवा, विद्यार्थी मजदूर, किसानदेखि करोडौं सामान्यजनको आलोचनाको घेरोभित्र ल्याएर वैचारिक सांस्कृतिक रूपान्तरण गर्ने प्रयत्न थालियो ।

पहिले पहिले पार्टी पंक्तिभित्र मात्रै सीमित रहेको 'शुद्धीकरण आन्दोलन'लाई निर्बन्ध पार्ने क्रममा माओको आफ्नै नेतृत्वमा अत्यधिक विशाल र व्यापक मात्रामा पार्टी, सरकार, स्कूल, कारखाना वा जहाँकहीं पनि सत्तासीन रहेकाहरूलाई 'आलोचना, आत्मालोचना र एकता' को मार्क्सवादी शिक्षा र क्रान्तिकारी पद्धतिविज्ञानको आधारमा सुधार्ने प्रयास गरियो ।

माओले पार्टी र सरकारमा पूँजीवादी विकृति फैलिनुमा पार्टी र सरकारको नेतृत्वदायी व्यक्तिको हैसियतले आफ्नो नैतिक जिम्मेवारी बेसी रहेको विचार पोख्दै आत्मालोचना गर्ने र आलोचनाको घेरोभित्र पार्न अपील गर्नुभयो । क्रान्तिको पहिलो तारो आफू आफ्ना गलत विचार र संस्कृति हुनुपर्ने विचार सार्वजनिक गर्दै उहाँले आह्वान गर्नुभयो - 'हामीले पूँजीवादी पुनर्स्थापनाका लागि प्रयत्नरत संशोधनवादको जग नै भत्काउने हो भने त्यसको आर्थिक, राजनैतिक र



# शिक्षासम्बन्धी माओका मौलिक विचारहरू

## *खालि बुद्धिजीवीहरूसित मात्र ज्ञान छ भन्ने कुरा सत्य होइन*

संस्कृतिमा माओको ठूलो योगदान शिक्षा क्षेत्रमा उहाँले ल्याउन खोज्नुभएको आमूल परिवर्तन हो । माओले चीनमा शिक्षालाई केवल स्कूलको र विश्वविद्यालयको औपचारिक शिक्षामा सीमित नगर्ने नयाँ अवधारणा ल्याउनुभएको देखिन्छ । खेत खलीहानमा, कारखानाहरूमा, कार्यालयहरूमा र छिमेकमा उत्पादन र उत्पादनशील श्रमको उत्पादकत्व बढाउने र दृष्टिकोण, जीवन–मूल्यमा हेरफेर ल्याउने आवश्यकतामुताबिक, र श्रमकै प्रक्रियासित जोडेर छोटो अवधिको अध्ययन कक्षाहरू र साँझ, विहानका र बीचको फुर्सदको समयका अनौपचारिक कक्षाहरू व्यापक रूपमा संचालन गर्नुपर्ने अवधारणा माओले ल्याउनुभएको देखिन्छ । स्कूल–क्याम्पस जाने उमेर नाघेका, तर शिक्षाको अवसर नपाएका मजदूर, किसान, महिलाहरू, प्रौढहरूको विशाल संख्याको लागि यस्तै अनौपचारिक अल्पकालीन शिक्षाले मात्र शिक्षित र सुसंस्कृत हुने अवसर दिन संभव छ भन्ने माओको अवधारणा देखिन्छ । यो अवधारणा विश्वभरिकै निम्ति अत्यन्त महत्वपूर्ण र मौलिक देखिन्छ ।

माओको शिक्षासम्बन्धी अर्को नयाँ र मौलिक अवधारणा के थियो भने, खालि बुद्धिजीवीहरूसित मात्र ज्ञान छ भन्ने कुरा सत्य होइन, न उनीहरूले मात्र शिक्षा दिनसक्छन् भन्ने धारणा नै सत्य हो । अनुभव र ज्ञानका ठूला भण्डार नपढेका, तर उत्पादनशील श्रम गरिरहेका मजदूर, किसान, महिलाहरू, सैनिकहरू, बृद्धहरूसित पनि छ । खालि मजदूर, किसानहरू, महिलाहरू र प्रौढहरूलाई बुद्धिजीवीहरूले लेक्चर दिने कक्षामा ल्याउने होइन, बुद्धिजीवीहरूलाई पनि उनीहरूको कुरा र अनुभव सुन्न उनीहरूकहाँ पठाउनु र कक्षामा ल्याउनु जरूरी छ र दुवैको प्रवचन एवं अन्तर्क्रियाबाट दुवैथरि शिक्षित हुनसक्छन् । स्कूल र विश्वविद्यालयहरूमा समेत अनुभवी मजदूर र किसानहरूले प्रवचन दिने व्यवस्था मिलाउनु पर्दछ ।

शिक्षासम्बन्धी माओको यो धारणा निकै सटिक र उथलपुथलकारी छ र यसले विश्वव्यापी महत्व राख्छ । यही अवधारणालाई व्यवहारमा उतार्ने क्रममा चीनमा सन् १९७६ अघि स्कूल र विश्वविद्यालय शिक्षालाई खालि कक्षा कोठामा सीमित राख्ने प्रथा अन्त्य गरियो । विद्यालयलाई कारखाना, कृषि–कम्युन र सेनाको यूनीटसँग सम्बद्ध गरियो । शिक्षक र विद्यार्थीहरूलाई, बुद्धिजीवी र वैज्ञानिकहरूलाई अनौपचारिक, व्यावहारिक शिक्षाका लागि किसान, मजदूर र सैनिकहरूकहाँ पठाइयो । किसान, मजदूर, सैनिकहरूलाई कक्षा कोठामा ल्याइयो ।

माओले परीक्षा प्रणालीमा पनि आमूल परिवर्तन गर्नुपर्ने विचार ल्याउनुभयो । पुरानो शिक्षा प्रणालीले विद्यार्थीलाई शत्रुको रूपमा लिने र अप्ठेरा, अनौठा प्रश्नहरूमार्फत विद्यार्थीहरूलाई अचानक आक्रमण गर्ने र चकित एवं चिन्तित पार्ने तरिका अपनाउँछ । माओले यसको विपरीत– खुला किताब परीक्षा प्रणालीको अवधारणा ल्याउनुभयो । यो अवधारणा अन्तर्गत विद्यार्थीहरूलाई जाँचका प्रश्नहरू पहिले नै दिइन्छ । विद्यार्थीहरूलाई जाँचमा किताब हेर्ने अनुमति पनि दिइन्छ र कुनै समस्याबारे विद्यार्थीहरूलाई आपसमा छलफलसमेत गर्न दिइन्छ । यो प्रक्रियामा मुख्य कुरो के हेरिन्छ भने, विद्यार्थीमा स्वतन्त्र रूपमा समस्याको विश्लेषण र समाधान गर्ने योग्यता कत्तिको छ, अरूका कुरा केलाएर ठीक बेठीक छुट्याउने र आफ्नो मौलिक सोच विकास गर्ने संश्लेषणकारी आलोचनात्मक क्षमता कत्तिको छ ?– घोकन्ते शिक्षालाई निरूत्साहित गर्न र विद्यार्थीहरूमा आलोचनात्मक क्षमता विकास गर्न यो खालको परीक्षा प्रणाली निकै उपयोगी हुनसक्छ ।

◆ श्याम श्रेष्ठ

---

सांस्कृतिक आधार ध्वस्त पार्नुपर्दछ र मानिसहरूको दृष्टिकोणलाई बदल्नु पर्दछ ।'

समाजवादी रूपान्तरणका दुईवटा पाटाहरू हुन्छन्, एक व्यवस्थालाई फेर्नु, अर्को मानिसलाई बदल्नु । यी दुई पाटाहरूमा सन्तुलन नभएमा पूँजीवादी पुनर्स्थापनालाई कसैले रोक्न सक्दैन । त्यसैले माओले सांस्कृतिक क्रान्तिताका पूँजीवादी पुनर्स्थापनाका भौतिक आधारहरूको समूल नष्ट गर्न पूँजीवादी व्यक्ति स्वतन्त्रता, व्यक्ति मुक्तिवोध र व्यक्तिवादका साथै डर र लालच देखाएर (भौतिक प्रलोभन दिएर) काम गराउने, हिंसात्मक प्रतिस्पर्धा गराउने, माल–उत्पादन गराउने कामलाई नाश गर्न थालियो । र, शिक्षा, संस्कृति, साहित्य, कला, सामाजिक आचार–व्यवहार र संस्कारजस्ता माथिल्लो ढाँचाका सवै अंगहरूमा सतत् क्रान्तिकारीकरणलाई अनिवार्य बनाउने प्रयास गरियो ।

प्रजातन्त्रको नवीन प्रयोगलाई असफल पारियो

यो अद्वितीय, विशाल र जटिल चौतर्फी संघर्षले पार्टी, नेता, शासक, नोकरशाह, कार्यकर्ता र जनताबीच उच्चस्तरको उन्नत, आलोचनात्मक विवेकयुक्त सम्बन्ध विकसित गर्न र पार्टीभित्र र वाहिर जनवाद र केन्द्रीयताको अभूतपूर्व र स्तरीय रूप प्रकट गर्न सघाउ पुऱ्यायो । यसबाट अभूतपूर्व रूपमा देखापऱ्यो - जनता नै इतिहासको वास्तविक निर्माता हुन्, उनीहरूको सिर्जनात्मकता, पहलकदमी तथा निर्णय–प्रक्रियामा बढीभन्दा बढी सहभागिताद्वारा जनतालाई सशक्त, शक्तिशाली र सत्तासीन पार्ने खालको समाजवादी जनवादले मात्रै पूँजीवादी पुनर्स्थापना रोक्नलाई सहयोग पुऱ्याउन सकिन्छ । जनवाद अथवा प्रजातन्त्रको यस्तो नवीन र विशाल प्रयोग सर्वाधिक उदारवादी पूँजीवादी प्रजातन्त्रवादीहरूले कल्पना समेत गर्न सकेका छैनन्, न त सांस्कृतिक क्रान्तिलाई माओको अक्षम्य गल्ती ठान्ने तेङ सियाओ पिङको 'बजार समाजवाद'ले क्रियान्वयन गर्न सकेको छ, न त चीन, सोभियत संघ र पूर्वी यूरोपमा 'प्रजातन्त्रको खोजी' गर्ने पूँजीवादीहरूले प्रयोग गर्न सकेका छन् ।

जनताका लागि, जनता सँगसँगै र जनताद्वारा पूँजीवादको पुनर्स्थापनाविरूद्ध र आफ्नो मुक्तिका लागि अभूतपूर्व रूपमा थालिएको महान सर्वहारा सांस्कृतिक क्रान्ति ९ सेप्टेम्बर १९७६ मा माओको मृत्युसँगै अन्त्य भयो र त्यसले वाञ्छित उपलब्धि हासिल गर्न सकेन । तेङ सियाओ पिङको संशोधनवादी डफ्फाले पार्टी र सरकारलगायत उपरी ढाँचाका सम्पूर्ण संघसंस्थाको संरचनामाथि कब्जा जमाई पूँजीवादको पुनर्स्थापना गर्न थालेपछि सर्वहारा सांस्कृतिक क्रान्तिका प्रयोग र उपलब्धि प्रक्रियाहरूलाई रछयान्मा फ्याँकियो । र, अन्ततः पार्टी कार्यकर्ता र जनताको तल्लो स्तरको वैचारिक–सांस्कृतिक हैसियतलाई दुरूपयोग गर्दै सिंगो समाजवादी क्रान्तिलाई चकनाचुर पार्न थालियो ।

स्तालिनको मृत्युपछि संशोधनवादी ख्रुश्चेभ गुटले पार्टी र राज्यको नेतृत्व हड्पेर पूँजीवादको पुनर्स्थापना गरेको देखेर सचेत र सतर्क हुनु भएका माओले आफ्नो देशमा र सिंगो विश्वमा पूँजीवादको पुनर्स्थापनाविरूद्ध अनि मनुष्यको रूपान्तरणका लागि जुन महान् सांस्कृतिक संघर्ष चलाउनुभयो, त्यो माओको दुःखद् निधनपछि पनि विश्व कम्युनिष्ट आन्दोलन र सिंगो मानव इतिहासकै एक विश्वव्यापी महत्वको सर्वतोमुखी क्रान्तिको रूपमा स्थापित भएको छ ।

### *कमी–कमजोरी कहीं भयो कि ?*


दश–दश बर्षसम्म सांस्कृतिक क्रान्ति चलाउँदा पनि विगतमा क्रान्ति सफल पार्ने कम्युनिष्ट पार्टी, त्यसका शीर्षस्थ क्रान्तिकारी भनाउँदा केन्द्रीय

नेता, पोलिटब्यूरो सदस्य तथा महासचिवहरूमा समेत वैचारिक-सांस्कृतिक परिवर्तन नहुनु भनेको उनीहरूको दृष्टिकोण, आचार-व्यवहार, नीति-संस्कृतिमा केही फेरबदल नआउनु भनेको धेरै नै गम्भीर र सोचनीय पक्ष हो । उनीहरूको मन-मस्तिष्कमा रहेका सामन्ती र पूँजीवादी संस्कृतिहरूलाई दश दश बर्षको सांस्कृतिक क्रान्तिले पनि सिनित्तै बढार्न नसक्नु र तिनीहरूबाटै फेरि एकपटक सोभियत संघमा जस्तै पूँजीवादको पुनर्स्थापना हुनथाल्नुले प्रश्न उठाइरहेको छ - कहीं सांस्कृतिक क्रान्तिको क्रममा केही गल्ती, कमी-कमजोरी भएका थिए कि ?

हुन त चिनियाँ क्रान्ति र सांस्कृतिक क्रान्तिको समग्र विश्लेषण गरी गल्ती-कमजोरीहरूको बारेमा तत्कालै अन्तिम निश्कर्ष निकाल्न सकिने स्थिति बनेको छैन । तर त्यसको बारेमा गहन अध्ययन गरिरहेका विद्वानहरूले संकेत गरेका केही कमी-कमजोरीहरूलाई छलफलका लागि प्रस्तुत गर्ने जमर्को गर्दैछु ।

एंगेल्स र लेनिनको मतअनुसार सर्वहाराको राज्यलाई केन्द्रीकृत राज्यको सट्टा विकेन्द्रित अराज्य (नो-स्टेट) तिर लान नीति-निर्णयको प्रक्रिया तथा राज्यका अन्य कार्य र प्रक्रियामा अधिकतम् संभव सीमासम्म श्रमजीवी जनताको प्रत्यक्ष सहभागिता हुनुपर्दछ । जनताको नाममा, जनताको भलाइ गर्ने ठेक्का लिएका पार्टी र नेताहरूको निरंकुश शासन हुनुहुँदैन । यही मतअनुसार चीनमा पनि सांस्कृतक क्रान्तिताका पेरिस कम्यून र सोभियतहरूको मोडलअनुसार प्रारम्भिक चरणका क्रान्तिकारी जन कमिटीहरू बनाइएका थिए । तर पछि गएर यिनीहरूलाई नीति-निर्धारक स्वायत्त र शक्तिशाली समानान्तर शक्ति-संरचनाको रूपमा विकसित गरिनुको सट्टा कानूनी मान्यता दिएर राज्यको मातहतको निकायको रूपमा विकसित गरियो । यसले गर्दा राज्यसत्तामाथि संशोधनवादीहरूको कब्जा हुनासाथ ती कमिटीहरू जनसम्पर्क गर्ने मातहतको अंग बन्न पुग्यो । पछि त कानूनी प्रक्रियाद्वारा नै यसलाई गैरकानूनी भएको आरोपमा भंग गरियो । यसबाट, आलोचनात्मक विवेकले युक्त श्रमजीवी जनतालाई सशक्तिकरण गर्दै पूंजीवादी बाटोका अनुयायीहरूसँग लड्न समानान्तर खालको शक्तिशाली क्रान्तिकारी जन-कमिटीको जस्तो संरचना, संचालन पद्धति र त्यसमार्फत् सत्तामाथि जनहस्तक्षेपको कारवाहीलाई अक्षुण्ण राखी छाड्नुपर्ने पक्ष स्पष्ट रूपमा देखियो ।

त्यस्तै, विद्वानहरूले उठाएका अरू प्रश्नहरू हुन् - पार्टीको विधानमै लिन प्याओलाई माओका योग्य उत्तराधिकारी घोषित गर्ने निर्णय कत्तिको ठीक छ ? आफ्नो जीवनका निजी स्वार्थहरूलाई क्रान्ति-स्वार्थको अधीनमा राख्ने कि क्रान्तिको स्वार्थसँग एकाम्य पार्ने भन्ने सवालमा प्रश्न उठाइएको छ - क्रान्तिको स्वार्थप्रतिको प्रतिवद्धतामा कमी आयो भने व्यक्तिगत स्वार्थले फणा उठाउँछ कि उठाउँदैन र त्यसले प्रतिक्रान्तितिर डोऱ्याउँछ कि डोऱ्याउँदैन ? - यी सवालहरू अहिलेसम्म अनुत्तरित नै छन् ।



*१९६७ मा सांस्कृतिक क्रान्तिताका लाखौं जनतामाझ क्रान्तिकारी अपेरा प्रस्तुत गर्दै कलाकारहरू*

> निरन्तर सांस्कृतिक क्रान्तिको जरूरत महसूस गर्दै लेनिनले जोड दिंदै भन्नुभएको छ - "सांस्कृतिक क्रान्ति सत्ता-क्रान्तिको अगाडि अगाडि हिंड्नुपर्दछ ।"

## दुई चारवटा सांस्कृतिक क्रान्तिको जरूरत

चारैतिर पूँजीवादले विजय अभियान चलाइरहेको र पुराना समाजवादी राष्ट्रहरूमा समेत पूँजीवादको पुनर्स्थापना भइसकेको स्थितिमा फेरि पनि एउटा महत्वपूर्ण ज्वलन्त प्रश्न उठ्न सक्छ - माओको नेतृत्वमा भएको महान सर्वहारा सांस्कृतिक क्रान्तिले चीनमा समेत पूँजीवादी पुनर्स्थापनाको प्रक्रियालाई रोक्न नसकेको स्थितिमा माओको विचार, व्यवहार र क्रान्तिको महत्ता के हुनसक्छ र ?

मार्क्सले भन्नुभएको छ - 'विश्वलाई बदल्नका लागि मजदूरहरूले सबैभन्दा पहिले आफूलाई नै फेर्नुपर्दछ ।'

यसको लागि निरन्तर सांस्कृतिक क्रान्तिको जरूरत महसूस गर्दै लेनिनले जोड दिँदै भन्नुभएको छ - "सांस्कृतिक क्रान्ति सत्ता-क्रान्तिको अगाडि अगाडि हिंड्नुपर्दछ ।"

माओले सामान्य जनदेखि सचेत, सुसंस्कृत भनाउँदा पार्टी नेता तथा सरकार प्रमुखहरूको दृष्टिकोण र संस्कृतिलाई बदल्न क्रान्तिभन्दा अगाडि शुद्धिकरण अभियान र क्रान्तिपछि सांस्कृतिक क्रान्तिकै अगुवाइ गर्नुभयो । कम्युनिष्ट पार्टी र कम्युनिष्ट पार्टीको क्रान्तिकारी सत्तामा आसीन पूँजीपतिहरू, पूँजीवादी बाटोका अनुयायीहरूलाई सत्ताच्यूत गर्न लामो समयसम्म वैचारिक-सांस्कृतिक र राजनैतिक संघर्ष चलाउनुभयो । जीवनको अन्तिम समयसम्म पनि 'चीनमा समाजवादको विजय हुन्छ कि पूँजीवादको विजय हुन्छ' भन्ने सवाल तय नभैसकेको सत्य उद्घाटन गर्दै उहाँले आह्वान गर्नुभएको छ - चीनमा पनि पूँजीवादको पुनर्स्थापना भयो भने त्यसको विरूद्ध सबैले अथक र अविश्राम संघर्ष चलाउनुपर्दछ र पूँजीवादी पुनर्स्थापनाको जरै उखेल्ने हो भने सर्वहारा सांस्कृतिक क्रान्तिलाई कैयौं पिंढीसम्म दीर्घकालीन रूपमा चलाइरहनु पर्दछ ।'

पूँजीवादको विश्व विजयविरूद्ध, पूँजीवादको पुनर्स्थापना गर्न चाहने संशोधनवादीहरूविरूद्ध कम्युनिष्ट पार्टीभित्र र बाहिर, सरकारभित्र र बाहिर, देशभित्र र बाहिर अथक रूपमा सांस्कृतिक क्रान्ति चलाउनु हुने माओका विचार, व्यवहार र क्रान्ति यस अर्थमा एक्काइसौं शताब्दीको लागि पनि उत्तिकै सान्दर्भिक र महत्वपूर्ण सावित भएको छ । विश्वका सबै क्रान्तिकारीहरूले सत्ता-क्रान्तिभन्दा अगाडि-पछाडि सतत् रूपमा सांस्कृतिक क्रान्ति चलाइरहने चिन्तन, प्रक्रिया र प्रेरणा दिइरहनुभएका माओ त्सेतुङ पूँजीवाद र समाजवादबीच टक्कर रहेसम्म, वगसंघर्ष जारी रहेसम्म र मानवता तथा बर्बरताबीच द्वन्द भइरहेसम्म प्रकाशपुञ्ज बनिरहनु हुनेछ । प्रकाशपुञ्ज माओले सगर्व घोषणा गरिरहनु हुनेछः-

**मुठ्ठीमा समेट्न सक्छौं चन्द्रमालाई**
**नवौं आकाशमा**
**र समात्न सक्छौं कुछुवाहरू**
**पाँच महासमुद्रहरूको गहिराइमाह्य**
**विजयको उल्लासले भरिएका गीतहरू र**
**हामँसोकाबीच**
**हामी फर्कनेछौं ।**
**चुलीहरूमा टेक्ने आँट छ भने**
**केही पनि हुँदैन असंभव, यस संसारमा !**

*(माओ त्से तुङले मे १९६५ मा लिखित 'चिंगकांग शानमा फेरि चढ्दा' नामक कविताको एक अंश)* ❑

◀ आत्मकथा



# एकपटक मलाई सि. आई. डि.को आरोप लाग्यो

◆ निर्मल लामा ◆

एक पटक मलाई सि.आई.डि.को आरोप लाग्यो । यो सायद २०१०/११ सालतिरको कुरो हो । म त्यतिबेला चन्द्रानन्दकै घरमा बस्थें । त्यतिखेर पाटनमा पार्टीको राष्ट्रिय सम्मेलन थियो । त्यस सम्मेलनको डेन (गोप्य स्थल) मिलाउनेदेखि लिएर बाहिरबाट आएका साथीहरूको निम्ति बस्ने स्थान मिलाउने र उनीहरूलाई डेनसम्म पुऱ्याउने सम्पूर्ण जिम्मा मेरो थियो । म त्यतिखेर धेरै क्रियाशील पनि थिएं र मलाई ती कार्यहरूको जिम्मा दिनु उचित पनि थियो ।

मकबुल शाह मेरा असाध्यै मिल्ने साथी थिए । उनी पहिले पार्टीको जिल्ला कमिटीको कुरियर काम गर्थे । पछि केन्द्रलाई चाहियो भनेर उनलाई पार्टी केन्द्रको कुरियर बनाइयो । त्यस सम्मेलनको समयमा उनी आएर मलाई भने- "तिमी तिम्रो बचाउ गर ।" मैले भनें- "मैले के बचाउ गर्नुपर्‍यो ?"

उनले भने- "तिमीलाई गौरीभक्त प्रधानले सि.आई.डि. भनेर पोलिटब्यूरोमा लिखित रिपोर्ट पेश गरेको छ । उसले त्यो रिपोर्ट मेरो हातमा दिएको थियो र मैले त्यसलाई भर्खरै पुऱ्याएर आएको छु ।"

कुरा सुनेपछि मैले मकबुललाई गाली गरें- "तिमीले पार्टीसँग विश्वासघात गऱ्यौ । तिमीलाई विश्वास छ म सि.आई.डि. होइन भनेर, त्यसैले तिमीले यो कुरो मलाई भन्न आयौ । तर म सि.आई.डि. भएको भए त, मैले बच्ने मौका पाएँ नि ! त्यसैले तिमीले पार्टीलाई धोका दियौ । तिमीले यस्तो गर्नु हुँदैनथ्यो । अब गरी नै सक्यौ, भइहाल्यो ।"

त्यसपछि म तुरुन्त शम्भुरामकहाँ गएँ । त्यतिखेर उनी पि.वि.सदस्य थिए । त्यहाँ पुगेपछि म ह्वाँ ह्वाँ रोएँ । शम्भुरामले 'के भयो ?' भनेर सोधे । तर हतपत मैले केही पनि भन्न सकिँन । पछि बल्लबल्ल हिक्कहिक्क गर्दै मैले उनलाई कुरा सुनाएँ- "गौरीभक्तले मलाई सि.आई.डि. भनेर पार्टीको पोलिटब्यूरोमा रिपोर्ट गरेको कुरो सायद तपाईंलाई थाहा छ । सम्मेलनमा सम्पूर्ण प्रतिनिधिहरूको खाने, बस्ने तथा सम्पर्क गर्ने जिम्मा मलाई दिइएको छ । त्यसकारण सबभन्दा पहिले मलाई यो कामबाट मुक्त गर्नुहोला । त्यसपछि मलाई एक ठाउँमा बन्द गरेर राखियोस् । र, सम्मेलनको डेन-सेन जम्मै मैले थाहा नपाएको ठाउँमा स्थानान्तर गरियोस् । केही गरेर परिबन्दमा परी अहिलेको डेनमा पुलिसले छापा मारेर सबैलाई गिरफ्तार गऱ्यो भने त म सि.आई.डि. सावित हुन्छु ।"

तर शम्भुरामले भने मान्दै मानेनन् । सबभन्दा पहिला मलाई सि.आई.डि.को आरोप लगाएको रिपोर्ट पार्टी पि.वि.मा आएको छ भन्ने कुरालाई नै उनले मानेनन् । मानून् पनि कसरी ? पि.वि. सदस्यले पि.वि.सँग नसोधी त्यस्तो कुरा गर्नु पनि त भएन नि !

मलाई सम्मेलनको इन्चार्जबाट हटाइएन । अन्य कुनै पनि जिम्मेवारीबाट पनि मलाई हटाइएन । सम्मेलन राम्ररी नै चल्यो । र, सम्मेलन सिद्धिएपछि मनमोहन अधिकारी पार्टीको महासचिव र पुष्पलाल पि.वि.एम. बने । त्यस्तै शम्भुराम, डि.पि. अधिकारी र शैलेन्द्रकुमार उपाध्याय पनि पि.वि.एम. बने । यसरी पाँच जनाको पोलिटब्यूरो गठन भयो ।

मैले पाँचैजना पि.वि.एम.हरूलाई अलग अलग भेटी भनें- "गौरीभक्तको चुनौती छ- 'एकचोटि पि.वि.को सामुन्ने मलाई र निर्मललाई साथै राखियोस्, म निर्मललाई सि.आई.डि. भएको प्रमाणित गरिदिन्छु ।' उनले यो कुरो पि.वि.मा लिखित रूपले पेश गरेका छन् । त्यसैले पार्टी पि.वि.मा उनको र मेरो भेट गराइयोस् । उनले म सि.आई.डि. भएको प्रमाणित गरिदिन्छन् र म साँच्चिकै सावित भएछु भने मलाई पार्टीले फाँसीको सजायँ देओस् । म पार्टीको सामुन्ने आत्महत्या गर्छु ।"

> *भूपि त्यति बेला आई.ए.को जाँच दिएर घर गएका रहेछन् - थाक्खोलामा । त्यो कुरा थाहा भएपछि हामीले भूपिलाई बोलायौं ।*

तर मलाई पार्टीले गौरीभक्तसँग भेट गराएन । मलाई पार्टीले कामको जिम्मेवारी दिइनैरह्यो र मैले पनि इमान्दारीपूर्वक काम गरिनैरहें । धेरै समयसम्म पार्टीले मलाई गौरीभक्तसँग भेट नगराएपछि मैले पुष्पलाल र मनमोहनलाई "तिमीहरू दुईजनाको जेठान भएकोले उसलाई बचाउन ममाथि अन्याय गऱ्यौ" भन्दा पनि उनीहरूले टेरेनन् । उनीहरूले मेरो कुरोलाई हाँसेर उडाइदिए ।

'होइन, हामीलाई त्यस कुरामाथि विश्वासै छैन । पहिलो कुरो त, रिपोर्ट गरेकै होइन । दोस्रो, रिपोर्ट भएकै भए पनि विश्वासै छैन ।' यति भनेर उनीहरूले टारे । र, त्यो कुरो त्यत्तिकै रहिरह्यो । मैले काम गर्दै गरें । त्यस कुराबाट कुनै पनि काम रोकिएन ।

तर पछि थाहा भएअनुसार मलाई सि.आई.डि. भनेर अभियोग लगाइएकोले गर्दा एउटा काम रोकिएको रहेछ । त्यसबेला भएको पार्टी प्लेनममा पार्टी केन्द्रीय कमिटीमा मलाई पनि सदस्य बनाउने भन्ने कुरो टुङ्गो लागेको थियो । तर ममाथि लागेको त्यही अभियोगको कारणले मलाई केन्द्रीय कमिटीको सदस्य बनाइएन । मेरो ठाउँमा पि.एन. राणालाई राखियो । मलाई यो कुरो धेरै समयपछि केन्द्रीय कमिटीको एकजना सदस्यले बताएका थिए । उनले मलाई 'तिमीलाई त्यतिखेरको प्लेनममा नै सि.सि.एम. बनाउन खोजिएको थियो । तर पछि के भएर हो कुन्नि ? तिम्रो नामचाहिँ काटियो' भने । खोज्दै जाँदा कारणचाहिँ त्यही अभियोग भएको पाएँ । गौरीभक्तले मलाई सि.आई.डि. भनेर पार्टी पि.वि.मा रिपोर्ट गरेको कुरो पछि करीब करीब सेलाएर गयो ।

तर पछि एक पटक अनौठो घटना घट्यो । लक्ष्मण राजवंशीको बिबाहको समय थियो । त्यस बिबाहमा भोजको ब्यबस्थापन गर्ने जिम्मा मैले लिएको थिएँ । भोजमा स्वयंसेवकहरू पनि साथीहरू नै राखेको थिएँ ।

भोजमा पाहुनाहरूलाई ख्वाउने काम सिद्धिएपछि स्वयंसेवक भएर काम गरेका हामीहरू १५/२० जना भोज खान बस्यौं । र, हामीले 'हाम्रो भोजमा दुलही आउनु पर्छ' भनेर करायौं । दुलही आइन् । तर दुलही त मलाई देख्नासाथ तर्सेको मैले पाएँ । उनी किन तर्सिन्, मलाई थाहा भएन ।

पछि मैले लक्ष्मणलाई भनें- "तिम्री श्रीमती मलाई देखेर तर्सिन् ।"

"छैन छैन, तर्स्याछैन ।" - उनले भने ।

मैले भनें - "तिमीले चाल पाएनौ होला । उनी मलाई देखेपछि अलि भसङ्ग भएकी छिन् । अलि तर्सेकी छिन् । किन हो ? सोध है ।"

दुईतीन दिनपछि लक्ष्मणले मलाई भने- "तिमी देखेर मेरी श्रीमती तर्सेकी हो रहेछ ।"

"किन तर्सेकी त ?" - मैल सोधें ।

उनले भने – "सि.आई.डि. भनेर ।"

"उनले कसरी थाहा पाइन् त ?" – मैले सोधें ।

उनले भने – "उसको साथी गौरीभक्तको भदैनी मेघराजकी छोरी हो । (मेघराज तत्कालीन गृह सचिव थिए), उसको घरमा निर्मल भन्ने सि.आई.डि. दिनहुँ रिपोर्ट गर्न आउँथ्यो रे ! त्यही सि.आई.डि. तिमी हौ भनेर उसले ठानी ।"

"उनले त्यो सि.आई.डि. म नै हुँ भनेर कसरी चिनिन् त ?" मैले प्रश्न गरें ।

उनले भने – "तिमी एक दिन गौरीभक्तकहाँ गएका थियौ । तलबाट गौरी गौरी भनेर करायौ । त्यतिबेला मेघराजकी छोरी पनि त्यहीं थिइन् । उनी त्यतिखेर गौरीभक्तको कोठामा थिइन् । मेघराजकी छोरीले मेरी श्रीमतीसँग 'तल को आएको हो ?' भनेर सोधिन् । उनले 'निर्मल भन्ने व्यक्ति आएको' भन्नासाथ मेघराजकी छोरीले 'निर्मल त सि.आई.डि. हो । मेरो बाबुकहाँ दिनहुँ रिपोर्ट गर्न आउँछ' भनिन् । अनि मेरी श्रीमतीले 'त्यसो भए तिमी झ्यालबाट हेरिराख । म उसलाई तलबाटै फर्काइदिन्छु । साँच्चै, ऊ तिमीले भनेको सि.आई.डि. हो कि होइन, चिन ।' भनेर तल गइन् र 'गौरीभक्त कुनै जरूरी काममा बाहिर गएको' भनी तिमीलाई उनले तलैबाट फर्काइन् । फर्कंदा मेघराजकी छोरीले तिमीलाई पछाडिबाट देखिन् । नीलो स्वेटर, साधारण पाइन्ट र शरीरको उचाइ तथा साइज जम्मै त्यो निर्मल भन्ने सि.आई.डि.सँग मिल्यो । उनले उनका बाबुकहाँ धाउने सि.आई.डि. तिमी नै हौ भनिन् । यसरी मेरी श्रीमतीले तिमी सि.आई.डि. हौ भन्ने ठानेकी रहिछिन् ।'

यो कुरा सुनेपछि मलाई सि.आई.डि. भनेर पार्टी पि.वि.मा गौरीभक्त कसरी रिपोर्ट गर्न पुगेका रहेछन् भन्ने कुरो मैले बुझें । त्यसपछि मैले पार्टीलाई भनें – "केस थाहा भयो । गौरीभक्तले मलाई पछाडिबाट देखेर अभियोग लगाएको रहेछ । त्यो निर्मल नामको साच्चिकै सि.आई.डि. पाटनमा बस्छ ।"

तैपनि पार्टीले केही वास्ता गरेन ।

पछि म जेल परें । त्यहाँ निर्मल नामको एक जना डि.एस.पि. गिरफ्तार भएर कैद हुनआयो, उसले सि.आई.डि.को द्वैध भूमिका खेलेको रहेछ । इण्डियालाई हो कि कसलाई, पनि उसले रिपोर्ट पुऱ्याउने गर्दोरहेछ । उसलाई हाम्रै कोठामा राखियो । मैले उसलाई नाम सोधें । उसले आफू डि.एस.पि. निर्मल भएको बतायो ।

अलि दिनपछि त्यो डि.एस.पि.सँग हेमखेम बढाएर बिस्तारै 'तपाईं सि.आई.डि. काम गर्नु हुन्छ ?' भनेर सोधें । उसले 'हो' भन्यो । 'मेघराजकहाँ रिपोर्ट पुऱ्याउन जानुहुन्थ्यो ?' भनेर सोधें, उसले 'हो, म मेघराजकहाँ रिपोर्ट पुऱ्याउन जान्थें' भन्यो । 'नीलो शर्ट लाउनुहुन्थ्यो ?' भनेर सोधें, उसले 'हो, धेरैजसो म नीलो शर्ट नै लगाउने गर्छु' भन्यो । 'तपाईंले गर्दा यत्रो काण्ड मच्चियो । मलाई सि.आई.डि.को आरोप लाग्यो ।' भनेर मैले उसलाई आफ्नो कुरा सुनाएं । ऊ जिल्ल पऱ्यो ।

पछि मैले जेलको त्यो कुरा लक्ष्मण राजवंशीलाई आएर भनें – "मैले त्यो निर्मल नामको सि.आइ.डि.लाई भेटें । उसले त कबुल गऱ्यो ।"

मैले पार्टीलाई पनि यो घटना सुनाएँ । तर पार्टीले वास्ता गरेन ।

यदि म अलिकति पनि कडाइसाथ नगएको भए अर्थात् त्यस केस पछिको समयमा निराशा तथा हतास भएको भए म त सि.आई.डि. सावित हुने थिएँ ।

अर्को एउटा घटना ।

त्यसबेला डा. के.आई. सिंह चीनमा थिए । यो सायद २०१२ सालतिरको कुरा हो । उनी नेपाल फर्कने बेला भएको थियो । पार्टीले दुई जना मानिसलाई चीनमा ट्रेनिङ्ग लिन पठाउने भनेर निर्णय गरेछ । राजनीतिक अर्थशास्त्र पढ्नको निम्ति शम्भुराम र सैनिक बिज्ञान पढ्नको निम्ति पि.वि.मल्ल (पूर्णबहादुर मल्ल) लाई पठाउने भनेर पार्टीले निर्णय गरेछ । त्यो गोप्य कुरो अर्थात् 'टेक' भएकोले कसैलाई थाहा हुने कुरो भएन । पछि अचानक कुनै कारणवश पि.वि.मल्ल जान नसक्ने भएछन् ।

र, एकदिन शम्भुरामले मलाई भने– "तपाईं तयार भएर बस्नुस् । दुई तीन दिनभित्रै तपाईं र म चीन जानुपर्छ । म राजनीतिक अर्थशास्त्र पढ्ने । तपाईंले सैनिक बिज्ञान पढ्ने ।"

बाफ रे बाफ ! त्यो कुरा सुनेपछि मलाई त कता कता के भयो, कस्तो भयो केही भन्न सकिन ।

> ***जहाँ बास बसे पनि कुखुराको मासु खानु भन्ने पार्टीको निर्देशन थियो । त्यसैले बाटोमा बास बसेको प्रत्येक ठाउँमा कुखुराको मासु खाँदै हामी थाकखोला, टुक्चे पुग्यौं ।***

सपनामा पनि चीनमा गएको, माओत्सेतुङ्गलाई भेटिरहेको, हिउँमा हिंडिराखेको, पढिराखेको आदि मात्र मैले देखें । तीन चार दिनसम्म मेरो दिमागमा अरू केही कुरा चढेन ।

यो कुरा भएको सातौं दिनमा हामी काठमाण्डौबाट चीन जान हिंड्यौं ।

वर्षाको बेला थियो । शम्भुराम, म र देवनारायण : हामी तीनजना काठमाण्डौबाट हिड्यौं । देवनारायण हामीलाई पुऱ्याउन आएका थिए ।

हामी पैदल हिंडेर त्रिशूली भएर बाह्र दिनपछि पोखरा पुग्यौं । अनि पोखराबाट हामी तीन जना मात्रै अगाडि बढ्ने आँट आएन । पोखरासम्म त यसअघि पनि म धेरैपल्ट हिंडिसकेकोले मलाई बाटो थाहा थियो । तर मलाई पोखराबाट उता माथितिरको बाटो थाहा थिएन । त्यसैले हामीले हाम्रो साथमा पोखरा पार्टीको डि.सि.एस. (पार्टीको जिल्ला कमिटीको सेक्रेटरी) श्रीप्रसाद गुरूङ्गलाई लियौं । हामी चारै जना सँगै अगाडि बढ्यौं ।

हामीलाई पार्टीको के निर्देशन थियो भने, हिउँमा हिंड्न गाह्रो पर्छ त्यसैले हेल्थ (स्वास्थ्य) बनाएर जानुपर्छ । जहाँ बास बसे पनि कुखुराको मासु खानु भन्ने पार्टीको निर्देशन थियो । त्यसैले बाटोमा बास बसेको प्रत्येक ठाउँमा कुखुराको मासु खाँदै हामी थाकखोला, टुक्चे पुग्यौं । त्यहाँ हामी शम्शेरचाँद थकालीकहाँ पुग्नुपर्ने थियो । र, उनले हामीलाई गाइड खोजेर पठाउनुपर्ने थियो ।

तर हामी त्यहाँ पुगिसकेपछि पनि त्यस ठाउँमा शम्शेरचाँद थकाली आइपुग्न सकेनन् ।

उनी त्यहाँका ठूला सामन्त थिए । कवि भूपिशेरचन र उनी दाजुभाइ पर्ने रहेछन् । भूपिका बाबु हितमान हुन् भने शम्शेर चाँदका दाजु मोहनमान हुन् ।

शम्शेरचाँद नभएपछि हामीले त्यहाँ हामीलाई मद्दत गर्ने को छ भनेर खोज्यौं । भूपि त्यति बेला आई.ए.को जाँच दिएर घर गएका रहेछन् – थाकखोलामा । त्यो कुरा थाहा भएपछि हामीले भूपिलाई बोलायौं । हामीले हाम्रो आ-आफ्नो परिचय दियौं । उनी त्यतिबेला पार्टीसँग सम्बन्धित थिए । बनारसमा विद्यार्थी भएकोले त्यहींबाट उनको पार्टीसँग सम्पर्क भएको थियो । हामीलाई त्यति कुरो थाहा थियो । हाम्रो परिचयपछि उनले हामीलाई आफ्नो घरमा राखे ।

उनले हामीलाई १०/१२ दिनसम्म आफ्नो



घरमा लुकाएर राखे । १०/१२ दिनपछि बल्ल त्यहाँ शम्शेरचाँद पुगे । तर उनले 'म गाइड खोज्न सक्दिनँ' भनेर हामीलाई सहयोग गर्न नसक्ने कुरा बताए । हामीले 'किन ?' भनेर सोध्दा उनले 'भूपिले थाहा पाएकोले' भनेर जवाफ दिए । "मैले गाइड खोजेर तपाईंहरूलाई पठाएँ भने त 'शमशेरले पठायो' भनेर त्यसले मलाई फसाइदिन्छ । त्यसैले म सक्दिनँ ।" भन्ने कुरा शमशेरले गरे ।

त्यसपछि हामीले भूपिलाई "ए भूपि, शमशेर त सक्दिनँ भन्छ । हामीलाई पार्टीले पठाएको हो, तिमीले हामीलाई गाइड खोजेर पठाउन सक्छौ ?" भनेर सोध्यौं । उनले पनि, 'सक्दिन भने ।'

वास्तवमा त्यहाँ उनीहरूबीच दाजुभाइको माराकाट चलिरहेको रहेछ । भेट्दाखेरि त उनीहरू एकदम नरम कुरा गर्थे, ढोग गर्थे र साथै बसेर खान्थे पनि । तर भित्रभित्र भने मारामार, काटाकाटको स्थिति थियो उनीहरूको ।

गाइडको ब्यबस्था गर्न नसकेपछि मैले शम्भुरामलाई 'दुईजना मात्र भए पनि जाऔं । बाटो सोध्दै जाउँला । यता खासै पुलिस चौकीहरू पनि छैनन् । यदि पुलिस चौकी भेटीनै हाल्यौं भने पनि पुलिसहरूलाई केही रूपियाँ दिएर उम्कौंला ।' भनेर गाइडबिना नै अगाडि बढ्ने कुरा गरें । तर उनी मानेनन् ।

त्यसपछि हामी फर्क्यौं । यति बेस्वाद मानेर

-फर्कौं कि फर्कने क्रममा पोखरा पुगेपछि मैले 'म काठमाण्डौ फर्कदिनं' भनें ।

मलाई के लाग्यो भने, कुनै कम्युनिष्टलाई पार्टीले कुनै लक्ष्यमा पुग्ने काम दिन्छ भने ऊ कि लक्ष्यमा पुगीछाड्छ कि मर्छ ।

हामी न सफल भयौं न त मर्‍यौं । त्यसैले मैले 'म काठमाण्डौ जान्न, म यहीं बसेर काम गर्छु' भनें र, म काठमाण्डौ नफर्की त्यहीं बसेर काम गर्न थालें ।

त्यतिखेर इण्डियन कम्युनिष्ट पार्टीले चिनीयाँ कम्युनिष्ट पार्टीसँग सम्पर्क गरेर त्यहाँबाट बोर्डरसम्म हामीलाई लिन पठाउने ब्यवस्था मिलाइएको रहेछ । पछि के थाहा पाएँ भने, चिनीयाँ कमरेडहरू बोर्डरमा हामीलाई एक महिनासम्म पर्खेर बसेका रहेछन् । एक महिनासम्ममा पनि हामी बोर्डरमा नपुगेपछि 'पक्कै पनि हामी हिउंमा परेर मर्‍यौं होला भन्ठानेर उनीहरू फर्केका रहेछन् ।'

उनीहरूले हामी फर्किन्छौं भनेर कल्पना पनि गरेका रहेनछन् ।

यसरी चीन पुग्न असफल भएपछि म काठमाण्डौ नफर्की मध्य गण्डक अञ्चलमा काम गर्न थालें । गोरखा, तनहुँ, लमजुङ्ग, पोखरा, स्याङ्जा, बाग्लुङ्ग इत्यादि सबै मध्य गण्डक अञ्चलमा पर्थे । त्यहाँ मैले हिक्मतसिंह भण्डारीसँग बसेर काम गर्न थालें । त्यहाँ म प्रायः गाउँमा घुम्न जान्थें । त्यसअघि नै बन्दिपुर, मानुङ्ग, रिसिङ्ग, गोरखाबजार, कट्टेल डाँडा, गाईखुरजस्ता ठाउँहरूमा पार्टी-संगठनका आधारहरू भइसकेका थिए । ती आधारहरूलाई नै मजबूत पार्ने र अझ बिस्तार गर्ने काम मैले गरें ।

त्यसबेला ती ठाउँहरूमा पार्टी सम्पर्कको लागि बुटवलबाट ५/६ दिन लगाएर पैदल आउनुपर्थ्यो । त्यस्तै काठमाण्डौबाट पनि त्यहाँ पैदल नै जानुपर्थ्यो । त्रिशूली भएर पैदल जाँदा पोखरा पुग्न राम्ररी हिंड्न सक्नेहरूलाई ७/८ दिन लाग्थ्यो भने साधारण मानिसलाई १०/१२ दिन लाग्थ्यो ।

त्यहाँको संघर्षको स्वरूप कस्तो थियो भने, अनिकाल हुँदा सामन्तीहरूको भकारी फोर्ने ।

लुट्ने होइन, फोर्ने ।

फोर्ने र लुट्नेमा फरक छ । फोर्ने भन्नाले के बुझिन्छ भने भकारी फोरेपछि अन्न तौलेर लिष्ट बनाई बाँड्ने, तर पछि उक्त सामन्तलाई पैसा तिर्ने ।

पर्ति जमिनहरू कब्जा गरी सुकुम्बासीहरूलाई बाँडिन्थे । जालिफटाहाको विरोध गरिन्थ्यो । बेठ-बेगारी, मुफ्तमा काम लगाउने, चर्को ब्याज लिने, घिउ खाने आदि सबैको बिरोध गरिन्थ्यो । त्यस्तै, कुनै सरकारी दौडाहा गयो भने बस्ने ब्यवस्था, खानको निम्ति मसिनो चामल, दाल, खसी, कुखुरा आदि सारा कुरा गाउँलेहरूले बिनापैसा मिलाउनु पर्थ्यो ।

त्यस्तै, बिनापैसा गाउँलेहरूलाई तोडा बोकाइन्थ्यो । तोडा भन्नाले मोहर रूपियाँहरूको धोक्रो हो । त्यतिखेर नोट हुँदैनथ्यो । त्यो तोडा डोटीदेखि काठमाण्डौसम्म बिनापैसा बोकाइन्थ्यो । त्यो बोक्नको निम्ति २००/३०० को हूलले आफ्नै घरको अन्न खाएर ५ दिन, ६ दिन, १० दिन पैदल हिंड्नुपर्थ्यो । त्यस्तै, अरू सरकारी कामहरू जस्तै : टेलिफोनको लट्ठा बोक्ने, झोलुङ्गे पूल बनाउन काम गर्ने आदि सबै गाउँलेहरूले सित्तै गर्नुपर्थ्यो । यी सबै कुराहरूको हामी बिरोध गर्थ्यौं । ❑

*प्रस्तुति : तुल्सीदास महर्जन*

*युवा कवि तथा पत्रकार कृष्ण सेन 'इच्छुक' पत्रिकामा माओवादी सम्बन्धी समाचार छापेवापत सरकारद्वारा पक्राउ परी हाल सप्तरी कारागारमा पुऱ्याइनु भएको छ । एउटा लेखक-पत्रकारलाई कुनै कुरा लेखे वा छापेवापत पक्राउ गरी यातना दिइनु २०४६ सालको ऐतिहासिक जन-आन्दोलनबाट प्राप्त अभिव्यक्ति स्वतन्त्रताको भावनाको बिल्कुलै विपरीत कदम हो । कवि इच्छुकको शिघ्र रिहाइको माग गर्दै हामी यहाँ प्रस्तुत गर्दैछौं- उहाँले सिराहा जेलमा रहनुहुँदा लेख्नुभएको एक नयाँ कविता ।*

*- मूल्यांकन*

# कमैया दुःखीरामलाई प्रश्न

**- इच्छुक**




*कवि*

रेडियोले कैयौं दिनसम्म
प्रसारण गरिरह्यो
प्रमुख समाचारमा
कमैया-मोचनको घोषणा

टि.भि.ले कैयौं दिनसम्म
प्रर्दशन गरिरह्यो
भद्रकालीको धर्नास्थलबाट
खुसीयालीमा निस्केको
कमैयाहरूको उत्साही जुलूस

त्यही जुलुससँगै
नांगो खुट्टा सडकमा हिंडिरहेका
दुःखीराम !
तिमीसँग सोध्न मन लागिरहेछ एउटा प्रश्न
के अब तिम्रा दुःखका दुर्दिनहरू गए ?
बिहानीको सुन्दर प्रकाशसँगै
गहन रातको अन्धकार बिते जसरी
के तिम्रो कष्टमा डुबेका
भोकका कहालीलाग्दा दिनहरू बिते ?
के तिम्रो शोक संतप्त साँझहरू बिते ?

सुकेनासजस्तै
सधैं उत्पीडनको कालाज्वरले ग्रस्त
तिम्रो अस्वस्थ जीवनमा अब
अभाव र अकालका
अँध्यारा पहरहरू बिते ?
दुःखीराम !
तिमीसंग सोध्न मन लागिरहेछ एउटा प्रश्न
यो तिम्रो मुक्ति हो
या अर्को नयाँ भ्रमको खेती ?



रत्नगर्भा फाँटहरू
के अब पसीना बगाउनेहरूका भए ?
अइज्जत जस्तै
जेलिएको शोषणको अवसान भएर
तिम्रो रगतमा
ब्रम्हलूट मच्चाउनेहरू
के अब रसातलमा गए ?
दुःखीराम !
तिमीसँग सोध्न मन लागिरहेछ एउटा प्रश्न
के अब खेत कसको ? - जोत्नेको भयो ?

रेडियोले कैयौं दिनसम्म
प्रसारण गरिरह्यो
प्रमुख समाचारमा
कमैया-मोचनको घोषणा

त्यस घोषणासँगै
उब्जिरहेछन् मेरो मनभित्र
कैयौं दिनदेखि
प्रश्नमाथि अनेकौं प्रश्न

तिमीजस्तै कमैया त होइनन्
तर पनि तिमीजस्तै
किन सुखी छैनन् सुखीरामहरू ?
तिमीजस्तै बँधुवा त होइनन्
तर पनि तिमीजस्तै
किन खुशी छैनन् खुसीरामहरू ?
किन बल्दैन अझै
तिनको चिसो चुल्होमा आगो ?
र, किन फेरिदैन
तिनको आङ्गको फाटेको लंगौटी ?

दुःखीराम !
तिमीसँग सोध्न मन लागिरहेछ एउटा प्रश्न
शोषणका बिरूद्ध चेतनाको संघर्ष अन्त्य भयो
या बल्ल शुरू ? ❑

*सिराहा कारागार*
*८ साउन २०५७ ।*

# के विज्ञानको पछिल्ला आविष्कारहरूले द्वन्दवादका नियमहरूलाई बेठीक ठहऱ्याएका छन् ?

– प्रज्ञानरत्न –

हामीले यसअघि द्वन्दवादका तीनवटा नियमहरूबारे छोटो चर्चा गऱ्यौं । द्वन्दवादका यी नियमहरू सर्वप्रथम हेगेलद्वारा, त्यसपछि मार्क्स र एङ्गेल्सद्वारा उन्नाइसौं शताब्दीमा विकसित गरिएको थियो । यूरोपमा उन्नाइसौं शताब्दीसम्म प्राकृतिक विज्ञानले जुन उँचाइ हासिल गरेको थियो, त्यसको बौद्धिक निचोड थियो - द्वन्दवादका यी नियमहरू । परन्तु बीसौं शताब्दीमा आएर प्राकृतिक विज्ञानले निकै ठूलो फड्को मारेको छ । के यस शताब्दीका बैज्ञानिक उपलब्धिहरूलाई आजका द्वन्दवादीहरूले दही-मथनी गरेर नौनी निकाल्नु जरूरी छैन ?

विश्वमा द्वन्दवाद नै यस्तो दर्शन हो, जसले आफ्ना नियमहरूलाई प्रकृतिमाथि लाद्ने होइन, प्रकृतिबाट नियमहरू आविष्कार र बिकास गर्ने कुराको पक्षपोषण गर्छ । यो नै एउटा त्यस्तो बैज्ञानिक दर्शन हो, जसले आफूलाई कहिल्यै पूर्ण र अन्तिम ठान्दैन । र, हमेशा आफ्नो समयको ज्ञान-विज्ञानको उँचाइको जगमा आफूलाई उठाइरहनुपर्ने र परिष्कृत गर्नुपर्ने आवश्यकतालाई स्वीकार गर्छ । यस परिप्रेक्ष्यमा बीसौं शताब्दीमा प्राकृतिक विज्ञानले जुन उँचाइ हासिल गरेको छ, त्यसको संश्लेषण गरेर द्वन्दवादका थप नयाँ नियमहरू बिकास गर्नुपर्ने र पुराना नियमको समीक्षा गर्नुपर्ने चुनौती विश्वभरिका द्वन्दवादीहरू सामुन्ने छ ।

अहिले पूँजीवादी दार्शनिकहरू के हल्ला मच्चाइरहेका छन् भने, बीसौं शताब्दीका बैज्ञानिक आविष्कारहरूले द्वन्दवादका नियमहरूलाई म्याद नाघेको ओखतीझैं व्यर्थको र असान्दर्भिक बनाएका छन् । अब द्वन्दवाद पुरानो कुरा भैसकेको छ । उनीहरूको प्रचारबाट प्रभावित भएर कतिपय मार्क्सवाद पक्षधर बुद्धिजीवीहरूले समेत यो कुरा उठाउन थालेका छन् । उनीहरूको भनाइअनुसार प्राकृतिक विज्ञान, इलेक्ट्रोन, प्रोटोन र न्यूट्रनबाट क्वार्कसम्म, कण र तरंगको सिद्धान्तसम्म पुगिसकेपछि, सापेक्षताको सिद्धान्त र क्वाण्टम् सिद्धान्तको विकास भईसकेपछि द्वन्दवादका नियमहरूको कुनै सान्दर्भिकता बाँकी रहेको छैन । उनीहरू भनिरहेछन् - जब संसारका सारा पदार्थहरू कण र तरंगहरूद्वारा बनेका छन् भने पदार्थमा विपरीत पक्षबीच द्वन्द नै कहाँ बाँकी छ र द्वन्दवाद सान्दर्भिक हुने ?


त्यसैले अहिलेको मुख्य प्रश्न के हो भने, के द्वन्दवादका नियमहरू बीसौं शताब्दीका बैज्ञानिक आविष्कारहरूको कारणले बेठीक सावित भएका छन् ? के ती अब असान्दर्भिक र निरर्थक ठहरिएका छन् ?

हो, द्वन्दवादले आफ्ना नियमहरू पछिल्लो बैज्ञानिक आविष्कारका आधारमा बेठीक वा अपूर्ण ठहरिन्छन् भने सहजतापूर्वक त्यसलाई स्वीकार्ने र परिस्कृत गर्ने ल्याकतचाहिं राख्छ । तर के पूँजीवादी दार्शनिकहरूले हल्ला गरेजस्तै द्वन्दवादका तीन नियमहरू वास्तवै थोत्रा सावित भएका छन् त ?

आउनुहोस्, यसपटक हामी यसबारे संक्षेपमा चर्चा गरौं ।

द्वन्दवादका तीनवटा नियमहरूमध्ये एङ्गेल्सले प्रस्तुत गरेको क्रमबद्धताअनुसार पहिलो नियम हो - परिमाणको गुणमा र गुणबाट परिमाणमा हेरफेरको नियम ।

यो नियमको सार कुरो के हो भने, प्रकृति र समाजमा हरेक बस्तु हेरफेरको प्रक्रियामा छन् ; हरेक बस्तुको हेरफेर हुने आफ्नै निश्चित ढंग छ; हरेक बस्तुमा गुणात्मक हेरफेर तब मात्रै हुन्छ, जब त्यसमा पदार्थ वा गतिको मात्रामा थप या घट हुन्छ, अन्यथा गुणात्मक हेरफेर असंभव छ । प्रकृतिमा जे-जति गुणात्मक रूपले भिन्न बस्तुहरू छन्, ती सबै या त रासायनिक वा पारमाणविक संरचनाको भिन्नताले गर्दा छन् या गतिको रूपको मात्राको भिन्नताले गर्दा । मात्राको भिन्नताले एउटा निश्चित विन्दुमा गुणात्मक हेरफेर पैदा गर्ने मात्र होइन, गुणात्मक हेरफेरले पनि मात्रात्मक हेरफेरलाई गतिवान र तीव्र बनाउँछ । यही अर्थमा परिमाणको गुणमा र गुणबाट परिमाणमा हेरफेरको नियम भनिएको हो ।



क. मार्क्स



क. लेनिन



भौतिकशास्त्री जे जे थमसन्

के इलेक्ट्रोन, प्रोटोन र न्यूट्रन पत्ता लागिसकेको स्थितिमा पदार्थको परमाणुभन्दा पनि सुक्ष्म रूप तरंग, कण अथवा क्वार्क पत्ता लागिसकेको स्थितिमा यो व्दन्दवादको नियम अझै सान्दर्भिक छ ?

हो, मार्क्स र एङ्गेल्सको जीवनकालसम्म परमाणु (Atom) लाई पनि विभाजन गर्न सकिन्छ भन्ने तथ्य पत्ता लागिसकेको थिएन । त्यतिञ्जेलसम्म डाल्टनको यो सिद्धान्त विश्वभरि हावी थियो कि सबै पदार्थ परमाणुद्वारा बनेका छन्, पदार्थको सवैभन्दा सुक्ष्म रूप परमाणु हो र परमाणु अविभाज्य छ । तर जुन वर्ष एङ्गेल्सको मृत्यु भयो, सन् १८९५ मा, विश्वको परमाणविक भौतिकशास्त्रमा कायापलट ल्याउने बैज्ञानिक आविष्कार भयो - जर्मन भौतिकशास्त्री कोन्राड रोन्टजेनद्वारा एक्स-रेको आविष्कार । त्यसको एक वर्षपछि फ्रान्सिसी भौतिकशास्त्री हेन्री बेक्वेरलद्वारा अर्को एउटा युगान्तकारी आविष्कारको घोषणा भयो - यूरेनीयमको रेडियो-एक्टिभिटीको आविष्कार ।

सन् १८९७ मा ब्रिटिश भौतिकशास्त्री जे जे थमसन्ले विश्वमा पहिलोपटक परमाणुको पनि टुक्रा हुनसक्ने तथ्य पत्ता लगाए । त्यो टुक्राको नाम उनले 'इलेक्ट्रोन' राखे । यो नयाँ ज्ञानबाट पदार्थको सवैभन्दा पुरानो रूप-परमाणु भन्ने धारणामा क्रान्ति आयो । परमाणुभन्दा पनि सानो कणसमेत अस्तित्वमा छ भन्ने पत्ता लाग्यो । सन् १८९८ मा पोलिस बैज्ञानिक मेरी क्यूरी र उनका फ्रान्सिसी श्रीमान रसायनशास्त्री पेरी क्यूरीले अर्को अत्यन्त महत्वपूर्ण आविष्कार गरे - रेडियम र पोलोनीयमको रेडियो-एक्टीभिटीको आविष्कार । एङ्गेल्सको मृत्युपछि उन्नाइसौं शताब्दीको अन्तिम पाँच वर्षको अवधिमा गरिएका यी चारवटा बैज्ञानिक आविष्कारले पदार्थ र परमाणुसम्बन्धी त्यतिखेरसम्मको सम्पूर्ण सोचमा ठूलो क्रान्ति ल्याए ।

परमाणुभन्दा पनि सानो कण इलेक्ट्रोन पदार्थको सवैभन्दा सानो रूपका रूपमा रहेको थाहा भएपछि पूँजीवादी दार्शनिकहरूले हल्ला मच्चाए- अब पदार्थ लोप भयो, पदार्थ नै लोप भएपछि भौतिकवाद असान्दर्भिक भयो भनेर । लेनिनले सन् १९०८ सम्मको बैज्ञानिक आविष्कारलाई दही-मथनी गर्दै ती दार्शनिकहरूलाई के जवाफ दिनुभयो भने, इलेक्ट्रोनको आविष्कार हुँदैमा पदार्थ नै लोप भयो भन्नु हरेक हिसावले वाहियात कुरा हो । हो, इलेक्ट्रोनको आविष्कारपछि जुन सीमामा हामीले पदार्थलाई अहिलेसम्म थाहा पाउने गरेका थियौं, त्यो सीमा अर्थात् परमाणु नै पदार्थको आधारभूत एकाइ हो भन्ने सीमाचाहिं लोप भएको छ । पदार्थबारेको हाम्रो ज्ञान झन् झन् गहिराइतिर प्रवेश गरेको छ । पदार्थका पहिलेका विशेषताहरू-

**इलेक्ट्रोनको आविष्कार हुँदैमा पदार्थ नै लोप भयो भन्नु हरेक हिसावले वाहियात कुरा हो**

परमाणु विभाज्य र परिवर्तनशील छैन भन्ने धारणाहरू अब लोप भएका छन् । परन्तु अहिले पत्ता लागेको नयाँ कण इलेक्ट्रोन पनि त पदार्थकै अहिलेसम्म थाहा पाइएको सबैभन्दा सुक्ष्म रूप हो । भरे विज्ञानले त्योभन्दा पनि सूक्ष्म कण पत्ता लगाउला । त्यतिखेर पनि पदार्थ लोप भएको हुँदैन, जुन सीमामा पदार्थलाई त्यतिबेलासम्म थाहा पाउने गरिएको थियो, त्यो सीमामात्र लोप भएको हुनेछ । पदार्थको मुख्य गुण त अविभाज्य हुनु, अपरिवर्तनशील हुनु होइन, पदार्थको मुख्य विशेषता वा गुण त बस्तुगत यथार्थका रूपमा अस्तित्वमा रहनु, मान्छेको मन, चेतना वा विचारभन्दा बाहिर स्वतन्त्र रूपले अस्तित्वमा हुनु र मनमा त्यो प्रतिबिम्बित हुनु हो । (हेर्नुहोस् लेनिन, Materialism and Empirio Criticism, Foreign Languages Press, Peking 1976, पृष्ठ ३११)

लेनिनकै जीवनकालमा, सन् १९११ मा प्रत्येक परमाणुको केन्द्रीय नाभी (central nucleus) हुन्छ र सूर्यलाई ग्रहहरूले परिक्रमा गरेजस्तै त्यही नाभीलाई इलेक्ट्रोनले फनफन्ती परिक्रमा गर्छ भन्ने कुरा न्यूजिलैण्डका बैज्ञानिक रदरफोर्डले पत्ता लगाए । उनै रदरफोर्डले सन् १९२० मा के पत्ता लगाए भने प्रत्येक परमाणुको नाभीमा 'हाइड्रोजन नाभी साइजका' कणहरू हुन्छन् र यी कणहरूलाई उनले प्रोटोनको नाम दिए । रदरफोर्डको आविष्कारले पदार्थ र परमाणुसम्बन्धी धारणामा ठूलो हेरफेर ल्यायो । उनले के पत्ता लगाए भने प्रत्येक परमाणुको ज्यादाजसो पिण्ड नाभीमा केन्द्रित हुन्छ र नाभीमा पोजीटिभ चार्ज भएका प्रोटोनहरू हुन्छन् । नाभीको बाहिर फन्फन्ती घुम्ने इलेक्ट्रोनमा चाहिँ निगेटिभ चार्ज हुन्छ । सन् १९३२ मा ब्रिटिश भौतिकशास्त्री जेम्स चाड्विकले अझ थप के पत्ता लगाए भने प्रत्येक परमाणुको नाभीमा पोजीटिक चार्ज भएको प्रोटोन मात्र होइन, न्यूट्रल चार्ज भएको न्यूट्रन नामक कण पनि हुन्छ । यही न्यूट्रनमा प्रोटोनमा भन्दा ज्यादा पिण्ड केन्द्रित हुन्छ । यही न्यूट्रन हो, जसले एकथरि प्रोटोनले अर्कोथरि प्रोटोनलाई नाभीबाट बाहिर घचेटेर उछिट्टिन नदिएर सन्तुलनमा राखेको हुन्छ ।

लेनिनले यी युगान्तकारी बैज्ञानिक आविष्कारहरूलाई संश्लेषण गर्न भ्याउनु भएन । लेनिनको मृत्युभन्दा ८ वर्षपछि मात्र न्यूट्रन पत्ता लागेले उहाँले त्यसलाई संश्लेषण गर्नसक्ने कुरै थिएन । *क्रमश :*

❑



# सुधारवादी महाकवि सिद्धिदास महाजु



आजभन्दा १३४ वर्षअघि जन्मेका नेपाल भाषाका महाकवि सिद्धिदास महाजु, जसले पचासवटा भन्दा बढी कृतिहरू लेखे, जसले नेपाल भाषाको पुनर्जागरणको अगुवाई गरे, जसले भानुभक्तको नेपाली रामायणलाई वि.सं. १९६३ देखि वि.सं. १९७६ को कालखण्डमा भावानुवाद गरे, जसले कवि सिद्धिचरण श्रेष्ठलाई नेपाल भाषामा समेत साहित्य समग्र लेख्न प्रेरित गरे, जसले आफूभन्दा १७ वर्ष कान्छा चक्रपाणि चालिसेलाई गुरूसरह माने, उनको बारेमा नेपाली समाजले धेरै कुरा थाहा पाउन सकेको छैन । यद्यपि नेवारी समाजले भने उनको योगदानलाई विशेष श्रद्धाका साथ लिने र उनको स्मृतिमा हरेक वर्ष 'प्रभातफेरी' समेत गर्ने नगरेको हैन ।

> महिलाहरूबारे 'वधुशिक्षा' मा व्यक्त पुरातन विचारहरूकै समयमा महाकवि सिद्धिदास महाजुले आफ्नो साहित्यमार्फत् स्त्री शिक्षाको सन्देश दिएका थिए


महिलाहरूबारे भानुभक्तको 'वधुशिक्षा' मा व्यक्त पुरातन विचारहरूकै समयमा महाकवि सिद्धिदास महाजुले आफ्नो साहित्यमार्फत् स्त्री शिक्षाको सन्देश दिएको कुरा, उनले स्वदेशी उद्योगको विकासको पक्षमा लेखेको कुरा, 'भाग्यलाई नमान, मूर्तिपूजा नगर, स्वाभिमानी बन, छुत अछुत भनेर भेदभाव नगर' भनेर त्यतिखेरै प्रस्तुत गरेको सुधारवादी विचारका कुराहरू पनि व्यापक र अध्ययनको विषय बन्न सकेका छैनन् ।

यसै प्रसंगमा समाजको लागि कलाकर्ममार्फत् संघर्षशील भूमिका निर्वाह गरेका तर इतिहासमा विभिन्न कारणले ओझेलमा पारिएका प्रतिभाहरूको सम्मान गर्ने अभियानअन्तरगत गत भाद्र ३० गते नेपाल भाषाका महाकवि सिद्धिदास महाजुबारे 'सिर्जना : चैत्र ३' साहित्यिक अभियानले काठमाण्डौमा एक कार्यक्रमको आयोजना गर्‍यो । प्रा. माणिकलाल श्रेष्ठ, साहित्यकार फणीन्द्रराज बज्राचार्य र समालोचक गोविन्द भट्टले महाकवि सिद्धिदासबारे बोल्ने क्रममा अभिव्यक्त गर्नुभएका उहाँबारेका जानकारी र उहाँका विचारहरूबारेका टिप्पणीहरू गैर-नेवारी क्षेत्रका जिज्ञासुहरूका लागि निकै नौलो र ध्यानाकर्षक रहेको अनुभव भयो ।

नेपाली भाषा र नेपाल भाषाका कविहरू अशेष मल्ल, दुर्गालाल श्रेष्ठ, पूर्ण वैद्य, बुद्ध सायमि, सुन्दर मधिकर्मी, प्रतिसरा सायमि, राजभाई जःकमि, नातिबज्र, रजनी मिला, सुदन खुसः र पुरूषोत्तम सुवेदीले आ-आफ्ना कविताहरू बाचन गर्नुभएको सो कार्यक्रमको सभापतित्व 'सिर्जना : चैत्र ३' का संयोजक कवि स्नेह सायमिले गर्नुभएको थियो र संचालन 'सिर्जना : चैत्र ३' का सदस्य कवि गोविन्द वर्तमानले गर्नुभएको थियो । महाकवि सिद्धिदासजस्ता हाम्रा देशका विशिष्ट प्रतिभाहरूलाई सबैले चिन्न, सम्मान गर्न र उहाँहरूबाट सिक्नका निम्ति यस्ता कार्यक्रमहरू अत्यन्त उपयोगी र अरू जरूरी भएको पनि हाम्रो अनुभव रह्यो ।

❑ हरिगोविन्द लुइँटेल

# स्व. मोहन खड्काको स्मृतिमा



तीस वर्षको युवा अवस्थामै चित्रकला क्षेत्रमा विशेष पहल र पहिचान स्थापित गरेर असामयिक निधन भएका कलाकार स्व. मोहन खड्काको स्मृतिमा इन्द्रेणी सांस्कृतिक समाज (इसास) कीर्तिपुरले गत २५ गते काठमाण्डौमा एउटा कार्यक्रमको आयोजना गर्‍यो । चित्रकलाप्रेमी बाल-बालिकाहरूलाई चित्रकला सिकाउने एकदिने प्रशिक्षण शिविरको रूपमा आयोजित सो कार्यक्रममा प्रशिक्षकको रूपमा सहभागी युवा चित्रकारहरू राजन काफ्ले, शान्तकुमार राई, सुन्दर बस्नेत, अस्मिना रंजि;, लक्ष्मण भुजेल, पृथ्वी श्रेष्ठ, रामकृष्ण भण्डारी, कमलेश महर्जन, राजमान महर्जन, संघराम महर्जन र दीलिप महर्जनले स्व. मोहन खड्का जस्ता स्रष्टाहरूलाई औपचारिक कार्यक्रम गरी संझनुभन्दा यस्तो सिर्जनामूलक कार्यक्रहरूमार्फत् संझना गर्नु बढी उपयोगी हुने कुरा व्यक्त गर्नुभयो ।

वास्तवमा, इतिहासका योग्य पात्रहरूलाई वर्तमानको आवश्यकतासँग जोडर स्मृति वा सम्मान गर्ने यस्तो परिपाटी नै बस्न सके त्यस्ता स्मृति वा सम्मानहरू बढी सार्थक हुने अनुभूति सो कार्यक्रमले दिएको पाइन्थ्यो ❑

# एउटा सानो घर होस्, एउटा दुहुनो गाई – बीपी



व्यंग्य

– विमल निभा –

के तपाईंले कुनै कांग्रेसी नेताको घर देख्नु भएको छ ? मैले देखेको छु । तर जिल्लास्तरीय । मेरो जिल्लाको कांग्रेस सभापतिको घर । अतःएव पटक्कै नदेखेको भन्न मिल्दैन । मलाई त दुईचार पटक घरभित्रसम्म जाने सौभाग्य पनि प्राप्त भएको छ । कहिलेकाहीं काम पर्छ । जे भए पनि मेरो जिल्लाको प्रभावशाली नेता हुन्, जसको पार्टी सरकारमा आसीन छ । तसर्थ जानैपर्छ । भन्नोस्, नगएर के गर्ने ?

उनको घर मेरो घरभन्दा धेरै पर पनि छैन । तर नजिक भन्न पनि गाह्रो छ । टोल फरक छ । मेरो घर जेल-रोडमा पर्छ । नेताजीको स्वतन्त्रता-चोकमा, जहाँ उनको कीटनाशक औषधिको चल्तीको पसल छ । तल कीरा मार्ने दवाई र माथि परिवार । कीराको होइन, नेताजीको परिवार । माता, पिता, पत्नी र छोराछोरीहरू । जेहोस्, नेताजीको घर ठूलै छ । जस्तो नेता, त्यस्तै घर । घरअनुसार उनको नेतागिरी चलिरहेको भन्नुपर्छ । अथवा, यस्तो पनि भन्न सकिन्छ- नेतागिरी बमोजिम उनको घर छ ।



संक्षेपमा भन्ने हो भने मेरो जिल्लाको कांग्रेस सभापतिको घर सानो छैन । तर घरको नामचाहिं सानो र चिटिक्क परेको छ – ओम कुटी । अब कुटीलाई कसरी ठूलो घर भन्न सकिन्छ ? जोगीहरू बस्ने घरलाई कुटी भन्ने चलन छ । आश्रम पनि भन्ने गरिन्छ । उदाहरणको लागि, बाल्मीकी आश्रम । तर हाम्रो नेताजी कुनै जोगी होइनन् । एक कांग्रेसी नेता हुन् । भ्रम नहोस् ।

अँ, एकपटक उनी भगवान रजनीशको प्रभावमा परेका थिए । भगवानको फोटोयुक्त लकेट लगाएर डुलिरहन्थे । तर एउटा चर्चित 'यौन काण्डमा' उनको पनि नाउं आएकाले नेताजीले माला भिर्न छाडिदिए । अब रजनीशको कुरा पनि गर्दैनन्, जस्तो पहिले चाख मानी-मानीकन गरिरहन्थे । अचेल सबैसँग गिरिजाबाबुको मात्र कुरा गरिरहन्छन् । के यही कारणले उनी पुनः कांग्रेसको जिल्ला सभापतिमा मनोनित भएका हुन् ?

उनका पुराना साथी रजनीशभक्तहरू भन्छन् – नेताजीमाथि अहिलेसम्म भगवानको असीम कृपा छ । तर उनी चाहिं हाक्काहाक्की यसलाई गिरिजाकृपा भन्ने गर्छन् । अतः यहाँका गिरिजाविरोधी कांग्रेसीहरू उनीसँग क्रुद्ध छन् । यसको प्रत्यक्ष प्रमाणको रूपमा एउटा फौजदारी मुद्दालाई लिन सकिन्छ, जो उनीमाथि उनकै पार्टी सचिवले दायर गरेका हुन् । सचिवज्यू गिरिजाविरोधी गुटका निर्विवाद अगुवा हुन् । केही वर्षअघिसम्म गिरिजाबाबुकै गुटमा थिए उनी, जब जिल्ला सभापतिज्यू भित्रभित्रै गिरिजाविरोधीहरूप्रति सहानुभूति राख्थे । दुवै एउटै गुटमा कहिल्यै बसेनन् । कुन्नि, यसको कारण के हो ? टाढाको नाताले काका-भतिजा हुन् । तर मजाको कुरो के छ भने, जिल्लावासीहरूलाई आफ्नो एकता प्रदर्शन गर्न दुवै अबेर रातिसम्म संगसँगै रक्सी खान्छन् र एउटै महिलासँग खुल्लमखुल्ला प्रेम गर्नेगर्छन्, जो कांग्रेस पार्टीको एक वरिष्ठ सदस्यकी कान्छी श्रीमती हुन् ।

तर प्रसङ्ग हाम्रो नेताजीको घरको हो ।

जब म प्रथमपटक उनको घरमा गएको थिएँ, घरलाई एक नजर देख्नासाथ म प्रभावित भएँ । अग्लो घर । भव्य एवं अत्याधुनिक डिजाइनले सज्जित । आकर्षक रंग-रोगनले एकदम फिट थियो । अप्रभावित रहन संभव नै थिएन । मेरो मुखबाट अनायाश प्रकट भयो- वाह, क्या ठूलो घर । मेरो स्वाभाविक टिप्पणी सुनेर नेताजी रूष्ठ भए । मसंग बात मार्नसमेत चाहेनन् । मलाई बाहिरै छाडेर भऱ्याङ्ग उक्ले ।

म जिल्लाराम भई त्यहीं उभिइरहें ।

पछि ज्ञात भयो, नेताजी आफ्नो घरलाई ठूलो घर भन्न रूचाउँदैनन् । तसर्थ दोस्रोपटक त्यहाँ पुग्दा मैले भनें – नेताजीको घर त सानै रहेछ । यसलाई ठूलो भन्न सकिँदैन । मिल्दैन । यो सुनेर उनी गद्‌गद् भए । मलाई घरभित्र लगेर सोफामा बसाएर सप्रेम चिया पिलाए । पुरनमल हलवाईकहाँबाट ल्याइएको महँगो समोसा पनि खुवाए । अनि प्रफुल्ल मुद्रामा भने – के काम छ ? भोलिपल्ट नै मेरो सबै काम भयो, जसको मैले आशा नै गरेको थिइँन । यो सबै उनको घरलाई 'सानो घर' भनेको सुपरिणाम थियो ।

नेताजीको घरको साइज घटाएर तपाईं पनि आफ्नो काम गराउन सक्नुहुन्छ । एक पटक प्रयास गरेर त हेर्नोस् । के मेरो अनुभवबाट तपाईंले फाइदा नलिने ?

जहाँसम्म दुहुनो गाईको कुरो छ, नेपाली कांग्रेसले एक थान दुहुनो गाई भेट्टाइसकेको छ, जसलाई दोहन गर्ने क्रिया बडो धुमधामले सम्पन्न भइरहेको छ । कुनै पनि प्रकारको बाधा व्यवधान छैन । सरलतापूर्वक भइरहेको भन्नुपर्छ । त्यसो त गाई नामको प्राणी सोझो नै हुन्छ । आफ्नो तीखो र कडा सिंङको प्रयोग गर्न असमर्थ । सर्वथा दयालु । घरेलु गाई शाकाहारीको श्रेणीमा पर्छ । के कुनै गाईले ज्यानै लिने हिंसात्मक व्यवहार गरेको देख्नुभएको छ ? फलस्वरूप प्रत्येक कांग्रेसी नेताको स्वास्थ्य अचेल राम्रै देखिन्छ । यदि कुनै जीर्णशीर्ण र कमजोर देखिएको छ भने त्यो मेरो विचारमा कांग्रेसी हुँदैहोइन । कुनै अवस्थामा पनि । नित्य क्यालोरीयुक्त दुग्ध सेवनको सुविधा हुनेहरू कसरी रोगी हुनसक्छन् ? यो त असम्भव नै छ । के तपाईं यसलाई पत्यार गर्नुहुन्छ ? म त पत्याउँदै पत्याउँदिन ।

तपाईं भन्नुहोला, त्यो दुहुनो गाई कुन हो ? यसको उत्तरबाट कोही अनभिज्ञ छैनन्, जो कोही पनि सजिलै भन्न सक्छन्, के कठीनाइ छ ? हेर्नोस्, त्यो दुहुनो गाई हो- यो देश, जसको नाउँ हो नेपाल । अर्थात् महाकवि देवकोटाको भाषामा सुन्दर, शान्त र विशाल, जसको बासिन्दालाई नेपाली भनिन्छ । नेपालीहरू वीर हुने गर्छन् । यो वीरतालाई प्रसिद्ध कवि भूपि 'बुद्धूपन' भन्नुहुन्छ । हामी वीर छौं । तर बुद्धु छौं ।

विषयान्तर भएजस्तो छ । म दुहुनो गाईको कुरा गरिरहेको थिएँ ।

दुइवटा सिंङ, एउटा पुच्छर, चार खुट्टा नहुँदैमा गाई नहुने होइन । केटाकेटीमा लेख्ने र घोक्ने स्कूले निबन्धको कुरो छाड्नोस् । गाईको परिभाषा वर्तमान सन्दर्भमा उही छैन । यसले व्यापकता ग्रहण गरिसकेको छ । यो पृथक भइसकेको छ । अतःएव यो देशलाई दुहुनो गाई भनिएकोमा आपत्ति प्रकट नगर्नोस् । हो, यो दुहुनो गाई नै हो । यसमा शंका गर्नु अज्ञानता हो ।

जेहास्, यो देशलाई यसरी दुहुनो गाई बनाउने सम्पूर्ण श्रेय नेपाली कांग्रेसलाई जान्छ । सबभन्दा ठूलो पार्टी । एक मात्र प्रजातान्त्रिक पार्टी । नेपाली कांग्रेसको यही दावी छ । अन्य पार्टीहरूले फुर्ति नगरे हुन्छ । सो दुहुनो गाईबाट हुने यावत् लाभबाट सबै कांग्रेसीहरू जानकार छन् । कोही अनभिज्ञ छैनन् । वीपीको आदर्श कांग्रेसीहरू त्याग गर्न सक्दैनन् । उहाँले दुहुनो गाईको विषयमा पहिले नै सबैलाई सूचित गरिसक्नु भएको छ । अभ्र, त्यसमा गिरिजाबाबुको आदर्श थपिए के कुरा ?

मलाई त यो देशको प्रजातन्त्र पनि उच्च स्तरको दुहुनो गाईजस्तो लाग्छ । जनआन्दोलनको अभूतपूर्व सफलतापश्चात् प्रजातन्त्रलाई यति चाँडै दुहुनो गाईमा परिणत गर्नु कम होइन । यो चमत्कार हो । अतएवं नेपाली कांग्रेस पार्टीलाई मान्नैपर्छ । कमसेकम म त मान्छु, जसका नेताहरू गाईका थुन समातेर जोडजोडले हल्लाईरहेका छन् । अर्को शब्दमा, यो कार्यलाई थुन भट्कानु पनि भनिन्छ । परिणामस्वरूप, त्यहाँबाट भरभर दूध भरिरहेछ । धारोष्ण दूध, दुधबाट घ्यू, मखन, चीज, आइसक्रीम, मिठाई आदि बनाउन सकिन्छ, जो खान स्वादिष्ट हुनेगर्छ । साथसाथै स्वास्थ्यवर्द्धक पनि हुन्छ । ❑

◀ किताब

# विकासको कुन नमूना ?

◆ हरि रोका ◆




ऐतिहासिक पूँजीवादमा मूलतः तीन आधारभूत अन्तरविरोधहरू रहेका हुन् । (क) बेमेल अर्थतन्त्र, (ख) विश्वव्यापी ध्रुवीकरण र (ग) श्रममाथिको शोषण प्रवृत्तिको विकाससँगै प्रकृतिको बिनास । (-Future of Maoism- Rejoinder XXII)

यी तीन अन्तरविरोधहरूलाई वर्तमान पूँजीवादी ढाँचामा यसरी पनि परिभाषित गर्न सकिन्छ : (क) मजदूर वर्गको आवश्यकीय मागहरूलाई बेवास्ता गर्दै मजदूरविरोधी कानून पास गर्ने र अत्यधिक नाफा (super profit) कमाउने । त्यसैगरी, मजदूरहरूको स्वतन्त्र मानव हुन पाउने मानवीय अधिकार कुण्ठित गर्दै उनीहरूमाथि मालिक्याइँ थोपर्ने । (ख) पूँजीवाद आधारभूत आर्थिक विकास (अर्थतन्त्र)को विरोध गर्छ र संसारकै भविष्य सुनिश्चित गर्ने र त्यसका लागि 'बचत' गर्ने कुरालाई इन्कार गर्छ । (ग) पूँजीवादले खडा गर्ने अन्तर्निहित अन्तरविरोध भनेको धनाढ्य शहरी केन्द्रहरू (opulent centres) र दरिद्र परिवृत (miserable peripheries) अर्थात् ग्रामिण क्षेत्रबीचको आर्थिक खाडल फराकिलो र मिल्नै नसक्ने बनाउदै लैजानु हो । (उही- पेज XX)

बितेको शताब्दीमा थुप्रै मुलूकहरूले स्वतन्त्रता प्राप्त गरे । कसैले सामन्तवादविरूद्धमा संघर्ष गर्नु पर्‍यो । कतिले साम्राज्यवादी उपनीवेशवादविरूद्ध । कतिले जनवादी क्रान्तिमार्फत् पूर्ण प्रजातन्त्र प्राप्त गरे । त्यसैले आर्थिक, सामाजिक र राजनीतिक परिवर्तनको रूपान्तरण कार्य पनि भिन्न भिन्न चरित्रको रहनपुग्यो । यो रूपान्तरण प्रकृयामा मूलतः तीन वटा अवधारणा अघि सारियो - (क) समाजवादी (ख) स्ट्याटिष्ट (केन्द्रीयकृत आज्ञापालक सिद्धान्तमा आधारित) र (ग) परिवृत्त पूँजीवाद (periphery capitalism) (Part 1 Page-3) । लेखकका अनुसार पहिलो अवधारणालाई ब्यबहारमा चीनमा उतारियो, दोस्रो नमूना पूर्व सोभियत संघलगायत पूर्वी यूरोपमा र तेस्रो अवधारणा तेस्रो विश्वका अधिकांश मुलूकहरूमा ।

राजनीतिक परिवर्तनपछि आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा परिवर्तन आउनैपर्ने हुन्छ । यो अनिवार्य शर्त हो । क्रान्तिकारी परिवर्तनका लागि पछौटे समाजमा कामदार किसान र मजदूर वर्गको वर्गीय ऐक्यवद्धता अनिवार्य हुन्छ । त्यसैगरी, अन्तर्राष्ट्रिय पूँजीवादी साम्राज्यवादमार्फत् लादिएको श्रम-विभाजनको सिद्धान्तले खडा गरेको विभाजनलाई चुनौती दिन पनि यो ऐक्यवद्धताको आवश्यता हुन्छ । किसान र मजदूरबीचको यो वर्गीय एकतालाई चिनीयाँ क्रान्तिपछि सफलतापूर्वक कार्यन्वयन गरियो । अन्य मुलुकहरूको तुलनामा सामाजिक न्याय भएको, न्यायोचित वितरण प्रणाली भएको, समानतातर्फ उन्मुख समाजको विकास गर्न सफलता प्राप्त भयो । दोस्रो, स्ट्याटिस्ट मोडल अपनाइएको पूर्व सोभियत संघ र पूर्वी यूरोपेली देशहरू, जहाँ क्रान्तिपश्चात् किसान र मजदूरवर्गबीचको ऐक्यबद्धताको अन्त्य गरियो र उत्पादन र वितरणका सबै पद्धतिहरू असमान बन्दै गए । सेना, सफेदपोस कर्मचारीतन्त्र र मजदूर-किसान, यी तीन वर्गको वर्गीय भिन्नता उँचाइमा पुग्दै गयो । उत्पादन र वितरण प्रणालीमा ठूलो संख्यामा रहेको किसान र मजदूर वर्गको निर्णायक भूमिका रहन सकेन । फलस्वरूप कामदार वर्गको नाममा साम्राज्यवादी पूँजीवादको अन्तराष्ट्रिय स्तरको श्रम विभाजनको विकल्पमा उभ्याउने समानान्तर प्रणालीको विकास गर्न खोजियो । तेस्रो, परिवृत्त पूँजीवादी साम्राज्यवादको इशारामा तिनका माध्यामहरूमार्फत् समाजमा रहेका बहुसंख्यक किसान, मजदूरवर्ग माथिको शोषणमा आधारित थियो, आधारित छ र राष्ट्रिय राज्यका पर्खालि भत्काइए तेस्रो विश्वका यी मुलुकहरू अत्यधिक समस्याबाट ग्रसित छन् । समिर आमिनले तथ्यतथ्याङ्का आधारमा तीनवटै नमूनाहरूको तुलनात्मक अध्ययन र अघिल्लोको तुलनामा पछिल्ला दुई असफल भएको घोषणा गर्नुभएको छ ।

समाजवाद पूँजीवाद होइन, न त समाजवाद पूँजीपतिविहीन पूँजीवाद (Capitalism without capitalist) नै हो । न त समाजवाद साम्यवाद (communism) नै हो । साम्यवादतर्फ समाज उन्मुख हुन र अन्त्यमा त्यहाँ पुग्न समाजमा निरन्तर उत्पन्न भैरहने सामन्तवाद र पूँजीवाद पक्षधरहरूविरूद्ध मजदूर-किसान वर्गको ऐक्यवद्धतापूर्ण वर्ग संघर्षको निरन्तरता पनि अपरिहार्य हुन्छ । त्यसका निमित्त उत्पादनका साधनहरूमाथि, उत्पादन पद्धतिमाथि उत्पादित बस्तु वा सेवाको सामाजिक र न्यायोचित वितरणका निम्ति किसान र मजदूर कामदार वर्गको भूमिका निर्णायक हुन अनिवार्य छ, नत्र पूँजीवाद र संशोधनवादले पुनः प्रतिगमनको बाटोका लागि उपयुक्त मौका पाउने छन् । - आमिन भन्नु हुन्छ ।

सन् १९८० को दशकको मध्यतिर समिरले लेख्नुभएको पुस्तकको नाम हो - माओवादको भविष्य (Future of Maoism) । यो किताब फ्रान्सेली भाषाबाट अंग्रेजीमा अनुवाद भयो । यो अनुवादित किताबमाथि सन् १९९८ तिर भाष्कर नन्दीले भूमिका लेख्नु भयो । भूमिकामाथि समिर आमिनले पुनः जवाफ दिनुभयो । त्यसको शीर्षक थियो- एक्काइसौं शताब्दीतिर मार्क्सवाद : एक जवाफ (Rejoinder-Towards 21st Century Marxism) ।

त्यसपछि पनि उहाँले १९९४ को नोभेम्बरमा आफूले तयार पार्नुभएको एउटा अर्को आलेख थपियो । जसको शीर्षक छ - के कहीं वास्तविक चिनियाँ मोडल बाँकी छ ?

यी पछि थपिएका तीन परिच्छेदबाहेक मूल परिच्छेद तीनवटा छन् : (क) विकासका नमूनाहरू, (ख) उत्पादक शक्तिहरू, समाजवादी, स्ट्याटिष्ट र पूँजीवाद । एक ऐतिहासिक परिप्रेक्षमा चिनियाँ नमूना र (ग) माओवाद र संसोधनवाद ।

नेपालमा कम्युनिष्ट पार्टीका नाममा दुई खाले अतिवादहरू प्रभावशाली देखिएका छन् । एउटा अत्यन्त पूँजीवादी साम्राज्यवादीहरूले निरूपण गरेको श्रमको विभाजन र उत्पादन पद्धतिमा नै परिवर्तन देख्छ र सर्वहारा किसान र मजदूरवर्गको हितलाई किनारा लाउने प्रयत्नमा पूँजीवादी साम्राज्यवादीहरूसँग हातेमालो गर्दैछ । अर्को, माओवादकै नाममा वर्गका विभिन्न स्रोत, स्वरूप र तिनको भूमिकालाई सही मूल्यांकन नै नगरी प्रमुख वर्गशत्रुका विरूद्ध अरू संगको ऐक्यवद्धतालाई इन्कार गर्दै अघिबढ्न प्रयत्नशील छ ।

यी दुवै अतिवादी सोच, सैद्धान्तिक, वैचारिक र वर्तमान पूँजीवादको अन्तरविरोधलाई सु-स्पष्ट बुझ्न नसक्दा भएका हुन् । यो पुस्तकले नेपालका वामशक्तिहरूलाई वर्तमान समयको अन्तरद्वन्द बुझ्न, जन-आन्दोलन वा जनयुद्धको सार्थकतालाई बुझ्न वा सहभागी हुने वर्गहरूको वर्गीय स्वरूपलाई निर्धारण गर्नमा सहयोगी हुनेछ । त्यसैगरी, तथाकथित प्रजातान्त्रिक समाजवादीहरू र पूँजीवादका अनुयायीहरूका निमित्त तेस्रो विश्वका हाम्राजस्ता मुलूकहरूको तुलनात्मक अध्ययन गरी कुन मोडल वा कुन नमूना-विकास आजको आवश्यकता हो ? - पहिचान गर्न सजिलो हुनेछ । ❑

कृति : The Future of Maoism
लेखक : Samir Amin
प्रकाशक : Rainbow Publisher Limited, Ahamedabad, Calcutta, Guwahati, New Delhi, Vancouver- 1998
Price :
E-mail : smitu@lokayan.unv.emet.in.

◀ उल्लेख्य




कृति : ऐतिहासिक भौतिकवाद
कृतिकार : कृष्णदास श्रेष्ठ
विधा : समाजशास्त्र
प्रकाशक : जनसाहित्य प्रकाशन केन्द्र
पृष्ठ : १११+१०
मूल्य : रू. ७५/-




कृति : नेपालमा जातीय आन्दोलन
कृतिकार : निलमशेखर अधिकारी
विधा : समाजशास्त्र
प्रकाशक : श्री कृपा सूर शेर्पा
पृष्ठ : १८७+१६
मूल्य : रू. २००/-




कृति : संघर्षशील युवाको डायरी
कृतिकार : सुकुम शर्मा
विधा : लघु उपन्यास
प्रकाशक : निरन्तर प्रकाशन
पृष्ठ : ४९+३
मूल्य : रू. १५/-

# दशैं-तिहारको शुभकामना र 'कम्युनिष्ट भौतिकवाद' को बीच साइनो के ?



– चन्द्रदेव नेपाली –

"विजया-दशमीको उपलक्ष्यमा शुभकामना !"

यो शुभकामना आदानप्रदानको क्रम नेपाली समाजमा दशैंको अवसरमा व्यापक रूपमा चल्ने गर्छ ।

कुनै चाड-पर्व आउँदैछ, त्यसको अवसरमा आफन्त कसैको भलो चिताउनु र यस्तो शुभकामना आदानप्रदान गर्नु कुनै अनौठो कुरा हैन ।

तर यो कुरा अनौठो कतिखेर भैदिन्छ भने, जब कुनै संगठन जसले आफूलाई 'कम्युनिष्ट पार्टी' मान्छ र आफूजस्तो असली कम्युनिष्ट अर्को नभएको दावी र घोषणा पनि गर्छ, त्यस्तो संगठनले दशैं तिहारको उपलक्ष्यमा जनता र शुभचिन्तकलाई विशेष शुभकामना जारी गर्छ । त्यो शुभकामना माथि उल्लिखित व्यहोराभन्दा अलि फरक खालको हुन्छ ।

त्यो शुभकामना सन्देशमा भनिएको हुन्छ - विजयादशमीले तपाईंको सुख, संवृद्धि र आरोग्य बृद्धि गरोस् ।

तपाईं हामीले नेपालका केही 'कम्युनिष्ट' पार्टीहरूले देशवासीहरूका नाममा जारी गर्ने गरेका पंच - कांग्रेसी टाइपका शुभकामना सन्देशहरू हरेक वर्ष रेडियो-टेलिभिजनबाट सुन्ने गर्छौं । कतिले त घरघरमा शुभकामना कार्डहरू पनि पठाउने गर्छन् ।

सामान्य धार्मिक जनहरूले दशैं वा तिहारलाई कुनै उत्सव, पर्व वा दिवशमात्र हैन, 'कल्याणकारी दैवी शक्ति'समेत मान्ने गर्छन् । यसैको आधारमा उनीहरू दशैं वा तिहारले 'कल्याण' गर्ने, अनुकम्पा गर्ने कुरामा विश्वस्त छन् । त्यसैले उनीहरू दशैं वा तिहारले सुख संवृद्धि र आरोग्य बढाउने कुरामा पनि विश्वस्त छन् ।

जन-साधारण विश्वस्त भएझैं जब 'कम्युनिष्ट पार्टी' पनि पनि यस कुरामा विश्वस्त हुन्छ, तब भने ठूलो प्रश्न उठ्छ - यो विश्वास र 'कम्युनिष्ट भौतिकवाद'को बीच साइनो के ?

"दशैं तिहार रमाइलोसँग बितोस्, दशैं तिहारमा कल्याण होस्" भन्नु एउटा कुरा हो, "दशैं तिहारले कल्याण गरोस्" भन्नु बिल्कुलै अर्कै कुरा हो ।

"हामी कम्युनिष्टहरू व्यावहारिक भएर जनतासँग घुलमिल हुनुपर्छ" भन्ने 'उचित तर्क'को आवरणभित्र भाग्यवादलाई टेवा दिने खालका अनुचित अभिव्यक्तिहरू 'कम्युनिष्टहरू'बाट किन हुने गरेका होलान् ? - यो ठूलो प्रश्न प्रत्येक वर्ष उठ्ने गर्छ र बिना उत्तर यो ओझेलमा पर्ने गर्छ ।

❑ चुनावबाट सरकार बनाउनुपर्छ भन्नेहरू मात्र हैन, चुनाव जितेर सरकार बनाउनु ठीक हुन्न भन्ने कम्युनिष्टहरूका मुखपत्र अखवारहरूमा पनि कुनै मृतक कामरेडको नाममा छापिएका शोक विज्ञापनहरूमा 'दिवंगत आत्माको चीर शान्तिको कामना' गरिएका व्यहोराहरू बेलाबेलामा हामी पढ्न पाउँछौं ।

के "दशैंले कल्याण गरोस् !" भन्ने अभिव्यक्ति पनि यस्तै खालको भ्रमको उपज मात्रै हो त ? मान्छे मरेपछि पनि बाँच्ने आत्मा बाँकीरहन्छ भन्ने कुरा, त्यो आत्मा अर्को लोकमा जान्छ भन्ने कुरा र त्यसले अशान्ति भोग्नु परेको हुनसक्छ, त्यसैले त्यसले शान्ति पाओस् भन्ने आशय बिल्कुलै अवस्तुवादी मिथ्या विश्वासहरूमा आधारित कुराहरू हुन् भन्ने सामान्य भौतिकवादी चिन्तनसमेत नबोकेका 'कम्युनिष्टहरू'ले जब दशैं र तिहारलाई कल्याणकारी दैवी शक्तियुक्त पुण्य अवसरहरू ठहऱ्याउँछन्, तब ती 'कम्युनिष्टहरू'ले दशैं तिहारको विकल्पका बारेमा सोच्लान् भनी कमै आशा गर्न सकिएला । र पनि, यहाँ दशैं तिहारलाई कसरी लिने भन्नेबारेमा नेपालको वाम आन्दोलनमा उठ्ने गरेका दुई अमूर्त अवधारणाहरूबारे केही चर्चा गर्ने कोशिस गरिएको छ ।

एउटा अवधारणा हो - दशैं तिहार बहिष्कारको अवधारणा ।

दशैं - तिहार आफ्नो जातीय परंपरा नभएको ठानी त्यसको बहिष्कार गर्नुपर्छ भन्ने अवधारणा राख्नेहरूको विचारका बारे यहाँ चर्चा गर्न खोजिएको छैन । यहाँ चर्चा गर्न खोजिएको "आध्यात्मवादी चिन्तनमा आधारित भएकोले" यसको बहिष्कार गर्नुपर्छ भने अवधारणाका बारेमा मात्र हो ।

वाम - नेता कार्यकर्ताहरूबीच यो अवधारणाको चर्चा पनि हरेक वर्ष दशैं - तिहारकै याममा ज्यादा चल्ने गरेको पाइन्छ । यसरी चर्चा चलाउनेहरूले यसलाई सार्वजनिक स्तरमा भने कमै मात्र उल्लेख गर्ने गरेका छन् । हरेक वर्ष शुभकामना सन्देश दिने र कार्ड बाँड्ने माथि उल्लेखित वामपन्थीहरूका बीच भने अब त यस्तो चर्चा नै हुन छाडेको पनि पाइएको छ ।

"किन मनाउने दशैं-तिहार ?" - रामायण र देवी भागवतका कथाका कुनै पात्रहरूको विजयको नाममा हामी किन उत्तेजित हुने ? रामको रावणमाथिको विजय वा देवीको महिषासुरमाथिको विजय आफैं कति जायज कति नाजयज ? यो कुरा छुट्याउनै बाँकी छ । त्यसमाथि पनि, ती विजयहरूको नाममा देवीको आराधना गर्ने, पूजा-चाकडी गर्ने, बली-घूस चढाउने, व्यर्थमा घोकन्ती पाठ मन्त्र जप आदि आदि किन गर्ने ?

वास्तवमा, एउटा भौतिकवादी चिन्तन राख्ने व्यक्तिका निम्ति यी प्रश्नहरू बिल्कुलै जायज प्रश्नहरू हुन् । आदर्शवादको जगमा जन्मेको ईश्वरवादी आध्यात्मवाद, अनि त्यसमा थपिएका कर्मकाण्डी तन्त्रमन्त्र, विधिविधानहरू, तिनमाथि थपिएका सामन्ती रिवाजहरू र आधुनिक उपभोक्तावादी तडकभडकहरू । - वास्तवमा हाम्रो समाजमा दशैं-तिहार वा अरू सबै खाले धार्मिक- समाजिक चाडपर्वहरूको जरो यही नै हो ।

वास्तवमा यस्तो विश्लेषण नै यथार्थवादी विश्लेषण हो । वैज्ञानिक विश्लेषण हो ।

यो विश्लेषणमा आधारित भएर हाम्रो वाम आन्दोलनमा छिटफूट बहिष्कारहरू हुँदैआएका छन् । तर यसरी बहिष्कार गर्नेहरू एक्लाएक्लै पर्ने स्थिति ज्यादा देखापरेको छ । त्यसैले केही व्यक्तिहरू केही वर्ष दशैं-तिहार नमानेर पछि फेरि 'परिवारको लागि संभौता' भन्ने नाममा केही सुधारिएको रूपमा दशैंतिहार मान्न थालेका पनि पाइन्छन् । यो विश्लेषणसँग सहमत अरू थुप्रै व्यक्तिहरूको भने 'सिद्धान्तमा आधा विरोध र व्यवहारमा तीन चौथाइ समर्थन'को स्थिति खडा भएको पाइन्छ । धेरैको भने मासुभात र सेल-पुरी नछोड्ने तर 'टीका टालो' भने छोड्ने अनौठो स्थिति पैदाभएको पाइन्छ ।

दशैं तिहारकै कुरा गर्ने हो भने हाम्रो समाजका बाबु आमाको किरियासम्म पनि नगर्ने हदमा 'उन्नत भौतिकवादी चिन्तन बोक्ने कतिपय व्यक्तिहरूले पनि दशैंको मासु-भात र तिहारको सेलपुरी भने नछाडेको, टीका थाप्ने र भाइटीका गर्ने चलनचाहिं नछोडेको पनि देखिएको छ । यो विसंगति पनि उल्लेखनीय

**रामको रावणमाथिको विजय वा देवीको महिषासुरमाथिको विजय आफैं कति जायज कति नाजयज ?**

विसंगतिकै रूपमा रहेको छ ।

दशैंमा आफन्तहरूसँग भेटघाट गर्ने, घर जाने आउने, विदा मनाउने, अरू बेलाभन्दा केही मीठो खाने, राम्रो लाउने आदि पक्ष र तिहारमा दिदीबहिनीहरू माइतमा एक आपसमा भेट हुने, दाजुभाइ भेट हुने आदि पक्षलाई नकारात्मक रूपमा लिनुपर्ने जरूरी छैन भन्ने मान्यताद्वारा ज्यादा थिचिएर पनि दशैं तिहारहरू पूर्ण वहिष्कारको घेरामा पर्न नसकेको पाटोलाई पनि यतिखेर हामीले बिर्सनु हुन्न ।

वास्तवमा, यो मान्यता पनि जायज र बस्तुसम्मत मान्यता नै हो । किनभने मानव समाजले भौतिक आवश्यकताका कारण पनि पर्व र चाडहरूको सिर्जना वा पुनर्सिजना गरेको हुनसक्छ । यसलाई हामीले आँखा चिम्लेर नकार्नु पनि जरूरी छैन ।

त्यसैले, यी सव कुरालाई सोचेर, हाम्रो वाम आन्दोलनमा बेलाबेलामा चर्चामा आउने गरेको अर्को अवधारणा हो - सुधारको अवधारणा ।

यो अवधारणा बोक्नेहरू दशैं, तिहार वा जुनसुकै सामाजिक पर्वहरूको भाग्यवादी, ईश्वरवादी पक्षहरूलाई घटाउने, हटाउने गर्नुपर्छ र सामाजिक उपयोगितावादी पक्षहरूलाई कायम राख्ने वा स्वीकार्ने गर्नुपर्छ भन्ने मान्यता राख्छन् ।

हो, यो अवधारणा आफैंमा नराम्रो छैन । तर यो अवधारणा राख्नेहरू पनि न्यूनतम् चाहिंदो मात्रामा पनि स्पष्ट छैनन् ।

त्यसैले, हाम्रो वाम आन्दोलनको पहिलो अवधारणा वहिष्कारको अवधारणा, जसरी चाड-पर्वका आध्यात्मवादी पक्षका विरूद्ध भने सशक्त छ तर यसले ती चाड पर्वका सामाजिक उपयोगिताको पक्षलाई आफूमा समाहित गर्न नसकेकोले यो आंशिक र अमूर्त छ, त्यसरी नै सुधारको अवधारणा पनि आंशिक र अमूर्त छ । कारण, पर्याप्त गृहकार्यको अभावका कारण खोज-अनुसन्धान नभएकोले यो अवधारणाका बाहकहरू पनि फलानो पर्वमा के गर्ने, के नगर्ने ? ढिस्कानु पर्वमा के गर्ने वा नगर्ने ? भन्ने खालको मूर्त जवाफ बोकेर बस्न सकेका छैनन् ।

यो स्थितिमा 'अति व्यवहारवाद' पैदा भएर, यही सुधारकै नाममा माथि शुरूमा उल्लेखित 'विजयादशमीले तपाईंको सुख, संवृद्धि र आरोग्य बृद्धि गरोस्' भन्ने हदका आत्मसमर्पणवादी अवसरवादहरू पनि पैदाभएका छन् । बहिष्कारको चिन्तन त परै रह्यो, उनीहरू सुधारको विकल्पसम्मका लागि पनि चिन्तित र चिन्तनशील छैनन् । ❑



# जन सांस्कृतिक मंचले पस्केको 'स्वस्थ मनोरंजन' कस्तो रह्यो ?

– हरिगोविन्द लुईंटेल –

**रा.ज.सा.मंचले आफ्नो सगंठन वरिपरि कलाकारहरूको ठूलै जमात बटुलेको छ**



*रा.ज.सा.मंचका अध्यक्ष कलाकार जे. बी. टुहुरे*

यही असोज १ गते प्रज्ञाभवनको हलमा ने.क.पा. एमालेको जन-संगठन राष्ट्रिय जनसांस्कृतिक मंच, नेपालले "स्वस्थ मनोरंजन, सुन्दर जीवन." भन्ने उद्घोषका साथ 'सिर्जनाका स्वरहरू' शीर्षकमा एक सांस्कृतिक कार्यक्रम प्रस्तुत गऱ्यो । ने.क.पा. एमाले उपत्यका समन्वय कमिटीले केही समयअगाडि नातीकाजी, तारादेवीहरूलाई अभिनन्दन गर्दा प्रस्तुत गरेको "सबैलाई खुसी पारी भोट तान्ने" नियतको अवसरवादी प्रवृत्तिबाट यो कार्यक्रम भने पृथक रहेको देखिन्थ्यो । यस अर्थमा पनि यो कार्यक्रममा केही उल्लेखनीय विशेषताहरू रहेका देखिए ।

रा.ज.सा.मंचले आफ्नो सगंठन वरिपरि कलाकारहरूको ठूलै जमात बटुलेको छ । एमालेको चुनावी अभियानमा क्षेत्रक्षेत्रमा जाने 'गीतांगे टोली'को रूपमा काम लगाउने स्वार्थका समेत कारण ने.क.पा. एमालेले पनि त्यो जमातप्रति केही चासो राख्ने गरेको पाइएको छ । साँच्चै, प्रगतिशील विचारले भरपूर र सीपको दृष्टिले पनि उन्नत 'जन-कलाकार' टिमको रूपमा यो समूहलाई विकसित गर्ने सोचको भने एमालेमा ठूलै अभाव भएको कुरा सो मंचकै केही जिम्मेवार व्यक्तिहरूसमेत स्वीकार्छन् । यस स्थितिमा गत असार साउनमा छैठौं प्रशिक्षण शिविर चलाएर, फागुनमा सुर्खेतमा लोक नृत्य सम्मेलन गरेर, चैतमा जनकपुरमा बहुभाषी कवि गोष्ठी गरेर र हालै काठमाण्डौमा 'सिर्जनाका स्वरहरू' कार्यक्रम गरेर रा.ज.सा. मंचले भने आफ्ना कलाकर्मीहरूलाई 'चुनावी प्रचार' भन्दा केही माथि उठाउने प्रयास गरेको देखिएको छ । यो सकारात्मक कुरा नै हो ।


यस 'सिर्जनाका स्वरहरू' सांस्कृतिक कार्यक्रममा रा.ज.सा. मंचले तोकिएको समयमा कार्यक्रम शुरू गर्ने परंपरा बसाल्ने प्रयत्न गर्दै घडीमा साँझको पाँच बजेको ट्यांट्यांगसँगै उद्घोषण आरम्भ गऱ्यो । "भन्न त पाँच बजे भनिएको छ, शुरू हुनेचाहिं खै कति बजे हो ?" भन्ने परंपरा भएको हाम्रो समाजमा समयप्रतिको यो व्यावहारिक सचेस्टतालाई प्रसंशनीय मान्नुपर्छ । पछिपछि पनि रा.ज.सा.मंच यो सचेष्टतामा आफैं कत्तिको टिक्ला ? त्यो भने परीक्षाकै विषय रहेको छ ।

कार्यक्रममा ६ वटा गीतहरू, ८ वटा नृत्यहरू र एउटा गीती-नाटिका प्रस्तुत भए ।

गीतहरूमा मधु गुरूङ्ग र उदय श्रेष्ठले गाएको 'कुनै चानचुने काम हैन यो....' ले दिएको देश प्रेम, शान्ति र जन-कल्याणको कामनाको सन्देश र शम्भुराईले गाएको गीतको छुवाछुत विरूद्धको सन्देशले गायन र संगीत दुवैमा स्तरीयता पाएको महसूस हुन्थ्यो । पछि, उदय श्रेष्ठ र साथीहरूले पप शैलीमा गाएको वासुदेव अधिकारीको गीत 'उज्यालो उज्यालो गीत, गीतको नाता उन्मुक्तिसित' रचना गम्भीर भएकोले पपशैलीमा राम्ररी पचन सकेको देखिन्नथ्यो भने जे.वि. टुहुरेले गाएको 'विदेशमा मैले एउटी चेलीलाई भेटें' मझौला प्रस्तुति देखिन्थ्यो । हर्क लुंगेली, अर्जुन पाण्डे, राधा मास्के र कल्पना राईले गाएको काठमाण्डौका बासिन्दाहरूको पीडा व्यक्त गर्ने भनिएको गीत 'भिली र मिली काठमाण्डौ शहर' प्रस्तुति राम्रो भए पनि विचारमा भने प्रष्ट देखिएन । यसको 'बाटो छ भिरालो, झऱ्यो ओस्हालो' काठमाण्डौको चित्र उतार्नका लागि उपयुक्त लाग्दैनथ्यो ।

कार्यक्रममा एउटा दोहरी गीत प्रस्तुत गरियो । पुरूषहरू रमेश अर्याल, आकाश थापा र अर्जुन पाण्डे एकातिर र महिलाहरू मधु गुरूङ्ग, राधा मास्के र कल्पना राई अर्कातिर भएर कांग्रेस र एमालेको प्रतिनिधित्व गर्दै समसामयिक विषयमा जुहारी

*'सिर्जनाका स्वरहरू' कार्यक्रम गरेर रा.ज.सा. मंचले भने आफ्ना कलाकर्मीहरूलाई 'चुनावी प्रचार' भन्दा केही माथि उठाउने प्रयास गरेको देखिएको छ*




◀ पर्दा/रंगमंच

# मोदनाथ प्रश्रितको गीति–नाटिका 'चाण्डालिका छुवाछुतविरोधी आन्दोलनका निम्ति एउटा राम्रो उपलब्धी हो भन्न सकिन्छ



*मोदनाथ प्रश्रित*

खेलिएको यो गीतमा हल्का ढंगमा एमालेको प्रचार गरिएको र कांग्रेसको विरोध गरिएको विषयबस्तु त्यति गहन नहुँदा नहुँदै पनि यसले दर्शकहरूलाई भने राम्ररी नै आकर्षित गरेको पाइयो । यसमा गायिका मधु गुरूङ्गको प्रस्तुति निकै प्रभावकारी देखिन्थ्यो ।

नृत्यको चरणमा नेवारी 'फागु नृत्य' ले नेवारी जनजीवनको झलक प्रस्तुत गरेको थियो भने सेलो नृत्यले हिमाली क्षेत्रको जनजीवनको, मैथिली नृत्यले तराइको परिवेशको र झ्याउरे नृत्य र कौडाले सुदूर पश्चिमी नेपाली समाजका झलकहरू दिन्थे । नृत्यको क्रममा प्रस्तुत 'थाली' नृत्य र 'गर्रा' नृत्य कलाकारहरूको सीप र अभ्यासको परिस्कृत नमूना थिए । हातमा दुई दुईवटा स्टीलका थालहरू लिएर नसमातीकन अड्याएर चारैतिर छिटो छिटो संगीतको तालमा घुमाउने, खेलाउने कला प्रस्तुत गर्ने अञ्जु आले, माया नेपाली, चेतना विक, भरत बुढाथोकी, मेघराज लुंगेली र दीपक चौधरीको अभ्यास प्रशंसनीय थियो । 'गर्रा' नृत्यमा एक हातमा लिएका लट्ठीहरू र अर्को हातमा लिएका खुकुरीहरू एक अर्कामा जुधाउने शिल्प देखाएर विवेक पन्त, अरविन्द चौधरी, किरण थापा, साजन श्रेष्ठ, बालकृष्ण राई, पार्वती थापा, शक्ति लामा, रजनीमैया शाक्य, मैना गिरी र बबिता ढुंगानाले दर्शकहरूलाई अकार्षित गरे । नृत्यको क्रममा एउटा चौंरीको प्रतिमूर्ति बनाएर दर्शक दीर्घाबाट मंचमा प्रवेश गराइएको 'याक नृत्य' प्रस्तुतिका हिसावले नौलो थियो ।

बीचमा मनोज गजुरेलद्वारा प्रस्तुत हास्यव्यंगमा समसामयिक सामाजिक-राजनीतिक विषयमा हलुका व्यंग्य प्रहार गरिएका थिए भने हास्यको प्रयोग बढी प्रभावकारी देखिन्थ्यो । मनोज गजुरेलको प्रस्तुति कला, अभिनय र बौद्धिक क्षमताले उनकै इतिहासको तुलनामा उल्लेखनीय प्रगति गरेको पनि उनको प्रहसनद्वारा झल्किन्थ्यो ।

कार्यक्रममा शाम्दे शेर्पालाई पनि समावेश गरिने रा.ज.सा. मंचको घोषणालाई शेर्पाले साथ दिएको देखिएन । आजकाल "प्रत्येक वर्ष गाईजात्राका बेलामा मात्रै प्रकट हुने र पुरानै आइटमहरू बोकेर काम चलाऊ गर्ने" कलाकारको रूपमा शाम्दे शेर्पा सीमित हुनथालेका छन् । यो उनैको लागि चिन्ताजनक प्रवृत्ति हो । यही प्रवृत्तिकै कारण उनी यस कार्यक्रममा घोषित भएर पनि उपस्थित नभएका हुनसक्छन् ।

कार्यक्रमको अन्त्यमा मोदनाथ प्रश्रित लिखित गीती-नाटिका "चाण्डालिका" प्रस्तुत गरियो । यो छोटो गीती-नाटिकामा बुद्धकालीन एउटा कथामार्फत् प्रभावकारी ढंगले छुवाछुत प्रथाको विरोध गरिएको छ । पानी लिन गएकी एउटी 'अछुत' जातिकी नारीलाई देखेर कुनै सामन्त भने 'अलच्छिन लाग्यो' भनेर यात्रा नै रद्द गरेर फर्केको तर गौतम बुद्धले चाहिं ती नारीसँग पानी मागेर खाएको, छुवाछुत प्रथाको विरोध गरेको कथा प्रसंगलाई यसले संगेटेको छ ।

रा.ज.सा. मंचको यो 'सिर्जनाका स्वरहरू' कार्यक्रमलाई समग्रमा हेर्दा देखिने कुरो हो - यो कार्यक्रम मंचले दावी गरेझैं स्वस्थ मनोरंजनात्मक थियो । स्टेज सिंगार, ध्वनि, प्रकाशको व्यवस्था काठमाण्डौको अन्य स्टेज कार्यक्रमहरूको तुलनामा प्रतिस्पर्धा गर्न सक्ने कोटीको देखिन्थ्यो । कलात्मकता, प्रस्तुतिमा नवीनता र लोकशैली एवं विविध जनतप्काको प्रतिनिधित्व यसका थप विशेषताहरू थिए ।

कार्यक्रममा अनुभूत हुने यसको कमजोरी भने विषय बस्तुको पकडमा रहेको प्रष्ट अनुभव हुन्थ्यो । हो, कार्यक्रम रोचक थियो, स्वस्थ थियो तर यसमा परिवर्तनका अल्पकालीन आग्रहमात्र ज्यादा थिए । दीर्घकालीन सोच वा क्रान्तिकारी हुट्हुटीको भने ठूलो अभाव देखिन्थ्यो । प्रगतिशील रंगमंचका नियमित दर्शकहरूका निम्ति त यो अभाव खटकिने हदसम्मै अनुभूत हुन्थ्यो । नेवारी फागु नृत्यमा नेवारहरूले देउता पूजा गरेको, भोज खाएको, रक्सीले मातेको जस्ताकोतस्तै देखाइएको छ । परंपरा र जातीयतालाई संगेट्ने नाममा धार्मिकलगायत सबै कुरालाई जस्ताकोतस्तै स्वीकार्ने काम प्रगतिशीलहरूले गर्ने कि नगर्ने ? - यसबारे रा.ज.सा. मंच प्रष्ट र गम्भीर देखिएन ।

'सेलो' नृत्यमा च्यांग्वाको प्रसंशा गर्दा मैच्यांगहरू भन्छन् - "हाम्रो च्यांग्वालाई हेरेर बाघ भालु पनि डराउँछ" तर मैच्यांगको प्रसंशा गर्दा भनिन्छ - "लालुपाते फक्रेझैं हाम्रो त मैच्यांग क्या राम्रो !"

यसबाट नारीलाई पराक्रमका आधारमा हैन, अनुहारका आधारमा हेर्ने परंपरावादी नारीविरोधी विचारले प्रश्रय पाउने संभावनाप्रति मंच चनाखो हुनुपर्थ्यो । नारीलाई हेर्ने यही दृष्टिकोण याक नृत्य'मा एक ठाउँमा प्रकट भएको छ । पुरूषलाई याकले मन पराएन, नारी आएपछि भने उनीसँग यसले अकारण मोह प्रकट गर्‍यो ।

फेरि पनि शिल्प पक्षको कुरा गर्ने हो भने तुलनात्मक रूपले राम्रो भए पनि प्रकाश व्यवस्थापनमा कुशलता कम देखिन्थ्यो । हरेक दृश्यमा तारा चम्केझैं चम्कने प्रकाशको प्रयोगमा 'अति' देखिन्थ्यो । वादन सामग्रीहरूको प्रयोग शैली र वाद्य कलाकारहरूको सीप भने खारिएको नै देखिन्थ्यो ।

माथि उल्लेखित सीमा र कमजोरीका बावजूद रा. ज.सा. मंचले यो कार्यक्रममार्फत् निर्माण गरेको मोदनाथ प्रश्रितको गीति-नाटिका 'चाण्डालिका' छुवाछुतविरोधी आन्दोलनका निम्ति एउटा राम्रो उपलब्धी हो भन्न सकिन्छ । प्रश्रितले धेरै लामो समयावधिपछि सिर्जना गरेको एउटा राम्रो रचना भएको छ यो गीतीनाटिका । अस्तु । ❑

विजया दशमी २०५७ को सुखद् उपलक्ष्यमा समस्त नेपाली दाजुभाइ दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभ–कामना व्यक्त गर्दछौं

गोरखकाली रबर उद्योग लि.

यस वर्ष (२०५७) को दशैं र तिहार सबै नेपालीको लागि सुखमय होस् ।

कृषि विकास बैंक
मुख्य कार्यालय, रामशाहपथ, काठमाण्डौ
फोन नं. २६२८८५, २२६५९६
फ्याक्स : ९७७-१-२६२६१६
E-Mail : agrbnk@adbn.mos.com.np


◀ अन्तर्क्रिया

❑ *श्याम श्रेष्ठको लेखबाटे*

क. निर्मल लामाको समग्र मूल्यांकन हुन नै बाँकी छ । यसका लागि तथ्यलाई जस्ताको तस्तै राखिनु पर्दछ । व्यक्तिको समग्र जीवन संघर्षको मूल्यांकन गर्दा आफ्ना निहित गुट स्वार्थबाट माथि उठेर प्रयत्न गरियो भने मात्रै त्यसले सही धारणा बनाउन मद्दत पुऱ्याउँछ । श्यामजीले निर्मल लामाको जीवनलाई पाँच खण्डमा बाँडेर प्रस्तुत गर्नुभएको छ । त्यसमध्ये, चौथो खण्डमा दिइएका कतिपय सूचना गलत छन् भने एकता केन्द्रसँग सम्बन्धित गरी देखाइएको पाँचौं खण्डमा दिइएका सूचना पनि भ्रम पैदा गर्ने गरी प्रस्तुत गरिएका छन् । श्यामजी विश्लेषण पद्धतिमा पनि निर्वैयक्तिक हुन सक्नुभएको छैन । यो लेख मूलतः पाँचौं खण्डमा दिइएका तिनै भ्रामक कुराहरूबारे प्रष्ट पार्न केन्द्रित गरिएको छ ।

❑ *२०४६ सालको आन्दोलन र निर्मल लामाको अडानबारे*

-२०४६ को आन्दोलनको प्रारम्भमा तानाशाही पंचायती व्यवस्थाको विरूद्धको संघर्षमा कांग्रेससँग मिलेर संघर्ष गर्ने विषयमा क. लामा असहमत हुनुहुन्थ्यो । तर श्यामजीले भने जस्तो संविधान सभाका लागि संघर्ष गरिनु पर्दछ भन्ने उहाँको अडान थिएन । बरू प्रारम्भिक चरणमा 'राजनैतिक स्वतन्त्रता'का लागि संघर्ष गरिनुपर्दछ र त्यसका लागि वामपन्थीहरूको छुट्टै मोर्चा बन्नु पर्छ भन्ने थियो । यस विषयमा तत्कालीन चौम, मोटो मशाल, नेकपा माले आदि बीच सहमति



*क. लामाको शव यात्राको एक दृष्य*

# निर्मल लामा जे हो, त्यही रूपमा प्रस्तुत हुनुपर्छ

***क. निर्मल लामाको प्रसंग पारेर चन्द्रदेव नेपाली र श्याम श्रेष्ठले नेकपा एकता केन्द्रबारे दिनखोज्नु भएको नकारात्मक प्रभावबारे -२***

*- पियुष -*

*ने.क.पा.(एकताकेन्द्र)*

पनि भएको थियो । पछि मालेले सहमति तोड्यो र 'बहुदल'कै लागि संघर्ष गर्ने निर्णय गऱ्यो । निर्मल लामा पनि पछि 'बहुदल' कै लागि संघर्ष गर्ने पक्षमा हुनुभयो । तर उहाँ क्रान्तिकारी पार्टीहरूबीच बनिसकेको सहमति तोड्नु हुँदैन भन्ने पक्षमा हुनुहुन्थ्यो भने कांग्रेससँग मिलेर जाने पक्षमा हुनुहुन्थेन । यस विषयमा पार्टी भित्री संघर्ष चल्यो । आफ्नो विचारलाई पुष्टि गर्न क. लामाले क. जयगोविन्द शाहको एक साप्ताहिकमा प्रकाशित अन्तरवार्तालाई पर्चा बनाएर छाप्नु पनि भयो । तर पार्टी भित्री संघर्ष तीव्र भएपछि प्रमुख दुश्मनलाई एकल्याएर संघर्ष गर्न सबै शक्तिहरू मिलेर जानुपर्छ भन्ने अडानमा उहाँ सहमत हुनुभयो । जहाँसम्म, संघर्षको प्रारम्भिक चरणमा उहाँ 'निष्क्रिय रहने फैसला गर्नुभयो' भन्ने श्यामजीको भनाइ छ- त्यो पनि गलत छ । क. लामा त्यतिखेर चौमको महासचिव हुनुहुन्थ्यो । तत्कालीन चौमका तल्ला कमिटीहरूलाई संघर्षमा ल्याउन निकै कडा मेहनत गर्नु परेको थियो । आन्तरिक संघर्षहरू पनि भएका थिए । यो क्रममा क. लामा निष्क्रिय हुनुहुन्थेन । 'जनआन्दोलन चर्किएपछि मात्र' क. लामा आन्दोलनमा उत्रनु भयो भन्ने श्यामजीको विश्लेषण पनि गलत छ । उहाँको स्वभाव पनि त्यस्तो थिएन ।

- श्यामजीले निर्मल लामा एकता केन्द्र गठन भएपछि मूल नेतृत्वमा रहनुभएन भनेर उल्लेख गर्नुभएको छ । उहाँले पदीय दृष्टिकोणले क. लामा महासचिव (वा महामन्त्री) रहनुभएन भनेर भन्न खोज्नुभएको होला । उहाँ महासचिव नरहनुभएको एके गठन पछि होइन, चौमको पछिल्लो कालदेखि नै हो । पोष्टर काण्ड पछि आफ्नै प्रस्तावमा उहाँ महासचिव रहनुभएन । त्यो बेलादेखि २०५५ सालसम्म चौम र एकेको दुवै अवस्थामा उहाँ पोलिटब्यूरो सदस्य हुनुहुन्थ्यो ।

❑ *जनकपुर सम्मेलन र क. निर्मल लामाको निराशाबारे*

- भूमिगत पार्टीहरूले क्रान्तिकारी उद्देश्यलाई केन्द्र विन्दुमा राखेर विभिन्न ढंगले मोर्चाहरू बनाएर काम गरेका हुन्छन् । त्यस्तो अवस्थामा भूमिगत पार्टी र वैधानिक संगठनहरूका आफ्नै प्रकारका सम्बन्ध र कार्यशैली हुन्छन् । वर्ग विरोधीहरू आफ्नो दमनात्मक नीति लागू गर्न यस्तो सम्बन्धलाई च्यातच्यूत पार्न चाहन्छन् । तर क्रान्तिकारी शक्तिहरूले त्यसरी काम गर्नु पर्ने ऐहिासिक आवश्यकतालाई गंभीरतापूर्वक लिएका हुन्छन् र त्यही अनुसार व्यवहार गर्छन् । यो कुटनैतिक विषय होइन । क्रान्ति पक्षीय लेखक, पत्रकार तथा बुद्धिजीवीहरूले क्रान्तिकारी पार्टीका त्यस्ता निर्णयहरूलाई ध्यान दिंदै आफ्ना विचार राख्नु सामान्य नैतिकताको कुरा मानिन्छ । यस

## *मूल्यांकनले एकताकेन्द्रप्रति भ्रम दिन खोज्यो !*

सन्दर्भमा श्यामजीले यो क्रान्तिकारी नैतिकतालाई मिचेर एकता केन्द्र र संजमोलाई एकै ठाउँमा राखेर पाठकहरूलाई भ्रम पार्ने गरी आफ्नो लेख तयार पार्नु भएको छ । श्यामजीले विचार प्रस्तुत गर्दा भूमिगत कार्य पद्धतिको 'दायरा'लाई ध्यान दिनु भएको छैन । यसले गर्दा श्यामजीका कतिपय गलत भनाइको जवाफ दिन प्राविधिक कारणले अझै पनि अप्ठेरो परेको छ । तथापि यो समस्याका बाबजुद फेरि पनि दोहोऱ्याएर भन्नु पर्ने कुरा के हो भने नेकपा एकता केन्द्र र संयुक्त जनमोर्चा, नेपाल भिन्नाभिन्नै पार्टी हुन् । संयुक्त जनमोर्चा, नेपाल सामन्तवाद साम्राज्यवाद विरोधी वामपन्थी संगठन हो । यो एक राजनैतिक संगठन भएकाले यसले आफ्ना सम्पूर्ण नीतिहरू आफै तय गर्छ भन्ने कुरा स्वतः सिद्ध छ । यो संगठनले जनकपुरमा भएको आफ्नो सम्मेलनमा एकेलाई पनि बोलाएको थियो र क. निर्मल लामा त्यसको प्रमुख अतिथि हुनुहुन्थ्यो । एकता केन्द्र सर्वहारा वर्गको क्रान्तिकारी पार्टी भएकाले देशभित्रका विभिन्न राजनैतिक पार्टी एवं संगठनहरू बारेमा पार्टीभित्र छलफल चल्नु स्वाभाविक हो । यस सन्दर्भमा संजमो जस्तो आफूलाई कम्युनिष्ट पार्टी नभन्ने संगठनहरूको झण्डा कम्युनिष्ट पार्टीको जस्तो हुनुहुन्छ कि हुँदैन भन्ने विषयमा एकेभित्र पनि छलफल चलेको थियो । यस विषयमा एकता केन्द्र भित्र सबैको एउटै मत थियो । श्यामजीले प्रस्तुत गरे जस्तो क. निर्मल लामाको भिन्नै मत थिएन । बरू उहाँले पार्टीको स्पिरिटलाई उद्घाटन समारोहमा जसरी प्रस्तुत गर्नुभयो, त्यसबाट एकता केन्द्रको कुनै पनि नेताहरूलाई चित्त बुझेन । जहाँसम्म क. निर्मल लामालाई 'हिरासतमा थुनियो' र 'सम्मेलनमा आएका मानिसहरूसँग समेत भेट्न दिइएन' भन्ने श्यामजीको आरोप छ, यो वाहियात, मनगढन्ते र स्वयं क. निर्मल लामाको स्वभावसँग पनि मेल नखाने कुरा हो । बरू तत्कालिन यथार्थ के हो भने क. लामाले उद्घाटन समारोहमा मन्तव्य व्यक्त गर्ने क्रममा राखेको अभिव्यक्तिप्रति सम्पूर्ण साथीहरूले *एक मत भएर* आलोचना गरपछि उहाँलाई आफूले ठीक गरिनछु भन्ने परेको थियो । सम्मेलन अवधिमा क. लामाले कुनै प्रतिनिधिसँग भेट्न चाहनुभएको र पार्टीले रोकेको भन्ने कुरा पूरै झुठ हो । बरू सम्मेलनको भव्यताबाट उहाँ प्रभावित हुनुहुन्थ्यो । क. लामा जस्तो विद्रोही व्यक्ति कुनै हिरासतमा बस्नु होला र श्यामजी ?

- क. लामाले उद्घाटन समारोहमा सही ढंगले आफ्ना विचार नराखेपछि उहाँको प्रस्तुती, पद्धति र कार्यशैलीको विरोध भयो । उहाँसँग यस विषयमा पार्टी केन्द्रीय समितिको अन्तर्विरोध थियो । तर अन्तर्विरोध विषयमा उहाँसँगै बसेर निर्णय गरौंला भनी पार्टीले तय गऱ्यो । क. लामा पार्टीको बैठकमा आउनुभएन र नियमित काम छाड्नु भयो । उहाँमा अन्तरद्वन्द थियो । त्यो अन्तरद्वन्द भनेको पार्टी नेतृत्वमा बस्ने कि नेतृत्वबाट अवकाश लिने ? यस अघि महाकाली सन्धि विरोधी संघर्षकै बेला पनि राष्ट्रघाती महाकाली सन्धि संसद्बाट पारित भएपछि भावुक हुँदै पार्टीमा कुनै सरसल्लाह नगरी र जानकारी समेत नदिई उहाँले अवकाश लिने सोच पत्रिकामार्फत् सार्वजनिक गर्नु भएको थियो । तैपनि उहाँभित्रको अन्तरद्वन्दमा त्यतिखेर अवकाश लिने पक्ष हावी हुन सकेको थिएन । पार्टीको विशेष राष्ट्रिय सम्मेलन (२०५४ असारमा) सम्पन्न भयो । यो सम्मेलनमा उहाँको सक्रिय सहभागिता रहेको थियो । पार्टी नेतृत्वले लिएका वैचारिक सैद्धान्तिक अडान र विचारधारात्मक राजनैतिक कार्यदिशाको उहाँले समर्थन गर्नुभयो । पार्टी नेतृत्वलाई स्थापित गर्न उहाँको महत्वपूर्ण भूमिका थियो । यो सम्मेलनपछि कालो विधेयक विरोधी संघर्षदेखि सबै संयुक्त आन्दोलनमा पार्टीले खेलेको नेतृत्वदायी भूमिका, समकालीन घटनाक्रममा पार्टीले गरेको सही विश्लेषण, जनआधारित क्षेत्रमा कामको सुदृढीकरणलाई दिएको महत्व, पार्टीको दिशा योजना पक्रेका समर्पित पूर्णकालीन कार्यकर्ताहरूको जत्थाको विकास, वैधानिक मोर्चाको सम्मेलनको सफलतालाई हेरेर 'अब पार्टी चल्छ' भन्ने विश्वास पैदा हुँदै गएपछि क. लामामा नेतृत्वबाट अवकाश लिने सोच तयार हुँदै गयो । जनकपुर सम्मेलनको घटनापछि उहाँले नेतृत्वबाट हट्ने तयारी गर्नुभयो । त्यही अनुरूप २०५५ पुषमा पार्टी केन्द्रलाई पत्र पठाउनु भयो । श्यामजीले "उक्त पत्रको व्यहोरामा 'व्यंग्य' मिसिएको आभाष हुन्छ" भनी टिप्पणी गर्नुभएको छ । श्यामजी ! क. लामाको पत्रमा व्यंग होइन बरू कम्युनिष्ट दृष्टिकोणले 'अवकाश लिने' बेठीक सोच र प्रचलित पद्धतिसँग मेल नखाने केही अन्तर्विरोधी कुराहरू भने भेटिन्छन् । तथापी, उहाँले 'मूल रूपमा म पार्टीको नीति र निर्णयको विरूद्धमा जाने छैन । तर आधारभूत नीतिमा मतभेद भयो भने सम्बन्धित कमरेडहरूसँग अन्तर्क्रिया गरी आवश्यक परे सार्वजनिक रूपमा जाने मेरो अधिकार सुरक्षित राख्न चाहन्छु ।



*क. लामाको अन्त्येष्टीको समयमा शोकसभा*

*जहाँसम्म क. निर्मल लामालाई 'हिरासतमा थुनियो' र 'सम्मेलनमा आएका मानिसहरूसँग समेत भेट्न दिइएन' भन्ने श्यामजीको आरोप छ, यो वाहियात, मनगढन्ते र स्वयं क. निर्मल लामाको स्वभावसँग पनि मेल नखाने कुरा हो*

यस्तो सोचलाई व्यक्तिवादी प्रवृत्ति भन्न सकिएला तर आवश्यक पर्दा यस्तो प्रक्रिया पनि अप्नाउनु नितान्त आवश्यक हुन्छ भन्ने म ठान्दछु' लेख्नुभएको छ ।

पार्टीको नियमित काम छोडेको १० महिनापछि त्यो पत्र आएको थियो । क. निर्मल लामालाई पार्टीको बैठकमा आउन र आफ्ना कुरा राख्न पार्टीले जोड दियो । यस क्रममा ८ महिना बिते । संसदीय चुनावमा पार्टी नेतृत्वले देखाएको सुझबुझ र नेतृत्व कुशलतापछि उहाँको अवकाश लिने पक्ष अझ बलशाली भयो । पार्टी नेताहरूका अथक प्रयत्न, पटक पटकका डेलिगेशनपछि पनि उहाँ नेतृत्वमा नबस्ने तर पार्टीको साधारण सदस्य रहिरहने कुरामा अडिग रहनुभयो । यस स्थितिमा उहाँको अवकाश पत्रलाई पार्टीले बाध्यतात्मक रूपमा पास गऱ्यो । उहाँले आफ्नो पार्टी नेतृत्वबाट अवकास लिने इच्छालाई पार्टी केन्द्रीय समितिले अनुमोदन गर्नु अघि नै के.स.को बैठक बस्नुभन्दा केही पहिले प्रकाशित एक मंगलबारे साप्ताहिकमा आफू केही समयता पार्टी नेतृत्वको रूपमा क्रियाशील नभैरहेको र हुन नचाइरहेको कुरा सार्वजनिक गरिसक्नुभएको थियो । वास्तवमा उहाँले पार्टीले औपचारिक रूपमा त्यस बारेमा कुनै निर्णय लिनुभन्दा अगाडि नै आफ्नो पत्रलाई क्रियान्वयनमा लगि सक्नुभएको थियो । त्यस अवस्थामा पार्टीका सामु यो भन्दा अर्को विकल्प पनि थिएन ।

२०५६ साउन १३ गतेको पार्टीको सातौं पूर्ण बैठकले उहाँका बारेमा गरिएका निर्णयलाई पनि श्यामजीले जस्ताको त्यस्तै राख्नुभएको छैन । अनुशासन उल्लंघन गरेको प्रसंगलाई उल्लेख गरेर लामाजीले बोलेका कुरा पार्टीको आधिकारीक धारणा नहुने कुरा सार्वजनिक गर्ने टुंगो गरेको कुरालाई श्यामजीले ठाउँ ठाउँमा उल्लेख गरी निकै महत्व दिनुभएको छ । यो बैठकको कुरा गर्दा अनुशासन उल्लंघनको सन्दर्भ प्रधान थिएन । प्रधान कुरा त उहाँको नेतृत्वबाट अवकास लिने इच्छापत्रलाई बाध्यात्मक समर्थन गर्नु थियो । त्यही बैठकले गरेको अर्को निर्णय *"पार्टीको केन्द्रीय नेतृत्व र जिम्मेवारीबाट अवकाश लिई पार्टी सदस्य मात्र रहनुभएको भएपनि का. निर्मल लामाले नेपाली कम्युनिष्ट आन्दोलन एवं हाम्रो पार्टीमा दिनुभएको महत्वपूर्ण योगदानको परिप्रेक्ष्यमा उहाँप्रतिको पार्टीको सम्मान र सद्भाव यथावत रहनेछ । पार्टी सदस्यमा रहेर पनि उहाँबाट पार्टीको निम्ति महत्वपूर्ण योगदान प्राप्त भइरहनेछ भन्ने कुरामा पार्टी विश्वस्त छ:" भन्ने कुरा को श्यामजीले उल्लेखसम्म गर्नु भएको छैन ।* क. लामाको पत्रमा नै आफूले 'केन्द्रीय समितिमा रहिरहने नैतिकता गुमाइसकेको' चर्चा गर्नुभएको छ र 'आफूले प्रकट गरेका मन्तव्यहरू पार्टीको आधिकारीक होइन भन्ने कुरा सार्वजनिक गर्न चाहन्छु' भनी उल्लेख गर्नुभएको छ । पार्टीको केन्द्रीय नेतृत्वमा नरहे पछि यो भन्दा अरू विकल्प के हुनसक्छ ? श्याम श्रेष्ठजी तपाईं नै भन्नोस् त पार्टीको नेतृत्वदायी पदमा नरहने व्यक्तिले,

# अन्तर्क्रिया

अझ व्यक्तिगत विचारहरू नै सार्वजनिक गर्छु भनेपछि त्यसलाई रोक्नुको सट्टा पार्टीको आधिकारीक विचारसँग मेल नखाने जति व्यक्तिका विचारहरू व्यक्तिगत हुन भनी सार्वजनिक गर्ने निर्णय गर्नु सबभन्दा उपयुक्त हो कि होइन ? त्यो भन्दा राम्रो यस सम्बन्धमा अरू कुनै निर्णय हुन सक्दथ्यो ? प्रष्ट छ- सक्तैनथ्यो ।

यस सन्दर्भमा, क. निर्मल लामाको इच्छाका कारणले उहाँलाई केन्द्रीय नेतृत्वबाट अवकाश दिनुपरेको एकता केन्द्रको बाध्यतालाई नकारात्मक ढंगले प्रस्तुत गर्ने साथीहरूले इतिहासका ती सबै घटना र संघर्षलाई एकपटक स्मरण गर्नु उपयोगी हुनेछ- ज-जसले क. निर्मल लामासँग सँगै काम गर्नुभएको थियो । क्रान्तिकारी पार्टी निर्माण गर्दा अन्तर संघर्ष अनिवार्य हुन्छ र यो सबैभन्दा जटिल लडाई हो । यसमा 'विचार' र 'पद्धति' दुवैको उत्तिकै महत्व छ । तृतीय महाधिवेशनपछि नेपालको कम्युनिष्ट आन्दोलनमा फुट र विभाजनको नरमाइलो श्रृंखला शुरू भयो र त्यो प्रक्रियालाई चिर्दै क्रान्तिकारी धारा निर्माणमा जुटेका अधिकांश समूहले क. निर्मल लामासँगसँगै काम गरेका छन् । त्यस क्रममा क. लामासँग मिलेर काम गर्ने र उहाँसँग देखा पर्ने वैचारिक मतभेदहरूलाई पद्धतिसम्मत ढंगले हल गर्ने कुरामा प्रायः सबै विफल भएका छन् । एकता केन्द्रको वर्तमान नेतृत्वले मात्र संघर्ष र एकताको सन्तुलन कायम गर्न सफल भएको देखिन्छ । क. मोहन विक्रम सिंहले नेतृत्व गर्नुभएको एकीकृत चौथो महाधिवेशनमा जनमत संग्रहलाई हेर्ने दृष्टिकोण, पंचायती चुनावको उपयोग, संयुक्त मोर्चा, प्रधान अन्धरविरोध, २००७ सालको प्रश्न लगायतका विभिन्न विषयमा पार्टीभित्र मतभेद देखापरे । त्यसलाई सही ढंगले हल गर्न नसक्दा पार्टी फुट्यो । र, इतिहासको चर्चा गर्न मन नलाग्ने त्यो कालखण्डको कुरूपतापूर्ण अन्तरसंघर्षको क्रममा क. निर्मल लामालाई सि.आइ.डी., पंचायतपरस्त, कांग्रेसपरस्त जस्ता आरोपहरू भिराइए र तीन बर्षका लागि पार्टीको साधारण सदस्यता नै निलम्बन गरिएको थियो । २०४० पछि थुप्रै राम्रा संभावनाहरू बोकेर विभाजित चौथो महाधिवेशन देखा परेको थियो । क. निर्मल लामाको वरिपरि पार्टी निर्माणको प्रक्रिया चल्यो । अहिले फर्केर हेर्दा धेरै क्षमतावान र संघर्षशील व्यक्तिहरूको टीम चौथो महाधिवेशनमा गोलबन्द भएको देखिन्छ र निर्मल लामा पछि श्यामजी नै त्यसको केन्द्रविन्दुमा हुनुहुन्थ्यो । तर त्यहाँ ६ बर्ष नबित्दै कटुताले चरम रूप लियो, पार्टीभित्र सहज ढंगले संघर्षहरू चलेनन् । अन्तरसंघर्षमा ध्यान दिनु पर्ने क्रान्तिकारी द्वन्दवाद र मनोविज्ञानलाई पक्रिने काम भएनन् । विशेषतः लामाजीसँग वैचारिक संघर्ष गर्ने क्रममा श्यामजी जस्ता व्यक्तिहरूले क. लामाका कतिपय कमजोर पक्षहरू हुँदाहुँदै पनि सकारात्मक पक्ष नै उहाँको प्रधान पक्ष हो भन्ने बुझ्न सक्नुभएन । त्यसको परिणामस्वरूप देखापरेका त्यो अवधिका पनि चर्चा गर्न मन नलाग्ने थुप्रै घटनाहरू छन् । क. निर्मल लामासँग सँगै बसेर काम गर्न नसक्ने तिक्त निष्कर्ष निकालेर श्यामजीहरूले पार्टी नै छाड्न पुग्नुभयो । शब्दहरूको फुलबुट्टा भरेर जे जस्ता विश्लेषण गरे पनि त्यो निर्णय क. लामाप्रतिको चरम नकारात्मकताले भरिएको र आफूलाई धुरी बनाउने चिन्तनभन्दा छुट्टै थिएन । एकता केन्द्रको गठन पछि जनक्रान्ति र पार्टीको सन्दर्भमा देखापरेका गंभीर सैद्धान्तिक वैचारिक सवाललाई हल नै नगरी सिद्धान्तको मामिलामा पनि अनावश्यक रूपमा हात उठाएर फैसला गर्दै जाने प्रचण्डजीहरूले अन्तरसंघर्षको क्रममा पुनः दोस्रो पटक निर्मल लामाको पार्टी सदस्यता खोस्नु भयो । यसको सिलसिलाको परिणति एकता केन्द्रमा फुट भयो । इतिहासको यो पछिल्लो घटना त्यति पुरानो भएको छैन, क्रान्तिकारीहरूको स्मृतिमा ताजै छ ।

इतिहासका यी सबै घटनाहरूलाई पनि दृष्टिगत गरेर तुलनात्मक रूपले अध्ययन गरेको खण्डमा एकता केन्द्रले पछिल्लो समयमा क. निर्मल लामाको संगठित भूमिकालाई क्रान्तिकारी आन्दोलनमा बचाइराख्न गरेको मेहनत र संघर्षलाई कम्युनिष्ट आन्दोलनकै महत्वपूर्ण शिक्षाको रूपमा लिनु जरूरी छ । भिन्न विचार हुने बित्तिकै कार्वाही गर्ने, सानातिना मतभेद हुने बित्तिकै अर्को पार्टी बनाउने, ठूला व्यक्तित्वका नाममा अन्तरसंघर्षलाई अस्वस्थ रूपमा चलाउने र त्यसको विरूद्ध संघर्ष नगर्ने गलत प्रवृत्तिबाट एकता केन्द्रको

> के चौम कालमा उहाँ रक्सी पिउनु हुन्नथ्यो र ? चौमको केन्द्रीय कार्यालयमा घटेका घटनाको श्यामजी आफै भुक्तभोगी हुनुहुन्छ ।

वर्तमान नेतृत्व मुक्त छ भने पार्टीभित्र बसेपछि न्यूनतम रूपमा पद्धतिलाई मान्नु पर्ने कुरामा कठोर छ । वास्तवमा नै 'विचार अभिव्यक्तिको स्वतन्त्रता र कामकार्बाहीमा एकरूपताको' सिद्धान्तलाई व्यवहारमा लागू गरी पार्टी भित्री जनवादलाई सुनिश्चित गर्न एकता केन्द्र संघर्षरत छ । तथापि, नेपाली कम्युनिष्ट आन्दोलनको समग्र कालखण्डमै क. निर्मल लामाको सन्दर्भमा भन्नु पर्दा त निर्विवाद भन्न सकिन्छ- एकता केन्द्रको वर्तमान नेतृत्वले मात्र क. निर्मल लामाको सही मूल्याङ्कन गरेको छ र उहाँप्रति न्याय गरेको छ ।

- जहाँसम्म क. निर्मल लामाको "अत्यन्त निराशाको" कुरा छ यदि रक्सी पिएको विषयलाई आधारित गर्ने हो भने त्यो जीवनकै पछिल्लो कालको उपज थिएन । के चौम कालमा उहाँ रक्सी पिउनु हुन्नथ्यो र ? चौमको केन्द्रीय कार्यालयमा घटेका घटनाको श्यामजी आफै भुक्तभोगी हुनुहुन्छ । हो, जीवनको पछिल्लो कालमा उहाँ रक्सीको एडिक्ट नै बन्नुभएको थियो तर श्यामजीले भन्नु भए जस्तो 'अरू कसैप्रति पनि विश्वास गर्ने मानसिक हालत उहाँको थिएन' भन्ने कुरा गलत थियो । पार्टीको नेतृत्व तहबाट अवकाश लिए पनि एकता केन्द्रभित्र रहिरहने उहाँको इच्छापत्रले पनि उहाँको आस्था र विश्वासलाई जाहेर गर्छ । क्यान्सरले भेटेपछि पार्टीले उहाँलाई बचाउन असाधारण प्रयत्न गऱ्यो । जनस्तरको सहयोग देखेपछि सरकार पनि सहयोग गर्न बाध्य भयो । बम्बैमा गएपछि उहाँलाई पुनरजीवन प्राप्त भयो तर त्यो छोटो रहेछ । यसपछि उहाँले रक्सी सेवनप्रति पश्चाताप गर्नु भयो । यो समग्र घटनाक्रममा पार्टीले खेलेको भूमिकाबाट उहाँ सन्तुष्ट हुनुहुन्थ्यो । बम्बैबाट फर्केपछिका वक्तव्यमा पनि उहाँले त्यसको उल्लेख गर्नुभएको छ । पार्टी नेतृत्व प्रतिको विश्वास अचेत नहुन्जेलसम्म दोहोऱ्याइ रहनुभयो । तपाईहरूले प्रकाशित गर्नुभएको मूल्यांकनको अन्तरवार्तामा पनि 'मूल रूपमा वामपन्थी पार्टीहरूभित्र हाम्रो पार्टी एकता केन्द्रको राजनीतिक दिशा तुलनात्मक रूपमा सबैको भन्दा सत्यको नजिक छ । तर पूर्ण छैन । जस्तो कि अहिलेको समाजको विसंगति, विकृतिको समाधानको विकल्प हाम्रो पार्टीले पेश गरेको छ । तर त्यो पूर्ण छैन । त्यसलाई पूर्ण बनाउन हामी सबै लागि पर्नुपर्छ ।' र त्यो अपूर्णतालाई पूर्णता दिने काम



'हाम्रो पार्टी बाहेक अरू कसैले पनि गर्न सक्दैन' भन्नुभएको छ (मूल्यांकन, पूर्णाङ्क ५६) त्यस्तै, 'मलाई हाम्रो पार्टीको नयाँ नेतृत्वमाथि एकदम विश्वास छ । केही कमजोरीहरू छन्, कुनै सैद्धान्तिक कुनै व्यवहारिक । तर त्यो अनुभवको कमीले हो । 'मार्क्सवादलाई उहाँहरूले तुलनात्मक रूपले बढी बुझ्नु भएको छ र मार्क्सवादप्रति उहाँहरूको जस्तो निष्ठा र प्रतिबद्धता अरू पार्टीको नेतृत्वमा छैन ।' आजको एकता केन्द्रको नेतृत्वले आन्दोलनलाई नयाँ जनवादी क्रान्तिको संघारमा पुऱ्याउँछ भन्ने कुरामा म विश्वस्त छु । हाम्रो पार्टीको नयाँ नेतृत्वलाई आफ्नो सुझाव सल्लाहलाई दिन म हतारिएको छु, लिखित रूपमा नै पेश गर्ने तयारीमा छु ।' (जनएकता बर्ष ५,अंक ३६, २०५६)

### ❑ क. निर्मल लामाका 'भिन्न विचार' र 'नयाँ विकल्प'बारे

क. निर्मल लामाको पार्टीप्रति आस्था र विश्वास थियो भन्नुको अर्थ द्वन्द र मतभेद थिएनन भन्ने आशय होइनन् । द्वन्द हर क्षेत्रमा हुन्छ त्यसमाथि हाम्रो जस्तो 'दृष्टिकोणको निर्माण र विचारधारात्मक प्रष्टताको समस्या'सँग जुझिरहेको पार्टीको हकमा



*क. निर्मल लामाको शवमा चढाइएका फूलमालाहरू*

त हर क्षेत्रमा मतभेद देखिनु स्वभाविक छ । तर अहिले हाम्रो पार्टीमा श्यामजीले भन्न खोजेको जस्तो स्तरमा भिन्नमत र 'अल्पमत' भन्नु पर्ने खालको मतभेद नै छैन । क. निर्मल लामाको मुख्यतः चुनावलाई उपयोग गर्ने सन्दर्भमा कहाँसम्म जाने र केसम्म गर्ने भन्ने बारेमा केही सोचहरू थिए । ती पार्टीका विचार बनेनन् । किनभने पार्टीलाई उहाँले आफ्ना विचार संगठित र लिखित रूपमा दिनुभएको थिएन । उहाँले नदिएकै कारणले त्यसमाथि बहस हुन पाएन । यस बाहेक वैधानिक मोर्चा र जनवर्गीय संगठनको संचालन गर्नेकार्यशैली र पद्धतिका बारेमा उहाँका केही असन्तुष्टी थिए तर यति विषयलाई नै क. निर्मल लामाका "भिन्नमत" भनी अतिरंजित ढंगले प्रस्तुत गर्नु एकता केन्द्रको छवीको विरूद्ध भ्रम दिन खोज्नु मात्र हो ।

जहाँसम्म "नयाँ विकल्प"को कुरा छ- बम्बैबाट उपचार गरेर फर्किएपछि क. निर्मल लामाले २०५६ असोज ९ गते जारी गर्नुभएको वक्तव्यमा आफ्नो बाँकी जीवन कसरी बिताउने भन्ने प्रश्नको खोजीमा समाजमा उल्लेख गर्न लायकको ठोस परिवर्तन नभएकोले त्यसका लागि नयाँ चिज दिनु पऱ्यो, विकल्प खोज्नु पऱ्यो' भन्नुभयो । त्यही भनाइलाई पक्रँदै श्यामजीले क. लामाको 'निष्कर्ष'लाई यस्तो ढंगले पेश गर्नुभएको छ- मानौं श्यामजीको निष्कर्ष र लामाजीको निष्कर्ष एकै हो भन्ने प्रतित होस् । कम्युनिष्ट आन्दोलनमा वैचारिक भ्रम दिने यो पनि एउटा नयाँ तरीका हो । 'अहिले नेपालमा कुनै कम्युनिष्ट पार्टी छैन', 'यतिखेर कम्युनिष्ट पार्टी बन्ने तयारी पूरा भएको छैन', 'कम्युनिष्ट पार्टी बनाउन चाहनेहरूले अहिले वैचारिक, राजनैतिक, सांस्कृतिक तयारी पूरा गरेर मात्र कम्युनिष्ट पार्टी बनाउनु पर्दछ' भन्ने श्यामजीका आदर्शवादी सोचका विरूद्ध निरन्तर संघर्ष गर्ने क. निर्मल लामाले पछिल्लो समयमा 'विल्कुलै सही निष्कर्ष निकाल्नु भयो' भनी क. लामाका विचारलाई आफ्नो "विकल्प"सँग जोडेर जानी जानी प्रस्तुत गर्नु वितण्डावाद हो । र, श्यामजीलाई वितण्डावादको नमूना नबन्न आग्रह गर्नु बाहेक हामीसँग अर्को उपयुक्त उपाय छैन । होइन, श्यामजीलाई भ्रम नै परेको छ भने क. निर्मल लामाको *जनएकता*मा प्रकाशित पछिल्लो अन्तरवार्ताको यो अंशलाई ध्यान दिनु हुनेछ :

'अहिले नेपालमा कारखाना बनाउने बेला नै भएको छैन, किन कारखाना बनाउने ? अर्ध-औपनिवेशिक, अर्धसामन्ती व्यवस्थामा कलकारखाना बनाउने पूँजवादी काम किन गर्ने भनेजस्तै तर्क हो यो । यसको मतलव पहिले सम्पूर्ण कारखाना बुझ्नु पऱ्यो , सम्पूर्ण मार्क्सवाद बुझ्नु पऱ्यो । अनि मात्रैपार्टी खोल्नु पऱ्यो । त्यो कहिल्यै पनि पार्टी नखोलिने तर्क हो । सम्पूर्णले मार्क्सवाद बुझेको समय कहिल्यै पनि आउँदैन । त्यसकारण अहिले पार्टी खोल्ने बेला भएको छैन भन्ने तर्क सरासर गलत छ ।

अहिले केही 'कम्युनिष्ट'हरू कम्युनिष्ट पार्टीको नाममा सरकार बनाउनेसम्मको स्थितिमा पुगेका छन् । आफूलाई कम्युनिष्ट भन्नेहरू सरकार बनाउने स्वार्थले एक भए भने सरकार बन्छ । त्यो स्थितिमा पनि 'ए पख ' जनताले बुझेकै छैन, पहिला बुझाऊँ, अनि कम्युनिष्ट पार्टी खडा गरौं' भन्यो भने इतिहासले उनीहरूलाई धेरै पछाडि फालिदिन्छ, फालिराखेकै छ । त्यो भनेर कम्युनिष्ट पार्टीको सरकार बनाउने स्थिति बनेको छ भनेको होइन । कम्युनिष्ट पार्टीको झण्डा र नामलाई विज्ञापन बनाएर, अझ मनमोहनको भाषामा भन्ने हो भने 'ट्रेडमार्क' बनाएर चुनाव जित्ने, सरकार बनाउने स्थिति छ । त्यहाँबाट फाइदा उठाएर उनीहरूले विल्डिङ र पजेरो संस्कृति पनि भित्र्याइसकेका छन् । तर एकाथरी साथीहरू भन्छन्, अझै कम्युनिष्ट पार्टी गठन गर्ने बेलै भैसकेको छैन । यसमा कहिं पनि तालमेल मिल्दैन ।

जहाँसम्म नेपालमा कम्युनिष्ट पार्टी नै छैनन् भन्ने तर्क छ त्यो तर्क कस्तो हो भने बहुदलवादीहरू विश्वमा बहुदलीय प्रजातन्त्र भन्दा उत्तम र उत्कृष्ट चिज अरू छँदैछैन भन्छन् । त्यस्तै नेपालमा कम्युनिष्ट पार्टी नै छैन भन्ने व्यक्ति 'उत्कृष्ट कम्युनिष्ट' हो, 'पक्का कम्युनिष्ट' हो, जसले कहिल्यै पनि कम्युनिष्ट पार्टी संगठन हुन दिंदैन' *(जनएकता २०५६ चैत्र, २१)* ।

वास्तवमा, क. लामा जीवनको पछिल्लो अवधिमा बहुदलीय व्यवस्थाभित्र देखापरेको राजनैतिक भ्रष्टाचारको विरूद्ध जुझारू प्रकृतिको संघर्षको खोजीमा हुनुहुन्थ्यो । (महाकाली सन्धिलाई संसद्मा पास गर्ने बेलामा पनि उहाँले त्यस्तै संघर्षको आशा गर्नुभएको थियो ।) जनतालाई तात्कालीक लाभ हुने खालका सुधारात्मक संघर्ष गरेर क्रान्तिकारी आन्दोलनलाई सहयोग पुऱ्याउनु पर्ने सोचमा हुनुहुन्थ्यो । अनेरास्ववियु २०२२ को जनकपुरमा सम्पन्न सम्मेलनको उद्घाटन भाषण र जनअभिनन्दन समारोहमा व्यक्त विचारहरू अध्ययन गर्दा पनि उहाँका पछिल्ला नयाँ विकल्प भनिने विचारलाई बुझ्न सकिन्छ । पार्टीले यो विषयलाई महत्व नदिएको होइन, तर देशमा क. लामाले अपेक्षा गरे जस्तो आन्दोलन उठाउन भने नसकिरहेको ज्यूँदो यथार्थ हो । यसबाहेक, क. निर्मल लामाले लिखित र संगठित रूपमा आफ्ना विचार नराखे पछि पछिल्लो पटक अस्पतालमा भर्ना हुनु अघि पार्टीकै पहलमा उहाँलाई आफ्ना विचभार राख्नुस् भनी रेकर्ड गरिएको सामाग्रीमा चुनाव उपयोगको क्रममा सरकार बनाउने नारा दिनुपर्छ भन्नुभएको छ । जम्मामा भन्दा क. निर्मल लामाको नयाँ विकल्प यत्ति नै हुन् ।

जेहोस् निर्मल लामा जे हो, त्यही रूपमा प्रस्तुत हुनुपर्छ । यतिखेर उहाँले राख्नुभएका विचारलाई तोडमरोड गरी प्रस्तुत गर्ने घिनलाग्दा प्रयत्नहरू चौतर्फी रूपमा भैरहेका छन् । नेपालको कम्युनिष्ट आन्दोलनको क्रान्तिकारी धाराका हिमायतीहरूले यस्ता प्रयत्नका विरूद्ध संघर्ष गर्नुपर्दछ ।

❑ *अन्तमा,*

नेपाली क्रान्तिको आजको आवश्यकताको कुरा गर्दा यस्तो विवादमा समय खर्च गर्नु कति आवश्यकता छ सबैले सोचौं । क. निर्मल लामासँग जिउँदो हुँदा सँगै नबस्ने, उहाँलाई 'अछुत' वा 'विजातीय तत्व' झैं ठान्ने, उहाँप्रति तिरस्कार र घृणा मात्र पस्कने र मर्नै लागेपछि एवं मरेपछि उहाँका विचारहरू 'आफ्ना विचार'सँग मिल्छ भनी देखाउन खोज्नु हदै अनैतिक कुरा हो । 'ठीक कुरा र उन्नत संस्कृति'भित्र गरिने यस्ता कार्यले अन्ततः कम्युनिष्ट आन्दोलनमा थप विकर्षण पैदा गर्छ । हामी कोही पनि देउता होइनौं, मानिस हौं र हामीबाट पनि गल्ती हुन्छ । विगतमा लामाजीप्रति गरेको 'पापको प्रायश्चित' गर्ने हो भने पनि आत्मआलोचनाको विधि नै उपयुक्त छन् । क. निर्मल लामाको मृत्यु भए पनि एके उहाँका "सही, क्रान्तिकारी र सकारात्मक विचारहरू"लाई नयाँ उचाइमा उठाउन प्रतिबद्ध छ । श्यामजीका अनुसार क. लामाले बम्बईबाट फर्किएपछि श्यामजीलाई सँगै काम गर्ने प्रस्ताव राख्नुभएको रहेछ । श्यामजीले नै लेख्नुभएको छ 'मूर्त प्रयत्न र पर्याप्त समयको जरूरत थियो ।' श्यामजी आफ्नो उक्त लेखनप्रति साँच्चै इमान्दार हुनुहुन्छ भने आउनुहोस्- क. लामाको मृत्यु भए पनि उहाँको ध्येय उद्देश्यलाई साकार पार्न कोशिश गरौं । ❑

*(समाप्त)*

बडा दशैं २०५७ को
उपलक्ष्यमा समस्त ग्राहकवर्गमा
शुभकामना व्यक्त गर्दै
सुस्वास्थ्य, सुख, शान्ति, समृद्धि र
उत्तरोत्तर प्रगतिका लागि
नवदुर्गा भवानीसँग
मंगलमय प्रार्थना गर्दछौं ।

नेपाल अरब बैंक लिमिटेड
Nabil Bank
Nabil Nepal Arab Bank Limited
YOUR BANK AT YOUR SERVICE
"NABIL House", Kamaladi
P.O. Box: 3729, Kathmandu, Nepal.
Tel.: 429546-47, Fax: 00977-1-429548, Telex: 2431 NABIL H NP,
e-mail: nabil@nabil.com.np
Web Page:http://www.travel.nepal-com/nabilbank

# ◀ पाठकको कुरो

## सबैको ध्यान पुगोस्

मूल्यांकन ७९ अंक समयमा हात लाग्यो । यसमा समेटिएका सामाग्री हरेक दृष्टिले उपयोगी, राष्ट्रिय समस्यालाई बोध गराउने खालका छन् । नेपालको सामन्तवादी व्यवस्थाको अवशेषको रूपमा रहेको, एक्काइसौं शताब्दीको कलंक कमैया प्रथा मेटाउने काम सरकारले प्रजातन्त्र प्राप्तिको एघार बर्षपछि गऱ्यो । कमैयाहरूले मनोवैज्ञानिक रूपले स्वतन्त्रता पाए । तर पनि उनीहरू गाँस, बास, कपासविहीन छन् । यस सवालमा नेपाली कांग्रेसचाहिँ मानवीय सम्वेदनहीन देखिन्छ । शौकी मिनाहाले मात्र कमैया समस्या समाधान हुँदैन । मुक्त कमैयाको उचित रेखदेख र व्यवस्थापनको लागि आफूलाई कम्युनिष्ट आन्दोलनको मूलप्रवाह भन्ने शक्तिलगायत अरू सम्पूर्ण वाम पार्टीले अगुवाई गर्नुपर्ने आवश्यकता छ । हरेक मुक्त कमैयालाई देशमा गरिएको अनियमित खर्च कटौति गर्दै मूल्यांकनले राखेको माग- पूँजी, शीप र शिक्षाको व्यवस्था गर्नुपर्छ भन्ने मेरो आग्रह छ ।

- बिमला ढुंगाना
*रिस्कु- ७, उदयपुर ।*

## खगेन्द्र संग्रौलाको लेख पठनीय लाग्यो

मूल्यांकनको पूर्णाङ्क ७८ मा पत्रकार एवं साहित्यकार नारायण ढकालसँग सम्बधित प्रगतिशील लेखक तथा साहित्यकार खगेन्द्र संग्रौलाको व्यंग्यात्मक लेख "लेखकको शव पछिपछि शोकमग्न यात्रीहरू" र अर्को चर्चित वामपन्थी व्यक्तित्व एवं प्रख्यात साहित्यकार मोदनाथ प्रश्रितसँग सम्बन्धित लेख "गौंथलीको गुँडबाट ओरालो झर्दै गिद्धको गुँडतिर आश्रय" ज्यादै समसामयीक र पठनीय लाग्यो । लेखकले भने मुताविक "फोहोरको दाग लागेको हातले जतिसुकै वचन राखेर लेख लेखे तापनि त्यसमा सौन्दर्य हुँदैन ।" वास्तविक कुरा प्रख्यात साहित्यकारको 'गोल घरको सन्देश' कहाँ छ ? साहित्यकारको व्यवहार कहाँ छ ?

- अनाश्रे, *बुधवारे गा.वि.स.- ४,*
*झापा पूर्व नेपाल ।*

## पियुषको लेखबारे

मूल्यांकनको पूर्णाङ्क ७९ हेर्ने अवसर प्राप्त भयो । सरसर्ती हेर्दा पत्रिकामा औंला ठड्याउने ठाउँ छैन तर केही राजनीतिक दलले मूल्यांकनलाई आफ्नो मुखपत्रको रूपमा उपयोग गर्न नपाएर मूल्यांकन टिमसँग पूर्वाग्रही भाव पोखेको देख्दा दुःख लाग्छ । यस्ता पूर्वाग्रही आरोप कहिले एमालेबाट, कहिले माओवादीबाट, कहिले एकता केन्द्रबाट, कहिले माले, मसाल, नेमकिपा आदिबाट लाग्नेगरेको छ । यसको पछिल्लो उदाहरण एकता केन्द्र बनेको छ । कुनै पनि राजनैतिक दलको अथवा नेताको असल कुराको समर्थन गर्ने र खराब कुराको विरोध गर्ने अधिकार जो कोहीसँग पनि छ । त्यसमा पनि जनवादी पत्रकारिताको क्षेत्रमा विशिष्ट योगदान दिँदै आएको मूल्यांकनले असल र खराब कुरा छुट्याउन नपाउने त कुरै आउँदैन । पियुषले 'मूल्यांकनले एकताकेन्द्रप्रति भ्रम दिन खोज्यो' भनी केही कुरा उठाउनुभएको पाइयो । तर पार्टीगत कमजोरी ख्याल गर्ने त होइन उल्टै एउटा सानो चौतीस ठाउँ लेखमा चन्द्रदेव नेपालीको नाम लिंदै पूर्वाग्रही भाव पोखेको पाइयो । पियुषले आफ्ना गल्ति र कमजोरीहरू पनि सच्याउँदै जानुभए कस्तो हुन्थ्यो ? के चन्द्रदेव नेपालीले उठाउनु भएका कुरा उडन्ते मात्रै हुन् त ? म यो कुरा पियुषसमक्ष राख्दै मूल्यांकनमा उत्तरको आशा राख्दछु ।

- कुमार बजगाई 'दीन'
*मेची क्याम्पस, भद्रपुर झापा ।*

## वीर गोर्खालीहरूको मूल्यांकन खोई ?

पूर्णाङ्क ७९ मा प्रकाशित गोर्खा सेनाको कारुणिक लेखले सबै पाठकलाई राम्रो सूचना प्रदान गरेको छ । आफ्नो स्वार्थपूर्ति गर्न साम्राज्यवादीहरू मान्छेको किनबेच कसरी गर्छन् भन्ने कुरा मूल्यांकनमा प्रकाशित लेखले प्रष्ट्याउन सफल भएकोमा लेखकहरूलाई धन्यवाद । ब्रिटिशहरूको बिगतको राक्षसी व्यवहार हालसम्म पनि सच्याउन नखोज्नेहरू हाल आएर कसरी मानवतावादी वा प्रजातन्त्रका जननी हुनसक्छन् ? वार्ताले नटेर्ने विपक्षलाई मुद्दारूपी लातले नहानी हुँदैन । ब्रिटिशको राक्षसी प्रवृत्तिबाट अधिकार प्राप्त गर्न सकेनौं भने हामी वीर गोर्खाली भिक्टोरिया क्रस आदि बिल्लाले अल्मलाएका डरपोक मूर्ख नेपालीमात्र बन्ने छौं । मूल्यांकनले ब्रिटिशहरूले गोर्खाली सैनिकप्रति समान व्यवहार नगरून्जेल गोर्खा सैनिकलाई चेतना दिने खालका आलेखहरू प्रकाशित गर्दैगरोस् भन्ने अनुरोध छ ।

- मीलन

## कवितालाई नियमित गरियोस्

मूल्यांकनमा केही कविता नियमितरूपमा राख्ने गरेमा सुनमा सुगन्ध हुने थियो । देशभक्ति र सामयिक विषयबस्तुसँग सम्बन्धित कविता भए झनै राम्रो हुने थियो ।

अर्को कुरा, मूल्यांकनमा हामीजस्ता टाढाका र अपरिचित पाठकहरूले पठाएका कविता र लेखहरू प्रकाशित हुन्छन् कि हुँदैनन् ? अथवा यसको लागि हामीले के गर्नुपर्ला ?

- कृष्ण खनाल 'आश्रित'
*सिम्पानी- ९, बगैंचा, लमजुङ ।*

*(जो कोही र जहाँकाले पठाएका कविता वा लेख-रचनाहरू भए पनि यदि ती प्रकाशनयोग्य छन् भने अवश्यै प्रकाशित हुन्छन् । प्रकाशनको लागि लेख रचनाहरू मूल्यांकन कार्यालयमा हुलाकमार्फत् पठाउन सकिनेछ । -सं)*

## आश्चर्य लागेन

समुद्रपारी रहेर पनि प्रगतिशील तथा वामपन्थी पत्रिका मूल्यांकन समयमा नै प्राप्त गरी पढ्न पाउँदा निकै आनन्दित छु । दुई बर्षयता देख्न नपाएको मार्क्सको तस्वीर पूर्णाङ्क ७५ मा छापेर देख्ने अवसर प्रदान गरेकोमा मूल्यांकन परिवारलाई धन्यवाद दिन चाहन्छु ।

समयमा नै अंक ७६ पनि प्राप्त भयो । सान्दर्भिक विषयवस्तुलाई समेटिएको रहेछ । साह्रै खुशी लाग्यो । सो अंकमा प्रकाशित "एमाले पार्टीले नातीकाजीहरूलाई अभिनन्दन गऱ्यो" भन्ने शीर्षकको लेख पढे । तर मलाई आश्चर्य लागेन । किनकि मार्क्सवादले भनेको छ "संशोधनवादी र आदर्शवादीहरूले अन्ततः वर्ग समन्वयको नीति अपनाउँछन् । प्रतिकृयावादको नै सेवा गर्दछन् ।" एमालेले उपरोक्त भनाइको पुष्टि राम्रोसँग गरेको छ । मजदूरवर्गका वरिष्ठ नेता क. निर्मल लामाप्रति एक मजदूरको व्यक्तिगत र मजदूर संगठनको तर्फबाट हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । उहाँका अन्तिम विचारहरू त्यति महत्वपूर्ण त लागेन तर पनि उहाँबाट नयाँ पुस्ताले सिक्नुपर्ने थुप्रै कुराहरू छन् भन्ने लाग्छ । मोहनविक्रम सिंहको विहेबारेको मूल्यांकनको टिप्पणी सत्यसँग नजीक छ । त्यस्तै, अंक ७८ पनि राम्रो लाग्यो । सबैभन्दा स्वादिष्ट लेखचाहिँ खगेन्द्र दाइको रहेछ । चन्द्रदेव नेपालीको नीति संस्कृति पनि कम महत्वको छैन ।

- बाबुराम आचार्य 'पैयू'
*H.H.E., Saudi Arabia*

## मूल्यांकनले साप्ताहिक निकालोस्

मूल्यांकनले सामन्तवादविरोधी, साम्राज्यवादविरोधी र नोकरशाही पूँजीपतिवर्गविरोधी अभियान चालेको छ । यिनीहरूका लागि यो पत्रिका विषालु सर्पजस्तै भएको छ । समग्रमा हेर्दा यो सामन्तवाद, साम्रज्यवाद, नोकरशाही, पूँजीपतिवर्गका लागि विषालु र वामपन्थीहरूका लागि अमृत साबित भएको छ ।

विमल निभाको व्यंग्य लेखहरू 'आज निकै गर्मी छ', 'क्यालेण्डर' रोचक र घोचक देखिन्छन् । मूल्यांकनका सम्पूर्ण व्यंग्यहरू पोषिलो पाएँ । यसका साथै यस पत्रिकाले सहकर्मी साप्ताहिक पत्रिका निकालोस् । आउँदा अंकहरूमा सबै वामपन्थी नेताहरूलाई विनापूर्वाग्रह बहस-अन्तरक्रिया गराएर कम्युनिष्ट आन्दोलनको सही बाटो तय गर्ने काममा महत्वपूर्ण भूमिका खेलोस् ।

- गंगा रावत 'अभागी',
*घुघुरकोट गा.वि.स.-४,*
*वेतालमाण्डौ, ठाँटी अछाम ।*

## मुखभरिको जवाफ

मूल्यांकन अंक ७९ मा एकता केन्द्रका नेताले चन्द्रदेव नेपालीको पहिलेको लेखको प्रतिउत्तर दिनुभएको रहेछ । त्यसै अंकको पाठक प्रतिकृयामा एकता केन्द्रकै एकजना चितवनका कार्यकर्ताको उहाँलाई नै मुखभरीको जवाफ मिल्ने गरी लेखेको पत्र पनि छापिएको रहेछ । उक्त अंकमा चन्द्रदेव नेपालीले लेख्नुभएको कुरा व्यावहारिक र सान्दर्भिक छ । यो कुरा नेपालका वामपन्थीहरूको दिमागमा घुसेमा धेरै राम्रो हुने थियो ।

- बिदुरकुमार खड्का,
*डुम्मरबाना, बारा-४ ।*

मूल्यांकनको ७६ औ अंकको आवरण कथामा दिइएका कुराहरू हेर्दा क. निर्मल लामाको प्रजातन्त्र र समाजमुखी राजनीतिको बाटोमा जीवनको अन्तिम समयसम्म, मृत्युसँग संघर्ष गर्दा पनि जुन संझौताहीन र पदलोलुपताविरोधी व्यवहारहरू देखिए, त्यो उहाँको सह्राहनीय पक्ष हो । सोही अंकमा दिइएको नेपालको माओवादी आन्दोलनसम्बन्धी सामग्री, विभिन्न जनवर्गीय संगठनहरूको गतिविधि लगायत घटना र प्रवृत्ति, आँखीझ्याल स्तम्भहरू तथा विश्व कम्युनिष्ट आन्दोलन स्तम्भमा दिइएका सामग्रीहरूमध्ये भारत र अमेरिकाको कथा पठनीय र अनुकरणीय छ । साथै, दर्शन, नीति संस्कृति, इतिहास, संक्षेप, व्यंग्य लगायतका स्तम्भहरूले पत्रिकालाई पाठकको मन जित्ने स्थितिमा पुऱ्याएको छ । अन्त्यमा, आगामी अंकहरूमा कुर्द नेता ओजलानसम्बन्धी सामग्री तथा नेकपा माओवादीका नेता डा. बाबुराम भट्टराईको लेखको आशा गर्दछु ।

- शिव खनाल,
*डेढगाउँ- ९, नवलपरासी*


बडादशैं तथा शुभ दिपावलीको शुभ उपलक्ष्यमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं

**धवल शमशेर राणा**

नगरप्रमुख तथा
नेपालगंज नगरपालिका
*परिवार, बाँके*

## विजयादशमीको उपलक्ष्यमा सम्पूर्ण देशवासीहरूमा हार्दिक मंगलमय शुभकामना



## ऋषिराज शर्मा

*प्रमुख तथा*

बागलुङ नगरपालिका परिवार

---

## विजयादशमी तथा शुभ दीपावलीको हार्दिक मंगलमय शुभकामना

## औद्योगिक क्षेत्र व्यवस्थापन लि.

*परिवार*

बालाजु, काठमाडौं

फोन: ३५१२२४, ३५०८४९

---

## चिनी बिक्रीबारे सूचना

वीरगञ्ज चिनी कारखाना तथा लुम्बिनी चिनी कारखानाबाट उत्पादित चिनी अधिराज्यस्थित नेशनल ट्रेडिङ्ग लिमिटेडका सबै कार्यालयहरूबाट र काठमाडौंमा संस्थाको विक्रीकक्षहरू टेकु, भृकुटीमण्डप तथा रामशाहपथबाट उपभोक्ताहरूका लागि खुद्रा बिक्री भइरहेको सबैको जानकारीको लागि सूचना गरिन्छ ।

**खुद्रा बिक्री मूल्य**

| | |
|---|---|
| वीरगञ्ज चिनी प्रति किलो | रू. २६।- मु.अ.कर सहित । |
| लुम्बिनी चिनी प्रति किलो | रू. २६।५० मु.अ.कर सहित । |

## नेशनल ट्रेडिङ्ग लिमिटेड


बिक्री प्रबर्द्धन विभाग

केन्द्रीय कार्यालय, टेकु ।

फोनः २४४९६२, २४४०३२

---

## विजयादशमीको उपलक्ष्यमा सम्पूर्ण देशवासीहरूमा हार्दिक मंगलमय शुभकामना



## लीलाबहादुर थापा मगर

*सभापति तथा*

बागलुङ जिल्ला विकास समिति परिवार

ल.पु.जि.प्र.का. द.नं. ९९/०४९/५०    म.क्षे.हु.द.नं. १२/०५१/५२

